# आजको दिशाबोध

वर्ष १४, अङ्क ११, २०७४ असार १४

**प्रकाशक**

**मदन भण्डारी फाउन्डेसन**

केन्द्रीय कार्यसमिति

काठमाडौँ, नेपाल

फोन नं. ४११३६१५

www.mbf.org.np

***सम्पादक***


**भेषराज अधिकारी**

***कम्प्युटर सेटिङ***

**जिविजि कम्प्युटिङ**

काठमाडौँ, नेपाल

फोन नं. ४२५५०७६




## विषय-सूची

जबजको सुदृढीकरण र जननेताको सम्मान - ***उषाकिरण भण्डारी*** ४

समृद्ध र सबल राष्ट्र निर्माणमा जुटौँ - ***विद्यादेवी भण्डारी*** ६

बहुदलीय व्यवस्थालाई स्थानीय तहसम्म ... - ***जननेता मदन भण्डारी*** ८

जबजको मार्गदर्शनमा सामाजिक ... - ***केपी शर्मा ओली*** १४

मदन-विद्या विवाह समारोह - ***मुकुन्द न्यौपाने*** २०

मदन भण्डारीको सरल जीवनी - ***प्रदीप नेपाल*** २३

स्थानीय तहमा सेवा प्रवाह - ***युवराज खतिवडा*** ३२

नेपाल सरकारको बजेट २०७३/०७४ ... - ***लालबाबु यादव*** ३८

जबजको राजनीतिक सौन्दर्य ... - ***बद्रीविशाल पोखरेल*** ४१

संघीय संरचनामा स्थानीय सरकार - ***वालानन्द पौडेल*** ४७

मदन भण्डारीका कवितामा युगबोध - ***देवी नेपाल*** ५४

पुनर्निर्माणमा देखा परेका चुनौती ... - ***सुशील ज्ञवाली*** ६२

जलवायू परितर्वन: प्रभाव, चुनौति ... - ***प्रेम दंगाल*** ७३

स्थानीय तहको सरकार ... - ***प्रेम सागर चापागाई*** ८०

स्थानीय तह र खाद्य सुरक्षा - ***निर्मलकुमार विश्वकर्मा*** ८८

स्थानीय तहको निर्वाचन ... - ***रमेश कुमार अधिकारी*** ९४

स्थानीय निर्वाचनले देखाएका सकारात्मक ... - ***सुवास देवकोटा*** ९७

लोकतन्त्र सुदृढीकरण: अन्तर्दलीय ... - ***भेषराज अधिकारी*** १०२

गतिविधि ११३

# सम्पादकीय

२०४६ सालको ऐतिहासिक सफल जनआन्दोलनपछि गठित संविधान सुझाव तथा सुधार आयोगमा संविधानलाई लोकतान्त्रिक र प्रगतिशील बनाउन जननेता मदन भण्डारीको अगुवाइमा दिइएको सुझावलाई बेवास्ता गरिएको कुरा ज्ञातव्य नै छ । संविधानलाई समयानुकूल परिमार्जन गर्नुपर्ने कुरालाई लत्याइयो, उग्रवामपन्थी चिन्तनद्वारागसित तप्काले प्राप्त उपलब्धिको नजरअन्दाज गर्दै जनभावना विपरित संविधान नै जलाउनेसम्मको उग्रता प्रदर्शन गऱ्यो र संवैधानिक दायरामा बस्न राजी भएको राजतन्त्रले छोटो समयमै गुमेको अधिकार खोसेर लिन षड्यन्त्रको तानाबाना बुन्न थाल्यो । यस्तो जटिल राजनीतिक मोडमा लोकतन्त्रप्रति अटुट आस्था र विश्वास गर्ने अग्रगामी विचार बोक्ने जुनसुकै दल र व्यक्तिले सबैखाले अतिवादको जिद्दि, हठ र षड्यन्त्रलाई निस्तेज पारी प्राप्त उपलब्धिको जगेर्ना गर्दै थप उपलब्धि हासिल गर्न संघर्षरत हुने व्यावहारिक नीति लिनु सामयिक विषय हो । मुलुकको गम्भीर परिस्थितिलाई मध्यनजर राख्दै आफ्नो पार्टीका प्रमुखसमेत रहनु भएका जननेताले संविधानमा असहमतिका २७ बूँदासहित संविधानलाई 'आलोचनात्मक समर्थन' को नीति अघि सार्नुभयो । अन्ततः २०४७ सालमा संविधान जारी गर्दै निरंकुश राजतन्त्रलाई संवैधानिक राजतन्त्रमा परिणत गरियो र बहुदलीय राजनीतिक प्रणाली अन्तर्गत मुलुकमा लोकतान्त्रिकरणको प्रक्रिया नयाँ ढंगले थालनी भयो ।

जननेताले अघि सार्नुभएको प्रगतिशील प्रस्ताव स्वीकार गरी उक्त संविधानलाई समृद्ध पारिएको भए उग्रवामपन्थीद्वारा लादिएको हिंसात्मक द्वन्द्व मुलुकले झेल्नु पर्दैनथ्यो । हिंसा र प्रतिहिंसाको चपेटामा परेर हजारौं हजारले ज्यान गुमाउनु पर्ने, अंगभंग हुनुपर्ने र विस्थापित बन्नुपर्ने थिएन । संवैधानिक राजतन्त्र शुरु भएपछि र संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी हुनु अघिको अवधिमा मौलाएको अनिश्चितता, अराजकता, अशान्ति र अविकासले नेपाली जनतालाई थङ्थिलो पार्ने थिएन । बदलिएको परिवेशमा शान्तिपूर्ण र लोकतान्त्रिक विधिबाटै अहं सवालहरुको फैसला संभव हुनसक्थ्यो र राजनीतिक संस्कारहीनताले स्थान पाउने थिएन । जननेताले बहुदलीय व्यवस्थालाई स्थानीय तहसम्म सुदृढ र संस्थागत गर्न अघि सारेका दूरदृष्टियुक्त सोचका विरुद्ध तत्कालिन संसदमा हठ प्रदर्शन नगरिएको भए लोकतन्त्रको जगलाई जस्तासुकै जड, हठ र पश्चगामी चिन्तन बोक्नेहरुले कमजोर पार्नसक्ने थिएनन् । बहुदलीय व्यवस्थाभित्रै निरंकुशता र राजनीतिक उहापोहको चक्रव्यूहमा देश र जनता पर्नुपर्ने थिएन । तर कसैलाई भ्रम नहोस् कि यसको यथोचित मूल्यांकन नेपाली जनताले गरिरहेछन् र आगामी दिनमा पनि गर्नेनै छन् ।

जननेताको भौतिक शरिर आज हामीबीच नभए पनि उहाँका परिपक्व र समृद्ध दूरदृष्टि एवं व्यावहारिक चिन्तन एवं सिद्धान्तको नासो देश र जनताबीच लोकपृय रहेका छन् । मार्क्सवादको सृजनात्मक प्रयोगकर्ता नवीन विचारकको अगुवाइमा प्रतिपादित आमूल सामाजिक परिवर्तनको मार्गदर्शक सिद्धान्त जबजले नेपाल र नेपाली परिपोषित भएका छन् । यस क्रान्तिकारी सिद्धान्तको उपादेयता र प्रभावकारिता मुलुकको राजनीतिक

परिवर्तन एवं सामाजिक आर्थिक विकासमा कत्तिको रहेको छ भन्ने कुरा उग्रवामपन्थी र उदारवादी दक्षिणपन्थी तत्वहरुसमेत त्यही सिद्धान्तको वरीपरी रहेर नै नीति निर्माण र व्यवहार अघि बढाइरहेबाट छर्लङ्ग हुन्छ । यसरी आज जननेताद्वारा प्रतिपादित सिद्धान्त एवं उहाँले अपनाउनु भएको संस्कार, व्यवहार र कार्यशैलीले राष्ट्रिय मान्यता र महत्व हासिल गर्दै आएको छ । हालै राज्यले मरणोपरान्त नेपाल रत्नबाट विभूषित गरेका जननेताको व्यक्तित्वलाई यही सन्दर्भ र परिवेशमा हेरिनु उपयुक्त हुन्छ ।

आफ्नो संविधान आफैं लेख्ने नेपाली जनताको चिरप्रतिक्षित चाहना ऐतिहासिक संविधानसभाद्वारा निर्मित संविधान २०७२ सालमा जारी भएपछि पुरा भएको छ । अब यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दायित्व मुलुक सामू छ । अनेकौं चुनौती हुँदाहुँदै पनि जागरुक र सचेत आमजनता, जबजको महत्व र प्रभाकारीता आत्मसात गर्ने ठूलो दायरा एवं सशक्त प्रगतिशील चेतना बोकेको वर्तमान नेपाली समाजको खबरदारीले यो संविधान कार्यान्वयनमा कसैले अवरोध र षड्यन्त्र गर्न खोजे त्यो विफल हुने निश्चित छ । संघ, प्रदेश र स्थानीय तहको निर्वाचन तोकिएको अवधिमा सम्पन्न गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ पार्नुपर्नेछ । संविधानले परिकल्पना गरेको समाजवाद उन्मूख अर्थतन्त्र निर्माणको दिशातर्फ अग्रसर हुन सामाजिक आर्थिक रुपान्तरणलाई सम्पन्न गर्नु हामी सबैको दायित्व हुन आएको छ ।

लोकतन्त्रको आधारको रुपमा रहेको स्थानीय तहको प्रहिलो चरणको निर्वाचन हालै सम्पन्न भएको छ भने दोस्रो चरणको निर्वाचनको मतदान कार्य आज भइरहेको छ । अरु सबै निर्वाचनहरु संवैधानिक र कानूनी व्यवस्था अन्तर्गत हुँदै नै जानेछन् । तीनै तहमा सबै क्षेत्र, समुदाय र लिङ्गको प्रतिनिधित्व हुनुपर्ने संवैधानिक व्यवस्थाले गर्दा शोषणका विभिन्न रुपहरु निर्वाचनको माध्यमाट विस्तारै हट्दै जाने अपेक्षा गर्न सकिन्छ । यसरी देश अब नवनिर्माणको चरणबाट अघि बढि सुखी, शान्त र समृद्ध नेपाल बन्न जुर्मुराएको छ । यसमा सबैले गर्व गर्नुपर्छ । जबजको प्रकाशमा यी सबै सत्कार्यहरु पुरा हुँदै जाने छन् ।

'आजको दिशाबोध' का योसमेतका ११ अंकहरुले जननेताका विचार र उहाँको व्यक्तित्व एवं मुलुकको राजनीतिक, सामाजिक र आर्थिक विकासका विभिन्न आयामहरुलाई उजागर गर्ने कोशिस गरेका छन् । ती संग्रहणीय छन् र हाल वेभसाइटमार्फत पनि पाठकहरुले अध्ययन गर्न सक्ने अवस्थामा छन् । प्रस्तुत अंकले स्थानीय तहको नीतिगत, कानूनी र व्यावहारिक पक्षलाई विभिन्न कोणबाट अघि सार्ने जमर्को गरेको छ र अन्य सामग्रीहरु पनि महत्वपूर्ण नै छन् । यसका निम्ति सबै लेखकहरु धन्यवादको पात्र हुनुहुन्छ । यस प्रकाशनको महत्व र सामयिकतालाई बुझेर सदाझैं पाठकहरुबाट सुझाव र सद्भाव प्राप्त हुनेनैछ । जननेता मदन भण्डारीप्रति हार्दिक श्रद्धाञ्जली !

**अध्यक्षीय मन्तव्य**

# जबजको सुदृढीकरण र जननेताको सम्मान



✍ **उषाकिरण भण्डारी***

जननेता मदन भण्डारीलाई दासढुङ्गा हत्याकाण्ड भएको २४ वर्ष पछि गतवर्ष २०७३ सालमा नेपाल सरकारले मरणोपरान्त नेपालरत्न विभुषण प्रदान गर्ने निर्णय लिएको थियो। उक्त सम्मान यो वर्ष देशको कानूनी व्यवस्था र प्रचलन अनुसार नै सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट स्वर्गीय जननेताका छोरीहरुको नाताले म र मेरी बहिनी निशाकुसुम भण्डारीले संयुक्तरुपमा राष्ट्रपति भवन शीतलनिवासमा आयोजित विशेष समारोहमा ग्रहण गर्ने मौका पायौं। एकातिर कलिलैमा पितृबात्सल्यताबाट विमूख हाम्रा निम्ति विभूषण ग्रहणको क्षण संवेगात्मक बन्यो भने अर्कातिर राज्यद्वारा आफ्ना पिता सम्मानित हुनुभएकोमा गर्वको महशुस भइरहेको थियो। त्यसो त सबैभन्दा ठूलो सम्मान भनेको भौतिक वस्तु भन्दा भावनात्मक हो र जो जनमनमा अमिट छाप बनेर रहेको हुन्छ। अनौठो संयोग नै भनौं जननेताकी धर्मपत्नी र हाम्री ममतामयी माता सम्माननीय राष्ट्रपतिको बाहुलीबाट जननेताको नाममा राज्यद्वारा अर्पित विभूषण हामीले ग्रहण गर्नुपर्ने भयो र यो एउटा पारिवारिक दायित्वबोध बनेर हाम्रा सम्मुख खडा थियो। साँच्चै हाम्रो भावनाको कुरा गर्ने हो भने नेपाल रत्नद्वारा मरणोपरान्त विभूषित व्यक्तिको तर्फबाट जो कोही नेपाली नागरिकले उक्त सम्मान ग्रहण गर्न लायक हुन्छ भन्ने नै हो। जेहोस् त्यो हाम्रा निम्ति साँच्चै नै दु:ख र हर्ष दुबैको मिश्रित क्षण थियो र यो समारोह हाम्रा निम्ति सदा ऐतिहासिक र अविस्मरणीय बनेर रहिरहनेछ।

पुन: म के कुरामा जोड दिन चाहन्छु भने सो सम्मान भौतिक रुपमा हामी छोरीहरुले ग्रहण गरेपनि निश्चयनै भावनात्मक हिसाबले हामी सबै नेपाली उक्त सम्मानद्वारा सुशोभित भएका हौं भन्ने मलाई गहिरो अनुभूति भइरहेको छ। लोकतान्त्रिक, सामाजिक परिवर्तन, देशभक्तिपूर्ण एवं राष्ट्रियताको आन्दोलनमा संलग्न सबैका निमित्त नै उक्त सम्मान प्रदान भएको हो। जननेताको विचार र व्यवहारलाई आदर्श मानेर मुलुक र जनताको सुख र समृद्धिका निमित्त संघर्षमा होमिनुभएका उहाँका सहयोद्धाहरुलाई नै यो मान प्राप्त भएको हो। नेपालमा उन्नत प्रजातन्त्र एवं न्याय र समानतामा आधारित समाजवाद स्थापनार्थ क्रियाशील हुनेहरुलाई नै राज्यका तर्फबाट उक्त सम्मान प्रदान भएको हो भन्नेमा मेरो गहिरो विश्वास हो। यो उच्च सम्मानले जननेतालाई अभिनन्दन गरेकोमा सबैको तर्फबाट म तत्कालिन सरकारलाई हार्दिक धन्यवाद दिन्छु। राज्यद्वारा विभूषित नविन विचारक जननेताको अगुवाईमा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज) को रक्षा र प्रयोग गर्दै उहाँका अधुरा सपना पूरा गर्न अग्रसर हुनु हामी सबैको दायित्व हो।

आज असार १४, २०७४ उहाँको ६६ औं

* अध्यक्ष, मदन भण्डारी फाउन्डेसन।

जन्मजयन्तीको यस घडीमा रहस्यमय दासढुङ्गा हत्याकाण्डको निष्पक्ष छानबिनको माग गर्ने शिलशिलामा तत्कालिन सरकारको नृशंस दमनमा परी आफ्नो अमूल्य जीवन गुमाउने सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण र अङ्गभङ्ग भई असहज जीवनयापन गर्न बाध्य पारिनु भएका साहसी नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। उक्त आन्दोलनमा ज्यान गुमाएकालाई शहिद घोषणा गर्न र अङ्गभङ्ग भई कष्टकर जीवनयापन गर्न बाध्य भएका सबैको पीडारहित जीवनयापनका लागि सरकारले यथोचित ध्यान पुऱ्याउनु सान्दर्भिक हुने ठानेको छु।

उक्त रहस्यमय हत्याकाण्डको अझै पर्दाफास नभैसकेकाले त्यतिबेलाका तथ्य र प्रमाण एवं सम्बद्ध सबै दस्तावेज, भौतिक परिवेश र सामग्रीहरुको यथोचित भण्डारण र सुरक्षामा उत्कठ जनचासो र सरोकार सार्वजनिक भैरहेको सन्दर्भमा राज्य यसबारे चनाखो र सजग हुनुपर्दछ। सबैलाई ज्ञात भएकै कुरा हो कि कतिपय घटना र हत्याकाण्डको रहस्य उद्घाटित हुन निकै लामो अवधी लाग्छ। त्यसैले त्यस्ता घटनासम्बद्ध दशीप्रमाण र सामग्रीहरुलाई सत्यतथ्य पत्ता नलागुन्जेलसम्म राज्यको सम्पत्तिको रुपमा सुरक्षित राखिरहनु पर्दछ। त्यति मात्र होइन जनचाहना, घटनाको गाम्भीर्यता र त्यस्तै प्रकारका अन्य घटनाहरु नदोहोरिउन् भन्नका निमित्त घटित रहस्यलाई उजागर गर्न राज्यको सम्बन्धित अंग सजग बनी चाँडो भन्दा चाँडो यथार्थता सार्वजनिक गर्नुपर्दछ र अपराधीलाई न्यायको कठघरामा लगेर दण्डित गर्नुपर्दछ। यसका निम्ति छानविन प्रक्रियालाई यथाशीघ्र अघि बढाइ सत्यतथ्य सार्वजनिक गर्नुपर्दछ।

संविधानसभाद्वारा निर्मित संविधान जारी भएपछि मूलतः राजनीतिक अधिकारको आन्दोलन सकिएको छ र मुलुक सामाजिक आर्थिक समृद्धिको अभियानमा अघि बढ्ने क्षितिज फराकिलो भएको छ। अब दल विशेषका सामाजिक आर्थिक मुद्दा र आग्रहलाई स्वस्थ्य प्रतिष्पर्धाको लोकतान्त्रिक विधिद्वारा निर्क्योलमा पुग्न विस्तारित मार्ग प्रशस्त भएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई समृद्ध बनाउने नयाँ संविधानका प्रावधानहरु कार्यान्वयन हुँदैछन्। हालै प्रथम चरणको स्थानीय निर्वाचन सम्पन्न भएको छ भने आजकै दिन दोस्रो चरणको निर्वाचनको मतदान कार्यक्रममा मतदाताहरु लामबद्ध भएका छन्। निर्वाचनले सबै क्षेत्र, तह र लिङ्गलाई नेतृत्वमा चयन गरी राज्यको मूलप्रवाहमा ल्याउन ठूलो मद्दत पुऱ्याएको छ। स्थानीय तहको निर्वाचनले समाजको आधा हिस्साको रुपमा रहेको महिलाको उचित प्रतिनिधित्व गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। स्थानीय तहमा ४०% सदस्यहरु चुनिएका छन् भने महानगर/उपपहानगर/गाउँपालिकासमेतको नेतृत्वमा बराबरी सहभागिता भएको छ। यस अभियानमा मदन भण्डारी फाउण्डेसनको तर्फबाट पनि निरन्तर प्रयास भएको थियो। अब लैगिङ्ग समानताको लागि महत्वपूर्ण सफलता हासिल भएको छ भने अनेकौं कुप्रथा र प्रचलनबाट महिलाविरुद्ध हुने हिंसा घटाउन र हटाउन मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ।

जननेताको योगदानलाई चिरस्मरणीय तुल्याउन, जबजको वैज्ञानिकता र सच्चाईलाई समाजमा स्थापित गर्न एवं सामाजिक सेवाका क्षेत्रमा समर्पित हुन नै मदन भण्डारी फाउन्डेसन विधिवत गठन भएको सामाजिक वैचारिक संस्था हो। जबजबारे छलफल र अन्तरक्रिया गर्दै यसले सामाजिक आर्थिक विकासका क्षेत्रमा निर्वाह गर्नसक्ने भूमिकालाई थप उजागर गर्नु पनि फाउन्डेसन स्थापनाको अर्को महत्वपूर्ण उद्देश्य हो। यसैगरी यस फाउन्डेसनसँग आवद्ध संस्थाहरु मदन भण्डारी स्पोर्टस् एकेडेमी, मदन भण्डारी कला साहित्य प्रतिष्ठान र मदन भण्डारी बौद्धिक मञ्चले फाउन्डेसन स्थापनाको उद्देश्य र मर्मलाई आआफ्ना क्षेत्रबाट भूमिका निर्वाह गरिरहेका छन्। जबजले देखाएको बाटोमा मुलुक अघि बढिरहेको सर्वत्र महशुस भइरहेको परिवेशमा अझ बढि घनिभूत ढंगले वैचारिक प्रवाहको कार्यलाई अघि बढाउनु सम्बद्ध सबैको दायित्व हुनआएको छ। 'आजको दिशाबोध' हाम्रो त्यहि उत्कठ चाहनाको अभिव्यक्तिको रुपमा प्रकाशित हुँदै आएको हो। हामीलाई विश्वास छ, सबैबाट यस सत्कार्यमा निरन्तर सहयोग र सद्भाव प्राप्त भइरहनेछ।

धन्यवाद।

■

# समृद्ध र सबल राष्ट्र निर्माणमा जुटौं



**विद्यादेवी भण्डारी**
**राष्ट्रपति**

जननेता मदन भण्डारीको ६५ औं जन्मजयन्तीका अवसरमा म उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। मदन भण्डारी राष्ट्रिय पुरस्कारबाट सम्मानित हुनुहुने व्यक्तित्वहरूमा हार्दिक बधाइ ज्ञापन गर्दछु।

आफ्नो छोटो जीवनकालमा जननेता मदन भण्डारीले नेपाली समाजका निम्ति गर्नुभएका योगदानहरू अविष्मरणीय र उच्च छन्। लोकतन्त्र र सामाजिक परिवर्तनका लागि आफ्नो सम्पूर्ण जीवन समर्पित गर्नुभएका मदन भण्डारी २०४६ सालको संयुक्त जनआन्दोलनका मुख्य संवाहकमध्ये हुनुहुन्थ्यो।

सिर्जनात्मक सोच र मौलिक चिन्तनका आधारमा उहाँले वामपन्थी आन्दोलनलाई नयाँ दिशा दिनुभएको थियो। उहाँबाट प्रतिपादित जनताको बहुदलीय जनवादले नेपाली समाजको शान्तिपूर्ण र लोकतान्त्रिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको छ। गणतन्त्र र संविधानका सम्बन्धमा उहाँका मान्यताहरू कति दूरदृष्टियुक्त थिए भन्ने कुरा २०६२/६३ को परिवर्तन र त्यस पछिको संवैधानिक विकास प्रक्रियाले स्पष्ट पारेका छन्। राष्ट्रियता र राष्ट्रिय स्वाभिमानका सम्बन्धमा उहाँले अगाडि सार्नुभएका विचार र लिनुभएको दृढ अडानको सान्दर्भिकता आज पनि उत्तिकै रहेको छ।

नेपाली समाजलाई सही गन्तव्य दिनका लागि नेतृत्वदायी भूमिका खेल्न सक्ने र राष्ट्रिय राजनीतिमा अझ धेरै योगदान दिन सक्ने यस्ता लोकप्रिय व्यक्तित्वको रहस्यमय निधनले नेपाली समाजमा अपूरणीय क्षति पुगेको छ र उहाँको अभाव समाजमा खट्किरहेको छ र अझ लामो समयसम्म खट्किरहनेछ। गएका दश बर्षमा शान्तिपूर्ण र संयुक्त जनआन्दोलनका माध्यमबाट

युगान्तकारी उपलब्धिहरू प्राप्त भएका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। सात दशक लामो जन-आकाङ्क्षालाई मूर्त रूप दिँदै संविधान-सभाबाट नेपालको संविधान घोषणा भएको छ। सशस्त्र द्वन्द्वको अन्त्य भएर मुलुक दिगो शान्ति र मेलमिलापको दिशामा अग्रसर भएको छ। यससँगै अधिकार प्राप्तिका लागि आन्दोलनको अवधि पनि मूलभूत रूपमा सम्पन्न भएको छ ।

अब संविधानको प्रभावकारी कार्यान्वयन-द्वारा मुलुकलाई तीव्र आर्थिक विकास, समृद्धि र सामाजिक न्यायसहितको दिगो लोकतन्त्रको मार्गमा अग्रसर गराउने ऐतिहासिक अभिभारा हामी सबैको काँधमा आएको छ। आधारभूत विषयहरुमा लोकतान्त्रिक शक्तिहरू एकतावद्ध हुन सकेमा मात्रै परिवर्तन र अग्रगमन सहज हुन्छ। जनताको जीवनमा सार्थक र सकारात्मक परिवर्तन ल्याउन, जनतालाई अपनत्व बोध गराउन सकियो भने मात्रै हामीले प्राप्त गरेका ठूला-ठूला राजनीतिक उपलब्धिहरू दिगो हुन सक्छन् र राष्ट्रियता सबल हुन सक्छ भन्ने मान्यता मदन भण्डारीले राख्नुहुन्थ्यो । यसलाई मनन गर्न र संविधानको प्रभावकारी कार्यान्वयन मार्फत् समृद्ध र सबल राष्ट्र निर्माणको दिशामा एकतावद्ध भएर अग्रसर हुन म सबै राजनीतिक शक्तिहरूलाई आग्रह गर्न चाहन्छु ।

आज मदन भण्डारी राष्ट्रिय पुरस्कारबाट सम्मानित हुनुहुने दुई जना व्यक्तित्वहरूले समाजमा गर्नुभएका योगदानहरूका सम्बन्धमा हामी परिचित छौँ। डा. भगवान कोइरालाले स्वास्थ्यसम्बन्धी जनचेतनाको अभिवृद्धि गर्न, हृदयरोग सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरको सेवा र सुविधा स्वदेशमै उपलव्ध गराउन तथा जटिल शल्यक्रिया-मार्फत् हजारौँ व्यक्तिहरूलाई नयाँ जीवन दिन उल्लेखनीय भूमिका खेल्नुभएको छ। त्यसै गरी श्री महावीर पुनले ग्रामीण क्षेत्रमा सूचना-प्रविधिको सहज पहुँच पुऱ्याउन र त्यसमार्फत् सर्वसाधारणको सामाजिक-आर्थिक जीवनमा परिवर्तन ल्याउन महत्वपूर्ण योगदान गर्नुभएको छ। यस्ता व्यक्तित्व-हरूलाई सम्मानित गरेर आयोजकहरूले प्रशंसनीय काम गर्नुभएको छ ।

अन्तमा, पुनः एकपटक जननेता मदन भण्डारीप्रति उच्च सम्मान व्यक्त गर्दछु र पुरस्कृत व्यक्तित्वहरूलाई हार्दिक वधाइ तथा शुभकामना ज्ञापन गर्दछु ।

***(जननेता मदन भण्डारीको ६५ औँ जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउन्डेसनद्वारा २०७३ असार १४ गते प्रज्ञा भवन, कमलादी, काठमाडौँमा आयोजित मदन भण्डारी राष्ट्रिय पुरस्कार वितरण समारोहमा सम्माननीय राष्ट्रपतिज्यूले गर्नुभएको संबोधन - सम्पादक)***

■

# बहुदलीय व्यवस्थालाई स्थानीय तहसम्म सुदृढ र संस्थागत गर्नुपर्छ



## जननेता मदन भण्डारी

***(गाउँ विकास समितिको व्यवस्था गर्न बनेको विधेयक-०४८ माथि जननेताले संशोधन राख्नुहुँदै व्यक्त मन्तव्य र सोही विधेयकमाथिको छलफलका क्रममा अभिव्यक्त धारणाहरु-०४८-सम्पादक)***

**माननीय सभामुखज्यू,**

गाउँ विकास समितिको व्यवस्था गर्न बनेको विधेयक ०४८ माथि प्रस्तुत गरिएका संशोधनहरूमा सम्बन्धित समितिले छलफल गरेर प्रतिवेदन प्रस्तुत गरेको छ। यो विधेयकमा हाम्रो पार्टीका तर्फबाट धेरैजना सांसदहरूले आफ्ना संशोधनहरू प्रस्तुत गर्नुभएको थियो। अहिले समितिको प्रतिवेदनका रूपमा संशोधनसहित यो अगाडि सारिएको छ। म थोरै समितिलाई, समितिका सभापतिज्यूलाई र माननीय मन्त्रीज्यूलाई पनि धन्यवाद दिन्छु। हामीले जुन संशोधन प्रस्तुत गरेका थियौं, त्यसका बहुत खुद्रा-मसिना सवालहरू कमसेकम ग्रहण गरिएको छ। तर जुन महत्वपूर्ण कुराहरू थिए, ती महत्वपूर्ण कुराहरूप्रति सत्तापक्षले भनौं या समितिको बहुमतले भनौं या माननीय मन्त्रीज्यूले भनौं फेरि पनि अन्यथा गर्ने, तिनीहरूको महत्व र मर्मलाई अस्वीकार गर्ने र वास्तवमा यो गाउँ विकास समितिको व्यवस्था गर्न बनेको विधेयकलाई अप्रजातान्त्रिक छ भन्ने कुरा सावित गर्ने त्यस्ता ठाउँहरू छोड्नुभएको छ। यसप्रति म सर्वप्रथम खेद प्रकट गर्नु उचित ठान्दछु र खेद व्यक्त गर्दछु।

स्थानीय निकायहरूको व्यवस्था गर्न बनेको विधेयक हामीले स्थापित गरेको प्रजातान्त्रिक व्यवस्थालाई, प्रजातान्त्रिक परिवर्तनलाई सटीक शब्दमा स्थानीय तहसम्म, व्यक्तिगत तहसम्म गएर संस्थागत र सुदृढ गर्ने महत्वपूर्ण माध्यम हो। बहुदलीय व्यवस्थालाई संविधानले सम्मान गर्दै लागू गरिसकेको छ। जुन सम्मानका साथ यसलाई स्थापित गरिएको छ, केन्द्रीयरूपमा त्यसलाई कार्यान्वयन गर्नका निम्ति आम निर्वाचन सम्पन्न भएर अहिले एउटा पार्टीले सरकार चलाइरहेको छ। अरू पार्टीहरू प्रतिपक्षमा छन्। तर वास्तवमा बहुदलीय व्यवस्थाको मर्म केन्द्रमा मात्र बहुदलीय व्यवस्था रहनाले हुने कुरा होइन, स्थानीय तहसम्म पनि त्यसलाई सुदृढ गर्नुपर्छ। यदि ०१७ सालको प्रतिगमनलाई फर्केर हेर्ने, बहुदलीय व्यवस्थाप्रति त्यसबेला जनतामा रहेको जुन अचेतनता हो, त्यसलाई ख्याल गर्ने हो भने हामीले यो संकल्प गर्नैपर्छ कि बहुदलीय व्यवस्थालाई गाउँ-तहसम्म सुदृढ गरियोस्। त्यसका निम्ति जनतालाई जागृत गरियोस्।

यो कुरालाई ख्याल गरेर हामीले प्रस्तावनादेखि नै केही संशोधनहरू प्रस्तुत गरेका थियौँ। प्रस्तावनामा हाम्रो संशोधनको आशय के रहेको थियो भने एउटा त यो बहुदलीय व्यवस्था हो। यो व्यवस्थालाई स्थानीय तहसम्म सुदृढ र सम्मानित गर्नुपर्छ। दोस्रो- हामी स्थानीय स्वायत्त शासनका निकायहरू स्थापित गर्न चाहन्छौँ। यो अर्को महत्वपूर्ण कुरा हो। अर्थात् स्थानीय निकायहरू भविष्यमा बिस्तारै आफ्नो विकास, निर्माण र आफ्नो क्षेत्रका समस्याहरू हल गर्नका निम्ति आफैँ स्वावलम्बी हुन सकून्, आफैँ निर्णायकढंगले जान सकून् र आफ्नो ठाउँको बौद्धिक प्रतिभा, मानवीय श्रमशक्ति र अरू जे साधनस्रोत छ, त्यो साधनस्रोतलाई ठीकढंगले प्रयोग गर्नसक्ने बनून् भन्नका निम्ति हामी स्थानीय निकायहरूलाई स्वायत्त शासनको निकायका रूपमा स्थापित गर्न चाहन्छौँ। तेस्रो कुरा, स्वाभाविक हो कि गाउँ क्षेत्रको विकास निर्माणका निम्ति राजनीतिक र विकास दुबै क्षेत्रमा बिकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय निकायहरूलाई सक्षम बनाउनु पर्छ। हामीले प्रस्तावनामा सुस्पष्टरूपमा बहुदलीय व्यवस्थाको सम्मान, स्थानीय निकायहरूको स्वायत्तता र बिकेन्द्रीकरण, यी तीनवटा कुराहरूलाई ख्याल गरेर विधेयक तयार गर्नुपर्छ भन्ने संशोधन राखेका थियौँ। त्यसमध्ये एउटा खास ठाउँमा स्वायत्तता भन्ने शब्दलाई घुसाउने कुरासम्म त स्वीकार गरियो, तर समग्रमा जुन भावना अभिव्यक्त हुनुपर्थ्यो, त्यो पुग्नेगरी प्रस्तावना तयार गरिएको छैन। त्यसबाहेक गाउँ तहदेखि नै जसरी गाउँ विकास समितिको गठन गर्दाखेरि अध्यक्ष, उपाध्यक्ष र ९ वडाका वडा अध्यक्ष भनेर यो विधेयकमा ११ जनाको प्रस्ताव गरिएको छ। यसमा हामीले के संशोधन प्रस्तुत गरेका थियौँ भने अहिले सत्तापक्षले, माननीय मन्त्रीज्यूले जिल्ला निकायको गठन गर्नका निम्ति त्यसको जुन प्रक्रिया विधेयकमा प्रस्तुत गर्नुभएको छ, परोक्ष निर्वाचनको जुन प्रणाली प्रस्तुत गर्नुभएको छ, त्यस कुरालाई हेर्दा पनि गाउँ तहमा गाउँ विकास परिषद्को व्यवस्था गर्नुपर्थ्यो। अर्थात् गाउँ विकास परिषद् निर्माण गरेर त्यो परिषद्का सदस्यका रूपमा प्रत्येक वडामा पाँच जना वडा समितिहरू वालिग मताधिकारको आधारमा निर्वाचित हुनुपर्छ र नौवटै वडाहरूबाट पैँतालीस जना सदस्यहरू गाउँ परिषद्का सदस्य बन्ने व्यवस्था हुनुपर्छ। त्यो गाउँ परिषद्का सदस्यहरूले पछि अरू अधिकारबाहेक जिल्ला विकास समितिको निर्वाचन गर्दाखेरी पनि मतदाताको रूपमा मत दिन पाउनुपर्छ भन्ने अन्तर्मनशाय राखेर हामीले यो संशोधन प्रस्तुत गरेका थियौँ। तर समितिको संशोधन प्रस्तुत गर्दाखेरिको तर्क-बितर्कलाई पनि अलिकति ख्याल गरौँ। केही सत्तापक्षका माननीयहरूले गाउँ परिषद् निर्माण गरेर अधिकार प्रदान गर्नुपर्ने, त्यस्तो झन्झट र तमाम झमेलाहरू व्यहोर्नुको साटो गाउँ सभा तयार गर्ने र त्यसको वर्षमा दुईपटक सभा बोलाउनुपर्ने, प्रत्येक १८ वर्ष पुगेका त्यो गाउँ क्षेत्रका वालिगहरूलाई गाउँ सभामा बोलाएर उनीहरूले बजेट र योजना पारित गर्नुपर्ने र गाउँ विकास समितिले गर्ने कामलाई निर्देशित गर्ने तथा त्यसै आधारमा गाउँ विकास समितिको काम गर्नुपर्छ भन्ने ढंगको व्याख्या पनि गर्नुभएको थियो।

हामीले आफ्नो संशोधनलाई एकछिन स्थगित गरेर, यो शुभकामना व्यक्त गरेका थियौँ कि यदि सत्तापक्षबाट नै, माननीय मन्त्रीज्यूले यो गाउँ परिषद्को ठाउँमा निर्वाचन गर्ने झन्झट र खर्च तथा समयको दुरूपयोगबाट बच्नका निम्ति गाउँ सभा ल्याउनुहुन्छ भने पनि यसप्रति सामान्यतया सहमति व्यक्त गर्न सकिन्छ, शुभकामना व्यक्त गर्न सकिन्छ भनेर आफ्नो राय राखेका थियौँ। तर अहिले यहाँ न त्यो गाउँ परिषद् बनाउने कुरालाई स्वीकार गरियो, न त सत्तापक्षकै माननीय सांसदहरूले राख्नुभएजस्तो गाउँ सभा बनाउनुपर्छ भन्ने संशोधन नै यो समितिको प्रतिवेदनमा देखिन्छ। बरु यहाँ गाउँ विकास समितिले सहयोगी ढंगका वडा समितिहरू बनाउनेखालको संशोधन प्रस्तुत गरिएको छ। यसबाट के हुन पुगेको छ भने प्रत्येक वडामा खडा गरी मनोनित वडा समितिहरूको एउटा सभा बनाएर त्यसले राय-सुझाव दिने भन्ने अर्थमा यसलाई प्रस्तुत गरिएको छ।

यदि गाउँ विकास समितिले कुनै अनुचितढंगले काम गरिरहेको छ भने उसले कुनै अनुचित नीति लिइरहेको छ भने त्यसलाई नियन्त्रण गर्नका निम्ति अधिकारसम्पन्न बनाउने हिसाबले गाउँ परिषद्को

व्यवस्था गर्नुपर्छ । त्यसढंगले सार्वभौम अधिकार भएका जनताको मत प्राप्त गरेर, जनताको विश्वास प्राप्त गरेर गाउँ परिषद्को सदस्यमा प्रतिनिधित्व हुनुपर्छ भन्ने एउटा अधिकारसम्पन्न निकायको लागि हामीले संशोधन प्रस्तुत गरेका थियौँ । तर केवल सल्लाहकारी निकायका रूपमा, केवल सुझाव दिने निकायका रूपमा मात्र त्यसलाई प्रस्तुत गरिएको छ। वास्तवमा यो साधनस्रोतको दुरूपयोग गर्ने र जनतामा रहेको जुन निर्णायक शक्ति र सार्वभौमिक अधिकार छ, त्यो अधिकारलाई कटौती गर्ने ढंगको एउटा नाटकमात्र हुन पुगेको छ। यसढंगले एउटा नाटक प्रदर्शन गर्ने किसिमको कथित वडा समिति, जो मनोनित गरिएको हुन्छ वा त्यस्तो गाउँ सभाको व्यवस्था गरिएको छ, त्यसको कुनै दरकार देखिँदैन ।

पहिले प्रस्तुत गरिएको विधेयकमा गाउँ विकास समितिको क्षेत्र वा वडाहरूको क्षेत्र निर्धारण गर्नका निम्ति श्री ५ को सरकारले क्षेत्र निर्धारण गर्नेछ भन्ने ढंगको व्यवस्था गरिएको छ। हामीले विगतको अनुभवलाई ख्याल गरेर गाउँ विकास समिति वा वडाको क्षेत्र निर्धारण केवल राजनीतिक पार्टीहरू वा कुनै व्यक्तिहरूको राजनीतिक स्वार्थकै कारणले गर्दा निरन्तर समीकरण गर्दै जाने अस्थिर वस्तु नबनोस् । अर्थात् कुनै पनि क्षेत्र, त्यो क्षेत्रका निम्ति, त्यसको विकासका निम्ति, त्यसको निर्माण, प्रगति र त्यहाँ बस्ने जनताको जीवनको समृद्धिका निमित कसरी निर्धारण गर्नुपर्छ ? त्यसका लागि आवश्यक शिक्षाको कुरा होस् या अरू कुनै सामाजिक सेवाका क्षेत्रहरूको निर्माणको कुरा होस्, यी तमाम क्षेत्रमा गर्नुपर्ने जुन निर्माणको कुरा हो, त्यसका निम्ति त्यो युनिट वा गाउँ विकास क्षेत्र एउटा आधार बन्न सकोस् । एउटा समयमा एउटा क्षेत्रलाई एकातिर र अर्को बेलामा अर्को क्षेत्रलाई अर्कोतिर पारिदिने राजनीतिक समीकरणको विषयवस्तु क्षेत्र निर्धारण नबनोस् । पञ्चायतकालमा कुनै व्यक्तिले आफूले जित्नका लागि एउटा क्षेत्रलाई काटेर अर्कोतिर राखिदिने र अर्को क्षेत्रलाई काटेर अर्कोतिर राखिदिने खेल चल्ने गरेको कुरा हामी सम्झिरहेका छौँ । त्यसबेला पञ्चायती शासकहरूलाई यो लागेको हुनसक्छ कि यो पञ्चायत धेरै दिन टिक्नेवाला छैन । त्यसैले गाउँको विकास, देशको विकासका निम्ति आधार खडा गर्ने काम त पछि अर्कै व्यवस्थाले गर्छ । शायद मनमा यस्तो थियो होला । अहिले हाम्रो सत्तापक्षका सांसदहरू, सत्ता सञ्चालन गरिरहेको पार्टी नेपाली काँग्रेसले पनि ठीक त्यसरी नै यो बहुदलीय व्यवस्था त केही दिनका लागि हो, अर्कै व्यवस्था आएपछि मात्र विकासका निम्ति एउटा दह्रो आधार बन्नेछ भनेर सोचिरहेको छ होलाजस्तो मलाई लाग्दैछ । काँग्रेसले त्यसरी सोचिरहेको छ भने त्यो आफैँमा एउटा नादानीको कुरा हो ।

यही व्यवस्थाले अर्थात् जुन बहुदलीय व्यवस्था स्थापित भएको छ, यसले नै मुलुकको विकास र निर्माणका निम्ति जगदेखि नै त्यस्ता आधारहरू निर्माण गर्दै जानुपर्छ । यस खातिर अरू कुरालाई छाडिदिउँ, क्षेत्रहरू निर्धारण गर्दाखेरी त्यो कुरा केवल राजनीतिक पार्टी र राजनीतिक व्यक्तिहरूको निजी स्वार्थका निम्ति समीकरण गर्ने विषयवस्तु नबनोस् । यस खातिर भूगोलविद्हरू, जनसंख्याविद्हरू र आवश्यक पर्ने अरू विशेषज्ञहरूसहितको एउटा आयोग बनाएर त्यसको सिफारिसमा श्री ५ को सरकारले क्षेत्र तोक्नुपर्छ भन्ने संशोधन हामीले राखेका थियौँ । यद्यपि, अहिले यो समितिले प्रस्तुत गरेको प्रतिवेदनमा विशेषज्ञहरू रहेको समिति वा आयोग बनाइनेछ भन्ने कुरा त गरिएको छ, तर त्यो समिति वा आयोगलाई के अधिकार हुन्छ ? त्यसले कसरी काम गर्नुपर्छ भन्ने त्यस्तो कार्यविधि यसमा केही तोकिएको छैन । त्यसो हुनाले जसरी श्री ५ को सरकारले सबै कुरा आफ्नै राजनीतिक पूर्वाग्रहका कारणले हेरफेर गर्ने रूपमा यो कुराको व्यवस्था राखेको छ भन्ने हाम्रो आशंका र आपत्ति थियो, त्यो आशंका र आपत्ति अद्यावधि कायम छ ।

यद्यपि, समिति र आयोग बनाउने कुरा यसमा राखिएको भए पनि यदि हिजोको जस्तो गरी क्षेत्र निर्धारण गर्न राजनीतिक स्वार्थका कारणले यताउता गरिन्छ, त्यो क्षेत्रमा बस्ने जाति, जनजाति र जनसमुदायको दीर्घकालीन विकासका निम्ति आधार तयार गर्ने हिसाबले यदि स्थायीरूपमा क्षेत्र निर्धारण गर्ने कुरा आयोगमार्फत्, विशेषज्ञमार्फत्, जानकारहरूमार्फत् सबै क्षेत्रको यथोचित सन्तुलन मिलाएर कम राजनीतिक

र बढी अन्य कुराहरूलाई ध्यानमा राखेर क्षेत्र निर्धारण गर्ने कुरा गरिँदैन भने फेरि पनि यो एउटा पार्टीको निजी स्वार्थका निम्ति जनताले दुःख, कष्ट उठाउनुपर्ने र यो वा त्यो क्षेत्रमा बाँडिएर झन्झट झेल्नुपर्ने स्थिति रहिरहनेछ । त्यसो हुनाले यो अहिलेको प्रतिवेदनमा केही संशोधनसहित जुन कुरा प्रस्तुत गरिएको छ, हामी त्यसबाट सन्तुष्ट छैनौँ र सत्तापक्षले फेरि पनि आफ्ना केही निजी राजनीतिक स्वार्थहरू साँध्ने ठाउँ बाँकी राखेको छ भन्ने हामीले ठानेका छौं । म यस कुराको घोर बिरोध गर्दछु ।

यसमा अर्को एउटा बहुत ठूलो बिडम्बनाको कुरा छ, पटक-पटक संशोधन प्रस्तुत गर्ने, विचार र रायहरू जाहेर गर्ने, त्यसमाथि अलिकति गम्भीरतापूर्वक ध्यान दिन ध्यानाकर्षण गर्नेमात्र होइन, योभन्दा अघि बढेर अनुरोधसम्म गर्ने अर्थात् ल्याइएका कुराहरू उजागर गर्ने तहसम्म मात्र होइन, मुलुकको हित र कल्याण होस् तथा स्थापित बहुदलीय व्यवस्थाले साँच्चै दह्रो गरी जग गाड्न सकोस् भन्नका निम्ति हामीले अनुरोध गऱ्यौँ । तर वा यसो भनौँ समितिमा समितिको बहुमतले अथवा माननीय मन्त्रीज्यूले ती जम्मै कुराहरूलाई बेवास्ता गर्नुभयो । यो त अन्त्यमा थाहा पाइन्छ । म अन्त्यको कुरा गरी नहालौँ । सत्तापक्षका जो सौहार्द्र, प्रजातान्त्रिक भावना भएका र लामो समयदेखिका सफरर सांसद मित्रहरू हुनुहुन्छ, उहाँहरूलाई म अनुरोध गर्दछु कि समितिले यो सवालमा संशोधन प्रस्तुत नगरेको भए तापनि उहाँहरूले ध्यान दिनुहुनेछ । त्यो कुरा के थियो भने गाउँ विकास समितिको निर्वाचित निकायको सदस्य रहन नसक्ने, त्यस्तो सदस्य रहने योग्यता नहुने भन्ने दफाको व्याख्या गरिरहेको ठाउँमा हामीले एउटा संशोधन प्रस्तुत गरेका थियौँ कि सम्बन्धित राजनीतिक दलको सदस्य नरहेमा त्यस पदमा रहन पाउने छैन भन्ने वाक्यांश, उपदफा वा बुँदा थप्नुपर्छ ।

हाम्रो संविधानले भन्छ, यो बहुदलीय व्यवस्था हो । बहुदलीय व्यवस्था भन्ने बित्तिकै दलहरूको अधिकार, दलहरूको सम्मान र दलहरूको आचरणभित्र तिनका सबै नेता, कार्यकर्ताहरूले रहनुपर्छ भन्ने कुरा स्वाभाविकरूपले संविधानले नै माग गर्दछ । यदि बहुदलीय व्यवस्था र संसदीय प्रजातन्त्रलाई साँच्चै नै लामो समयसम्म अर्थात् दीर्घकालसम्म शाश्वतरूपमा र राम्रोढंगले संचालन गर्ने र व्यवहारमा उपयोग गर्ने हो भने राजनीतिक पार्टीहरू सम्मानित हुनैपर्छ, राजनीतिक पार्टीहरूको सम्मान हुनैपर्छ । र, पार्टीगत ढंगको वा प्रजातान्त्रिक ढंगको संस्कार विकास हुनुपर्छ । तर यहाँ राजनीतिक दलको सदस्य नरहेमा सदस्य हुन अयोग्य रहने जुन बुँदा थप्नुपर्ने हो, त्यसलाई माननीय मन्त्रीज्यूले लगातार अस्वीकार गर्नुभयो । अरू धेरै सत्तापक्षीय साथीहरूले यसलाई अस्वीकार गर्नुभयो । एउटा उखानका रूपमा मात्र भन्ने हो भने *'आफ्नै खुट्टामा पिसाब गरेर एकैछिन मान्छेले न्यानो महसुस गर्न सक्छ'* यो उखानलाई मैले यसकारणले सम्झेको छु कि अहिले सत्तापक्षले आफ्नो हातमा सत्ता भएको कारणले गर्दा, भोलि स्थानीय निकायमा निर्वाचित भएका व्यक्तिहरूलाई यो वा त्यो ढंगले प्रलोभनमा पारेर वा अन्यढंगले पनि प्रभावित गरेर आफ्नो पक्षमा उपयोग गर्न सकिन्छ भन्ने ठानिरहेको छ । वास्तवमा यो त एउटा हतियार हो । अहिले नै पनि सत्तापक्षका कुनै व्यक्तिहरूलाई अर्को कुनै पक्षले अर्कोढंगले उपयोग गरिदिनसक्छ ।

मैले यसमा अनुरोध गर्न खोजेको कुरा के हो भने यो बहुतै ठूलो र बहुतै महत्वपूर्ण कुरा हो । राजनीतिक दलको सदस्य नरहेमा त्यो गाउँ विकास समितिको सदस्य बन्न नपाउने कुरा फेरि पनि थप्नैपर्छ । मैले अघि पनि भनेँ कि पुराना राजनीतिक सफररहरू, जो सत्तापक्षका सांसदहरू हुनुहुन्छ- उहाँहरूले यसलाई बहुतै हार्दिकताका साथ लिनुहुनेछ । यस्तै काम, कर्तव्य र अधिकारमा जाति, भाषा, धर्म र संस्कृतिको उत्थान गर्नका निम्ति स्थानीय निकायहरूलाई विषयगतढंगले स्वायत्तताको अधिकार दिनैपर्छ भन्ने धारणा हामीले प्रस्तुत गरेका थियौँ । अलिकति धन्यवाद दिनुपर्छ कि यसमा जाति, भाषा, धर्म र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने कुरालाई एउटा कर्तव्यका रूपमा समावेश गरिएको छ । तर त्यसका लागि स्थानीय निकायले आफ्नो काम गर्ने स्वायत्त अधिकार पाउनुपर्छ भन्ने हाम्रो संशोधन थियो । तसर्थ यसमा प्रस्तुत गरिएको व्यवस्था अलिक अधुरो छ । यसबारेमा पनि विचार

गरियोस् ।

यसबाहेक हामीले श्री ५ को सरकारले गाउँ तहबाट गर्ने जे जति पनि कामहरू छन्- त्यसका निम्ति गाउँ तहलाई नै साधनस्रोतसहित हस्तान्तरण गर्नुपर्छ भनेका थियौं । यी कुराहरूप्रति पनि वास्ता गरिएको छैन ।

स्थानीय निकायमा काम गर्ने सबै कर्मचारीहरू समावेश भएको एउटा स्थानीय कर्मचारी सेवा गठन गर्नुपर्छ भन्ने संशोधन हामीले राखेका थियौं । यसलाई पनि ध्यान दिने काम गरिएको छैन । म यी र यस्ता तुलनात्मकरूपले कम महत्व भएका सवालहरूको त्यति व्याख्या गर्न चाहन्नँ । म अलिकति महत्वपूर्ण बुँदाहरूकै व्याख्या गरेर आफ्नो भनाइ सक्नेछु ।

विधेयकको दफा ५० मा जुन निलम्बन गर्ने अधिकार राखिएको छ, यो सर्वाधिक आपत्तिजनक छ । र, यो मस्यौदा पाउनेबित्तिकै जब हामीले विधेयक पढ्यौं, दफा ५० मा पुगेपछि त्यसभन्दा अगाडि आँखा जानै सकेनन् । यसकारणले कि प्रजातन्त्र प्राप्त भइसकेपछि आम जनतालाई सम्मान गर्दै, जनताको विश्वासको मत प्राप्त गरेर आएको सरकारले वा सत्तापक्षले जनताद्वारा निर्वाचित निकायलाई यति स्वेच्छाचारीढंगले भंग गर्नसक्ने दफा र प्रावधानहरू पनि राख्छ भन्ने कुरा हामीले कल्पनासम्म पनि गरेका थिएनौं । के यी कुरालाई हेरेर नेपाली काँग्रेसको प्रजातान्त्रिक चरित्रप्रति हामीले शंका नगर्ने ? हाम्रो दिमागमा यो प्रश्न उठेको छ । कुरा के छ भने श्री ५ को सरकारलाई लागेमा भंग गर्न सकिन्छ । तर के के कुरा लागेमा ? प्रस्तुत के गरिएको थियो भने संविधान उल्लंघन भएको छ भन्ने लागेमा, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय र साम्प्रदायिक सद्भावनामा आँच पुग्यो भन्ने लागेमा, अधिकार दुरूपयोग भयो भन्ने लागेमा, भ्रष्टाचार गऱ्यो भन्ने लागेमा र कुनै काम हुन नसक्ने विशेष परिस्थिति सिर्जना भयो भन्ने श्री ५ को सरकारलाई लागेमा भंग गर्न सकिन्छ । प्रश्न के हो भने संविधान उल्लंघन भयो कि भएन भन्ने फैसला कसले गर्ने हो ? न्यायिक निकायको काम के हो ? हामीले संविधान तयार गर्दा शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा न्यायिक क्षेत्रलाई जसरी आफ्नो क्षेत्रमा काम गर्नका लागि सार्वभौमिक अधिकार भएको निकाय भनेका छौं । अर्कोतिर जनताको हातमा भएको जुन सार्वभौमिकताको अधिकार छ, त्यो अधिकार पनि संसदले अभ्यास गर्नुपर्छ भनेर त्यसबेला भनेका छौं । तर संविधानमा सार्वभौमिकताको अधिकार प्रयोग संविधानबमोजिम गरिनेछ भनियो ।

संविधानमा न्यायिक क्षेत्रलाई एउटा सार्वभौमिक अधिकार भएको निकायका रूपमा व्याख्या गरिएको छ । अनि संविधान उल्लंघन भयो भन्ने व्याख्या वा संविधान उल्लंघन भएको छ कि छैन भन्ने कुराको फैसला न्यायिक क्षेत्रले गर्ने हो कि श्री ५ को सरकारले गर्ने हो ? कार्यपालिकाले गर्ने हो कि न्यायपालिकाले गर्ने हो ? यसरी संविधान उल्लंघन भएमा वा साम्प्रदायिक सद्भावनामा आँच आएको छ भन्ने कुरा भएमा त्यसको न्यायिक क्षेत्रबाट फैसला हुनुपर्छ । श्री ५ को सरकारलाई त्यो लागेको आधारमा भंग गर्न पाइँदैन भन्ने हाम्रो संशोधन हो ।

स्वाभाविकरूपले अधिकार दुरूपयोगको कुरा सानो क्षेत्रमा पनि प्रमाणित गर्न सकिन्छ वा सानो क्षेत्रमा पनि भन्न सकिन्छ । कसैले फाँसीमा झुण्डिनलायक एउटा अपराध गरेको छ, अर्को कसैले काँक्रो चोरेको छ । एउटाले फाँसीमा लट्काउन वा ज्यान लिन सकिने अपराध गरेको वा अर्कोले काँक्रो चोर्ने अपराध गरेको अपराधलाई एउटै ढंगको सजाय दिन मिल्छ ? स्वाभाविकरूपले यो न्याय निरूपण गर्ने सम्बन्धमा पनि सभामुख महोदय, यहाँ स्वयम् कानूनको पृष्ठभूमिबाट आउनुभएको सम्मानित व्यक्ति हुनुभएको हुँदा मैले यसमा व्याख्या गरिरहन जरुरत छैन ।

अपराधको प्रकृतिलाई हेरेर दण्डको प्रकृति पनि छुट्टिन्छ । अधिकारको दुरूपयोग पनि सानो वा ठूलो कुनै सवालमा हुनसक्छ । तर त्यही नै एउटा निकायलाई निलम्बन गर्ने तहसम्मको कुरा हुन सक्दैन । यस्तो व्यवस्था यो विधेयकमा हुनु अप्रजातान्त्रिक कुरा हो । त्यसरी नै भ्रष्टाचार गरेमा भन्ने कुरा त्यसमा उल्लेख गरिएको छ, हामीले के बुझ्नसकेका छैनौं भने कुनै

एउटा समितिले कसरी भ्रष्टाचार गर्छ ? व्यक्तिबाट भ्रष्टाचार हुनसक्छ । तर अध्यक्षले भ्रष्टाचार गऱ्यो भनेर अरू दश जना पनि दण्डित हुनुपर्ने ? अथवा अध्यक्ष वा उपाध्यक्षले भ्रष्टाचार गर्दा सिंगो निकायले दण्डित हुनुपर्ने ? यो कस्तो खालको व्यवस्था हो ?

श्री ५ को सरकारलाई लागेकै आधारमा कुनै निकायलाई भंग गरियो भने त्यसले स्वाभाविकरूपमा समाजमा तनाव र अस्तव्यस्तता खडा गर्छ । जनता र राजनीतिक पार्टीहरूको पुनरावलोकन गरेर बीचमा अनुचित प्रतिद्वन्द्विता र टक्कर सिर्जना गरिदिन्छ । तर त्यसलाई तीन वा छ महिनापछि भंग नगरेको भए पनि हुन्थ्यो भन्ने ठहर भएमा त्यो क्षतिलाई पुर्ताल गर्न सकिँदैन । त्यसो हुनाले हामीले यस्ता कुराहरूलाई लिएर पहिल्यै अदालतमा मुद्दा दिएर अदालतको फैसलाको आधारमा कारबाही गर्नुपर्छ भन्ने संशोधन राखेका थियौँ । यसप्रति पनि कुनै सुनुवाई भएन ।

एउटा प्रावधान संसदमा प्रस्तुत गर्ने भन्ने थपिएको छ। तर संसदमा प्रस्तुत गर्ने भन्नाले जानकारी दिनेमात्र हो । यदि संसदमा प्रस्तुत गरिन्छ भने संसदको दुई तिहाई बहुमतले निर्णय गर्ने व्यवस्था गरियोस् । यहाँ त संसदले पारित गर्ने भन्ने तहसम्मको कुरा पनि राखिएको छैन । त्यसो हुनाले यो गाउँ विकास समितिको व्यवस्था गर्न बनेको विधेयकको सबैभन्दा अप्रजातान्त्रिक र हानिकारक तथा सबैभन्दा अनुचित ढंगको दफाका रूपमा यो निलम्बनको व्यवस्थासम्बन्धी दफा हो भन्ने मलाई लाग्छ । म सत्तापक्षका माननीय सदस्यहरूलाई पनि अनुरोध गर्दछु कि हामीले प्रजातान्त्रिक अभ्यासको सम्मान गरौँ, बहुदलीय व्यवस्थाको सम्मान गरौँ, तथा बहुदलीय व्यवस्था, स्थानीय स्वायत्त शासन र बिकेन्द्रीकरणको माध्यमद्वारा मुलुकको विकास गर्ने जुन कल्पना गरेका छौँ, त्यसलाई साकार पार्नका लागि यस्ता स्वेच्छाचारी अधिकारहरू श्री ५ को सरकारको हातमा नदिने कुराहरूमा एकमत बनौँ । म यसनिम्ति यहाँहरूलाई अनुरोध गर्दछु ।

अब मैले एउटा मात्र बुँदाको व्याख्या गर्नुछ । त्यो दफा ५४ मा रहेको अधिकार सुम्पन्ने सम्बन्धमा गरिएको एउटा अर्को व्यवस्था हो । यो दफा पढेर मैले यहाँहरूलाई सुनाउन चाहन्छु- 'श्री ५ को सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै समिति, संस्था वा पदाधिकारी र कर्मचारीलाई सुम्पन्न सक्नेछ ।' यसढंगले यो विधेयक प्रस्तुत गरिएको थियो । हामीले यसमा बिरोध र आपत्ति जनाएका थियौँ । संशोधन राखेका थियौँ । तर अहिले समितिको प्रतिवेदन तयार हुँदाखेरि 'वा कर्मचारी' भन्ने शब्दलाई काटेर 'पदाधिकारी'लाई सुसम्पन्न सक्नेछ भन्ने बनाइएको छ । हाम्रो आपत्ति के मा हो भने यो ऐनअन्तर्गत श्री ५ को सरकारको हातमा भएका अधिकारहरू कुनै समिति, संस्था वा पदाधिकारीलाई सुम्पन्न सकिन्छ भन्ने व्याख्या यो दफाले गर्दछ । अनि यो निलम्बन गर्ने अधिकार पनि कुनै एउटा पदाधिकारीको हातमा जान सक्नेभयो र त्यो पदाधिकारीलाई लागेमा जनताले आफ्नो सार्वभौम अधिकार प्रयोग गरेर निर्वाचित गरेको निकायलाई भंग गर्न सकिने ढंगको अप्रजातान्त्रिक कुरा यसमा राखिएको छ । त्यसो हुनाले यस्ता कुराहरूको घोर बिरोध र खण्डन गर्दै म सत्तापक्षका माननीय सांसदहरूलाई माननीय सभामुखमार्फत् अनुरोध गर्दछु कि यो विधेयकलाई पारित गर्ने बेलामा पर्याप्त प्रजातान्त्रिक ढंगको संशोधन गरेर मात्र हामी यसलाई पारित गर्नेछौँ । यही शुभकामनासहित म आफ्नो कुरा यहीँ अन्त्य गर्दछु ।

धन्यवाद !

■

# जबजको मार्गदर्शन: सामाजिक आर्थिक रुपान्तरण



✍ केपी शर्मा ओली*

आज हामी अत्यन्तै खतरनाक घेरावन्दीमा छौँ । यस्तो घेरावन्दी र आक्रमण लोकतान्त्रिक प्रणालीभित्र र बहुदलीय व्यवस्थामा शायद कतै हुँदैन होला । यस्तो बेलामा अर्थात् सत्ता र शक्तिको चरम दुरुपयोग गरेर नेकपा (एमाले) का विरुद्ध घेरावन्दी गर्दा पनि एमाले देशको प्रमुख शक्तिको रुपमा अगाडि आइरहेको छ। यसका पछाडि जननेता मदन भण्डारी र जीवराज आश्रितका योगदानहरुको भूमिका छ। त्यसमा पनि जननेता मदन भण्डारीको अगुवाइमा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज) को महत्व र योगदान विशिष्ट नै रहेको छ। दोस्रो विश्वयुद्धको आसपास वा त्यसैक्रममा मुक्त भइसकेका वा सरकारमा भएका पार्टीहरु बाहेक अरु पार्टीहरु अर्थात् एक ढंगले भन्ने हो भने सिङ्गै कम्यूनिष्ट आन्दोलन नै रक्षात्मक रहेको ८० को दशकको अन्त्य र ९० को दशकको सुरुवातमा, जतिबेला सोभियत संघ भत्किएको थियो, विखण्डित भएको थियो, पूर्वी युरोप ध्वस्त भएको थियो, त्यहाँ कम्यूनिष्ट नेतृत्व भनिएका व्यवस्थाहरु ध्वस्त भएका थिए। त्यस्तो अवस्थामा कम्यूनिष्ट तथा वामपन्थी आन्दोलनलाई, मार्क्सवादी दर्शन र मार्क्सवादी लेलिनवादी सिद्धान्तलाई आफ्नो सन्दर्भ र परिप्रेक्ष्यमा कसरी मौलिक र सही ढंगले अपनाउन सकिन्छ, रक्षा गर्न सकिन्छ र अगाडि बढाउन सकिन्छ भन्ने कुरामा जननेता मदन भण्डारीको असाधारण योगदान रह्यो। जबज त्यसै सन्दर्भमा प्रतिपादित भयो । त्यसै विचारको जग र प्रकाशमा आज हामी यस ठाउँमा आइपुगेका छौँ ।

आज हामी चुनावको मतगणना भइरहेको अवस्थामा छौँ । बहुतै अप्ठ्यारो परिस्थितिबीच, अघि नै भनेँ बहुतै ठूलो घेरावन्दी, सत्ता संरक्षित गुण्डागर्दी र धाँधलीका बीचमा हामी छौँ। बुथ कब्जा हुँदा बोल्न नपाउने अवस्था छ। अरु त अरु उम्मेदवार पनि जान पाउँदैन। बोल्न हुँदैन र कसैले भन्यो भने पनि सुनिँदैन। किनभने सत्तापक्षले कब्जा गरेको छ। यसप्रकारको निर्लज्ज आक्रमण भनेको लोकतन्त्रको धज्जी उडाएको र तमासा देखाएको अवस्था हो। यी सबै कुराका बाबजूद पनि निर्वाचनमा हामी अगाडि छौँ। तर यो पर्याप्त छैन। म परिणामहरु हेरिरहेको छु र विचार गरिरहेको छु। अस्ति एउटा कार्यक्रममा मैले भनेको थिएँ नेकपा (एमाले) लाई भोट दिनु नपर्ने कारण अथवा एमाले बाहेक अरुलाई भोट दिनुपर्ने कारण

**एमाले बाहेक अरुलाई भोट दिनुपर्ने कारण बताउनसक्ने नेपालमा कोही छ भने हामी बहस गर्न तयार छौँ। टेलिभिजनमा प्रत्यक्ष छलफल गर्न हामी तयार छौँ।**

---

* अध्यक्ष, नेकपा (एमाले) तथा पूर्व प्रधानमन्त्री ।

बताउनसक्ने नेपालमा कोही छ भने हामी बहस गर्न तयार छौँ । टेलिभिजनमा प्रत्यक्ष छलफल गर्न हामी तयार छौँ ।

> **नेकपा (एमाले) ले देशभक्ति, राष्ट्रिय हित, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाभिमानका सवालमा जुन नीति लिएको छ, जुन व्यवबहार गरेको छ, जुन आचरण गरेको छ, जुन कुराको अभ्यास गरेको छ, त्यो विलकूल सही छ ।**

वास्तवमा एमाले बाहेक अरुलाई भोट दिनुपर्ने कारण छैन तर अहिले पनि जनतामा भ्रम र अन्योल फिँजाइएको छ । हामीले राष्ट्रियता र देशभक्तिका सवालमा जे गरेका छौँ त्यो भन्दा बढी के गर्नुपर्थ्यो वा के पुगेन ? नेकपा (एमाले) ले देशभक्ति, राष्ट्रिय हित, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाभिमानका सवालमा जुन नीति लिएको छ, जुन व्यवबहार गरेको छ, जुन आचरण गरेको छ, जुन कुराको अभ्यास गरेको छ, त्यो विलकूल सही छ । तर त्यही चिज जनताका बीचमा पुग्न सकिरहेको छैन । जनता अन्योलमा छन् । लोकतन्त्रका मूल्यमान्यता र आचरणका सम्बन्धमा एमालेले जे गरिरहेको छ, त्यो ठीक छ । एमाले धतङ्गाएर हिँडेको छैन । आफ्ना क्षणिक र संकीर्ण स्वार्थहरुलाई केन्द्रमा राखेर अनुचित व्यवहार गरिरहेको छैन । लोकतन्त्रका स्थापित मूल्यमान्यताहरु उल्लंघन गरिरहेको छैन ।

नेकपा (एमाले) लोकतन्त्रलाई आफ्नो जीवन पद्धति मान्दछ, सामाजिक जीवन पद्धति मान्दछ र त्यसमा अभ्यस्त छ । तैपनि हामीले केही ठाउँमा हारेका छौँ । हामीले गर्व गर्नुपर्दछ, खुशी हुनुपदर्छ कि सत्तापक्षले शान्ति सुव्यवस्था कायम गर्न ध्यान दिनुपर्ने ठाउँमा प्रतिपक्षमा भएका हामीले शान्ति सुव्यवस्था कायम गर्न कोशिस गरिरहेका छौँ । सत्ता पक्ष आक्रमण, गुण्डागर्दी र हिंसामा उत्रने ! हामी धाँधली गर्न रोक्न खोज्ने, सत्ता पक्ष धाँदली गर्न खोज्ने यस्तो विचित्र छ ! हाम्रा कार्यकर्ताहरु सत्तापक्षीय भौतिक आक्रमणबाट हत्या गरिएका छन् र मारिएका छन् । चुनाव अगाडीदेखि हाम्रा कार्यकर्ताहरुको हत्या गर्ने, आक्रमण गर्ने, घाइते बनाउने र आतंकपूर्ण वातावरणको सृजना गर्ने प्रयास भएको छ । तर म नेकपा (एमाले) का कार्यकर्ताहरुलाई धन्यवाद भन्न चाहन्छु, प्रशंसा गर्न चाहन्छु कि २८३ एकाइमध्ये दुई ठाउँ सर्वसम्मत हुँदा र २८१ स्थानमा निर्वाचन हुँदा, ६ हजार भन्दा बढी पदका लागि निर्वाचन हुँदा, कहिँपनि नेकपा (एमाले) ले आक्रमण गरेन । कहिँपनि शान्ति खलबल्याएन, कहिँपनि हिंसात्मक ढंगले उत्रिएन ।

नेकपा (एमाले) ले लोकतन्त्र चाहेको छ । लोकतान्त्रिक प्रणालीबाट आफ्नो विजय चाहेको छ । तर त्यो भन्दा अन्यथा ढंगले अलोकतान्त्रिक ढंगले विजयी हुन चाहेको छैन । अर्थात् आफ्नो विजय भन्दा लोकतन्त्रको विजयलाई एमाले प्राथमकिता दिन्छ । अब कोही डराए पनि नडराएपनि, दोस्रो चरणको निर्वाचनमा यो भन्दा बढी राम्रो परिणामकासाथ एमाले अघि बढ्छ । प्रतिनिधिसभाको निर्वाचनमा कम्तिमा पनि बहुमतकासाथ प्रमुख पार्टीको हैसियत अर्थात् बहुमतको हैसियत एमालेले प्राप्त गर्दछ । तर विचित्र के भने अहिले पनि यस्तो काँग्रेस, यति तल झरेको काँग्रेस, अनेक हिसाबले एमालेको टक्करमा आइरहेको छ । यो अचम्म होइन र ! यस्तो काँग्रेसलाई पनि मान्छेले भोट दिएका छन् भनेपछि कति अलमलिएको छ जनता ! हाम्रा व्यवहार, नीति र आचरणमा कमी होइन तर हामीले जनताका बीचमा ती कुरालाई पुऱ्याउने काममा कमी छ ।

> **हामीले गर्व गर्नुपर्दछ, खुशी हुनुपदर्छ कि सत्तापक्षले शान्ति सुव्यवस्था कायम गर्न ध्यान दिनुपर्ने ठाउँमा प्रतिपक्षमा भएका हामीले शान्ति सुव्यवस्था कायम गर्न कोशिस गरिरहेका छौँ । सत्ता पक्ष आक्रमण, गुण्डागर्दी र हिंसामा उत्रने !**

हामीसँग जबज छ, जसले अहिले बिखण्डनका बीउ रोप्ने खालका तत्वहरु, राष्ट्रिय एकता खलबल्याउने खालका तत्वहरु, सामाजिक सद्भाव विथोल्ने खालका तत्वहरु, समाजमा शान्ति सुव्यवस्था खलबल्याउने र देशलाई द्वन्द्वतर्फ धकेल्ने तत्वहरुलाई तिनका आपराधिक

उद्देश्यमा असफल पारिदिएको छ। तैपनि परिस्थिति यस्ता छन् कि तिनीहरु खुलेआम छाती फुकाएर हिँडिरहेका छन् । इतिहासमा सबैभन्दा बढ्ता हिंसावादी, विखण्डनवादी, फाटोवादी र साम्प्रदायिक तत्वहरुको बिगविगी र उनकै ठूलो स्वर छ। सबभन्दा चर्को गरी तिनीहरु नै बोल्छन् ।

नेकपा (एमाले) जता हावा चल्छ त्यतै उड्ने झारपात र भुवा झैँ होइन बरु ती सबै कुरालाई पछारेर देशलाई निर्दिष्ट सही दिशामा लाने पार्टी हो। अर्थात् साम्प्रदायिक कुरा गरेर हिंड्ने, साम्प्रदायिक सद्भाव बिथोलेर हिंड्ने, एकछिनका स्वार्थ, अलिकति मान्छेहरुका तालिका पछाडि कुद्ने दाउपेचको राजनीति होइन देशका निम्ति जे गर्नुपर्छ त्यो गर्ने पार्टी हो एमाले । त्यसकारण एमाले सामाजिक सद्भावको पक्षमा छ, सामाजिक न्याय र समानताको पक्षमा छ र त्यसमा आधारित राष्ट्रिय एकताको पक्षमा छ। यही चिज हामीले अझ दह्रोगरी जनतामा पुऱ्याउन सक्नुपर्छ। हामी हिंसाको पक्षमा छैनौं। हिंसावादीहरु उल्टै ठुला कुरा गर्छन्। हामीले हाम्रा विचारहरु, शान्तिको औचित्य र आवश्यकता एवं शान्तिको महत्व अझ बढ्ता जनताका बीचमा लिएर जानुपर्छ। जुन कुरा हामीले गरेका छौं अरु बढाउन जरुरी छ। समृद्धिका निम्ति, नेपाललाई आत्मनिर्भर बनाउनका निम्ति, एउटा देशमाथिको निर्भरतालाई टुंग्याएर साँचै भूपरिवेष्ठित र जमिनबाट नै हामी समुद्रसम्म निर्वाध आवागमन गर्नसक्ने एक्काइशौं शताव्दीको सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र राष्ट्र जसले सम्पूर्ण अन्तर्राष्ट्रिय अधिकारको प्रयोग गर्न सक्दछ, उपयोग गर्न सक्दछ र आफ्ना विकासका सम्भावनाहरुलाई उपयुक्त ढंगले अगाडी बढाउन सक्दछ, त्यस्तो देशको रुपमा नेपाललाई लैजान दूरदृष्टि, नीति र प्रयास हामीले अघि बढाएका छौं । त्यस स्तरमा हामीले नेपाललाई माथि उठाएका छौं । अगाडि बढाएका छौं ।

**आफ्नो विजय भन्दा लोकतन्त्रको विजयलाई एमाले प्राथमकिता दिन्छ। अब कोही डराए पनि नडराएपनि, दोस्रो चरणको निर्वाचनमा यो भन्दा बढी राम्रो परिणामका साथ एमाले अघि बढ्छ। प्रतिनिधिसभाको निर्वाचनमा कम्तिमा पनि बहुमतका साथ प्रमुख पार्टीको हैसियत अर्थात् बहुमतको हैसियत एमालेले प्राप्त गर्दछ।**

हामीले खानीहरुको खोज गरेका छौं। सबै गरिसक्यौं भन्ने होइन, केही खानीको खोज गऱ्यौं। हामी पूर्व पश्चिम विद्युतीय रेल बनाउने कुरा गर्छौं, केरुङ-काठमाडौं, काठमाडौं-लुम्बिनी रेल सञ्चालन गर्ने भन्छौं। हामीलाई लिक मात्र ओछ्याउन कति फलाम चाहिन्छ, त्यति फलाम खानी हामीसँग छन्। तर हामी त्यहाँबाट निकालेर प्रशोधन गरेर चाहिने जति आफूले प्रयोग गर्ने नचाहिएको बेच्ने भन्दा अन्यत्रबाट आयात गर्ने गर्छौं। अहिलेसम्म त्यसो गरिरहेका छौं। हामीसँग खानी छन्, उपयोग गरिराखेका छैनौं। त्यसकारण उपयोग गर्ने दिशामा जानुपर्छ। मैले नेतृत्व गरेको सरकारको समयमा हामीले अन्वेषण, पूरा उत्खनन् र प्रशोधन गर्न भ्याएनौं। एउटा खानी हामीले पत्ता लगायौं र अन्वेषण गऱ्यौं। मान्छेहरु सोध्छन् प्रतिबर्ष आर्थिक वृद्धिदर के हुने नेपालको भनेर। के हुने भन्ने कुरा काम र तरिकाले फरक पार्छ। उही परम्परागतपाराले भूमि खोस्रिने र खेती गर्दै जाने हो भने सकारात्मक परिणाम आउँदैन। सामान्यतया भन्ने हो भने ५/७ देखि १० प्रतिशतसम्म त्यसरी बृद्धि गर्न सकिएला तर यदि हामीले खानीहरुको प्रयोग गऱ्यौं, हाम्रा खनिजहरुको प्रयोग गऱ्यौं, तिनको सदुपयोग र निर्यात गर्न थाल्यौं भने, हामीले ऊर्जाका रुपमा असाधारण उन्नति

**नेकपा (एमाले) जता हावा चल्छ त्यतै उड्ने झारपात र भुवा झैँ होइन बरु ती सबै कुरालाई पछारेर देशलाई निर्दिष्ट सही दिशामा लाने पार्टी हो। अर्थात् साम्प्रदायिक कुरा गरेर हिंड्ने, साम्प्रदायिक सद्भाव बिथोलेर हिंड्ने, एकछिनका स्वार्थ, अलिकति मान्छेहरुका तालिका पछाडि कुद्ने दाउपेचको राजनीति होइन देशका निम्ति जे गर्नुपर्छ त्यो गर्ने पार्टी हो एमाले।**

र त्यसको निर्यात गर्न थाल्यौं भने त्यसपछि वार्षिक राष्ट्रिय आय र प्रतिव्यक्ति आय यसरी बढ्छ जो अहिले कल्पना गर्न सकिँदैन । तेल निकालेर बेच्नु अघि कतार कुन अवस्थामा थियो ? अबुधावी कुन अवस्थामा थियो अथवा साउदी अरब कुन अवस्थामा थियो ? तेल निकालेर बेचेपछि कुन अवस्थामा गयो ? त्यसकारण हामी कुन ढंगले अगाडि जान्छौं भन्ने महत्वपूर्ण कुरा हो ।

हामीले कृषिको आधुनिकीकरणका निम्ति विशेष कार्यक्रम बनायौं । उद्योगहरुको स्थापनाका निम्ति,

**जबजको प्रकाशमा र त्यसको मार्गदर्शनमा हामीले मार्क्सवादी सिद्धान्तको प्रयोग परिस्थिति अनुसार गरिरहेका छौं जो अत्यन्तै महत्वपूर्ण छ । यतिबेला हामीले मदन-आश्रितप्रति श्रद्धाञ्जली अर्पण गरिरहँदा उहाँहरुले परिकल्पना गरेको नेपाललाई साकार पार्न जबज प्रयासरत छ ।**

पर्यटनका निम्ति, पूर्वाधारको विकास र ऊर्जाका निम्ति, आइटी सेक्टरमा सूचना सञ्चारका क्षेत्रमा, आर्थिक उन्नतिको दिशामा देशलाई अगाडि बढाउने भन्यौं । राजनीतिक स्वार्थका कारणले देशभित्र र बाहिरका अनेक स्वार्थका कारणले हामीलाई हटाइयो । हामीलाई किन हटाउनु पर्‍यो भने उनीहरुले प्रतिष्पर्धा गर्न नसक्ने भए, यसकारण कि हामीले देशको उन्नति गरेर जनताको मन जित्ने भयौं । त्यसकारण हामी हट्नु पर्‍यो । तर हामी हट्नु परेको अयोग्य भएकाले होइन । कुनै अनुचित काम गरेर होइन । अलिअलि केहीकेही मान्छेहरुलाई नियुक्ति पाए हुन्थ्यो, भनेका ठाउँमा नियुक्ति अर्काले पायो होला, चित बुझ्ेन होला । आफ्नो मान्छेले पाउनु पर्छ भनेका ठाउँमा आफ्नाले पाएन अर्काले पायो होला । त्यसकारण आक्रोस जन्मियो होला, असन्तुष्टि भयो होला । अथवा चित्त बुझ्ेन होला । अथवा त्यस्तो लाग्यो पनि होला । यहाँ गुटवन्दी भो कि, नातावाद, कृपावाद र आसेपासे च्याप्ने खालको पो भो कि ? भन्ने पनि परेको हुन सक्छ । तर बुझ्नु जरुरी छ आजको दिनमा नेकपा (एमाले) आफन्त, नातागोता, आसेपासे च्याप्ने जस्ताखालका विचार, व्यवहारमा लाग्छ भने त्यो भन्दा ठूलो दूर्भाग्य केही हुँदैन । आजको अवस्थामा यत्रो चुनौतीका अगाडि पनि सानासाना संकीर्णता र गुटवन्दीजस्ता कुरामा हामी अल्झिन थाल्छौं भने त्यो भन्दा ठूलो दूर्भाग्य केही पनि हुँदैन । चाहे जसले गरोस्, मैले गरे पनि अरुले गरे पनि त्यो भन्दा नराम्रो काम अरु केही पनि हुँदैन ।

हामीसँग जबज छ । हामीले गरेका अत्यन्त उल्लेखनीय कामहरु छन् । जबजको प्रकाशमा र त्यसको मार्गदर्शनमा हामीले मार्क्सवादी सिद्धान्तको प्रयोग परिस्थिति अनुसार गरिरहेका छौं जो अत्यन्तै महत्वपूर्ण छ । यतिबेला हामीले मदन-आश्रितप्रति श्रद्धाञ्जली अर्पण गरिरहँदा उहाँहरुले परिकल्पना गरेको नेपाललाई साकार पार्न जबज प्रयासरत छ । मेरो के होला ? म कहाँ हुला ? मेरा निम्ति के होला र कसो होला भन्नेतिर होइन कि देशका निम्ति के होला ? देश अगाडि बढाउने चिन्तन र चिन्ता हाम्रो हुनुपर्छ । हामीले कार्यकर्तामा लाने वैचारिक शिक्षा र भावना देश, देशका समस्या, जनताका समस्या र तिनको समाधान, राष्ट्रको सुरक्षा आदि हुन् । नेपालको सुरक्षा, समृद्धि र विकास केन्द्रिय विषय हुन् । एमाले त्यसका निम्ति तयार छ । विभिन्न ठाउँमा बन्दुक र बम प्रयोग गरेर आतंकित बनाउने कोशिस गरिरहेका छन् । विभिन्नका विभिन्न जिम्मा छन् र केही कसले जिम्मा लिन्छ केही कसले । पपेट अथवा पुतली नचाउने भएजस्तै । पुतली नचाउनेले एउटै औंलामा तार फिट गरेको हुन्छ । त्यो चलाउँदा कुन चाहिँ पुतली नचाउने हो त्यो औंला चलाइदिँदा पुतली नाच्छ । हामीले यी सबै कुरासँग सामना गरेर यस देशलाई समृद्ध बनाउनु छ ।

**हाम्रो लक्ष्य, हाम्रो उद्देश्य धेरै ठाउँमा चुनाव जित्ने होइन । तर हामीले चुनाव धेरै ठाउँमा जित्नु पर्छ किनभने देश हामीले बनाउनु छ । देश बनाउनका लागि चुनाव जित्नुपर्छ ।**

हामीले जनतामा सार्वभौमसत्ता रहेको वास्तविकता जनता र कार्यकर्ताबीचमा लानुपर्छ । हामीले लडाइँ शब्द उच्चारण गर्नुको अर्थ बम र बन्दुकका कुरा गरिरहेका छैनौं, जो अरुले गर्छन् । वास्तविक अर्थमा

लोकतान्त्रिक गणतन्त्र अर्थात् तीब्र आर्थिक विकास गरी समृद्ध लोकतान्त्रिक गणतन्त्र निर्माण गर्ने र नेपाली जनतालाई सुखी बनाउने हाम्रो पार्टीको अभिभारा हो। हाम्रो लक्ष्य, हाम्रो उद्देश्य धेरै ठाउँमा चुनाव जित्ने होइन। तर हामीले चुनाव धेरै ठाउँमा जित्नु पर्छ किनभने देश हामीले बनाउनु छ। देश बनाउनका लागि चुनाव जित्नुपर्छ। चुनाव जित्नका लागि जित्ने होइन। हाम्रा केही मान्छेलाई प्रमुख, उपप्रमुख, वार्ड अध्यक्ष र सदस्य बनाउनका लागि चुनाव जित्ने वा हाम्रा केही मान्छेलाई प्रधानमन्त्री, मन्त्री, सांसद बनाउनका लागि जित्ने होइन। हो हामीले जित्नु पर्छ तर देश बनाउनका लागि। देश बनाउने अरु छैनन्।

अचम्म लाग्छ अखबारहरु हेर्दा। सेटिङ मिलेको छ। अखबारले मजाले लेख्छ ४० करोडको सेटिङ मिल्यो। ७ गते भित्र यतिवटा लाइसेन्स दिइँदैछ। अस्ति विरोध भयो त्यसकारण एकदिन आचारसंहिताले गर्दा रोकियो। अब यति दिन भित्र दिइन्छ। लाजशरम केही पनि छैन। अचम्म के भने तिनका कार्यकर्ताले मञ्चमा पुग्दा माला पनि लाइदिएकै छन् ! अचम्म !! लाज पनि छैन। आसन ग्रहण पनि गराएकै छन्। प्रमुख अतिथि बनेर मञ्चमा बसेकै छन्। लाज भयो होला यिनलाई भनेर यसो हेऱ्यो लाजै छैन। अचम्म लाग्छ। यसबाट देशलाई बचाउने काम एमालेले गर्नुपर्छ।

नेकपा (एमाले) ले गर्नसक्छ किनभने जबज नामको वैज्ञानिक र उन्नत विचार तथा त्यसमा संगठित भएको बलियो संगठन हामीसँग छ। हाम्रा लागि संगठन भनेको के हो ? बिचार हो, उद्देश्य हो। राजनीतिक संगठनहरु दुईप्रकारका हुन्छन् - स्वार्थमा आधारित संगठन र विचारमा अधारित संगठन। व्यापकतामा संगठित वा संकीर्ण कुराहरुमा संगठित। संगठन विभिन्न प्रकारका हुनसक्छन् तर सबभन्दा गहन कुरा वास्तविक संगठन भनेको विचारले बाँधिएको र विचारमा आवद्ध भएको हो। हाम्रो संगठन लिउँला र खाउँला भन्दा पनि देश बनाउँला र त्यसैभित्र हामी पनि समाहित हौंला भन्ने हो। तर कस्तो चलाइदिएको छ भने अरु पार्टीका नेताहरुको विचारको सहीपना भन्ने ठाउँ छैन, व्यववहार, आचरणको सहीपना र शुद्धता भन्ने ठाउँ छैन। ठीक हुन् नेताहरु भन्ने ठाउँ छैन, प्रतिरक्षा गर्ने कुनै ठाउँ छैन। त्यसकारण अब त्यसलाई गोलमाल कसरी गर्ने भन्दा "सबै उस्तै हुन्" भनेर हल्ला चलाउने ! "पार्टीहरुले लोकतान्त्रिक अभ्यास गरेनन्, सबै उस्तै हुन्।" अनि सर्वोच्च अदालतका प्रधानन्यायधीश माथि आवेश उत्तेजनामा महाअभियोग लगाउने ? महाअभियोग लगाउनै नहुने त होइन तर भ्रष्टलाई लाउनु पर्ने हो। शक्ति पृथकीकरणको सिद्धान्त नबुझेर स्वतन्त्र न्यायपालिका आफ्नो अनुसार भएन भनेर आवेश उत्तेजना प्रयोग गर्ने ठाउँ होइन। तर अरु पार्टी र एमालेलाई एकै ठाउँ राखेर हेर्ने, अरुका नेता र एमालेका नेता एकै ठाउँ राखेर सबै उस्तै हुन् भन्ने। अनि यी नेता सुध्रिँदैनन् भन्ने।

**कतिपय स्थानमा कम्यूनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा होला तर नेपालमा एमाले छ र यो रक्षात्मक अवस्थामा होइन, अस्तित्व रक्षाको लडाईमा होइन बरु विजय यात्रामा छ र यो देश बनाउने संकल्पमा छ। त्यसकारण यो पार्टी चुनौतीहरुसँग डराउँदैन, चुनौतीहरुको सामना गर्छ।**

एमालेको नीति सही छ, एमालेको विचार सही छ। तर उसको आर्थिक नीति र आर्थिक प्रगतिको दृष्टिकोण छैन, दुरदृष्टि छैन भन्ने हल्ला चलाइयो। अरुको छैन अनि त्योसँग गोलमाल गर्न एमालेलाई पनि त्यसमा मिसाउने गरिन्छ। नेपालमा कहीं कसैसँग पनि एमालेका नेताहरु बहस गर्न तयार छन्। के हो दुरदृष्टि ? एमालेले प्रस्तुत गरेका दुरदृष्टि हुन् कि होइनन् ? एमालेले अपनाएका नीतिहरु दुरदृष्टि हुन् कि होइनन् ? दुरदृष्टि भनेको अरु के हुन्छ ? हामी कृषिका क्षेत्रमा, उद्योगका क्षेत्रमा, व्यापारका क्षेत्रमा अथवा सञ्चारका क्षेत्रमा, विद्युतका क्षेत्रमा वा पूर्वाधरका क्षेत्रमा, रोजगारीका अवसर कसरी सृजना गर्ने भन्ने लगायतका प्रश्नमा मौलिक, संभव र व्यावहारिक नीति, सोच र कार्यक्रमहरु प्रस्तुत गरिरहेका छौं। कसरी भन्ने कुरामा बहस गर्न एमाले तयार छ। कृषिको आधुनिकीकरणको कुरा अरुले गर्छन् तर कसरी भन्ने कुरामा एमाले बहस गर्न तयार छ। किनभने हामीसँग वैज्ञानिक दृष्टिकोण छ। जबजको सिद्धान्तको आधारमा

हामीहरु ती चिजहरु गरिरहेका छौं ।

कतिपय स्थानमा कम्यूनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा होला तर नेपालमा एमाले छ र यो रक्षात्मक अवस्थामा होइन, अस्तित्व रक्षाको लडाइमा होइन बरु विजय यात्रामा छ र यो देश बनाउने संकल्पमा छ । त्यसकारण यो पार्टी चुनौतीहरुसँग डराउँदैन, चुनौतीहरुको सामना गर्छ । म फेरि स्मरण गर्न चाहन्छु जबज जननेता मदन भण्डारीको अगुवाइमा एमालेले प्रतिपादन गरेको थियो । आन्दोलनको मैदानबाट यस विचारको प्रतिपादन भएको थियो । यो बौद्धिक विलासको उपज वा बौद्धिक मन्थनको मात्र परिणाम होइन । आन्दोलनको संश्लेषण र अनुभवको निष्कर्ष हो जबज । त्यसकारण हामी अरु भन्दा फरक छौं ।

हामी माथि लगातार एउटा आरोप थोपरिएको छ- किन दासढुंगा हत्याकाण्डको छानविन भएन भनेर । हामीले स्मरण गर्नु जरुरी छ । छानविनको माग गर्दै ३० दिन भन्दा बढी शान्तिपूर्ण ढंगले हामी सडकमा उत्रियौं । तत्कालिन सरकारले बलजफ्ति षड्यन्त्र हुँदै होइन, केही पनि छैन, स्वभाविक दूर्घटना हो भन्नका निम्ति धेरै कोशिस गऱ्यो र त्यसका निम्ति जनताको भावनालाई दमन गऱ्यो । छानविन गर्न अस्विकार गऱ्यो । हामीले भिशेरा परीक्षणमा पठाउनका लागि माग गऱ्यौं । तीन महिनाभित्र पठाउनु पर्ने, तीन महिना नबितेसम्म तत्कालिन सरकार तयार भएन । हामीले छानविन गर्ने भरपर्दो आयोग निर्माण गर्न भन्यौं जसले सरकारी सधानस्रोतको प्रयोग गर्छ र सत्य पत्ता लगाउन सहज हुन्छ तर त्यसलाई विलम्ब गरियो र उपयुक्त ढंगले काम गर्ने वातावरण दिइएन । एउटा आयोग बनाइदेउ भन्नका लागि, भिसेरा परीक्षणका लागि पठाइदेउ भन्नका लागि २२ जना मान्छेले शान्तिपूर्ण आन्दोलनमा गोलि खाएर ज्यान गुमाउनु पऱ्यो । हाम्रा नेताहरुको र अझ प्रमुख नेताहरुको हत्या भएकोमा छानविन गरिपाउँ भन्दा तत्कालिन सरकारले निर्दोष नागरिकको हत्या गऱ्यो । त्यहाँ प्रदर्शनकारीबाट कुनै हिंसा, बम र बन्दुक प्रयोग गरिएको होइन । माग गरिएको थियो सरकारसँग । तर सरकारले ज्यान लियो । दशी प्रमाण हटाइए । हत्याकाण्डमा संलग्न ड्राइभरलाई ठूलो संरक्षण दिइयो । ठूलो पक्षपोषण र साथसमर्थन गर्दै छोटो अवधीमा छाडियो । छोडिएपछि सत्तासिन पार्टीले झण्डा बनाएर देशभरी मानिलिउँ नेल्सन मण्डेला उनीहरुले पाएका हुन् कि जस्तो गरेर वक्ता बनाउँदै एमालेका विरुद्ध बकवास गर्न लगाए ।

एउटा अराजनीतिक ड्राइभरलाई नेता बनाएर देशभरी घुमाउँदै एमालेलाई गाली गर्न लगाइयो र एउटा अपराधकर्ममा संलग्न व्यक्तिलाई महान नेताका रुपमा चित्रण गरियो । कुरो खुल्छ भनेर अन्तिममा उसको हत्या गरियो । दशी प्रमाण मेटाइए । यस प्रसंगमा हामीले हत्यामात्र भोग्नु परेन हत्याको ढाकछोप गर्नका लागि यत्रा दमनचक्रहरु, यत्रा षड्यन्त्रहरु, यत्रा वेइमानीहरुको सामना गर्नुपऱ्यो । तिनै तत्वहरु लाजशरम छैन, छानविन भएन भनेर प्रश्न पनि उठाउँछन्। अथवा तिनकै समर्थक, तिनकै ज्यालादारीका केही तत्वहरु ती प्रश्नहरु उठाउँछन् । कुनै समयमा, समयक्रममा यस्ता तथ्यहरु सार्वजनिक हुन्छन् नै । तर नेपालमा यस्ता कुराहरु हुने गरेका छन् मदन-आश्रित हत्याकाण्ड, दरबार हत्याकाण्ड यी यस्ता गम्भिर षड्यन्त्रहरु हुन् । दरबार हत्याकाण्ड कहाँ पत्ता लाग्यो ? यस्ता हत्याकाण्डहरुको रहस्यको पर्दा खुल्न र सत्यतथ्य पत्ता लाग्न समय लाग्छ जहाँ ठुला शक्तिहरु नै त्यसलाई ढाकछोप गर्न लाग्छन् । तर कुनै समय हामी पत्ता लगाउने छौं । सत्य फेरि सामुन्नेमा आउनेछ ।

आज अरु धेरै समय म नलिउँ । फेरि एकपटक हामी सबैको तर्फबाट जननेता मदन भण्डारी र जीवराज आश्रितप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु । आजको यस दिनमा उहाँहरुका उद्देश्यहरुलाई साकार पार्न फेरि हामी साझा प्रण गर्दछौं । पार्टी अध्यक्षको हैसियतले म भन्न चाहन्छु- नेकपा (एमाले) जनताको बहुदलीय जनवादको रक्षा र प्रयोग गर्दै अगाडि बढ्नेछ । हामी सफलता प्राप्त गर्नेछौं । धन्यवाद ।

***(२०७४ साल जेठ ३ गते २४ औं मदन-आश्रित स्मृति दिवश कार्यक्रममा नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले दिनुभएको मन्तव्यमा आधारित- सम्पादक)***

■

# विवाह समारोह



✍ मुकुन्द न्यौपाने*

मालेका धेरै नेताहरू कलिलैमा भूमिगत भएका थिए र धेरैजसो अविवाहित नै थिए। केन्द्रीय कमिटीमा विवाह हुनेहरूको संख्या थोरै नै थियो। मोदनाथ प्रश्रित, जीवराज आश्रित र वामदेव गौतमको विवाह उतै पुष्पलालको पार्टीमा छँदै भइसकेको थियो। यता मालेतिरका भने सीपी बाहेक अरूको विवाह बाँकी थियो। माधवजीको विवाह यो भन्दा केही महिना अघि मात्र भएको थियो जस्तो लाग्छ। तर, उहाँको विवाह दिउँसो दक्षिणकालीको जंगलमा भएको थियो। कुनै समारोह थिएन। गायत्रीका बाबु, दाजुभाइ र बहिनी थिए। बाबुले टीका लगाई दिए। एउटा बत्ती बाले माधवजी र गायत्रीले एक अर्कालाई माला लगाइ दिए पोते थियो कि थिएन मैले बिर्सें। बिबाह १५ मिनेटमा सकियो यो प्रेम विवाह थियो। गायत्रीको बुबा छाँगाबाट खसे जस्तो देखिनुहुन्थ्यो विवाहको ढंग देखेर।

मदनजीको विवाह रातमा भएको थियो विराटनगर तिन टोलियाको कुनै घरमा। त्यहाँ एउटा कोठामा मान्छे टन्न थिए। उहाँका भाइ हुनुहुन्थ्यो, आमा हुनुहुन्थ्यो कि जस्तो लाग्छ मलाई अहिले राम्रो याद छैन। विराटनगरका केही शिक्षकहरू पनि थिए। नरेश वर्मा उनको नाम थियो। उनको भाइ पनि त्यहाँ थिए। उनीहरू लेटाङ्गमा पढाउँथे। त्यहाँ केन्द्रीय कमिटीका केही अरू साथी पनि हुनुहुन्थ्यो र माधवजी पनि हुनुहुन्थ्यो। त्यहाँ वकाइदा सिन्दुर र पोते राखिएको थियो। साटासाटका मुटुको चित्र भएका रुमाल थिए र सबै उत्साहित देखिन्थे। मैले जीवनमा देखेको सबैभन्दा छोटो विवाह माधवजीकै थियो। त्यो दिनमा र खाली बाबुको मन बुझाउन टाढा लगेर गरिएको थियो। यो विवाहमा भने कुनै हडवडी थिएन पुरेत कोही थिएन। आफ्नै अनुसारले मान्छे कोही कविता सुनाउँथे, कोही गीत गाउँथे। अभिभावक पार्टीको तर्फबाट माधव नेपाल हुनुहुन्थ्यो। उहाँले नै टीका लगाउन सुरु गर्नुभयो। मदनजीले सिन्दुर पोते लगाई दिनुभयो। विद्याजीले माला लगाई दिनुभयो। दुवैले रुमाल साटासाट गरे र हात मिलाए। मलाई यो प्रसङ्गले रोमान्चित पनि बनायो र गम्भीर पनि बनायो। कठोर भूमिगत जीवन छ यी जोडीहरू विवाह बन्धनमा बाँधिदैछन् एउटा भोलि पार्टी कामले कुन क्षेत्रमा पुग्छ अर्को कुन क्षेत्रमा। के थाहा मिलन र विछोडको वियोग यो जोडीमा नपर्ला भनेर। मैले पहिले पनि मदनजीलाई भेटघाट र बैठकहरूमा कविता लेखेर दिने गरेको थिएँ। कहिले काहीं हामीहरू कविता साटासाटै पनि गर्थ्यौं। मैले यो बिहेमा पनि उहाँहरूलाई एउटा कविता उपहार दिने विचार गरेर, यस्तो कविता लेखें-

आकाशमा सहस्त्र ताराहरू चम्कन्छन्

तर पनि औंसीको कालो रातले

अझपनि

सिङ्गो पृथ्वीलाई निलिरहेको छ

सप्तर्षिहरू सानो समूहमै भएपनि

मान्छेलाई समयको याद दिलाउँछन्

र ध्रुवतारा एक्लै भएपनि

हज्जारौं वर्षदेखि पथप्रदर्शक बनिरहेको छ

---

* स्थायी समिति सदस्य, नेकपा एमाले

ब्रह्माण्डमा घुम्ने लामपुच्छ्रे ताराहरू
जोडी छन् या विजोडी
म यो भन्न सक्तिन
तर भूमण्डलमा जिवाङ्गहरू भने जोडी बनेर
बस्न रुचाउँछन्,
भूमण्डल भरिनै कालो बादल
छाएको छ र
सारा पृथ्वी 'कम्पायमान छ'
असीमित आकाशतिर लम्कदै गएको बाटो
अरू कठिन र जटिल बन्दैछ
अप्ठ्यारा बाटाका यात्रामा
आँधीसँग जुधिरहेका जोडीहरू
नछुट्लान भन्नु नै पो के छ र ?
तर यदि दुई दिलहरू एक भएको खण्डमा
हजारौ कोष टाढा नै भएपनि
के फरक पर्छ र ?

०३९/४/१४

यसरी गीत र कविता साटासाट गरेर करिब हामीले तीन घन्टा बितायौं। मिठो कुरा खानपान गर्‍यौं । म त्यसबेला मासु खुव मन पराउँथे । अनि हामी ११ बजेतिर नव वधुसँग बिदा भएर आफ्ना तोकिएका वासस्थानतिर लाग्यौं। विवाहकै प्रसङ्गमा कुरो गर्दा हामीमध्ये धेरै केन्द्रीय नेताहरू अविवाहित नै थियौं। मदन भण्डारीको विवाहको केही महिनापछि २०४१ साल वैशाख १ गते मेरो पनि पार्टीले विवाहको मिति जुरायो। त्रिचन्द्र क्याम्पसबाट २०४० सालमा बी.एस.सी. पास गरी शिक्षण पेशातर्फ संलग्न हेटौंडा निवासी भीमप्रसाद भट्टराई र योगा भट्टराईकी छोरी पवित्रा भट्टराईसँग मेरो विवाहको कुरो सी.पी. मैनाली महासचिव हुँदै टुङ्गिएको थियो। विवाह काठमाडौंको एकजना कार्यकर्ताको घरमा भयो जुन तत्कालीन महासचिव झलनाथ खनालको ससुराली घर पनि थियो। विवाहमा पार्टीको १२ जना नेताहरूको उपस्थिति थियो। जसमा महासचिव झलनाथ खनाल, मदन भण्डारी र माधव नेपालहरू पनि हुनुहुन्थ्यो। विवाहपश्चात क्षेत्रपाटीमा माधव नेपाल, म र गायत्री आचार्य तथा मेरी श्रीमती पवित्रा भट्टराईले एकसाथ फोटो पनि खिच्यौं।

मदनजीसँगका मेरा बसाइहरू कुनै लामो बाटो हिँड्दा, वास बस्दा वा केन्द्रीय कमिटीका बैठक बस्दा मात्र हुने गर्थ्यो। कहिले काहीँ केन्द्रीय कमिटीका बैठकहरू लामा हुने गर्थे। उहाँ अत्यन्तै साहित्यप्रेमी भएको हुनाले साहित्यको माध्यमबाट पनि उहाँसँग मेरो घनिष्ठता राम्रो थियो। मैले तीन ओटा गीतिनाटक र केही कविता सङग्रहहरू प्रकाशन गरिसकेको थिएँ। लोकविनोद खण्ड काव्य उहाँले धेरै मनपराउनु भएको काव्य थियो। यसको प्रकाशन पनि उहाँको जोडमा भएको थियो। मदनजीको सबभन्दा राम्रो कुरा के थियो भने उहाँ मानिसलाई कदाचित पनि हेप्नु हुन्नथ्यो। कमि देखेर मजाक उडाउनु हुन्नथ्यो। म लेख्न धेरै सक्थेँ तर मेरो व्याकरण शुद्ध हुँदैनथ्यो। संकल्प परिवारले चलाएको सबै ह्रस्व लेख्ने भन्ने कुराको पछि लागेर त मेरो भएको व्याकरण पनि बिग्रिएको थियो। तर, पनि उहाँले मेरा साहित्यको उच्च सम्मान गर्नुभयो र लेख्न र छाप्न प्रोत्साहन गरिरहनु भयो।

उहाँसँग मैले लामो समय बनारसमा बस्ने मौका पाएँ। हाम्रा माले कालका प्रायः सामग्री वनारसमा छापिने गर्थे। वर्गसङ्घर्ष र मुक्तिमोर्चा कोशी पूर्वको भाग लिन उहाँ वनारस पुग्नुभएको थियो र म नारायणी, जनकपुर र वागमतीको लागि लिन गएको थिएँ। मोदनाथ प्रश्रितलाई छपाइको जिम्मा थियो किनकि उहाँ पहिले देखिनै वनारसमा छपाइको काम पुष्पलाल समूहमा हुँदा पनि गर्नु हुँदोरहेछ। तर, मदनजी र म वनारस पुग्दा छपाइको काम पनि सुरु भएको रहेनछ। वनारसमा मोहन चापागाई र वलरामबाट जोगिनुपर्छ भन्ने त्यहाँका प्रेसवालाहरूको मान्यता बनेको रहेछ। उनीहरूले नेपालको भूमिगत सामग्री अत्यन्तै सतर्कतापूर्वक छाप्दा रहेछन्। फेरि भूगिमत कम्युनिस्ट भनेपछि नक्सलपन्थी नै ठान्दा रहेछन्। यसैबीच राजा वीरेन्द्र वनारसको भ्रमणमा जाने योजना रहेछ। त्यसले गर्दा वनारसका नेपालीहरू सबै

पुलिसको निगरानीमा रहेछन् । मोदनाथ प्रश्रित पनि त्यहीँ गिरफ्तारीमा पर्नुभयो, उहाँ पनि निगरानीमै हुनुहुँदोरहेछ । म पहिले पनि वनारस उपचारको क्रममा २ महिना बसेको थिएँ । मैले चिनेका पनि केही भारतीय साथीहरू थिए । मेरो अत्यन्त घनिष्ठमित्रको रूपमा रहेका कन्चनकुमार मुखर्जी पनि त्यहीँ थिए । उनकै माध्यमबाट हामीले एकजना वकिललाई भेट्यौँ र प्रश्रितहरूलाई थुनेको जेलमा गयौँ । त्यहाँको वकिलले हामीलाई के बताए भने "राजालाई कालोझण्डा देखाउँछन् भनेर समातेको हो भोलि छोडिदिन्छ ।" त्यसपछि हामी कचौडी गल्ली एकजना धादिङका विद्यार्थी नारायण जो त्यसै टोलमा रातको चौकीदारी गर्थे उनकै डेरामा बसेका थियौँ फर्कियौँ ।

वनारसको हाम्रो बसाई करिब हप्ता दिन माथि भैसकेको थियो र त्यही भारतीय साथीहरूसँग ऋण माग्नु पर्ने स्थिति आइपुगेको थियो । प्रश्रितजीलाई हामीले छिटो रिहाई गर्नको लागि आग्रह गर्न भन्यौँ । प्रेसवालाले "तिमीहरू यहाँ देखा नपर यहाँ वलराम आइरहन्छन् मलाई हैरान पार्छन्" भन्यो । त्यसपछि हामी अरू तीन चार दिन पूरै वनारस घुमेर बितायौँ । यसैबेला त्रिलोचन ढकाल पनि गण्डकीबाट पुग्नुभएछ । यो बसाइ नै मेरो उहाँसँग मुक्त, खुल्ला र लामो बसाइ थियो । हाम्रो हेमखेम बढाउन पनि यसले हामीलाई ठूलो मद्दत गऱ्यो ।

■



विवाहको केही समय पश्चात
मदन आफ्नी पत्नी विद्या भण्डारीसँग

# मदन भण्डारीको सरल जीवनी



**प्रदीप नेपाल**

'एउटा मानिस मर्दा उसकी पत्नी विधवा हुन्छे
एउटा देशभक्त मर्दा सिङ्गै देश विधवा हुन्छ ।'
को हो त्यस्तो अनौठो मानिस ?
त्यो मानिसको नाम हो मदनकुमार भण्डारी ।

मदन भण्डारी त्यस्तो नाम हो जसले निर्धारण गरेको सिद्धान्तको आधारमा नेपालमा लोककल्याणकारी राज्यको व्यवहार आरम्भ भयो । लोककल्याणकारी राज्य भनेको जनताको हीतमा सबै काम गर्ने, राजनीतिक नेता, कर्मचारी, निर्वाचित जनप्रतिनिधि कसैले पनि भ्रष्टाचार नगर्ने राज्य हो । हामी सबैले चिन्नु पर्छ जनता र राष्ट्रको हितरक्षामा जीवन अर्पण गरेका मदन भण्डारीलाई ।

**बाल्यकाल र शिक्षा**

ताप्लेजुङको पश्चिमी भेगमा ढुङ्गेसाँघु नाम गरेको एउटा सुन्दर गाउँ छ । यही ढुङ्गेसाँघु गाउँ विकास समितिको ठोट्ने गाउँमा मदन भण्डारीको जन्म भएको थियो । २००९ साल असार १४ गतेको मध्यरातमा उनी जन्मिएका हुन् ।

मदन भण्डारीको जन्म हुँदा उनको गाउँमा माध्यमिक विद्यालय थिएन । गाउँकै प्राथमिक विद्यालयमा कक्षा पाँचसम्म पढेपछि उनी जिल्ला सदरमुकाम, ताप्लेजुङ बजारको छेउमा स्थापना गरिएको बालसुवोधिनी माध्यमिक विद्यालयमा पढ्न गए ।

माध्यमिक विद्यालयमा पढ्दा उनीसँगै पढ्ने साथीहरुको भनाइ अनुसार 'मदन भण्डारी एकछिन पनि खालि नबस्ने, अध्ययन गरिरहने, थोरै बोल्ने, धेरै होहल्ला नगर्ने, ठूलो स्वर निकालेर हाउ हाउ गर्दै नहाँस्ने, थोरै हाँस्ने, बढी मुस्कुराउने स्वभाव उहाँमा थियो ।'

पछिल्लो समयमा सात वर्षसम्म मदनसँग एउटै कोठामा बस्ने अमर श्रेष्ठले पनि भनेका छन्, 'मदन भण्डारी कोठामा बस्ता कि लेखिरहनु हुन्थ्यो, कि पढिरहनु हुन्थ्यो, कि छलफल चलाइरहनु हुन्थ्यो । उहाँलाई खालि बसेको कहिल्यै देखिन मैले ।'

मदन भण्डारीलाई भविष्यको महान मानिस बनाउने गुण यही थियो । केटाकेटीमा नबोल्ने भए पनि, खेल्न मन पराउने भए पनि, अध्ययन गर्ने, असहाय र दुःखीलाई सहयोग गर्ने चरित्र बोकेका मदन भण्डारी, यिनै गुणहरुका कारण महान मानिस भएका हुन् ।

बालसुबोधिनी माध्यमिक विद्यालयको पढाइ सक्याएपछि मदन भण्डारी उच्चस्तरको अध्ययन गर्न भारततिर लागे । भारतमा उनले सँस्कृत साहित्यमा स्नातकोत्तर तहसम्मको अध्ययन गरे ।

भारतको विभिन्न स्थानबाट स्नातक तहसम्मको शिक्षा सकेर स्नातकोत्तर पढ्न उनी बनारस आइपुगे । नेपालमा राजनीति र प्रजातन्त्र माथि प्रतिवन्ध लागेको समय थियो त्यो । नेपालमा प्रतिबन्ध लागेकै कारण बनारस नेपाली राजनीतिको एउटा केन्द्र बनेको थियो । नेपालमा प्रतिवन्धित भएका नेपाल कम्युनिस्ट पार्टी र नेपाली काङ्ग्रेसका दर्जनौं नेताहरु बनारसमा निर्वासित भएर बसेका थिए । त्यहाँको वातावरण राजनीतिमय

थियो । मदन भण्डारी पनि यसबाट अछुतो रहन सकेनन् । साधुबेला सँस्कृत विश्वविद्यालयमा स्नातकोत्तरको अध्ययन गर्दा मदन भण्डारी नेपाली राजनीतिको सेवामा हेलिए ।

बनारसमा अध्ययनरत रहँदा नै उनी कम्युनिस्ट पार्टीमा लागे । कम्युनिस्ट पार्टीमा लागेपछि उनले यस्तो कविता लेखे,

जाँडरक्सी खान छोडिदेउ, जुवातास खेल्न छोडिदेउ,

महिलासँग छेडछाड गर्न, भाँडभैलो बोल्न छोडिदेउ,

जनतासँग जिउने मर्ने सुख र दुःखको भागी होउ,

जनताको लागि मर्न नै परे हाँसेर खुशीले मरिदेउ ।

कविता त जसले पनि लेख्न सक्छ । आफूले लेखेको कवितालाई आफैंमा लागू गर्ने मान्छे यथार्थमा महान हुन्छ । मदन भण्डारीले आफ्नो सिङ्गो जीवनलाई यही कवितामा लेखिएका वाक्य जस्तै इमान्दार ढङ्गबाट जिउने काममा लगाए । बाचुन्जेल उनी जनतासँगै बाँचे । मृत्युपछि पनि उनी जनतासँग बाँचिरहेका छन् र आउने लामो समयसम्म उनी नेपाली जनतासँग बाँचिरहने छन् ।

मदन भण्डारीको पुस्ताले जस्तो राज्य शासन भोग्यो, त्यस्तो कसैले भोग्नु नपरोस् । पञ्चायती प्रजातन्त्र भनिन्थ्यो त्यसलाई । तर त्यहाँ प्रजातन्त्र थिएन । त्यसैले हामी राजनीति गर्नेहरुले त्यसको नामाकरण गरेका थियौं उतिबेला - निरङ्कुश पञ्चायती व्यवस्था । शासनसँग प्रजातन्त्रको कुनै साइनो सम्बन्ध नभएको हुनाले पञ्चायतको विरोध गर्ने त्यो पुस्ताले प्रजातान्त्रिक प्रणालीको स्थापना गर्नाका लागि ३० वर्ष निरन्तर सङघर्ष गर्नु परेको थियो । पञ्चायती शासनको समयमा पार्टी र पार्टीको झण्डा मृत्युको पर्याय बनेको थियो । पार्टीमा लागेका दर्जनौं कार्यकर्ताको हत्या गरिएको थियो ।

यस्तै गैरन्यायिक हत्या भएको थियो झापा र इलामको सीमाना-क्षेत्रको सुखानी जङ्गलमा । नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा जालि फटाहा, अत्याचारी दुराचारीका विरुद्ध सङ्घर्ष गर्न उभिएका पाँच जना बहादुर नेपाली युवाहरुलाई तत्कालिन राज्यले सुखानीको जङ्गलमा लगेर गोली हानेर माऱ्यो । यो समय थियो २०२९ सालको फागुन २१ गते । सुखानीका शहिद भनी ती योद्धाहरुको नाम इतिहासमा अङ्कित भएको छ । रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवङ्शी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई मारिएको स्थानलाई अहिले तारको बेरा लगाएर सुरक्षित गरिएको छ । त्यहाँ एउटा परिचय स्तम्भ खडा गरेर उनीहरुको नाम जोगाउने काम गरिएको छ भने उहाँहरुको सम्मानमा झापा जिल्लामा पर्ने अर्जुनधार नगरपालिकामा 'शहिद वन' को भव्य सँरचना निर्माण गरिएको छ ।

पञ्चायती निरङ्कुश शासनको विरुद्ध सङ्घर्ष गर्ने प्रण गरेका यी युवाहरुको हत्याले नेपाली राजनीतिक आन्दोलनमा नयाँ लहर उत्पन्न गऱ्यो । ठाउँ ठाउँमा युवाहरुका सङगठन खुल्न थाले । 'सुखानी हत्याकाण्डको विरोध गरौं' भन्ने भावना र नाराका साथ उत्साही युवाहरु सङ्गठित हुन लागे । यस्तो सङ्गठन निर्माणको काम खालि झापामा मात्र भएन । त्यसको सबैभन्दा चर्को राप नेपालको राजधानी काठमाण्डौमा महशुस गरियो । विशेष गरेर त्यतिबेला विद्यार्थी जीवन बिताइरहेका युवाहरुले सुखानीको रापलाई आन्दोलनको तापमा बदल्ने कोशिस गरे । शहिदहरुको हत्याले झापा तातेकै थियो, त्यसलाई बलियो आड दियो काठमाण्डौको रापले ।

मदन भण्डारी पनि यसबाट अछुतो रहेनन् । उनको पढाइ समाप्तितिर पुगेको थियो । पढाइ सकेर छोराले जागीर खाला, हामीलाई सुखसँग पाल्ला भन्ने आशमा बसेका आफ्ना आमाबालाई सम्झाउँदै मदन भण्डारीले भने, 'देशमा निरङ्कुश पञ्चायती सरकार छ । यो सरकार जनता बलियो र सुखी भएको देख्न चाहँदैन । भोकाहरु मरिरहुन्, रोगीहरु छटपटाइरहुन्, हामीजस्ता पढे लेखेकाहरु उनीहरुको दानापानी खाएर उनीहरुकै चाकरीमा रमाइरहुँ, देशमा जनताले स्वतन्त्रतापूर्वक हिँड्ने, डुल्ने, सभा सङ्गठन गर्ने अधिकार कहिल्यै नपाउन् भन्ने अनिष्टकारी, जनविरोधी सोच बोकेर यो सरकार बाँचिरहेको छ । यस्तो अवस्थामा म जस्तो बुझ्केको मान्छेले पनि देशलाई

बिर्सिएर, अरु मरे मरुन् म चाहिँ खान पाइरहुँ भन्ने सोच राख्ने हो भने हाम्रा सुखका दिन कहिल्यै आउँदैनन्। मलाई जागिरमा नथुन्नुस्। मेरो ठाउँमा अर्को कुनै बाआमाको छोराले जागिर खाला। मुलुकका जनताको अधिकार रक्षा गर्ने सङ्घर्षमा थोरै मात्र मानिस समाहित हुन्छन्। तर सत्य उनीहरुकै पक्षमा हुन्छ। त्यसैले उनीहरुको जीत हुन्छ।'

**राजनीतिमा मदन भण्डारी**

अहिलेको जस्तो खुला राजनीति गर्न पाइने समय थिएन त्यो। पार्टीका कार्यकर्ताहरु विद्यार्थी, शिक्षक र कर्मचारीको आवरणमा लुकेर मात्र काम गर्न सक्दैनथे। निरङ्कुश राज्यका सुइरा जस्ता आँखा र कुकुरको जस्तो सुँघ्ने शक्ति भएका राज्यकर्मीहरुबाट लुकेर काम गर्नका लागि घरबार, परिवार, इष्टमित्र सबैलाई बिर्सिएर राजनीतिक जीवन बिताउनु पर्ने समय थियो त्यो।

सकृय सामाजिक कार्यकर्तालाई समेत मुद्दा मामिलामा फसाउँथे गाउँका पञ्च र ठूलाठालुहरु। त्यस्ता सबैजसो मुद्दाहरु झुट्टा हुन्थे। मदन भण्डारी माथि पनि मुद्दा लाग्यो। त्यो पनि झुट्टै थियो। तर जेल गएर समय कटाउन चाहँदैनथे मदन भण्डारी। जेलको साटो जनताको बीचमा गएर राजनीतिक काम गर्न उनी भूमिगत भए। पार्टीले उनको कर्मक्षेत्र मोरङ जिल्ला नै तोकेको थियो।

गाउँ ठाउँमा साझा सँस्था खोलिन्थ्यो र त्यो सँस्थाले गाउँलेको धान सङ्कलन गरेर ठाउँ ठाउँमा थुपार्ने काम गर्थ्यो। तर आपत परेको बेला आफैँले जम्मा गरेको धानसमेत प्रयोग गर्न पाउँदैनथे गाउँलेहरुले। मदन भण्डारीको गाउँमा पनि थियो यो साझा भण्डार।

एकपल्ट अनिकाल पऱ्यो गाउँमा।आफूले राखेको धान माग्न जाने नै भए गाउँलेहरु। तर गाउँ पँचायतका प्रधानपन्च र साझा भण्डारका प्रबन्धकहरु गाउँले आफैँले भण्डार गरेको धान गाउँलेलाई दिन तयार भएनन्। अनिकालको चर्को पीडा सहन नसकेर गाउँलेले साझाको धन्सार फोरे र आपसमा अन्न बाँडचुँड गरे। घटना घटेको समयमा मदन भण्डारी गाउँमा थिएनन्। तर उनलाई पनि मुद्दा लाग्यो। उतिबेला राजनीतिक कार्यकर्ता माथि मुद्दा लाग्नु भनेको घटीमा ३ वर्ष र बढीमा २० वर्ष झ्यालखानमा कोचिने काम हुन्थ्यो। त्यसैले खुला काम गरिरहेका राजनीतिक कार्यकर्ताहरु पनि मुद्दा लागेपछि प्रायः भूमिगत हुने चलन थियो। मुद्दा लागेपछि मदन भण्डारी पनि भूमिगत भए। भूमिगत हुनु भनेको गाउँघरमा लुकेर राजनीतिक काम गर्नु हुन्थ्यो उतिबेला। जनताले जे दिन्छन् त्यही खाने, जे लगाउन दिन्छन् त्यही लगाउने, सुखसुविधा खोज्न नपाइने, गाउँ गाउँमा लुक्तै छिप्तै मानिसहरुलाई पञ्चायती निरङ्कुशतन्त्रका विरुद्ध सङ्घर्ष गर्न तयार पार्ने काम गर्ने मानिसलाई नै भूमिगत राजनीतिक कार्यकर्ता भनिन्थ्यो।

भूमिगत भएपछि मदन भण्डारीले मोरङ जिल्ला मात्र होइन, सिङ्गो कोशी अञ्चलको कामको जिम्मा लिनु पर्ने भयो। उनी त्यतिबेला नेपाल कम्युनिस्ट पार्टी (माले) को केन्द्रिय सदस्य भैसकेका थिए। त्यसैले सुनसरी, धनकुटा, तेह्रथुम, सँखुवासभा र भोजपुर जिल्लाको कामको पनि नेतृत्व लिनु पऱ्यो उनले।

आजीवन पञ्चायतका मुख्य मान्छे भएका सूर्यबहादुर थापाको घर थियो धनकुटामा। धनकुटामा कम्युनिस्ट पार्टीको गतिविधि बढ्ने कुरा ती पञ्चायती प्रधानमन्त्रीलाई सैह्य हुने कुरो पनि भएन। साना साना घटनामा उनले चिताई नसक्नुको दमन गराए। धनकुटाको यो विशेष दमन 'छिन्ताङ हत्याकाण्ड' भनेर इतिहासमा चिनिन्छ। एक दर्जन निर्दोष गाउँलेहरु मारिए। धनकुटाको उत्तरपटीका पाटोबाट अरुण नदी बग्छ, दक्षिणपटीको पाटोबाट तमोर नदी। कति गाउँलेका लाश अरुणमा बगे, कतिका तमोरमा।

मदन भण्डारीको जिम्मेदारी अन्तर्गत पर्थ्यो धनकुटा जिल्ला। त्यसैले छिन्ताङको पीडामा मलम लगाउन आफू छिन्ताङ जानै पर्छ भन्ने उनलाई लाग्यो। चर्को दमन भैरहेको थियो धनकुटाको दक्षिणपश्चिम भेगमा। त्यही भेगमा पर्थ्यो छिन्ताङ गाउँ। दौरा, सुरुवाल, कोट, टोपी लाएर लागे मदन भण्डारी उतैतिर। देख्ने भेट्ने कसैले उनलाई काठमाण्डौबाट आएको पञ्च भन्ठाने भने गाउँमा रगरगती घुमिरहेका पुलिसले उनलाई गुप्तचरको हाकिम भन्ठानेर सलाम पनि ठोके। मदन भण्डारीले पञ्च र गुप्तचरको हाकिम

भएर पनि बाँचेकाहरुको पीडामा मलम लगाएर सबैको मनलाई शान्ति दिने कोशिस गरे ।

यस्तो शौर्य बोकेका मानिस थिए तिमी हामी सबैका गुरु मदन भण्डारी !

धनकुटाको हत्याकाण्डले पनि पञ्चायतलाई बचाउन सकेन । बचाउन सक्ने कुरा पनि थिएन ।

त्यस्तै हत्याकाण्ड अरु केही जिल्लामा पनि भयो । तर त्यस्ता हत्या र दमनले उतिबेलाका युवा विद्यार्थीलाई तर्साउन सकेन । बरु उल्टो ठाउँ ठाउँमा भएका पञ्चायती हत्याकाण्डले काठमाण्डौका युवा विद्यार्थीहरुलाई ज्वालामुखीको पहाड बनाउदै गएको थियो । निहुँ मात्र चाहिएको थियो त्यसको विस्फोट हुन ।

पाकिस्तानमा सैनिक शासन थियो उतिबेला । जुल्फीकार अलि भुट्टो पाकिस्तानका जननिर्वाचित प्रधानमन्त्री थिए । सैनिक शासन पनि झुठा मुद्दा लगाएर राजनीतिक नेता कार्यकर्ताको हत्या गर्ने शासन हो । त्यहाँको सैनिक शासनले जुल्फीकार अलि भुट्टोलाई अन्यायपूर्ण तरिकाले फाँसी दिएर माऱ्यो । त्यो फाँसीको पीडा काठमाण्डौमा पनि आइपुग्यो । त्यही पीडा ज्वालामुखी बनेर विस्फोट भयो काठमाण्डौ शहरमा । त्यो विस्फोटको नेतृत्व गरेका थिए ती विद्यार्थी नेताहरुले जो तत्कालीन नेकपा (माले) का कार्यकर्ता भएर विद्यार्थी क्षेत्रमा काम गरिरहेका थिए ।

ज्वालामुखी विस्फोट हुनु के थियो त्यो छरियो नेपालभरि । काठमाण्डौसँग जुरुक्क उठे मकवानपुर, चितवन, सिराहा, कास्की, रुपन्देही जस्ता दर्जनौं जिल्लाहरु । यस्ता सबै जिल्लाहरुमा नेकपा (माले) को नेतृत्व रहेको थियो ।

आन्दोलनले राजालाई गलायो । तत्कालीन राजा वीरेन्द्रले ‘निरङ्कुश पञ्चायती व्यवस्थाको विकल्पमा सुधारिएको पञ्चायत ल्याउने कि बहुदलीय व्यवस्था ल्याउने’ भन्ने मुद्दामा जनमत सङ्ग्रह गराउने घोषणा गरे । यो घोषणाले नेपालको राजनीतिमा गम्भिर मोड ल्याइदियो ।

तर भूमिगत राजनीति गरिरहेका त्यतिबेलाका शक्तिशाली मानिने नेपाली काङ्ग्रेस, नेकपा (माले), नेकपा (मशाल) जस्ता पार्टीहरुले जनमत सङ्ग्रहबाट राजनीतिक परिवर्तन गराउन सकिने मुद्दालाई च्याप्प समातेर नेपालमा बहुदलीय व्यवस्था ल्याउने महत्वपूर्ण काम गर्न सकेनन् । नेपाली काङ्ग्रेसले, कम्युनिस्ट पार्टी र राजा मध्य एक छान्नुपर्ने अवस्थामा राजाकै पक्ष लियो । पञ्चायत एक ढिका थियो, बहुदलवादीहरु छिन्नभिन्न थिए । त्यस्तो स्थितिमा जनमत सङ्ग्रहको परिणाम बहुदलीय व्यवस्थाको पक्षमा नआउने कुरो निश्चित नै थियो । सोही भयो । बहुदल हाऱ्यो । सुधारिएको पञ्चायती व्यवस्थाले जित्यो ।

पञ्चायती व्यवस्थालाई जिताउन सरकारले हदैसम्म बर्बरता देखायो । इतिहासमा कहिल्यै नभएको बन विनाश भयो । इलाम, सङखुवासभा, धनकुटा, सिन्धुली, महोत्तरीमा दर्जनौं बहुदल पक्षधरलाई मारियो । पञ्चायत निरङ्कुश थियो ०१७ सालमा जन्मदादेखि नै । ०३७ मा सुधारिएको भनी नामाकरण गरिए पनि त्यो निरङ्कुश नै रहिरह्यो ।

तर ०३६ सालको विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रहमा पञ्चायत आतङ्क, त्रास र धम्कीलाई चिर्दै जनताले बहुदलीय व्यवस्थाको पक्षमा दिएको ४५ प्रतिशत भन्दा बढी मतले मदन भण्डारीलाई चिन्तनको एउटा नयाँ मोडमा उभ्यायो । अध्ययनशील त थिए नै उनी । त्यही अध्ययनले उनलाई नयाँ निष्कर्षमा पुऱ्याएको थियो । उनको भनाइ यस्तो थियो, ‘खालि भूमिगत सङ्गठन गरेर मात्र, गाउँ गाउँमा फुस फुस गरेर मात्र पञ्चायती व्यवस्थालाई ढाल्न सकिँदैन । यस्तो अवस्थामा नेकपा (माले) ले विद्यार्थी, महिला, मजदुर, किसान, शिक्षक, कलाकार, साहित्यकार मात्र होइन, मानव अधिकारवादीहरुलाई समेत सङ्गठित गरेर जनआन्दोलन चलाउनु पर्छ । हामीले यसरी समुदायलाई सङ्गठित गऱ्यौं भने नेपाली काङ्ग्रेस पनि आन्दोलन गर्न वाध्य हुन्छ । किनभने हामीले यस्ता सामुदायिक सङ्गठन बनाएपछि काङ्ग्रेले पनि त्यस्ता सङ्गठनहरु बनाउँछ । यस्ता सङ्गठनले बुढो काङ्ग्रेसलाई तिनकै युवाहरुले आन्दोलनको आवश्यकताको वोध गराउने छन् । त्यसपछि एउटा बृहद् मोर्चाको माध्यमबाट हामी पन्चायती निरङ्कुशतन्त्रलाई पराजित गर्न सक्छौं ।’

विद्यार्थीहरु आन्दोलनबाटै सङगठित भैसकेका

थिए। महिलाको आन्दोलनलाई सङ्गठित गर्न अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (मार्च ८), मजदुरको आन्दोलनलाई सङ्गठित गर्न अन्तर्राष्ट्रिय मई दिवस ( मई १ तारिख) मनाउने अवधारणा नेकपा (माले) ले नै नेपालमा भित्र्याएको थियो ।

विचारको क्षेत्रमा पनि मदन भण्डारी अब्बल रहे । नेपालको कम्युनिस्ट राजनीतिमा राजाको भूमिका विवादित थियो। पुराना धेरै कम्युनिस्ट पार्टीहरु नेपालमा राजाको भूमिकालाई सकारात्मक देख्थे । नेकपा (माले) भित्रै पनि राजाको भूमिका बहसमा थियो । तर दर्जनौं नागरिकको हत्या, जनमत सङ्ग्रहमा राजाको पक्षबाट भएको धाँधली, नेपाली नागरिकका सबै खाले प्रजातान्त्रिक अधिकारहरु खोस्ने काममा राजाको प्रत्यक्ष सङ्लग्नता देखिएको थियो । राजतन्त्रको यही भूमिकाको विश्लेषण गर्दै मदन भण्डारीले 'राजा नै प्रजातन्त्र र नागरिक अधिकारको सबैभन्दा ठूलो दुश्मन' भएको हुनाले राजतन्त्रका विरुद्ध आन्दोलन केन्द्रीत गर्नु पर्छ भन्ने नयाँ विचार पार्टीभित्र ल्याए। पार्टीका ठूला नेताहरु मदन भण्डारीका विचारसँग सहमत भएनन्। तर उनले लगातार छलफल, बहस गरेर 'राजतन्त्रका विरुद्ध प्रहार केन्द्रीत गरी जनआन्दोलन सन्चालन गर्ने' विचारका पक्षमा सबैलाई उभ्याउने काम गरे ।

आफू अल्पमतमा परेका बेला, चर्काचर्की बहस चलेको बेला उत्तेजित नहुने मदन भण्डारीको अनौठो स्वभाव थियो । यस्तो गुण भएका नेताहरु असाध्यै थोरै हुन्छन् । खुशी हुँदा मुसुक्क हाँस्ने अनि रिस उठेको बेला टाउको बटार्ने थुप्रै नेता नेपालमा छन्। विचारको लडाईंमा पनि, जितेको बेला मक्ख पर्ने र हारेको बेला अँध्यारो अनुहार लाउने नेता पनि नेपालमा जताततै भेटिन्छन् । तर जीतमा अनि हारमा अनुहार, अभिव्यक्ति र सोचमा कुनै फरक नपार्ने नेता मदन भण्डारी बाहेक अर्को देख्न पाएको छैन मैले ।

मदन भण्डारीको बैचारिक विकासको तिब्रता बढिरहेको थियो । यसैबीच उनी र उतिबेला भोजपुर क्याम्पसमा अध्ययन गरिरहेकी विद्या पाण्डेबीच विवाह भयो । अध्ययन अघि बढाउन र विराटनगरको पार्टी काममा सघाउ पुऱ्याउने उद्देश्यले पार्टीले विद्या पाण्डेलाई पनि मोरङ जिल्लामा पठायो । हाल श्रीमती विद्यादेवी भण्डारी गणतन्त्र नेपालको राष्ट्रपति हुनुहुन्छ । मदन भण्डारी र सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीका दुई छोरी छन् । जेठी उषाकिरण भण्डारी, अहिले नेकपा (एमाले) को भगिनी सङ्गठन नेपाल ट्रेडयुनियन महासङ्घ (Gefont) मा कृयाशिल छन् भने कान्छी निशाकुसुम भण्डारी चिकित्सा शास्त्रको स्नातकोत्तर तहमा अध्ययनरत छन् ।

**प्रजातान्त्रिक आन्दोलनका अभियन्ता**

नेपाली काङ्ग्रेस द्वीविधाग्रस्त पार्टी हो। प्रजातन्त्रको पुनर्स्थापना भने पनि प्रजातन्त्रको प्राप्ति कसरी हुन्छ भन्ने कुरामा नेपाली काङ्ग्रेसको सिद्धान्त कहिल्यै प्रष्ट भएन । राजाले लात हानेको बेला राजतन्त्र फ्याल्न सशस्त्र सङ्घर्षको नारा लगाउने अनि राजाले मुसारेको बेला पन्चायतलाई धोइ पखाली गरेर त्यसै भित्र छिर्नेसम्मको सोच नेपाली काङ्ग्रेसमा देखापरेको थियो । रिस उठेका बेला पञ्चायतका विरुद्ध सशस्त्र सङ्घर्ष गर्न बन्दुक किनिहाल्ने अनि मन खुश भएको बेला कम्युनिस्ट पार्टीको विरोध गर्दै पञ्चायती बर्गीय सङ्गठनको सदस्यता अनिवार्य नगरे राष्ट्रिय पञ्चायतको चुनावमा भाग लिने नीतिका बीचमा नेपाली काङ्ग्रेस रुमल्लिई रहेको थियो। यस्तो ढुलमुलको स्थितिमा रहेको नेपाली काङ्ग्रेसलाई प्रजातन्त्र प्राप्तिको लडाईंमा सामेल गर्ने काम साह्रै अप्ठ्यारो थियो । तर काङ्ग्रेसलाई आन्दोलनमा सामेल नगरी पञ्चायती निरङ्कुशतन्त्रको अन्त्य गर्ने लडाईलाई सफलतामा पुऱ्याउन सकिने अवस्था पनि थिएन। त्यसैले मदन भण्डारीले अर्को नयाँ विचार अगाडि सारे । नेपालका सबै कम्युनिस्ट पार्टीहरुको एउटा मोर्चा बनाउने, त्यसको नाम 'सँयुक्त वाममोर्चा' राख्ने, सँयुक्त वाममोर्चाको नेतृत्वमा नेपाली काङ्ग्रेसले पत्याउने खालका वामपन्थी नेताहरुलाई राख्ने, नेकपा (माले) पृष्ठभागमा बसेर आन्दोलनलाई अगाडि बढाउन चौतर्फी मद्दत पुऱ्याउने विचार मदन भण्डारीले अगाडि सारे। यो एउटा चातुर्यपूर्ण प्रयत्न थियो। यो विचारलाई नेकपा (माले) को विचारको रुपमा सार्वजनिक गर्ने प्रस्तावलाई नेकपा (माले) ले आयोजना गरेको नेपाल कम्युनिस्ट पार्टीको चौथो महाधिवेशनले पारित गऱ्यो। त्यही महाधिवेशनले मदन भण्डारीलाई नेपाल कम्युनिस्ट पार्टीको महासचिव चुन्यो ।

नेकपा (माले) ले सोचे जसरी नै २०४७ को आन्दोलन टुङ्गियो । यही आन्दोलनलाई प्रजातन्त्रको पुनःस्थापना भनियो । आन्दोलन पछि राजा सम्बैधानिक हुन राजी भए । आन्दोलनको सफलताको श्रेय पार्टीगत हिसाबमा सँयुक्त बाममोर्चा र नेपाली काङ्ग्रेसले पाए । आन्दोलनको योजना बनाउने र आन्दोलन सन्चालन गर्ने काममा अगुवाई गरेको पार्टी पर्दाभित्रै रह्यो । यस्तो हुनु हुँदैनथ्यो भनी आफ्ना साथीहरुले गुनासो गर्दा मदन भण्डारीले भने, 'हालको हाम्रो मुख्य काम बहुदलीय प्रजातन्त्र र सम्बैधानिक राजतन्त्रको स्थापना हो । हामीले अहिलेको गन्तब्य प्राप्त गरेका छौँ । अब नेपाली राजनीतिमा नेपाली काङग्रेसको भूमिका झन नकारात्मक हुन्छ । हामीसित एउटा स्पष्ट बाटो छ । सम्बैधानिक राजतन्त्र हाम्रो लक्ष होइन । यो त सम्झौताको एउटा टेको मात्र हो । हाम्रो राजनीतिक लक्ष भनेको राजा बिनाको प्रजातन्त्र हो । गणतन्त्र हो । काङग्रेसको यात्रा सम्बैधानिक राजतन्त्र मात्र हो । अब काङ्ग्रेसको आन्दोलन सकियो । तर हाम्रो आन्दोलनको यात्रा जारी रहने छ । त्यसैले यसपालिको आन्दोलनमा हाम्रो भूमिका देखा परेन भनेर पिरिनु हुँदैन । आन्दोलनमा हाम्रो नेतृत्वदायी भूमिका छ भन्ने जानेको भए नेपाली काङ्ग्रेस आन्दोलनमा आउन मान्ने थिएन । अब काङ्ग्रेस आए पनि नआए पनि हामी भावी आन्दोलनको नेतृत्व गर्न सफल हुन्छौं । त्यही सफलताले हाम्रो पार्टीको भूमिकालाई उच्चस्थानमा पुऱ्याउने छ ।'

आन्दोलन सकिएपछि नेकपा (माले) ले कम्युनिस्ट पार्टीहरु बीच एकताको प्रस्ताव राख्यो । साङ्गठनिक हिसाबले नेकपा (माले) र नेकपा (मार्क्सवादी) एकीकृत हुने भए । दुई पार्टी बीच भएको एकतापछि नेकपा ( एमाले) नाम गरेको नयाँ पार्टी बन्यो । यही नयाँ पार्टीको नाम र चुनाव चिन्ह सूर्य (घाम) लिएर नेकपा एमाले चुनावी प्रतिस्पर्द्धामा उत्रने भयो ।

२०४७ सालदेखि मात्रै नेपालमा राजनीतिक पार्टीहरुले खुला गतिविधि गर्न पाएका हुन् । पार्टीहरु खुला भएपछि तिनले आफ्नो प्रचार अभियानलाई तीव्र पारे । नेपाली काङ्ग्रेस र नेकपा एमालेका नेताहरु आफ्नो पार्टीका नीति र विचारहरुको प्रचार अभियानमा लागे । किनभने आवधिक निर्वाचन प्रजातन्त्रको एउटा अनिवार्य शर्त हुन्थ्यो । प्रत्येक पाँच वर्षमा सँसदको निर्वाचन हुनै पर्थ्यो । त्यो निर्वाचनमा बहुमत ल्याउने पार्टीले सरकार बनाउन पाउँथ्यो । सँसदबाट प्रधानमन्त्री निर्वाचित हुने हुनाले त्यो सँसदमा बहुमत सहित आफ्नो पार्टीको जीत सुनिश्चित होस भन्ने उद्देश्य बोकेर नेताहरु पार्टी प्रचार अभियानमा निस्किए ।

यो प्रचार अभियानमा मदन भण्डारीले सबै पार्टीका नेतालाई जिते । अरुले भाषण गर्दा १५ मिनेटमै सुन्न अल्छि मान्ने श्रोताहरु मदन भण्डारीका भाषण सुन्दा २ घण्टासम्म हलचल गर्दैनथे । गाउँ खाने कथा, उखान टुक्का र नेपालको इतिहासका सरोकार राख्ने विषयहरु समेटेर स्वरको आरोह अवरोह मिलाउँदै बोल्न सक्ने उनको वाक्शक्ति बेजोडको थियो । उनको जस्तो प्रभावशाली ढङ्गले भाषण गर्ने न उनी अगाडि कोही जन्मिएको थियो, न उनको हत्यापछि अहिलेसम्म कसैले उनलाई पछ्याउन सकेको छ ।

जनतालाई असम्भव आश्वासन बाँड्ने भाषणलाई ठूलो मानिदैन । जनतालाई अधिकार प्राप्तीको आन्दोलनमा जागरुक बनाउने भाषण नै ठूलो हुन्छ । त्यसका लागि व्यक्ति र राजनीति सम्पूर्णरुपमा जनता प्रति समर्पित हुनु पर्छ । मदन भण्डारीले भनेका पनि छन्, 'हाम्रा जनतालाई काम नलाग्ने सिद्धान्त र राजनीति हामीले बोक्नु हुँदैन । हामीले बोकेको सिद्धान्तले जनताको भलो गर्न सक्नु पर्छ । यदि त्यसले जनताको भलो गर्न सक्दैन भने हामीले त्यसलाई बोकिरहनु हुँदैन । उनको यो मान्यतालाई सिद्धान्तमा यसरी लेखिएको छ, 'जीवन सिद्धान्तका लागि हुँदैन, सिद्धान्त जीवनका लागि हुनु पर्छ' । उनले अगाडि सारेको यो सिद्धान्त दक्षिण एशियाका कम्युनिस्ट पार्टीले बोक्दै आएको परम्परावादी सोच भन्दा ठ्याक्कै उल्टो छ । तर बितेको २० वर्षको नेपाली राजनीतिको व्यवहारले यसलाई पुष्टी गरिसकेको छ । त्यसै हुनाले मदन भण्डारीको निष्कर्ष सही छ ।

०४८ सालमा प्रतिनिधि सभा (केन्द्रीय सँसद) को पहिलो चुनाव हुने भयो । सबै पार्टीका नेताहरु पनि चुनावमा उम्मेद्वार बन्ने भए । त्यतिबेला मदन भण्डारीले अर्को ठूलो पार्टी नेपाली काङ्ग्रेससँग सहकार्यको प्रस्ताव राखे । उनले भने, '१०वर्षसम्म

हामीले मिलेर काम गऱ्यौं भने नेपालको प्रजातान्त्रिक प्रणाली बलियो हुन्छ' ।

तर नेपाली काङ्ग्रेसले मदन भण्डारीको प्रस्तावलाई अस्वीकार गऱ्यो । नेकपा एमालेले १० सिट पनि ल्याउदैन, हामी १५० भन्दा बढी सिट ल्याउँछौं भन्ने काङ्ग्रेको निष्कर्ष थियो । त्यसैले नेपाली काङ्ग्रेसले, नेकपा (एमाले) ले ठूलो पार्टी हुनका लागि हाम्रो आड खोजेको हो भन्ने निष्कर्ष निकाल्यो ।

त्यतिबेलाको सँसदमा २०५ सिट थियो । चुनावमा नेपाली काङ्ग्रेस र नेकपा एमालेकै बीच मुख्य प्रतिस्पर्धा भयो । काङग्रेसले ११२ सिट ल्यायो भने एमालेले ६९ सिट ल्यायो । यो चुनावमा मदन भण्डारीले काँग्रेसका सभापति कृष्णप्रसाद भट्टराईलाई पराजित गरे । नेकपा ( एमाले) ले यति ठूलो पौरख गर्छ भनेर कुनै राजनीतिक दल र नेताले सोचेका थिएनन् । नेपाल भित्रको अवस्था त यस्तो थियो भने बाहिर कसले पो नेकपा (एमाले) लाई पत्याएको थियो होला र ! तर मदन भण्डारीको नेतृत्वमा नेकपा (एमाले) ले कसैले सोच्न समेत नसकेको परिणाम ल्यायो ।

यो निर्वाचनले मदन भण्डारीको ख्यातिलाई विश्वव्यापी बनायो । सबैतिर कम्युनिस्ट पार्टीहरुको पराजय भैरहेको, नेपालका छिमेकी मुलुकहरुमा पनि कम्युनिस्ट पार्टी खासै बलियो नभएको अवस्थामा, नेपालमा नेकपा (एमाले) प्रमुख प्रतिपक्षी पार्टीको रुपमा उपस्थित हुने कुरा अन्तर्राष्ट्रिय जगतका लागि पनि आश्चर्यजनक विषय बन्यो ।

### नेपाली कम्युनिस्ट आन्दोलनका सिद्धान्तकार

मदन भण्डारीको प्रष्ट विचार, मिठो बोली र विपक्षीका विचारलाई सुन्ने र सम्मान गर्ने स्वभावका कारण नेपाली काङ्ग्रेसका 'शिर्ष पुरुष' गणेशमान सिँह र सम्बैधानिक बनेपछिका राजा वीरेन्द्रसँग पनि राम्रो सम्बन्ध रहन पुग्यो । मदन भण्डारीको हत्यापछिको समवेदना सन्देशमा तत्कालीन राजा वीरेन्द्रले उनलाई 'सिद्धान्तनिष्ठ' व्यक्तिको रुपमा सम्मान गरेका थिए भने नेपाली काङ्ग्रेसका 'लौहपुरुष' गणेशमान सिँहले रुँदै 'प्रजातन्त्र पुनःस्थापनामा सम्पूर्ण शक्ति खन्याउने आफ्नो एउटा असल मित्रको हत्या भएको' भनी श्रद्धान्जली दिएका थिए ।

राजा र गणेशमान सिँहले समेत मदन भण्डारीलाई सिद्धान्तनिष्ठ व्यक्ति भन्नुको विशेष कारण छ । मदन भण्डारी अघिको नेपाल कम्युनिस्ट पार्टी टाउकाले टेकेर उभिएको थियो । व्यक्ति भन्दा सिद्धान्त ठूलो, व्यक्ति भन्दा पार्टी ठूलो, स्वतन्त्रता भन्दा समानता ठूलो, सर्वहारा वर्गको अधिनायकत्व, कम्युनिस्ट पार्टीको नेतृत्वमा साम्यवादी समाजको स्थापना जस्ता गलत र अवास्तविक सोचबाट ग्रस्त थियो । यथार्थमा व्यक्तिले सिद्धान्त बनाउछ, व्यक्तिले पार्टी बनाउछ, त्यसैले सिद्धान्त र पार्टी व्यक्ति भन्दा माथि हुँदैनन् । स्वतन्त्रता माथि केही हुँदैन, एउटा स्वतन्त्र समाजले नै समानता प्रत्याभूत गर्छ । साम्यवादी समाज भनेको पार्टी, राज्य, शासक, शासित, वर्ग केही नभएको विश्व समाजको परिकल्पना हो यो सत्य चिन्न र बुझ्न नेपालको कम्युनिस्ट आन्दोलनलाई झण्डै साढे चार दशक लाग्यो । र नेपाली समाजलाई कम्युनिस्ट पार्टीको वास्तविक चिनारी दिने काममा मदन भण्डारीको अगुवाई रह्यो ।

कम्युनिस्ट पार्टीलाई आफ्नो खुट्टामा उभ्याउने र नेपाली कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रिकरण गर्ने काममा सबैको अगुवाइ गरेको हुनाले मदन भण्डारीलाई नविन विचारक, नेपाली कम्युनिस्ट आन्दोलनका सिद्धान्तकार भनिएको हो ।

### विश्व सन्दर्भमा मदन भण्डारी

नेपालमा कम्युनिस्ट पार्टीको उपस्थितिले सँसारभरिका कम्युनिस्टहरुलाई खुशीको समाचार पठाएको थियो भने कम्युनिस्ट विरोधीहरुका लागि चिन्ताको अवस्था सिर्जना गरेको थियो । नेपाल भित्र नेपाली काङ्ग्रेसले अनुमान गरे जस्तै मुलुक बाहिरका कम्युनिस्ट र कम्युनिस्ट विरोधी दुबैले नेपालको कम्युनिस्ट पार्टी यति धेरै बलियो होला भनेर सोचेका थिएनन् । नेपालको कम्युनिस्ट आन्दोलनलाई नयाँ उचाईमा ल्याउने मान्छे, नेकपा एमालेका युवा महासचिव मदनकुमार भण्डारी हुन् भन्ने जानकारी पाएपछि विश्वभरिका पत्रकारहरु उनीसँग भेटन र अन्तरवार्ता लिन नेपाल आए । धेरैले उनको बारेमा समाचार छापे । ती मध्य सबैभन्दा प्रभावकारी

अन्तरवार्ता छापिएको थियो अमेरिकाबाट निस्कने न्युजविक नाम गरेको साप्ताहिक पत्रिकामा। अन्तरवार्ताको शिर्षक राखेको थियो त्यो पत्रिकाले - **नेपालमा कार्लमार्क्स जीवित छन्।**

पत्रपत्रिकामा आउने मात्र होइन, त्यसपछि मदन भण्डारीलाई विभिन्न मुलुकबाट भ्रमण र भेटघाटको निम्तो पनि आउन थाल्यो। तर मदन भण्डारी हतारिँदै कतै दौडिएनन्। एकपल्ट उनी गए, भारतको कलकत्तामा। त्यतिबेला भारतको पश्चिम बङ्गाल राज्यमा मार्क्सवादी कम्युनिस्ट पार्टीको शासन थियो। मार्क्सवादी कम्युनिस्ट पार्टीले त्यहाँ 'समकालीन विश्वमा मार्क्सवाद' भन्ने विषयमा एउटा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो। त्यो अन्तर्राष्ट्रिय सम्मेलनमा मदन भण्डारीले राखेका विचारलाई नौलो मानियो। खासगरेर प्रजातान्त्रिक पद्धति र मानव अधिकारको रक्षालाई मदन भण्डारीले विशेष जोड दिएका थिए। जनहीतका लागि राजनीतिक दलले काम गर्नु पर्ने, युवाहरुलाई काम र वृद्धहरुलाई सुरक्षा, दलीत, अपहेलित समुदायलाई विशेष सुविधाको व्यवस्था, गाउँ विकास समिति र नगरपालिका जस्ता स्थानीय निर्वाचित निकायलाई सम्पूर्ण शासकीय अधिकार दिनुपर्ने जस्ता विषयहरु उठाउँदै उनले नेपाली काङ्ग्रेस जस्ता दलाल पुँजीपति वर्गका पार्टीसँग चुनावी प्रतिस्पर्धा गरेरै कम्युनिस्टहरुले शासन चलाउनु पर्छ भन्ने मान्यता प्रस्तुत गरेका थिए। उनका नयाँ मान्यताहरु बहसका विषय बने।

कलकत्ताबाट फर्किएपछि मदन भण्डारी चीन गए।

चीनबाट फर्किएपछि मदन भण्डारीले मुलुक भित्रको कामलाई प्राथमिकता दिए। नयाँ विचार लिएर उदाएको पार्टीको विचारलाई कार्यकर्ता र देशवासीका बीचमा पुऱ्याउनु पर्ने थियो। 'जनतालाई काम नलाग्ने विचार राजनीतिक दलहरुले बोक्नु हुँदैन' भन्ने निष्कर्षमा पुगेका मदन भण्डारीले नेकपा (एमाले) ले ल्याएका नयाँ विचारलाई पार्टीको राष्ट्रिय महाधिवेशनबाट अनुमोदित गराउनु पर्छ भनी नेपाल कम्युनिस्ट पार्टीको पाचौँ महाधिवेशनको आयोजना गरे। महाधिवेशनमा प्रस्तुत गर्ने दस्तावेजलाई पहिले पार्टीबाट पारित गराउने कम्युनिस्ट पार्टीको नियम अनुसार मदन भण्डारीले पहिले स्थायी कमिटीमा आफ्नो 'जनताको बहुदलीय जनवाद' शिर्षकको मस्यौदा प्रस्तुत गरे। स्थायी कमिटीले महासचिव मदन भण्डारीको मस्यौदालाई अस्वीकार गऱ्यो। तर स्थायी कमिटी भन्दा माथिल्लो र अधिकार सम्पन्न कमिटी भनेको केन्द्रीय कमिटी हुन्छ कम्युनिस्ट पार्टीमा। स्थायी कमिटीलाई केन्द्रीय कमिटीको राजनैतिक सचिवालय भन्दा हुन्छ।

स्थायी कमिटीमा अस्वीकृत भएको दस्तावेजलाई केन्द्रीय कमिटीले के पारित गर्ला र भन्ने लागेको थियो सबैलाई। तर नेकपा एमालेको केन्द्रीय कमिटीको ठूलो बहुमतले जनताको बहुदलीय जनवादलाई पार्टीको तर्फबाट राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने दस्तावेजका रुपमा स्वीकार गऱ्यो। २०४९ को माघ महिनामा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको पाचौँ महाधिवेशनले जनताको बहुदलीय जनवादलाई 'नेपाली क्रान्तिको मौलिक कार्यक्रम' र मदन भण्डारीलाई नेपाली राजनीतिक आन्दोलनमा 'नविन विचारक' का रुपमा स्वीकार गऱ्यो।

नेपालमा कम्युनिस्ट पार्टीको प्रभाव र प्रतिष्ठा बढ्दै गएको र यो वृद्धिको कारण मदन भण्डारीले अगाडि सारेका विचारहरु हुन् भन्ने थाहा पाएका नेपाली जनताका बैरीहरुले २०५० सालको जेठ ३ गते मदन भण्डारीको षडयन्त्रमूलक हत्या गरे।

मान्छे मारेर विचार मर्दैन। मुगलिन-नारायणगढ राजमार्गको दासढुङ्गा भन्ने स्थानमा मदन भण्डारी र जीवराज आश्रितको हत्या भएको थियो। उहाँहरुको वधस्थलमा अहिले शालिक स्थापना गरिएको छ। त्यस्तो शालिक जसले मदनआश्रितको हत्यालाई चिच्याई चिच्याई सबैलाई सतर्क हुन र मदन भण्डारीका विचारहरुको पक्षमा उभिन आह्वान गरिरहेको छ। हुन पनि मदन भण्डारीको हत्याले सिङ्गो सँसारलाई झस्काएको थियो। अन्तर्राष्ट्रिरुपमै बहुआयामिक र योग्य कम्युनिस्ट नेताहरुको हत्याको श्रृङ्खला आरम्भ भएको समय थियो त्यो। भरखरै रङ्गभेदी शासनबाट मुक्त भएको दक्षिण अफ्रिकामा प्रभावशाली दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीका युवा महासचिव क्रिस हानीको हत्या पनि त्यतिबेलै गरिएको थियो।

नेपालमा हत्या गरिएका मदन भण्डारीका बारेमा भारतीय कम्युनिस्ट पार्टी (माले) का महासचिव विनोद मिश्रको मूल्याङ्कनमा पनि यो सच्चाइको उद्घोष

भएको छ, 'केही वर्ष पहिले जब नेपाल एउटा महान ऐतिहासिक सङ्क्रमणबाट गुज्रिरहेको थियो, त्यतिबेला कम्युनिस्ट आन्दोलनले यस्तो सिद्धान्तकार खोजिरहेको थियो जो मार्क्सवादको सार्वभौम सच्चाइलाई नेपालको ठोस स्थितिमा मिलाउन सकोस। नेपालको जनवादी आन्दोलनले एउटा यस्तो नेता खोजिरहेको थियो जो सुसङ्गत जनवादको झण्डालाई निर्भिकतापूर्वक फहराउन सकोस् र नेपाल एउटा यस्तो राष्ट्रिय व्यक्तित्व खोजीरहेको थियो, जो साहसपूर्वक नेपालको राष्ट्रिय हित र आकाङ्क्षाको पक्षपोषण गर्न सकोस्। कमरेड मदन भण्डारीले यी तीनवटै आवश्यकतालाई एकैचोटी पुरा गर्नुभएको थियो।'

मदन भण्डारीलाई मारेर मदन भण्डारीले ल्याएको विचार मरेन। त्यो झन झन प्रभावशाली हुँदै गयो। मदन भण्डारीको हत्यापछि भएको प्रतिनिधि सभाको निर्वाचनमा नेकपा (एमाले) सबैभन्दा ठूलो पार्टी भयो। त्यसले ०५१ सालको मङ्सिरमा नेपालमा पहिलो निर्वाचित कम्यनिस्ट पार्टीको सरकार बनायो। जनताको बहुदलीय जनवादी कार्यक्रमको प्रकाशमा त्यसले धेरै महत्वपूर्ण कामहरु गर्न थाल्यो। जनताका लागि जनताबाट निर्वाचित जनताको सरकार भनेर परिचय दिने सरकार पनि त्यही भएको छ अहिलेसम्मको नेपाली राजनीतिको इतिहासमा।


त्यसै समयमा हिमाल नाम गरेको सँस्थाले नेपाली राजनीतिका नेताहरुको लोकप्रियताको राष्ट्रिय सर्वेक्षण प्रस्तुत गर्‍यो। सबैभन्दा लोकप्रिय नेता स्वर्गीय मदन भण्डारी नै भए। उनले नेपाली काङ्ग्रेसका सभापति विश्वेश्वर प्रसाद कोइरालालाई पराजित गरेका थिए।

मदन भण्डारी हुने त कल्पना नगर्दै राम्रा हुन्छ। उनी जस्तो हुन पनि सजिलो छैन। तर मन लगाएर काम गर्ने हो भने मदन भण्डारीको अनुयायी हुन गाह्रो पनि छैन। म नेपाल र नेपालीका लागि बाँचेको हुँ, तिनकै सेवामा समर्पित भएको छु भन्ने भावना भएको जो कोही पनि मदन भण्डारीको अनुयायी हुन सक्छ।

*(प्रस्तुत सामग्री लेखकले उच्च माध्यमिक विद्यालय तहसम्मका विद्यार्थीहरुलाई लक्षित गरी तयार पार्नुभएको हो-सम्पादक)*

■

# स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुले गर्नुपर्ने कार्यहरु



✍ डा. युवराज खतिवडा*

**१.पृष्ठभूमि :**

स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भई गाउँ र नगर प्रमुख, उपप्रमुख, वडाअध्यक्ष तथा सदस्यहरुले पदभार ग्रहण गरिसकेको अवस्था छ । तर स्थानीय सरकारको कानून बनिनसकेको र कतिपय कानून निर्माणमा भूमिका निर्वाह गर्ने प्रदेश सरकारको उपस्थिति भईनसकेको अवस्थामा जनप्रतिनिधिहरुमा एकातिर आफ्नो जिम्मेवारी कसरी अघि बढाउने भन्ने अन्योल छ भने अर्कातिर जनतासामू आफूले निर्वाचनका समयमा जनाएका प्रतिवद्धता तत्काल पूरा गर्दै जानुपर्ने दबाव पनि छ । तथापि प्रचलित कानूनको दायरामा रही नवनिर्वाचित पदाधिकारीहरुले तत्काल केही कार्य शुरु गरिहाल्नु पर्नेछ भने केही आफ्नो कार्यकालभरिमा गर्नुपर्ने कार्यको थालनी पनि गर्नुपर्ने देखिन्छ । खासगरी स्थानीय सरकारले आर्थिक वर्ष २०७४/७५ को बजेट तथा वार्षिक कार्यक्रम तयार गरिहाल्नु पर्नेछ भने आफ्नो क्षेत्रका पुराना एवं निर्माणाधीन आयोजना र कार्यक्रमहरु आफ्नो स्वामित्वमा ल्याएर संचालन गर्नुपर्ने पनि छ । जनप्रतिनिधिहरुले तत्काल, मध्यकाल र दीर्घकालमा गर्नुपर्ने केही प्रमुख कार्यहरुबारे संक्षिप्त चर्चा गरिएको छ ।

**२. स्थानीय चुनावको घोषणापत्र मार्फत व्यक्त प्रतिवद्धताहरुको कार्यान्वयन:**

निर्वाचित जनप्रतिनिधिहरुले तत्काल गर्नुपर्ने कार्यहरुमध्ये चुनावी घोषणापत्रमा उल्लेख गरिएका र छोटो अवधिमा गर्न सकिने कामहरु पर्दछन् । नेकपा (एमाले) को केन्द्रीय स्तरवाट जारी गरिएको चुनावी घोषणापत्रमा स्थानीय सरकार मार्फत समेत सबैप्रकारका विभेदको अन्त्य, दिगो शान्ति, समानतामा आधारित समृद्धि, बहुसंख्यक उत्पादकशक्तिको नेतृत्वमा संचालित राज्य शक्ति र उच्च स्तरिय संस्कृतियुक्त सामाजिक व्यवस्था अर्थात् समाजवाद निर्माण गर्ने प्रतिवद्धता जारी गरिएको छ । नेपालको संविधानले 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार र कानूनी राज्य लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध' रही समृद्ध राष्ट्र निर्माण गर्न मार्गदर्शन गरेकोमा यो कार्यभार पुरा गर्न केन्द्र सरकारको भूमिका बढी देखिएता पनि स्थानीय सरकारकै तहबाट यसको अभ्यास शुरु हुनु जरुरी छ ।

न्यायोचित वितरणसहितको आर्थिक विकास र

---

* पूर्व गभर्नर, नेपाल राष्ट्र बैंक

सामाजिक न्यायसहितको समाजवाद उन्मूख समृद्धि नेकपा (एमाले) को विकास सम्बन्धी सिद्धान्तको सार हो। स्थानीय सरकार संचालनमा पनि यही अवधारणा अघि बढाइनु पर्दछ। जमीन, जल, जंगल, जन (श्रम) शक्ति र लोकतान्त्रिक विधिवाट निर्वाचित 'जनप्रतिनिधि'मार्फत तिनको परिचालन हुने ५ 'ज' को अवधारणा अनुरुप स्थानीय प्राकृतिक साधनस्रोत र मानवीय स्रोतको अधिकतम उपयोग गरी जनप्रतिनिधिहरुले आफ्ना क्षेत्रका सम्पूर्ण आर्थिक सामाजिक विकासका संभावनाहरु अघि सार्नु पर्नेछ। सबल र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास नगरी राष्ट्रियताको रक्षा र सुदृढीकरण गर्न नसकिने हुँदा जगैबाट सवल, स्वाधिन र आत्मनिर्भर अर्थतन्त्र निर्माणको शुरुवात गर्नुपर्ने हुन्छ। त्यसैले नेकपा ( एमाले) ले स्थानीय तहको सरकारको नेतृत्व गर्ने मौका पाउँदा स्थानीय तहबाटै छोटो समयभित्रै परनिर्भरताको अन्त्य गर्ने स्पष्ट योजनाकासाथ अगाडि बढ्दै स्वाधीन र आधारभूत क्षेत्रमा आत्मनिर्भर भएको अर्थतन्त्र निर्माणमा लाग्नु पर्नेछ।

स्थानीय सरकारहरु बिच विकास र सुशासनका सन्दर्भमा प्रतिष्पर्धा हुन सक्छ र हुनु पनि पर्दछ। आफ्नो क्षेत्रमा गरिबी, वेरोजगारी, बन्चितीकरण, पछौटेपन, असुरक्षा, हिंसा, अराजकता र दण्डहिनताको अन्त्य गर्दै स्थानीय सरकारले छोटो समयभित्रै तीव्र आर्थिक बृद्धि हासिल हुनेगरी व्यापकरुपमा साधन र श्रोत परिचालन गर्नुपर्नेछ। समाजवाद उन्मुख सामाजिक-आर्थिक रुपान्तरणबाट जनतालाई छिटो समृद्ध तुल्याउने कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा संविधान प्रदत्त शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाद्य, पिउने पानी, खेलकूद, मनोरन्जन र स्वच्छ वातावरणलगायत मौलिक अधिकारहरुको व्यावहारिक रुपमा स्थानीय तहबाटै प्रत्याभूत गर्नु पर्नेछ।

नवनिर्वाचित जनप्रतिनिधिहरुले स्थानीय तहमा भूमिको उपयोगको स्पष्ट नीति ल्याएर कृषि भूमिको संरक्षण गर्दै कृषिको आधुनिकीकरण, व्यवसायीकरण र औद्योगीकरण गर्ने, जलस्रोतको बहुआयामिक उपयोगद्वारा स्वच्छ पिउने पानी, उर्जा, सिँचाई, बाढी नियन्त्रण र पर्यावरण प्रवर्द्धनमा फड्को मार्ने गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने, आन्तरिक र संभव भएसम्म वाह्य पर्यटन क्षेत्रको विकास गर्न पूर्वाधारमा लगानी गर्ने, माध्यमिक शिक्षा, तालिम, सीप विकास र व्यवसायिक क्षमता अभिबृद्धिका माध्यमबाट मानव संशाधनको अधिकतम विकास, कृषि, पशुपंक्षि तथा माछा, वनजंगल तथा जडिबुटी उत्पादनको व्यावसायीकरण, जैविक ऊर्जा, औद्योगीकरण र पूर्वाधार निर्माण, पुनःर्निर्माण, साना मझौला व्यवसायहरुको प्रवर्द्धन, सहकारी संस्थाहरुको विस्तार र सुदृढीकरणका माध्यमबाट व्यापक रोजगारी र स्वरोजगारीका अवसरहरु सृजना गर्नुपर्नेछ।

समाजिक सेवातर्फ जेष्ठ नागरिक भत्ता, एकल महिला, सिमान्तिकृत समुदाय एवं अपांगता भत्ता, वालसंरक्षण अनुदान आदि सहज ढंगले वितरण गर्ने, राज्य प्रदत्त अनुदानमा संचालित कृषि तथा पशुपालन, वाली तथा पशु बीमा, पोषण, निःशुल्क शिक्षा, स्वास्थ्योपचार सेवा, स्वास्थ्य वीमा, नवीकरणीय ऊर्जालगायतका कार्यक्रममा स्थानीय जनताको सहभागिता बढाउने, त्यसमा अनियमितता र ढिलासुस्ति हुन नदिने, नियमित प्रकारका सामाजिक सुरक्षा वढाउने तर्फ प्रतिस्पर्धा गर्नु भन्दा नविनतम र वित्तीय रुपमा धान्न सकिने प्रकारका सेवामा ध्यान दिने, सबै वडा र टोलहरुमा बालगृह, जेष्ठ नागरिक आश्रम, तालिम केन्द्र, खेलकूद मैदान आदिको समुचित व्यवस्था गर्नु पर्नेछ।

### ३. दिगो विकास लक्ष्यको कार्यान्वयनमा स्थानीय सरकारको भूमिका :

विगतका विकास प्रयासवाट केही महत्वपूर्ण उपलब्धीहरु हासिल भए पनि झण्डै एक चौथाई नेपालीहरु अझै गरीवीको रेखामूनि रहेका छन् भने जातिय, वर्गीय, क्षेत्रीय, लैङ्गिक आधारमा विकासका प्रतिफलहरु समान रहन सकेनन्। विकाससँगै असमानता बढ्दै गएको छ भने वातावरण विनास र जलवायु परिवर्तनले दिगो विकासलाई चुनौति दिन थालेको छ। शिक्षा, स्वास्थ्यजस्ता सामाजिक क्षेत्रमा केही प्रगति भए पनि पर्याप्त पूर्वाधारको अभावमा यी क्षेत्रमा गरिएको लगानीबाट यथेष्ठ लाभ लिन सकिएको छैन। आर्थिक संकट, द्वन्द्व, प्रकोप, असमानता, जलवायु परिवर्तन, शासकीय समस्या, अव्यवस्थित शहरीकरण, धान्नै नसकिने उपभोग र उत्पादन शैली एवम् रोजगारी

बिहिन आर्थिक वृद्धिले विकासका समस्याहरुलाई अझ फराकिलो र गहिरो ढंगले सम्वोधन गर्नुपर्ने भएको छ। त्यसमाथि लोकतान्त्रीकरणको प्रक्रिया अघि बढेसँगै मानव अधिकारको प्रत्याभूति र अधिकारमा आधारित विकास पद्धतिको विकास पनि गर्दै जानुपर्ने भएको छ। विश्वव्यापिरुपमा यी समस्याले सबैलाई थोरबहुत गाँजेकै छन्। त्यसैले यस्ता समस्याहरुलाई एउटै डालोमा हालेर संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुले दिगो विकास 'एजेण्डा २०३०' लाई २०१५ पछि देखि २०३० सम्मका लागि साझा विकासको एजेण्डाको रुपमा अघि वढाएका हुन्। १७ वटा लक्ष्य र १६९ वटा गन्तव्य राखिएको यो विकास एजेण्डा सन् २०१६ देखि हामी सबैको विकासको साझा एजेण्डाको रुपमा कार्यान्वयनमा आउन थालेको छ। नेपाल पनि दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिवद्ध मुलुकको रुपमा हस्ताक्षरकर्ता भएकाले अब 'एजेण्डा २०३०' हाम्रो पनि विकासको १५ वर्षे एजेण्डा भएको छ। यसको कार्यान्वयन संघ, प्रदेश र स्थानीय तहबाट समेत हुनुपर्ने भएको छ।

दिगो विकास लक्ष्यहरुले गरीबी, कुपोषण, अशिक्षा, निरक्षरता, आधारभूत शिक्षा, स्वास्थ्य र खानेपानी सुविधाबाट वञ्चिति, लैङ्गिक असमानता आदिको अन्त्य गर्ने ध्येय राखेका छन्। त्यस्तै समावेशी आर्थिक बृद्धि, मर्यादित रोजगारी, आधारभूत पूर्वाधारको विकास, व्यवस्थित शहरी विकास र अन्वेषणमा आधारित औद्योगिकीकरण, राष्ट्र-राष्ट्र विचको र मुलुक भित्र परिवार-परिवार विचको असमानता घटाउने, धान्नै नसकिने उपभोग र उत्पादन प्रणालीलाई रुपान्तरण गरी दिगो बनाउनेजस्ता विषयहरु पनि यसभित्र समेटिएका छन्। जलवायु परिवर्तनका असरहरुलाई न्युनीकरण गर्दै अनुकूलनको क्षमता बढाउने, समुन्द्री जीवनलाई दिगो रुपमा संचालन हुनेगरी व्यवस्था गर्ने, वन, जमीन, पर्यावरण, जैविक विविधताको संरक्षण र प्रर्वद्धन गर्ने ध्येय पनि यसमा समावेश छन्। न्यायमा पहुँच, सुशासन, मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धन र शान्तिपूर्ण एवम् समावेशी समाज निर्माण गर्ने गन्तव्यहरु समेत दिगो विकास लक्ष्य अन्तर्गत समेटिएका छन्।

दिगो विकास लक्ष्य अधिकार, समानता, सामाजिक न्याय, साँस्कृतिक उत्थान, वातावरणीय संतुलनसहित सवैको समृद्धि खोज्ने मार्ग हो। यसले विकासको आधार असमानता हुनै सक्दैन, वरु असमानता दिगो विकासको अवरोधक हो भन्ने कुरालाई आत्मसात गरेको छ। त्यस्तै विकास भनेको आर्थिक बृद्धि मात्र होइन, विकास सम्पूर्ण भूमण्डल, मानव र तिनीहरुको समृद्धिका लागि हो, न कि सीमित व्यक्ति वा देशको भन्ने सिद्धान्त पनि यसले अंगिकार गरेको छ। त्यस्तै विकासमा "कोही पनि नछुटुन्" वा "कोही पनि पछि नपरुन" भन्ने ध्येय राखेको यो दिगो विकास लक्ष्यको कार्यान्वयन केन्द्रिय सरकारले मात्र गर्न सक्ने छैन। यसमा स्थानीय सरकारको भूमिका अझ प्रवल हुन्छ भने स्थानीय तहमा निजी, सहकारी र सामुदायिक गरि यी सबै साझेदारहरुको भूमिकालाई समन्वयात्मकढंगले अघि वढाउने कार्य पनि स्थानीय सरकारकै हुन्छ।

स्थानीय सरकारले दिगो विकास लक्ष्य प्राप्तिका लागि निजी क्षेत्रको भूमिकालाई पनि वढावा दिनुपर्ने हुन्छ। निजी क्षेत्रले वातावरण र समाजमैत्री आर्थिक बृद्धि, न्यायोचित श्रम सम्वन्ध, मर्यादित कामको अवसर सिर्जना, कृषिको व्यावसायिक विकास, उच्च शिक्षा र सीप विकास, विशेषिकृत स्वास्थ्य सेवा, सफाई, शहरी पूर्वाधार, ऊर्जा उत्पादन, अन्वेषण र औद्योगीकरण, शहरीकरण र व्यवस्थित वसोवास, वातावरण संरक्षण, सुशासन, लगानी र व्यापार प्रवर्द्धन मार्फत दिगो विकासका लक्ष्यहरु हासिल गर्न राज्यको परिपूरक रुपमा काम गर्दछ। त्यस्तै दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी क्षेत्रको भूमिका पनि उल्लेख्य रहन्छ। त्यसैले स्थानीय सरकारले कृषि, शिक्षा, स्वास्थ्य, लैगिंक समानता, सफाई, ऊर्जा, दिगो उपभोग र उत्पादन प्रणाली, वातावरण अनुकूलन र सुशासन आदिमा सहकारीको भूमिकालाई प्रोत्साहित गर्नु जरुरी छ। तत्काल वार्षिक कार्यक्रम तय गर्दा दिगो विकासको अवधारणालाई आत्मसात गर्ने, दिगो विकास लक्ष्यमा स्थानीय तहको भूमिका र अन्य सरोकारवालाको सहभागितासमेतको आवधिक र दीर्घकालिन (१५वर्षे) रणनीति तयार गर्ने र यो रणनीति कार्यान्वयन, अनुगमन र मूल्यांकनमा सबै सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने कार्यहरु स्थानीय सरकारका कार्यभार पर्दछन्। दिगो विकास सम्वन्धि नेपालको लक्ष्य

र कार्ययोजनाको सम्पूर्ण जानकारी राष्ट्रिय योजना आयोगको वेभसाइट मार्फत प्राप्त गर्न सकिनेछ ।

## ४. जनप्रतिनिधिहरुले तत्काल गर्नुपर्ने कार्यहरु

नेपालको संविधानले स्थानीय तहलाई पूर्ण अधिकार प्रदान गरेका क्षेत्रहरु मध्ये कुनकुन कानून, नियम, कार्यविधि वा निर्देशिका बनाएर कार्यान्वयन गर्ने हो वा गर्नुपर्ने हो, त्यसको मूल्यांकनका लागि कानून विज्ञ तथा स्थानीय सरकारका काम कार्वाहीवारे जानकारी राख्ने व्यक्तिहरुसँग तत्काल छलफल चलाउने र आवश्यक परे विज्ञहरुको सहयोग लिनुपर्ने देखिन्छ ।

कानून तथा नियम तर्जूमा गर्दा संविधानको अनुसूची ८ सँग सम्वन्धित विषयमा संविधानसँग नबाझिने गरी र अनुसूची ९ सँग सम्वन्धित विषयमा संघ र प्रदेशको कानूनसँग नबाझिने गरी तर्जूमा गर्नुपर्ने छ । प्रदेशसभा नभएको अवस्थामा संघवाट नै प्रदेश कानून बन्ने व्यवस्था रहेकोमा संघले पनि छिटो कानून निर्माण गरिदिनु पर्दछ । यद्यपि स्थानीय तहको शासन संचालन सम्वन्धि ऐन कानूनहरु बनिनसकेको अवस्थामा तत्कालिक रुपमा प्रचलित ऐन, नियम, कार्यविधि नेपाल सरकारका परिपत्रहरु आदि लगायतका आधारमा स्थानीय तह सच्चालनमा ल्याउन सकिने कुरालाई पनि मनन गर्नु पर्दछ ।

गाउँ कार्यपालिका र नगर कार्यपालिकाले तयार पार्नु पर्ने कार्य विभाजन नियमावली र कार्य संपादन नियमावलीको नमूना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त गर्न सकिन्छ भने बेलाबेलामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त हुने निर्देशनहरु पनि ख्याल राख्नु जरुरी छ । खासगरी नेपाल सरकारबाट तयार गरिएको **संविधानको अनुसूचीको संघ, प्रदेश र स्थानीय तहका अधिकारहरुको कार्य विस्तृतिकरण**लाई अनुशरण गरी कार्य संपादन गर्नु जरुरी छ । संघीय संसदको निर्वाचन भई त्यसको पहिलो अधिवेशन वसेको मितिले एक वर्षभित्र प्रचलित कानूनहरु नै कायम रहने भएकाले तत्काललाई स्थानीय स्वायत्त शासन ऐनको व्यवस्था अन्तर्गत रहेर काम गर्न सकिने कुरा स्मरणीय छ ।

संविधान अनुरुप गाउँपालिका तथा नगरपालिका अन्तर्गत परेका कार्यालय, कार्यक्रम र कर्मचारीहरु यथाशीघ्र बुझबुझारथ गरि लिने र आफू मातहत परिचालन गर्नु जरुरी छ । थप आवश्यक कर्मचारीहरु खटाई पठाउनका लागि नेपाल सरकारसँग ताकेता गर्नु पनि जरुरी छ । स्थानीय सरकार संचालन गर्न बहुकार्य गर्नसक्ने कर्मचारी चाहिने भएकाले बहुसिपयुक्त कर्मचारी भर्ना गर्ने रणनीति लिनु उपयुक्त देखिन्छ ।

आफ्नो गाउँ वा नगरपालिकाभित्र संचालित विकास आयोजनाहरुको विवरण लिई चालू आर्थिक वर्षभित्र सम्पन्न गर्न सकिने आयोजनाका हकमा समयमै सो सम्पन्न गर्न आवश्यक साधनस्रोतको व्यवस्था गर्ने र केन्द्रिय बजेट र जिल्ला विकास समितिको बजेटबाट संचालित यस्ता आयोजनाका हकमा थप स्रोतका लागि तत्काल माग गर्ने एवं वजेट फ्रिज हुन नदिने व्यवस्था गर्नु जरुरी छ । वार्षिक राजस्व र व्ययको विवरण, स्थानीय सञ्चित कोषको स्थापना, महालेखा परीक्षकको कार्यालयबाट जारी हुने लेखाढाँचा अनुसारको लेखा व्यवस्था, आन्तरिक लेखा परिक्षणको व्यवस्था र आर्थिक कारोवारको लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयवाट नै गराउने व्यवस्था गर्नु जरुरी छ ।

स्थानीय सरकारका लागि आगामी आर्थिक वर्षको विकास कार्यक्रम र बजेटको तयारीका लागि काम शुरु गरिहाल्ने अवस्था छ । यसका लागि (क) आफ्नो क्षेत्रमा कर राजस्वका आधारहरु के के छन्, (ख) केन्द्रीय वा संघीय सरकारबाट प्राप्त हुनसक्ने सबैप्रकारको अनुदान कति हुन सक्ला, (ग) प्राकृतिक साधनस्रोत परिचालनवाट कति राजस्व परिचालन गर्न सकिएला, (घ) एक वर्ष भित्रमा नगरि नहुने विकासका लागि कति रकम चाहिएला, (ङ) आफ्नो सरकार संचालन खर्च कति होला, (च) जनसहभागिता र निजी क्षेत्रसँगको सहकार्यमा के कस्ता आयोजनाहरु संचालन गर्न सकिएला, (छ) विगतको विकासकार्यको अनुभवका आधारमा के गर्नु पर्ने, के गर्नु नहुने हो जस्ता विषयमा स्थानीय तहका सरकारी अधिकारीहरु, गैर सरकारी संस्था तथा सहकारी क्षेत्रका प्रतिनिधिहरु, उपभोक्ता समितिका प्रतिनिधिहरु, समाजका अगुवाहरु, निजी क्षेत्रका प्रतिनिधिहरुसँग तत्काल छलफल र अन्तरक्रिया गरि निर्णयमा पुग्नु पर्दछ । साविकको स्थानीय स्वायत्त

शासन ऐनले नदिएको कर लगाउने अधिकार स्थानीय तहको सरकारलाई हाल प्राप्त नभएको कुरालाई ध्यानमा राखि कर प्रस्ताव तय गर्नुपर्ने हुन्छ ।

आफ्नो क्षेत्रमा वा विगतको स्थानीय निकायको तहमा सञ्चालनमा रहेका आयोजनाहरुको कार्यान्वयन अनुगमन गर्ने समिति गठन गर्ने र तिनीहरुको निरन्तरता, सुधार वा खारजी के गर्नुपर्ने हो, आगामी वर्षको बजेट तर्जूमा गर्दा त्यसलाई ध्यानमा राख्ने गरि त्यो समितिलाई परिचालन गरिहाल्ने, उपभोक्ता समिति तथा ठेक्कापट्टाबाट गरिएका कामहरु पारदर्शी गराउने, आयोजनाहरुको जाँचपाँस तथा फरफारक गर्ने, जनलेखा परिक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, नागरिक वडापत्रलाई व्यवस्थित तुल्याउने, वडा तहबाटै जनतालाई अधिकतम सरकारी सेवा सुविधा दिने व्यवस्था मिलाउने, सेवा दिने भन्दा फरक व्यक्ति गुनासो सुन्ने अधिकारी हुने व्यवस्था मिलाउन तथा वडा सेवा केन्द्रलाई थप प्रभावकारी बनाई आफ्नो तहको सरकारी सेवालाई विकेन्द्रिकृत गर्ने कार्य पनि अघि बढाउनु पर्दछ ।

सरकारका कामकार्वाही संचालन गर्दा सुशासन तथा पारदर्शितामा ध्यान दिने, प्रचलित ऐन नियम र कानून विपरित कुनै पनि प्रकारको अनुचित प्रभाव वा दवावमा काम नगर्ने, वित्तीय अनुशाननमा ध्यान दिने, पूँजीगत वजेटलाई चालू प्रकृतिका योजनामा खर्च नगर्ने, जथाभावी आर्थिक सहायता, चन्दा, पुरस्कार वितरण आदि नगर्ने, सांगठनिक आवश्यकता आँकलन विना स्थायी र अस्थायी समेत कर्मचारीको नियुक्ति नगर्ने, अति आवश्यक क्षेत्रमा सेवा करारमा लिने कार्य पनि अघि वढाउनु पर्दछ । आफ्नो सरकारको साधनस्रोत र क्षमताको पूर्ण आँकलन नगरि दीर्घकालीन आर्थिक बोझ पर्ने र सरकारले धान्न कठिन हुने सामाजिक सुरक्षा लगायतका कार्यक्रम लागू गर्न हतार नगर्ने, वरु सामाजिक सुरक्षाको दायरामा ल्याउनु पर्ने व्यक्ति, समुदाय वा क्षेत्र र त्यसका लागि गर्नुपर्ने कार्य र आर्थिक दायित्वबारे अध्ययन शुरु गर्नु जरुरी छ ।

स्थानीय सरकारको कार्यलाई तत्काल प्रविधिमैत्री तुल्याउने, कार्यालयहरुमा इन्टरनेटको प्रवन्ध गरि स्थानीय सरकारका सरोकारका दस्तावेजहरु सबै निर्वाचित पदाधिकारीहरुले हेर्न पढ्न पाउने व्यवस्था गर्नुपर्नेछ । यी दस्तावेजहरुमा नेपालको संविधान, स्थानीय विकास मन्त्रालयबाट स्थानीय तहको शासन संचालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३, स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९, चौधौं योजना, बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभूत मार्गदर्शन, २०७२, स्थानीय निकाय लैंगिक बजेट परीक्षण निर्देशिका, २०६४, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७०, व्यक्तिगत घटना ( दर्ता गर्ने) ऐन, नियमावली, नागरिक बडापत्र र निर्देशन तथा परिपत्रहरुको संग्रह २०७०, स्थानीय निकाय सार्वजनिक परिक्षण कार्यविधि, २०६७, आदि महत्वपूर्ण छन् । यी दस्तावेजहरु स्थानीय विकास मन्त्रालयको वेवसाईटमा समेत उपलव्ध छन् ।

## ५.आगामी पाँच वर्षका लागि शुरु गर्नुपर्ने कार्यहरु

स्थानीय सरकारका सबै कानूनहरु ६ महिनाभित्र बनाइसक्ने गरि काम शुरु गनुपर्ने छ। स्थानीय सरकारको सांगठनिक संरचना, जनशक्ति संरचना र कानून वमोजिम तर्जूमा गर्न पाउने नियमावली र कार्यविधि बनाउने र कार्यान्वयन गर्ने तथा आफ्नो वेवसाइट तयार गरी यी सवै विवरणहरु त्यसमा राख्ने व्यवस्था गर्नुपर्ने छ। आफ्नो काम कार्वाही पारदर्शी तुल्याउन र विकासमा जनसहभागितासमेत जुटाउन स्थानीय भाषामा एफ. एम. रेडियो संचालन गर्ने कार्यहरु र दीर्घकालसम्मका लागि सरकार र जनता विचको संवादको माध्यमको रुपमा सूचना प्रविधिमा आधारित संचार सेवा (फेसवुक लगायत) संचालनका कार्यहरु गर्नुपर्ने हुन्छ ।

आफ्नो क्षेत्रको भूगोल, जनसंख्या, प्राकृतिक साधनस्रोत, आर्थिक साधनस्रोत, सामाजिक अवस्था, वातावरणीय अवस्था आदिका आधारमा पंचवर्षीय योजना तयार पार्ने, यो कार्य गर्दा स्थानीय तहको निर्वाचनमा आफूले व्यक्त गरेका प्रतिबद्धताहरु र पार्टीले जारी गरेको घोषणापत्रमा उल्लेखित कार्यक्रमहरुलाई समावेश गर्ने, योजनाको कार्यान्वयन गर्न चाहिने

साधनस्रोतको पनि आँकलन गर्ने, पाँच वर्षे योजना अनुरुप सरकारले पहिलो वर्ष, दोस्रो वर्ष हुँदै ५ वर्षभित्र गर्ने कामको फेहरिस्त तयार गर्ने र त्यस अनुसारनै कार्यक्रमको प्राथमिकीकरण गर्ने र वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने कार्यहरु पनि स्थानीय सरकारका एजेण्डा हुन् ।

आफ्नो क्षेत्रको भूउपयोग सम्वन्धि अध्ययन गरि गराई कुन क्षेत्र के प्रयोजनका लागि उपयोग गर्ने हो, त्यसको निर्क्योल ६ महिनाभित्र गरिसक्ने, त्यसकै आधारमा आवास, कार्यालय, व्यवसाय, निर्माण, सार्वजनिक स्थान, आदिका लागि अनुमति दिने गरि कार्य गर्नुपर्ने देखिन्छ। ड्रोन जस्तो आधुनिक उपकरणको प्रयोग गर्न सकिएमा भूक्षेत्रको जानकारी चाँडो प्राप्त गर्न र त्यसका आधारमा छोटै अवधिमा भूउपयोग नीति बनाउन सकिनेछ ।

स्थानीय सरकारले आफ्नो क्षेत्रको व्यवसाय, घरजग्गा तथा अन्य करयोग्य क्षेत्रको सर्वेक्षण गरि संभाव्य सबैलाई करको दायरामा ल्याउने र कर अशुलिलाई प्रभावकारी तुल्याउने, आफ्नो क्षेत्रमा देखापर्न सक्ने जोखीमहरुको आँकलन गर्ने र त्यसको न्यूनीकरण गर्ने कार्यलाई योजनावद्ध रुपमा कार्यान्वयन गर्नुपर्ने छ। त्यस्तै राजस्वको आधारको सर्वेक्षण गर्ने, सूचना प्रविधिका माध्यमवाट करदाताहरुमा पुग्ने र कर प्रशासन सेवालाई करदातामैत्री बनाउने कार्यहरु पनि स्थानीय सरकारले शुरु गरी क्रमशः विकास गर्दै लैजानुपर्ने विषयहरु हुन् ।

**६. उपसंहारः**

नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद उन्मूख राज्य निर्माणको जिम्मेवारी संघीय, प्रादेशिक र स्थानीय सबै नै सरकारको दायित्व हो भने संघीयताको सफल कार्यान्वयन गर्दै स्थानीय तहबाट नै आर्थिक तथा सामाजिक रुपान्तरणको जग बसाउनु पर्ने आवश्यकता पनि हो। स्थानीय राजनेताहरुले स्थानीय तहमा कुशल नेतृत्वको विकास गर्दै सफल राजनैतिक जीवनको सिँढी उक्लन पनि यो कोशेढुंगा हुने हेक्का राख्नुपर्ने हुन्छ। अर्कातिर लोकतन्त्रप्रति जनआस्था बढाउने, अहिलेको राजनैतिक पद्धतिको विकल्प सोच्नु नपर्ने गरि नेपाली जनताले विद्यमान संघीय लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउने एवं सबैले यसमा नै आफ्नो समृद्धिको आधार देख्न सक्ने तुल्याउने जिम्मेवारी अब स्थानीय सरकार संचालकहरुकै हातमा छ। सदाचार, पारदर्शिता र कुशलताको जगमा स्थानीय विकासको नेतृत्व गर्न सक्दा मात्र देश र राजनीतिज्ञ स्वयंको भविष्य सुनिश्चित हुने कुरा विदित नै छ। त्यसैले स्थानीय सरकार संचालनको जिम्मेवारी पाउनु भएका जनप्रतिनिधिहरुका लागि यो अवसर परीक्षाको घडी पनि हो। वहाँहरु यसमा सफल हुने कामना गरौं ।

■

# नेपाल सरकारको बजेट २०७३/०७४ : संक्षिप्त चर्चा

✍ लालबाबु यादव*

**परिचय :**

संविधानसभाले असोज ३ गते नेपालको संविधान २०७२ जारी गरेपछि संविधानतः नयाँ सरकार गठनको प्रकृया शुरु भएको थियो। नेपालको संविधानले दुई वर्षको अवधिभर राष्ट्रिय सरकारको कल्पना गरेको भए पनि नेपाली काङ्ग्रेस तथा मधेसकेन्द्रित दलहरू सरकारमा सामेल भएनन्। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नेकपा माओवादी केन्द्र, राप्रपा नेपाल, राप्रपा आदि राजनीतिक दलको सहभागितमा २०७२ साल असोज २३ गते सर्वसम्मत प्रधानमन्त्री चयन हुन नसकेपछि व्यवस्थापिका संसद्ले बहुमतका आधारमा सरकार गठन गरेको थियो।

संविधानमा व्यवस्था भएबमोजिम अर्थमन्त्री विष्णु पौडेलले २०७३ साल जेठ १५ गते गणतन्त्र दिवसका दिन नेपालको आर्थिक वर्ष २०७३/७४ को बजेट संसद समक्ष पेश गरेका थिए। यो बजेट सरकारको नीति तथा कार्यक्रम तथा नेपालको संविधानको मर्ममा आधारित रहेको छ। यो बजेटले राष्ट्रियताको जगेर्ना र लोकतन्त्रलाई संस्थागत गर्न आवश्यक कार्यक्रम र समाजवाद उन्मुख नीतिहरू अगाडी सारेको छ। यसैगरि, बजेटले विविधता र संस्कृतिलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। बजेटमा उल्लेख भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि १० खरब ४८ अरब ९२ करोड १३ लाख ५४ हजार रुपैयाँ विनियोजन गरिएको थियो।

**विशेषताहरू :**

बजेटले संविधान कार्यान्वयन गर्ने, संविधानमा उल्लेख भएअनुसारका कानूनहरूको निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेको थियो। यसैगरी बजेटले भूकम्प पीडितको उचित पुर्नस्थापनाका सवाललाई महत्वपूर्ण स्थान दिएको थियो। देशमा रहेको स्रोत साधनको भरपूर उपयोग गरी उत्पादकत्व र उत्पादन वृद्धि गरी उच्च आर्थिक वृद्धि गर्ने उद्देश्य बजेटले लिएको थियो। आर्थिक वृद्धिदर हासिल गर्न आन्तरिक तथा बाह्य लगानी प्रवर्दन गर्ने, आर्थिक क्रियाकलापको विस्तार गर्ने, आय र रोजगारी वृद्धि गर्ने तथा मुलुकको ठूलो समस्याको रुपमा रहेको गरिबी निवारणका लागि कार्यहरु गर्ने उद्देश्य पनि बजेटले लिएको थियो।

कामका लागि कठिन श्रम गर्न विदेशिएका युवा पुस्तालाई देशमै रोजगारीको अवसर सृजना गर्न उनीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू बजेटमा उल्लेख भएका थिए। सबै नेपालीलाई गुणस्तरीय सामाजिक सुरक्षाको व्यवस्था गर्ने जसका लागि सरकारले विगतमा प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्तामा वृद्धि गर्ने, स्वास्थ्य बीमाको व्यवस्था गर्नेजस्ता विषय पनि बजेटमा उल्लेख भएका थिए।

खेतीयोग्य जमिन बाँझो राख्नेलाई कानून बनाई कारबाही गरिने भएको छ। यसअघि उर्वर जमिनलाई बाँझो राख्न नपाइने नेपालमा कुनै कानून बनेको थिएन। कानुन बनेपछि खेतीयोग्य जमिन बाँझो राखी शहर र विदेश पलायन हुने तथा जमिनलाई घडेरीकरणमा रुपान्तरण गर्ने कार्यमा रोकावट हुने विश्वास गरिएको थियो। अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०७३ र ७४ को बजेट संसदमा पेस गर्दै जमिन बाँझो राख्नेलाई उत्पादनको २५ प्रतिशत

---

* सदस्य, व्यवस्थापिका संसद्

जरिवाना लाग्ने जानकारी दिए। नेपालको कृषि गणना २०६८ लाई आधार मानेर हेर्दा एक लाख २९ हजार हेक्टर जमिन बाँझै छ। तीस लाख ९० हजार हेक्टर जमिनमा मात्र खेती भएको छ। नेपालको कुल क्षेत्रफल एक लाख ४७ हजार १८१ वर्ग कि.मी. छ। जबकि १० हजार वर्ग मिटर बराबर एक हेक्टर मानिन्छ।

**बजेटका प्राथमिकताका क्षेत्रहरूः**

बजेटले जलविद्युत उत्पादन, प्रसारण लाइन विस्तार र वितरण, सडक, विमानस्थल, सिँचाई, कृषि, उद्योग, पर्यटन, वन, शहरी र स्थानीय, पूर्वाधार शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईजस्ता विषयलाई प्राथमिकतामा राखेको थियो। आफ्नै लगानीमा निजगढ काठमाडौं फाष्ट ट्र्याक निर्माण गर्ने, हुलाकी तथा मध्य पहाडी लोकमार्ग बनाउने लगायतका विषय प्राथमिकतामा राखिएका थिए। यसैगरी, सामाजिक सुरक्षा, सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधारजस्ता विषय पनि बजेटका प्राथमिकताका क्षेत्र हुन्।

**बजेट र सङ्घीयता :**

सङ्घीयता कार्यान्वयनका लागि आगामी आर्थिक वर्षभित्रमा १ सय ३८ विधेयक व्यवस्थापिका संसद् समक्ष प्रस्तुत गर्ने बजेटमा उल्लेख थियो। बजेटमा सङ्घ, प्रदेश र स्थानीय तहका कानून निर्माण गर्ने उल्लेख थियो। सङ्घीयता कार्यान्वयवनका लागि आवश्यक पर्ने भौतिक संरचना तयार गर्न आवश्यक बजेट विनियोजन गरिएको थियो। बजेटका अनुसार सङ्घीयता कार्यान्वयन गर्न सरकार प्रतिवद्ध रहेको थियो। सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारहरूको प्रयोग कानून बमोजिम गरिने पनि बजेटमा उल्लेख गरिएको थियो। कानूनतः प्रदेशको सञ्चालन र व्यवस्थापन भएपछि राजस्वको बाँडफाँड र वित्तीय हस्तारण गरिने कुरा पनि बजेटले उठाएको पाइन्छ। यसैगरी, संविधान अनुसार स्थानीय तहको स्थापना नभएसम्मको लागि साविक बमोजिमका कार्य स्थानीय तहको प्रशासनिक पुर्नसंरचना गर्ने कुरा पनि बजेटको प्राथमिकताको क्षेत्र हो।

**बजेटको बाँडफाँड र तराई मधेश :**

अधिवक्ता दीपेन्द झा र विश्लेषक राजेश अहिराजले आफ्ना लेखमा उक्त बजेटलाई अहिले सम्म नेपालको इतिहासमा प्रस्तुत भएको बजेटहरुमध्मे यो वर्तमान बजेट तराई/मधेशको लागि उत्कृष्ट रहेको उल्लेख गर्नु भएको थियो। लेखमा उहाँहरुले २०७२ पछि नेपालमा संयुक्त सरकार भए पनि तराई/मधेशका लागि यो किसिमको खर्च छुट्याइएको थिएन।

बजेटमा तराईको १९ जिल्लाका सदरमुकाममा चक्रपथ निर्माण गर्न ५०/५० करोड रुपियाँ छुट्याइएको थियो। सीमावर्ती नाका जोड्ने आधुनिक सडक निर्माणको लागि २ अरब रुपैयाँ बजेटमा विनियोजन गरिएको थियो। तराई मधेस सिँचाईको समस्या समाधान गर्न तराई/मधेश सिँचाई विशेष कार्यक्रमको लागि २ अरब ३० करोड छुट्याइएको थियो। हुलाकी राजमार्ग निर्माणका लागि ४ अरव २० करोड छुट्याइएको थियो। यसबाट लामो समयदेखि अपूरो रहेको हुलाकी मार्ग निर्माण अगाडी बढ्ने विश्वास बजेटले जगाएको थियो। यस्तै बजेटमा विभिन्न सिँचाई परियोजनाको लागि ५ अरब ३५ करोड उपलब्ध गराइएको थियो। बजेटले पूर्व-पश्चिम लोकमार्गलाई हाल कायम रहेको दुई लेनबाट बढाइ चार लेनको बनाउन बजेट विनियोजन गरेको थियो। यसैगरी, किसानहरूको समस्या समाधानका लागि किसान आयोग गठन गरि किसान सामाजिक सुरक्षा कोष स्थापना गर्ने उद्देश्य राखिएको थियो।

शैक्षिक प्रमाणपत्रको आधारमा निर्व्याजी ऋण उपलब्ध गराउने, एक प्रदेश एक मेडिकल कलेज स्थापना गर्ने बजेटमा उल्लेख थियो। स्थानीय निर्वाचन स्थानीय तहमा र गाविस र नगरपालिकालाई दिएको बजेट दोब्बर गरिएको थियो। आफ्नो गाउँ आफैं बनाउँन जनता सक्षम छन् भन्ने बजेटले उद्देश्य राखेको देखिन्छ।


**निष्कर्ष :**

विश्वको कुनै पनि मुलुकमा सरकारले बजेट पेश गर्छ तर त्यसबाट सरकार, राजनीतिक दलहरु, विपक्षी दलहरु र मुलुकका सम्पूर्ण जनताहरु लाभान्वित हुन्छन्।

उदाहरणका लागि उक्त सरकारले प्रस्तुत गरेको बजेटमा सांसदहरुलाई तिन करोड रुपैयाँ उपलब्ध गराइएकोमा सबभन्दा बढी विपक्षी दल नेपाली कांग्रेसलाई ठूलो पार्टी भएको हुनाले बढी फाइदा हुने अवस्था रह्यो। अर्थात् विपक्षी दलको आलोचना गर्ने विरोध गर्ने अधिकार हुन्छ भने, जनताको फाइदा र सही कुरालाई, राष्ट्रहितको कुरालाई विपक्षी दलले सरकारको सर्मथन गर्नु नैतिक कर्तव्य हुन्छ। उक्त बजेटलाई सबै राजनीतिक दलहरुले, नागरिक समाज र सम्पूर्ण जनताले कार्यान्वयन गर्नका लागि सहयोग पुऱ्याउने अपेक्षा तत्कालिन सरकारले गरेको थियो। सम्पूर्ण क्षेत्रको सामाजिक आर्थिक विकासमा तत्कालिन बजेटले प्रतिबद्धता जनाएको थियो। यसैगरी संविधानले परिकल्पना गरे बमोजिमको समाजवाद उन्मूख अर्थतन्त्र विकास गर्ने दिशामा उक्त बजेटले यथोचित जोड दिएको थियो। मुलुकको दूर्भाग्य भनौं बजेटको कार्यान्वयन हुन नपाउँदै उक्त सरकारलाई विस्थापित गरियो। जे होस् उक्त बजेटको खाका र अवधारणाले मुलुकको आथिक विकासमा महत्वपूर्ण मार्ग कोर्न सफल भएको थियो।

■

# जबजको राजनीतिक सौन्दर्य



✍ प्रा. डा. बद्रीविशाल पोखरेल*

**१. आरम्भ**

जनताको बहुदलीय जनवाद उन्नत तथा उदात्त जनवादी तथा लोकतान्त्रिक सिद्धान्त हो। यो मार्क्सवादको पुनःसृजन हो। माओत्से तुङले चीनियाँ विशिष्टतामा आधारित भएर नयाँ जनवादी नीति अख्तियार गरे। अर्धसामन्ती मुलुकमा पुँजिवादी प्रणालीलाई जनवादीकरण गर्दै समाजवादमा संक्रमण गर्न नयाँ जनवाद नामको मार्क्सवादको सृजनात्मक प्रयोग जरुरी थियो। माओ सफल रुसी क्रान्तिको हुबहु नक्कल गर्ने कुराका विरोधी थिए। उनी रुसी क्रान्तिबाट शिक्षा ग्रहण गरेर देशको वास्तविक वस्तुस्थिति अनुसार मौलिकताकासाथ अग्रगति गर्ने सोचमा दृढ थिए। सामन्तवादको गर्भबाट पुँजिवादको जन्म हुने भएकाले माओ गर्भस्थ पुँजिवादी शिशुलाई समाजवादोन्मुख जैविक खुराक पैदा गर्न चाहन्थे। त्यसैले उनले नयाँ जनवाद भनेको सामन्तवाद र सम्राज्यवाद विरोधी मान्यताका रुपमा अघि सारे। उनले पुँजिवादलाई जनवादी पुँजिवादी दिशा दिन खोजे। उनले यसै हुनाले राष्ट्रिय पुँजी र राष्ट्रिय पुँजिपतिलाई पर्याप्त पक्षपोषण गरेर औद्योगिकीकरण गर्ने नीति लिए। एक समयको प्रगतिशील पुँजिवाद सामन्तवाद विरोधी थियो। अर्थात् यो जनवाद वा पुरानो जनवाद वा पुँजिवाद उदाउँदो कम्युनिष्ट शक्तिका सामन्तवादसित संश्रय गर्न थाल्यो। यसले कम्युनिष्ट शक्तिविरुद्ध गठबन्धन गरिरहेको थियो। त्यसैले माओले पुरानो जनवाद विरुद्ध नयाँ जनवाद अर्थात् आमश्रमजीवी जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक हकहित गर्ने मार्क्सवादी लोकतान्त्रिक पद्धतिको जग बसाए। नयाँ जनवादले दलाल नोकरशाही तथा वैदेशिक एकाधिकार पुँजिवादको विरोध गर्छ। नयाँ जनवाद भन्नाले पुरानो जनवाद वा पुँजिवाद वर्ग पक्षधरताका सारतत्वलाई परित्याग गरी नयाँ जनवादको मौलिक मार्क्सवादी अवधारणा माओले विकसित गरेका हुन्। यिनै उद्देश्य र अभिप्रायकासाथ चीनमा नयाँ जनवादी मान्यता स्थापित र विकसित भएको हो। तर युद्धकालीन मार्क्सवादी चरणमा चीनमा नयाँ जनवाद कम्युनिष्टहरुको अधिनायकत्व रहेको अवस्थामा देखापर्‍यो। रोगले असाध्यै अक्रमण गरेका अवस्थामा कुनै पनि रोगीले पर्याप्त पथपरहेज गरेजस्तै साम्राज्यवादका अनेक चङ्गुलहरुबाट बच्न दलीय प्रतिस्पर्धा कठिन विषय थियो। नयाँ जनवादमा त्यसबेला कम्युनिष्टको अधिनायकत्व, नेतृत्व वा निरङ्कुशता लागू भएको देखिन्छ। तर मार्क्सवाद स्वयं द्वन्द्ववादमा विश्वास गर्ने सिद्धान्त भएकाले राज्यसत्ता, सरकारमा प्रतिपक्षलाई इन्कार गर्ने सवालै थिएन र होइन पनि। लेनिनले र माओले नै प्रतिस्पर्धाको राजनीतिलाई नकारेको स्थिति देखिन्न। त्यसबेला कम्युनिष्ट पार्टीमा पनि केन्द्रीयता हाबी हुन गएकै हो तर समय क्रममा यसैलाई सिद्धान्त र सूत्र जस्तै गर्न खोज्दा हर देशको कम्युनिष्ट पार्टीमा मात्र होइन इतरशक्तिसित पनि द्वन्द्ववाद र प्रतिस्पर्धा शून्यजस्तै हुनपुग्यो। विगत इतिहास र त्यसका कारण कम्युनिष्ट आन्दोलन प्रतिरक्षात्मक अवस्थामा पुगेको देखेर र यसमा गम्भीर मनन गरेर नेपाली विशेषता अनुसार उही नयाँ जनवादको सरतत्वलाई सुरक्षित गर्दै नेपालमा जनताको बहुदलीय जनवादको प्रतिपादन भएको देखिन्छ। जननेता मदन भण्डारीको अगुवाइ र नेतृत्वमा

* नेकपा एमाले केन्द्रीय संस्कृति विभागका सदस्य

प्रतिपादित जनताको बहुदलीय जनवादले विश्वको कम्युनिष्ट आन्दोलनमा नयाँ क्षितिज उघारेको देखिन्छ। त्यसैले जबज र यसका मूलभूत राजनीतिक मान्यताका आधारमा यसको राजनैतिक सुन्दरता र सौन्दर्यको सबालमा सार संक्षेपमा चर्चा गर्न खोजिएको छ।

## २. राजनीतिक सौन्दर्य र सुन्दरताको सबाल

सौन्दर्य र सुन्दरताको सवाल वर्गीय र निर्वर्गीय दुवै प्रकारको हुन्छ। कुनै पनि मान्छेलाई कुन विषय, सामग्री, वस्तु र पदार्थ मन पर्छ भन्ने कुरा उसका अपरिहार्य आवश्यकता र आकांक्षाले निर्धारण गर्छ। एउटा भोको पेटको मान्छे प्रकृतिको सुन्दरता हेरेर अघाउँदैन। कपासविहीन वा नाङ्गो आङ्को मान्छेको पहिलो र अपरिहार्य चाह र चाख आङढाक्ने लुगामा मात्र हुन्छ र उसलाई त्यही सुन्दर वस्तु बन्छ। बास विहीन तथा ओतबिनाका जनताका लागि मूल्यवान् कुरा थात र बास हुन्छ। तर त्यही भोकले निख्लाम मान्छेलाई अप्सरा पनि कुरुप लाग्छे। बाघलाई बाख्राको रगत पसिना नै स्वादिलो र सुन्दर लाग्छ। उसलाई लहलहाउँदो कलिलो घाँस असुन्दर लाग्छ। तर बाख्रालाई घाँस, पात बराबरको सुन्दर वस्तु अरु केही पनि हुँदैन। मानव समाज पनि बाघवर्ग र बाख्रावर्ग झैँ भिन्न खालको वर्गीय स्वार्थ, चाख र चाहमा आधारित हुन्छ। त्यसैले सुन्दरता र सौन्दर्य भन्ने कुरामा धेरै जसो सबालमा वर्गपक्षरता हुन्छ। मूलतः उत्पादन पद्धति र यसका सम्बन्धका आधारमा मानव समाज गरिखाने र बसिखाने गरी मूलतः दुई वर्गमा विभाजित भएको देखिन्छ र जीवनयापनका आधारभूत सबालको चयन, चाख र छनौटमा यी दुई वर्गमा स्पष्ट भिन्नता प्रकट हुन्छ। राजनीति, अर्थनीति तथा बौद्धिक संस्कृति सम्बन्धी नीतिगत सौन्दर्यबोधको प्रकृति वर्गीय हुन्छ। कुन वर्गको हितका लागि राजनीति र कसको हितका खातिरको अर्थनीति तथा कुन वर्गका हितका खातिर संस्कार, संस्कृति, आचार, विचार, नीति र उपदेश रहने हो भन्ने कुरा यसमा पर्छ। आम श्रमजीवीहरुका लागि क्रान्तिकारी भूमिसुधार सुन्दर कृषि नीति हुन्छ। उसका लागि जसको जोत उसको पोत नै सौन्दर्यपूर्ण कृषिनीति हो। तर यही कृषि वा अर्थगत नीति सामन्तवादीका लागि कुरुप नीति बन्छ। एउटा मजदूरका लागि उसको श्रम अनुसारको मोलको प्राप्ति सुन्दर विषय बन्छ तर मालिकका लागि यही कुरुप विषय बन्छ। प्रकृतिको सुन्दरता र सौन्दर्यले सबै वर्ग, तह र तप्कालाई मोहित पार्छ। यस खालको प्रेम, आकर्षण र सुन्दरताको पक्ष सार्वजनीन तथा सार्वकालिक हुन्छ। तर राजनीति, अर्थनीति जस्ता विषयको सुन्दर र असुन्दर पक्ष भने वर्गीय स्वार्थ अनुरुप हुन्छ। समग्रमा राजनीति आफैँ चाहिँ असुन्दर हुँदैन। राजनीतिको महान् उद्देश्य देश, जनता र जनजीविकालाई समुन्नत तथा समृद्ध बनाउने मूल नीति हो। तर राजनीतिलाई फोहोरी खेलका रुपमा चर्चा गरिन्छ। फुटबल खेल आफैँमा नराम्रो होइन र हुँदैन। तर अमुक खेलाडी र उसको समूहले अस्वथ्य खेल खेल्दा फुटबल खेललाई नै खराब भन्ने गरिन्छ। यस खालको गल्ती कसैले पनि गर्नु हुँदैन। ठीक त्यस्तै देश, जनता र जनजीविका जस्ता राष्ट्र निर्माण, विकास र उत्थान जस्तो अत्यन्त महत्वपूर्ण सेवा सहयोग गर्ने सवालको राजनीतिक क्षेत्र आफैँ गलत होइन र फोहोरी हुनसक्तैन। तर वर्गीय राजनीतिमा आआफ्ना रुचि, स्वाद र सुन्दरता हुने भएकाले सामन्ती तथा पुँजिवादी वर्गपक्षधर शक्ति, व्यक्ति र प्रवृत्तिले स्वस्थ्य राजनीति नगर्दाको परिणाम राजनीति प्रदूषित भएको हो। भोको मान्छेका लागि भात भन्दा सुन्दर र स्वादिलो बस्तु केही पनि हुँदैन। सामन्ती वर्गलाई उसकै राजनीति सुन्दर लाग्छ। सामन्ती वर्गलाई आम श्रमजीवी जनताको दुःख, चिन्ता, अशिक्षा र अनिकालसित कुनै निर्णायात्मक तथा निदानात्मक चिन्ता र चासो हुँदैन। बाघ वर्गलाई बाख्राको रगत र मासु नै स्वादिलो र सुन्दर हुन्छ भनेझैँ सामन्ती तथा पुँजिवादी वर्ग पक्षधरको राजनीतिक सुन्दरता उसैको मापदण्ड अनुसारको हुन्छ, जुन सुन्दरता आमश्रमजीवी जनतालाई कुरुप हुन्छ। त्यसैले जनताको बहुदलीय जनवादको राजनीतिक सौन्दर्यलाई पनि वर्गीय दृष्टिकोणले नै हेरिन्छ। जबजका उन्नत जनवादी लोकतान्त्रिक सिद्धान्त, कार्यक्रम, क्रियाकलाप हुँदा हुँदै पनि अन्य वर्ग पक्षधर शक्तिलाई यो जतिसुकै सुन्दर भए पनि कुरुप लाग्छ। किनकि तिनको दीर्घकालीन हित यसमा गाँसिएको छैन।

## ३. जनताको बहुदलीय जनवादको राजनीतिक सौन्दर्य

कुनै पनि राजनीतिको सुन्दरताको पहिलो पहिचान त्यसको सिद्धान्त र व्यवहारमा मूलतः निर्भर हुन्छ। अझ कतिपय अवस्थामा व्यवहार चाहिँ प्रमुख बनेर पनि आउने गर्छ। त्यसपछि वर्ग पक्षधरतासित राजनीतिक सुन्दरताको विषय जोडिन्छ। नेपाल कम्युनिष्ट पार्टीका

संस्थापक अध्यक्ष पुष्पलाल नेपाली कांग्रेस पार्टीको सचिव हुँदा काँग्रेसी नेताको सामन्ती व्यवहारबाट आजित तथा वाक्क हुनुभयो र काँग्रेस पार्टी परित्याग गर्नु भयो । सबैभन्दा पहिले आम र सामान्य मानिसले बुझ्ने कुरा व्यवहार नै हो र हुन्छ। धेरै मानिसहरु सिद्धान्त सही भएर पनि नेता र कार्यकर्ताको गलत व्यवहारका कारण पार्टीप्रति विरत हुन्छन् र पार्टी परित्याग पनि गर्छन्। प्रसिद्ध संस्कृतिविद् मोदनाथ प्रश्रित समेत नेपाली काँग्रेस पार्टी परित्याग गरी नेपाली कम्युनिष्ट आन्दोलनमा सक्रिय हुनु भएको देखिन्छ। पार्टी र नेतृत्वको व्यवहार र पार्टी राजनीतिको सिद्धान्त तथा तदनुकूलको राजनीतिक, राजकीय बरव्यवहारले राजनीतिको सुन्दरता र सौन्दर्य निर्धारण गर्छ। त्यसैले जबजको सिद्धान्तगत मान्यता र तदनुसारको एमाले पार्टीको राजनीतिक र राजकीय व्यवहारलाई पर्गेलेर यसको सौन्दर्य निरुपण यसरी गर्न सकिन्छ। जबजले राजनीतिलाई कलात्मक रुप दिन खोजेको देखिन्छ। यसमा राम्रो काम पनि राम्रै तरिकाले सम्पन्न गर्ने कुरामा जोडबल दिइएको छ। यो जबजको राजनीतिक विशिष्ट सौन्दर्य हो र सिद्धान्त अनुसार एमाले पार्टी यस दिशामा अत्यन्त गम्भीर रहँदै क्रियाशील हुनु वा रहनु यसको व्यवहारिक सुन्दर पक्ष हो ।

### ३.१ जनवादी तथा लोकतान्त्रिक निष्ठा

मानव सभ्यताको उत्थान, विकास र समृद्धिका लागि पुर्खाहरुले निर्माण र स्थापित गरेको राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रका सारा सकारात्मक पक्षहरुलाई जबजले सकारेको देखिन्छ। इतिहासको कुनै पनि कालखण्डमा प्रतिपादित लोकतान्त्रिक मान्यता अमुक पार्टीको पेवा बन्न सक्तैन । कम्युनिष्ट शासन पद्धतिका वर्गपक्षधर आर्थिक, सामाजिक, कला साहित्यिक, भाषिक, साँस्कृतिक तथा कार्यक्रमिक पक्षहरु पुँजिवादीहरुले पर्याप्त अनुशरण गरेको देखिन्छ। तर यस खालका अनुशरण तिनले आमश्रमजीवी जनताको आँखामा छारो हाल्ने नियतले गरेका छन् र गर्छन्। तर जबजले जुनसुकै विचार, मान्यता र धारणालाई आग्रहरहित भएर जनताको हितमा इमान्दारिताका साथ उपयोग गर्ने कुरालाई ध्यान दिएको देखिन्छ। तर मार्क्सवादी सिद्धान्तमा एकात्मक, एकदलीय वा निरङ्कुश चरित्र र चिन्तन भएको भन्ने कुरा किमार्थ होइन। द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणमा आधारित मार्क्सवादले राजनीति, राज्यशासन प्रणालीमा द्वन्द्ववादी मान्यता विस्थापित हुने कुरै होइन तर युद्धकालीन मार्क्सवादका समयमा यस विषयमा गम्भीर चिन्तन, मनन, विश्लेषण गरी निष्कर्ष निकाल्ने कुरा हुनसकेन र यसले गर्दा राजनीति र राज्यको शासन प्रणालीमा द्वन्द्ववादको प्रवेश र प्रतिष्थापन हुनसकेन। तर राजनीतिक क्षेत्रमा लेनिन र माओले नै पनि जनवादी वा लोकतान्त्रिक परिपाटी सुरु गर्न नखोजेको पनि देखिन्न। त्यसैले बहुसंख्यक जनताको हितकारी कम्युनिष्ट पार्टीलाई आफैंले अधिनायकवादी भन्ने कुरासित जबजको समर्थन छैन। जबजले अधिनायकत्व पार्टी विशेष र त्यसमा पनि कम्युनिष्टसित सम्बन्धित भएको मान्दैन। जबजले अधिनाकत्वलाई राज्यको नैसर्गिक चरित्र र प्रकृति मान्छ। किन पनि यसो भनिएको हो भने राज्यको चरित्र वर्गीय हुने बित्तिकै आफ्नो वर्गस्वार्थमा आघात पर्ने कुराहरु राज्यले नै नियन्त्रण गर्छ वा अधिनायत्व कायम गर्छ। यस्तो अवस्था हुँदाहुँदै ९० प्रतिशत जनताको राजनैतिक, आर्थिक भौतिक अधिकारको संरक्षण गर्ने एमाले जस्तो लोकतान्त्रिक जनवादी प्रणालीका पक्षधर शक्तिले आफैंले आफैंलाई अधिनायकवादी वा निरङ्कुश भन्नु कदापि सुहाउँने कुरा होइन।

जबजले विधि, पद्धति, प्रणालीको शासनलाई स्वीकार गरेको छ। त्यसैले जबजले संविधानको सर्वोच्चता, विधि र पद्धतिको शक्तिलाई समर्थन गरेको छ। यसले बहुदलीय खुल्ला समाज, शक्ति पृथकीकरण, बहुदलीय प्रतिस्पर्धाको प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमतको विपक्ष र कानूनको शासनलाई स्वीकार र समर्थन गरेको देखिन्छ। कार्लमार्क्सले भनेझैं कम्युनिष्ट हुनु असल मान्छे हुनु हो भने यो मान्छे मानव अधिकार, मौलिक अधिकारको विरोधी हुनै सक्तैन। जबजमा परम्परागत तर सकारात्मक लोकतान्त्रिक १४ सूत्रीय मान्यताको चर्चा मात्रै गरिएको छैन, तदनुसार एमाले पार्टी परिचालित रहेको देखिन्छ। मानव इतिहासको एउटा खास महत्वपूर्ण घडीमा निर्मित उपयोगी राजनीतिक मान्यतालाई जबजले पुँजिवादी वा सामन्तवादी भनेर उपेक्षा गरेको छैन। बरु पुँजिवादीहरुले प्रजातन्त्रिक, लोकतान्त्रिक र गणतान्त्रिक सिद्धान्तको ठीक विपरीत राजनीतिक चिन्तन, चरित्र र व्यवहार गरेको देखिन्छ। तर एमालेले जनवादी तथा लोकतान्त्रिक सिद्धान्तलाई

व्यवहारमा मिलान गरिरहेको देखिन्छ । जबजका अनुसार आर्थिक भौतिक जनअधिकार सहितको जनवाद वा लोकतन्त्रलाई एमाले पार्टीले विकसित गर्न खोजेको देखिन्छ । यी कुराहरु एमाले पार्टीले आफ्नो नेतृत्वमा परिचालित दुइवटा नौमहिने सरकारका जनसेवाका कामहरुबाट छर्लङ्ग हुन्छ । जबजले निर्देश गरे अनुसार एमाले पार्टीभित्र जनवादी वा लोकतान्त्रिक अभ्यासलाई स्थापित गरेको देखिन्छ। पार्टीको नीति, नेतृत्व र संगठनात्मक निर्माणमा लोकतान्त्रिक अभ्यास गरेको देखिन्छ । राजनीतिक वा राजकीय नेतृत्व निर्माणमा पनि समावेशी लोकतान्त्रिक विधि र पद्धति अनुसार जिम्मेवारी प्रदान गरेको देखिन्छ । तर यस खालको विधि र पद्धति लोकतन्त्रका मसिहा भन्ने शक्ति र पार्टीले सर्वथा उपेक्षा गरेको देखिन्छ । जबज अनुसार पार्टीको संगठनात्मक क्षेत्रमा पनि जनवादी वा लोकतान्त्रिक पद्धतिको अवलम्बन गरिएको छ । एमाले पार्टीका यस खालका लोकतान्त्रिक अभ्यासलाई नेपालका अरु पार्टीहरुले पनि अनुसरण गर्न थालेको पाइन्छ । एमाले पार्टीले पुँजिवादी राजनीतिक शासन प्रणालीका कतिपय लोकतान्त्रिक विधि, पद्धति र प्रणालीलाई आम श्रमजीवी जनताको हक, हित र उत्थानसित जोडेको देखिन्छ । तर जबजले पुँजिवादी लोकतान्त्रिक नखरा होइन निष्ठामा जोड दिएको छ। लोकतान्त्रिक लामो अभ्यास र अनुभवका अभावमा एमाले पार्टी भित्रै पनि कतिपयले यस पद्धतिलाई आत्मसात् गर्न नसकेको अवस्था पनि देखिन्छ तथापि नेपाली राजनीतिमा एमाले पार्टीको यो राजनैतिक सुन्दर पक्ष हो ।

### ३.२ स्वस्थ प्रतिस्पर्धाबाट श्रेष्ठ नेतृत्व

जबजले राजनैतिक, सैद्धान्तिक, सांगठनिक, सिर्जनात्मक तथा जनसेवाका कामको श्रेष्ठताका आधारमा नेतृत्व निर्माण गर्ने कुरामा विशेष ध्यान दिएको छ । यस पार्टीले जबज अनुसार अयोग्यमध्ये योग्यको चयन भन्दा योग्यमध्येबाट योग्यतम नेतृत्व चयनको अवधारणा अघि सारेको देखिन्छ । आफैं भित्रका योग्यतम नेतृत्वले मात्र विपक्षी वा विरोधी पार्टीसित स्वस्थ्य प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्नसक्छन् भन्ने आधार जबजको रहेको छ । तुलनात्मक रुपमा यस सवालमा पनि यो पार्टी र नेतृत्व क्रियाशील भइरहेको छ । तर नेता, कार्यकर्तालाई प्रशिक्षित र दीक्षित गर्ने सवालमा राम्ररी ध्यानमा नपुग्दा यसमा अपेक्षित प्रगति हासिल हुन सकेको देखिन्न । अझ अधिकांश नेतृत्व र अगुवा कार्यकर्ता पङ्तिमा पठन संस्कृति ह्रासोन्मुख देखिन्छ । अनि तिनमा संस्कृति र साँस्कृतिक रुपान्तरण विषयका सवालमा लगभग शून्यचेत र चिन्तनको स्थिति देखिन्छ । सिद्धान्तनिष्ठता भन्दा अमुक नेतामुखी र लबीलेपनमा रमाउने प्रवृत्तिका कारण जबजको मान्यता अनुसार योग्यता, क्षमता, प्रतिभा प्रवर्द्धन हुन सकेको छैन । लबीको फेर समातेर राजनैतिक र राजकीय औसर पाउने दिने स्थितिलाई बेलैमा नसच्याउने हो भने जबजको सौन्दर्य व्यावहारिक रुपमा स्खलित हुन्छ तर जबजले सिद्धान्ततः सबै क्षेत्रमा अन्य राजनीतिक पार्टी र नेतृत्वसितको प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्ने नीति बनाउनु राजनीतिक क्षेत्रको सुन्दरता हो । राजनीति चाहिँ सबै विषय विधा, क्षेत्र, विषय र शिक्षा लगायत क्षेत्रमा प्रायः कमजोर व्यक्ति राजनीतिक क्षेत्रमा प्रवेश गर्ने, स्थापित हुने र गर्ने परिपाटी विरुद्ध जबजले नयाँ दिशा र दृष्टि प्रदान गरेको देखिन्छ। जबज अनुसार राजनीतिक क्षेत्रको सुन्दरता नेता र कार्यकर्ताको बौद्धिक, वैचारिक, नैतिक इमान्दारितामा पनि आधारित हुन्छ। आफैंभित्रको योग्यतम नेतृत्वका सकारात्मक पक्षको चर्चालाई पनि सहन नसक्ने स्थिति कतिपय नेताले नै दर्साउँछन् । योग्यतम व्यक्तित्वको तारिफ गर्नुलाई तिनले देवत्वकरण गरेको अर्थ लगाउने गरेका छन् । यो तिनको हीनताबोधजन्य जवाफ हो ।

### ३.३ जनउत्थान र जनमैत्री राजनीति

जबजले जनताको मन जितेर मात्र नेतृत्व हाँसिल गर्ने मान्यतामा जोड दिएको देखिन्छ। जनताको मन जित्नु भनेको जनमैत्री भावनाको मूलकडी हो । जनमैत्री जनताका बीचमा र कार्यकर्ता मैत्री आम कार्यकर्ताका बीचमा हुने र गर्ने कुरा हो । जबजले जनतालाई सबै हिसाबले निकट र सम्पर्कमा राख्ने र तिनका समस्याहरुको समाधानमा पहल गर्ने आदि काम पर्छ । जनतालाई वैचारिक, व्यावहारिक तथा सेवा र सहयोगका भावनाका आधारमा मनमा बस्न सकिन्छ । यसरी जनताको मन जित्ने कामले नै राजनीतिक नेतृत्व जनमनमा स्थापित हुन्छ। जनता कुनै पनि राजनीतिका अपरिहार्य आधार हुन्। जननेता मदन भण्डारीले जनतालाई जिउँदा देवता भनेका छन् । हुन पनि परम्परागत राजनीतिक पार्टीले जनतालाई यथोचित मायाँ स्नेह मात्रै नगरेको होइन तिनले जनताको

अपमान समेत गरेको देखिन्छ। तर जबजले कुनै पनि खाले भेदभाव बिना आम श्रमजीवी जनताप्रति समान सम्मान जाहेर गरेको स्पष्ट हुन्छ तर यस सिद्धान्तलाई व्यवहारमा परिणत गर्न पार्टी नेतृत्व र अगुवा कार्यकर्ता पङ्तिले अझै विशेष ध्यान पुऱ्याउनु पर्ने अवस्था देखिन्छ। विकासको प्रतिफल जनताको घर आँगनमा नै पुऱ्याउने मान्यता जबजले अघि सारेको छ। संघीयता नभनेर पनि विकास, उद्योगधन्दा तथा उत्पादन सम्बन्धी प्रतिष्ठानहरु विकेन्दित गर्ने दृष्टिकोण बनाएको देखिन्छ। तर कार्यकर्ताहरुमा कतिपय नेतृत्वको कमरेड्ली भावना भन्दा कामरेड्ली यातना दिने खालको स्थिति पनि देखिन्छ। जबज अनुसारको मिजासिलो, मिलनसार, मृदु स्वभाव, यथोचित आदर र स्नेह लगायत आचार र आचरण विकास गर्न कतिपय नेता र कार्यकर्ताले बेलैमा ध्यान दिन जरुरी देखिन्छ। किन पनि यसो भनिँदैछ भने नेता हुनु भनेको ठालु पल्टिनु हो कि भन्ने भावना कतिपयको देखिन्छ।

## ३.४ आमूल रुपान्तरणको दिल र दृष्टि

जबजले मुलुकको आमूल रुपान्तरणलाई केन्द्रमा राखेको देखिन्छ। यसको रणनीतिक लक्ष समाजवाद र साम्यवादको प्राप्ति हो। त्यसैले जबजले सामन्तवादको अन्त्यपछि आगामी अग्रगामी तीन चरणको उल्लेख गरेको देखिन्छ। अर्थात् केही एमाले नेताले भन्ने गरेको जबजमा उल्लेख गरिएका १४ सूत्रीय विशेषता हाल प्राप्त भइसकेको भनेर अब जबजको औचित्य पूरा भएको भन्ने गम्भीर भ्रमपूर्ण आशंकालाई तोडिदिएको छ। जबजले जनताको जनवादी व्यवस्थाको सुदृढीकरण उपशीर्षकमा अहिलेको परिस्थितिमा समाजवादमा संक्रमण गर्ने सम्मको दिशा र दृष्टि जबजमा उल्लेख गरिएको छ। सामन्तवादी साँस्कृतिक अवशेष समाप्तिको चरण हुँदै पुँजिवादलाई जनवादीकरण गरी समाजवाद उन्मुख आर्थिक, राजनैतिक तथा साँस्कृतिक नीति यसले अख्तियार गरेको छ। समाजवादमा पनि बहुदलीय प्रतिस्पर्धाको राजनीति अवलम्बन गर्ने कुरा किटानीसाथ उल्लेख गरिएको छ। एक्लै दौडिएर प्रथम हुने अनि विपक्षीहरुलाई नियम संगत राजनीतिक प्रतिस्पर्धा गर्न नदिएर स्वयं घोषित श्रेष्ठ हुने परिपाटीलाई पनि जबजले अस्वीकार गरेको देखिन्छ।

जबजले समाजको उपरिसंरचनामा मात्र भएको परिवर्तनमा ढुक्क परेर बस्न भन्दैन। यसले यथास्थितिवादलाई उच्छेद गरेर मुलुकको समुन्नति र समृद्धिलाई केन्द्रमा राखेको देखिन्छ। उत्पादन पद्धति र उत्पादन सम्बन्धको परिवर्तनले मात्र आमश्रमजीवी जनताको आर्थिक भौतिक, बौद्धिक तथा साँस्कृतिक समुन्नति सम्भव हुने कुरा जबजको राजनीतिक सौन्दर्य हो। यस विषयमा यथास्थितिमा विश्वास गर्ने र गुणात्मक परिवर्तनमा खासै चासो नराख्ने पुँजीवादी राजनीतिभन्दा जबजको राजनीतिक सौन्दर्य भिन्न रहेको छ। योग्यता अनुसार काम र काम अनुसार दामको अवस्थाले मात्र आम श्रमजीवी जनताको जीवन खुसहाल रहन्छ। मात्रात्मक तथा उपरिसंरचनामा मात्र परिवर्तन भएर देश र जनताको समृद्धि सम्भव हुँदैन।

## ३.५ कार्यकर्ता आधारित जनव्यापी पार्टी

जनता नै इतिहासका निर्माता हुन् भने जनताका विभिन्न तह, तप्का, वर्ग र समुदायका अगुवा प्रतिनिधिको पार्टी र मोर्चा राजनीतिमा सक्रिय सहभागिता नहुने हो भने असुन्दर वा कुरुप इतिहासलाई बदल्न सकिन्न। यसको अर्थ समाजमा व्याप्त सबै खालका विभेद, असमानता, अन्याय, शोषण, उत्पीडनबाट उन्मुक्ति सम्भव हुँदैन। यस खालको जनशक्तिलाई वैचारिक, सांगठनिक, सिर्जनात्मक र नैतिक दृष्टिले सुदृढ र सशक्त नबनाएसम्म अग्रगमनको आन्दोलनले लक्ष प्राप्त गर्न गाह्रो हुन्छ। त्यसैले जबजले केन्द्र, प्रदेश, जिल्ला र स्थानीय स्तरको पार्टी संगठनको सञ्जाल तयार पारेको छ। यसरी पार्टी समिति निर्माणमा सबै जात, धर्म, सम्प्रदाय, लिङ्ग, तह, तप्का, भूगोलका अगुवा कार्यकर्ता तथा नेताहरुलाई तीन सको त्रिआयामिक विशेषतासहित योग्यता, क्षमता, क्रियाशीलता, जनसेवाका भावना समावेशिताका आधारमा निर्वाचित हुने अवस्थालाई विधानतः आत्मसात् गरेको देखिन्छ। यसरी नै बुद्धिजीवी, युवा, विद्यार्थी, महिला, मजदुर, संस्कृति, साहित्य तथा कला आदि अनेक क्षेत्र, विषय र विधा आधारित मोर्चा संगठनहरुको राष्ट्रव्यापी सञ्जाल पनि तयार गरेको देखिन्छ। राजनीतिक आन्दोलनलाई देशव्यापी, जनव्यापी बनाएर यसमा अपनत्व बोधको दायरा व्यापकतम बनाउँदै लक्ष प्राप्त गर्न र गराउन जबजले निर्देश गरेको अर्को सुन्दर पक्ष हो। बहुदलीय जनवाद नेतामुखी राजनीति होइन। यो जहान, परिवार, समुदाय र समूह विशेष केन्द्रित राजनीतिक पार्टी पनि होइन।

जबजले प्रतिभाको फूलबारी जस्तो राजनीतिक पार्टी निर्माणलाई आधार बनाउने ध्येय राखेको देखिन्छ । यस राजनीतिमा सामन्ती वा पुँजिवादी पार्टी राजनीतिमा झैँ अमुक प्रमुख पार्टी नेतृत्वको हालहुकुम चल्न सक्तैन । यस राजनीतिका जरा आम अगुवा संगठित कार्यकर्ता मार्फत् भुइँतहसम्म दरिलो रुपमा फैलिएका हुन्छन् । पुँजिवादी अमुक प्रमुख नेताका जुँगा चले कुरा बुझ्ने जस्तो एकखालको हुकुमी शासनलाई जबजले स्वीकार गर्दैन । तर सिद्धान्ततः जबजमा उपर्युक्त मान्यता सुस्पष्ट रुपमा उल्लेख भए पनि व्यवहारमा विशेषतः कतिपय मोर्चा संगठनहरुले आफ्नै संगठनको औचित्य नै सावित गर्ने गरी काम गर्न नसकेको देखिन्छ भने पार्टीका कतिपय नेता र कार्यकर्ताहरुमा अपेक्षित वैचारिक, सिर्जनात्मक र संगठनात्मक सक्रियता देखिँदैन ।

### ४. उपसंहार

जबज नेपालको मात्र होइन यो दुनियाँकै उन्नत जनवादी तथा लोकतान्त्रिक सिद्धान्त हो । जनताको मन जितेर राजनीतिक र राजकीय नेतृत्व हासिल गर्नुपर्छ भन्ने जबजको राजनीतिक सौन्दर्य हो । तर माओले भने झैँ सिद्धान्त सही भएर पनि तदनुसार समग्र राजनीति परिचालन गर्न सकिएन भने त्यो जत्तिको सरमको कुरा कुनै हुँदैन । साँच्चै भन्ने हो भने सिद्धान्त सिद्धान्तका लागि मात्र बनाइँदैन । सिद्धान्त निर्माण गरेपछि त्यसलाई एकमुख र एकजुट भएर राजनीतिक व्यवहारमा लागू गर्नुपर्छ । गर्दा हुन्छ । अमुक मानिसले प्रहरीको तालिम लिँदा उसको शरीर सखुवाको काठसरह हुन्छ र त्यही मानिस नेपाली सेनाको तालिमबाट खारियो भने उसको शरीर फलाम वा सोसरहको हुन्छ । तीन सको त्रिआयामिक पक्षबाट प्रशिक्षित नेता र कार्यकर्ता सय वर्ष लडा, पडा र खडा जस्तो सतिसाल झैँ बलशाली हुन्छ । भातका पछि लाग्ने भन्दा भविष्यका खातिर चिन्तित हुने नेता र कार्यकर्ताले नै आन्दोलनको उत्थान, विकास र समृद्धिका लागि संकटपूर्ण अवस्थामा काँध हाल्छन् र बचाउँछन् । एमाले पार्टीभित्रै जबजका मूलभूत र आधारभूत मान्यताका बारेमा मनोगत विश्लेषण गरेको देख्दा अचम्म लाग्छ । यस खालको नियतले कुनै असल नियतिमा पुऱ्याउँदैन । त्यसैले जबजको सिद्धान्तको सहीपनाका बारेमा पार्टी भित्रै दायाँ र वायाँ भड्काउ रहने र देखिने स्थिति दुर्भाग्यपूर्ण हो । जबजलाई विश्व कम्युनिष्ट आन्दोलनका मञ्चहरुमा विमर्श र विश्लेषण गर्नु पर्ने अपरिहार्य आवश्यकता र अवस्था हो । यसो गरियो भने जबजको राजनैतिक सुन्दरताबाट विश्व नै लाभान्वित हुनेछ ।

जबजले विश्व कम्युनिष्ट आन्दोलनका सबै खालका कठमुल्लावादी तथा रुढीहरु भत्काएको देखिन्छ । रुपमा बहुदलीय प्रतिस्पर्धालाई आत्मसात् गरे पनि सारमा जबजले नयाँ जनवादलाई आत्मसात् गरेको देखिन्छ । जबज वर्गसंघर्षमा नै विश्वास गर्छ, यसले वर्ग समन्वयको राजनीति गर्दैन । यसले सामाजिक परिवर्तनमा शस्त्रबललाई रहर र लहडको विषय बनाउँदैन । तर वर्ग संघर्ष भनेको शस्त्रबल र रक्तपातपूर्ण संघर्ष मात्र होइन । यो बहुआयामिक र बहुपक्षीय हुन्छ । यो पनि परिस्थितिमा निर्भर हुने र विरोधी शक्तिमा निर्भर रहने कुरालाई जबजले स्वीकार गरेको छ । समग्रमा जबज मार्क्सवादको सिर्जनात्मक प्रयोग हो र यो समग्रमा संस्कृति हो र जीवन पद्धति हो । यस सिद्धान्तका सुन्दर सैद्धान्तिक पक्षहरुलाई समग्र पार्टी जीवनको माथिल्लो तहदेखि आत्मसात् गरेर अगाडि बढ्ने हो भने मात्र सैद्धान्तिक सौन्दर्यको बचाव गर्दै नेपाली समाजलाई सुन्दर बनाउन सकिन्छ । अनि जबजको सैद्धान्तिक सौन्दर्य अनुसार मदनले भनेझैँ माटो भएर सम्पूर्ण पार्टी परिवार लागिपर्ने हो भने बहुदलीय जनवाद हुँदै समाजवादको मार्ग प्रशस्त गर्न नसकिने होइन । अहिले विश्व लोकतान्त्रिक सकारात्मक मूल्य मान्यताका रुप पक्षलाई आधार बनाएर आमश्रमजीवी जनताको वर्गीय हक, हित र उत्थानजस्ता सबालमा केन्द्रित जबजका कारण पुँजिवादी राजनीतिको कित्तामा ठूलो भूकम्प गएको देखिन्छ । फलाम तातेका बेलामा नै प्रहार केन्द्रित गर्ने हो । यसरी मौकाको काम र बेलाको बोली बोल्ने हो । यस सिद्धान्त अनुसार परिचालित एमाले पार्टी यो मुलुकको सशक्त, सुदृढ, जनवादी तथा लोकतान्त्रिक पार्टी बन्नमा कसैले रोक्न र छेक्न सक्तैन ।

लेखक एमाले संस्कृति विभागका केन्द्रीय सदस्य हुन् ।

■

# संघीय संरचनामा स्थानीय सरकार



वालानन्द पौडेल*

### संघीय संरचना भनेको के हो ?

एउटै भूगोल र एउटै जनतालाई फरक-फरक विषयमा भिन्नभिन्न तहका सरकारले शासन गर्ने व्यवस्था नै संघीय व्यवस्था हो। एकात्मक राज्य व्यवस्थामा एक तहको सरकार हुन्छ र त्यसले सेवा दिने विभिन्न तहमा कार्यालयहरू राखेको हुन्छ। केन्द्रको सरकारप्रति जवाफदेहि हुँदा सेवा प्रवाह गर्नुपर्दछ। संघीय संरचना भने शासन गर्ने एकाइहरू नै विभिन्न तहमा हुन्छन् ।

कतिपय संघीय मुलुकहरूमा दुई तहको संघीयता अपनाइएको छ भने कतिपय मुलुकले तीन तहको संघीयता अपनाएको पाइन्छ। नेपालले तीन तहको संघीयतालाई अपनाएको छ। संघ, प्रदेश र स्थानीय तह नै तीन तहका सरकारहरू हुन्। यी तीन तहका सरकारहरू एकआपसमा समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तबाट सञ्चालित हुन संविधानले निर्देश गरेको छ। तीन तहका सरकारहरू एकआपसमा अधिनस्थ सरकारहरू होइनन् ।

### राज्यशक्तिको बाँडफाँड

संविधानको धारा ५६(२) ले राज्य शक्तिको बाँडफाँड गरेको छ। राज्यशक्ति भन्नाले राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी अधिकारलाई जनाउँदछ भनी संविधानले व्याख्या गरेको छ। राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने भनी उल्लेखित छ। त्यसैले स्थानीय तह भनेको राज्यशक्तिको प्रयोग गर्ने तीन तहको सरकारमध्ये एउटा सरकार हो ।

राज्य शक्तिको बाँडफाँड संविधानले अनुसूची ५, ६, ७, ८ र ९ मार्फत गरेको छ। अनुसूची ५, ६ र ८ क्रमशः संघ, प्रदेश र स्थानीय तहका आफ्ना अधिकार हुन् भने अनुसूची ७ र ९ साझा अधिकार हुन्। राज्यको मूल संरचनालाई तीन क्रममा बाँधी त्यो मध्येको एउटा स्थानीय तहलाई कानूनले बनाउने, कार्यकारिणी काम गर्ने र न्यायिक कामसमेत हेर्ने गरी सरकारको एउटा पूर्णरूपमा धारण गराएको पाइन्छ।

### स्थानीय कार्यपालिका

गाउँ कार्यपालिका र नगर कार्यपालिका नै स्थानीय कार्यपालिका हो। यिनैको नामबाट कार्यकारिणी अधिकारको प्रयोग हुन्छ। संविधान र कानूनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा संविधानले गाउँ कार्यपालिका र नगर कार्यपालिकालाई दिएको छ। गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण उनीहरूले नै बनाएको स्थानीय कानून बमोजिम हुने व्यवस्था छ। गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो आफ्नो कार्य विभाजन र कार्य सम्पादन नियमावली बनाई सोहीअनुसार कार्य गर्नुपर्ने व्यवस्था छ।

---

* तत्कालिन अध्यक्ष, गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण आयोग

**स्थानीय व्यवस्थापिका**

गाउँ सभा र नगर सभालाई स्थानीय व्यवस्थापिकाको रूपमा व्यवस्था गरिएको छ। अनुसूची ८ र ९ मा भएका विषयहरूमा कानून बनाउने अधिकार स्थानीय व्यवस्थापिकालाई दिइएको छ। अनुसूची ८ को हकमा संविधानसँग नबाझिने गरी कानून बनाउन सक्दछ भने अनुसूची ९ को हकमा भने उसले संविधान, संघीए कानून र प्रदेशको कानूनसँगसमेत नबाझिने गरी कानून बनाउनु पर्दछ। गाउँसभा र नगरसभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँसभा र नगर सभाका सदस्यले पाउने सुविधा, कानून बनाउने प्रक्रियासँग सम्बन्धित कानून प्रदेश सभाले बनाई दिनुपर्ने व्यवस्था छ। अहिले प्रदेश सभा नभएको हुँदा संघको संसद अर्थात् हालको रूपान्तरित संसदले बनाई दिनसक्ने व्यवस्था छ।

**स्थानीय न्यायपालिका**

कानून बमोजिम आफ्नो क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ। यो न्यायिक समितिमा गाउँसभा वा नगरसभाका आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्य रहने व्यवस्था छ। स्थानीय अदालत, मेलमिलाप र मध्यस्थता व्यवस्थापनको कार्य पनि स्थानीय तहलाई दिइएको। यसको पुनरावेदन जिल्ला अदालतमा लाग्ने व्यवस्था छ।

स्थानीय सरकारले शासन व्यवस्था सञ्चालन गर्दा संरक्षण गर्नुपर्ने विषयहरू :

(क) नेपालको स्वतन्त्रता

(ख) सर्वाङ्गिण विकास

(ग) सार्वभौमसत्ता

(घ) भौगोलिक अखण्डता

(ङ) स्वाधीनता

(च) राष्ट्रिय हित

(छ) बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली

(ज) मानव अधिकार

(झ) मौलिक हक

(ञ) कानूनी राज्य

(ट) शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन

(ठ) बहुलता र समानतामा आधारित समतामूलक समाज

(ड) समावेशी प्रतिनिधित्व

(ढ) पहिचान

**स्थानीय आर्थिक कार्यप्रणाली**

प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय संचितकोष रहने व्यवस्था छ। त्यस्तै संघको संघीय सञ्चित कोष र प्रदेशको प्रदेश सञ्चित कोष रहने व्यवस्था छ। स्थानीय सञ्चित कोषमा स्थानीय सरकारले उठाउने सबै प्रकारको राजश्व, प्रदेश सरकार र नेपाल सरकारबाट प्राप्त हुने अनुदान, ऋण लिएको रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने व्यवस्था छ। स्थानीय सरकारले खर्च गर्दा ध्यान दिनुपर्ने विषयहरू :

१. कुनै पनि आम्दानी स्थानीय सञ्चित कोषमा दाखिला नगरी खर्च गर्न मिल्दैन।
२. स्थानीय सञ्चित कोषमा जम्मा भएको रकमबाट खर्च गर्नको लागि वार्षिक आयव्ययको विवरण (बजेट) बनाई गाउँ सभा र नगरसभाबाट स्वीकृत गराएपछि मात्र खर्च गर्न मिल्दछ।
३. खर्च गर्दा बजेट, कार्यक्रम, आर्थिक ऐन-नियमको परिधिभित्र रहेर मात्रै खर्च गर्न सकिन्छ।
४. महालेखा परीक्षकको विभागबाट लेखा परीक्षण हुने भएको हुँदा उसले दिएको लेखा ढाँचा र लेखा सिद्धान्तको अधीनमा रही खर्च गर्नुपर्दछ।

**स्थानीय तहमा कर लगाउने व्यवस्था**

१. अनुसूचीमा तोकिएका क्षेत्रमा मात्र कर लगाउन सकिन्छ।
२. कानून बमोजिम मात्रै लगाउन सकिन्छ।
३. प्राकृतिक स्रोत तथा वित्त आयोगले दिएको

सिद्धान्तभित्र रहेर मात्रै करका दरहरू तोक्न सकिन्छ ।

४. राष्ट्रिय आर्थिक नीतिको प्रतिकूल नहुने गरी कर लगाउनुपर्दछ ।

५. वस्तु तथा सेवाको ओसारपसारमा प्रतिकूल प्रभाव नपर्ने गरी मात्रै कर लगाउनुपर्दछ ।

६. पुँजी तथा श्रम बजारमा प्रतिकूल प्रभाव नपर्ने गरी मात्र कर लगाउनु पर्दछ ।

७. छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल प्रभाव नपर्ने गरी कर लगाउनु पर्दछ ।

८. साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेको विषयमा कर लगाउने र राजश्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुन्छ । नेपाल सरकार भनेको संघको सरकार हो ।

**स्थानीय सरकारले प्राकृतिक स्रोतको प्रयोग गर्दा ध्यान दिनुपर्ने विषयहरू**

१. संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्नेछ ।

२. त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नुपर्नेछ ।

३. प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय तहले लगानी गर्न चाहेमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनुपर्ने संवैधानिक व्यवस्था छ । अतः स्थानीय तहले यो संवैधानिक व्यवस्थामा टेकेर आफ्नो लगानीको अंश सुनिश्चित गर्न सक्दछ ।

**राजश्वको बाँडफाँड**

नेपाल सरकारले संकलन गरेको राजश्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसरी प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरे बमोजिम हुने व्यवस्था छ । संघ, प्रदेश र स्थानीय तहबीच राजश्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्ने व्यवस्था संविधानले गरेको छ ।

**अन्तर सरकार वित्तीय हस्तान्तरण**

निम्न चार वटा अनुदानका शीर्षकहरूमार्फत मात्रै अन्तर सरकार वित्तीय हस्तान्तरण हुन सक्दछ ।

१. **समानीकरण अनुदान :** खर्चको आवश्यकता र राजश्व क्षमताको आधारमा समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई यो अनुदान हस्तान्तरण गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. **सशर्त अनुदान :** निश्चित क्षेत्रमा खर्च गर्न सक्ने शर्त सहितको अनुदानमार्फत संघले प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्न सक्ने व्यवस्था छ ।

३. **समपूरक अनुदान** : निश्चित रकम प्रदेश वा स्थानीय तहले लगानी गर्ने गरी अन्य रकम संघबाट दिने बन्दोबस्तका साथ वित्तीय हस्तान्तरण गर्न सक्ने गरी समपूरक अनुदानको व्यवस्था गरिएको छ ।

४. **विशेष अनुदान :** सामाजिक र साँस्कृतिक विकासको लागि वा दुगर्म र भौगोलिक विकटता र गरिब जस्ता कारणले विशेष बन्दोबस्त गर्नुपर्ने भई छुट्टै अनुदानमार्फत वित्तीय हस्तान्तरण गर्नुपर्ने अवस्थामा विशेष अनुदानको व्यवस्था गरेको देखिन्छ ।

यसरी नेपाल सरकारले संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनको लागि दिने विशेष अनुदान वितरणसम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने भनी संविधानले तोकेको छ ।

राजश्व बाँडफाँडसम्बन्धी ऐन बनाउँदा संघले निम्न विषयमा विचार गर्नुपर्दछ :

१. राष्ट्रिय नीति

२. राष्ट्रिय आवश्यकता

३. प्रदेश र स्थानीय तहको स्वायतत्ता

४. प्रदेश र स्थानीय तहका जनतालाई पुऱ्याउनुपर्ने सेवा

५. प्रदेश र स्थानीय तहलाई प्रदान गरिएको आर्थिक अधिकार

६. राजश्व उठान सक्ने क्षमता

७. राजश्वको सम्भाव्यता र उपयोग

८. विकास निर्माणमा गर्नुपर्ने सहयोग

९. गरिबी र असमानताको न्यूनीकरण

१०. वञ्चितीकरणको अन्त्य

११. आकस्मिक कार्य

१२. अस्थायी आवश्यकता

## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

वित्तीय संघीयताका मुख्य चारवटा खम्बाहरू रहेका हुन्छन् :

१. खर्चको बाँडफाँड

२. राजश्वको बाँडफाँड

३. अन्तर सरकार वित्तीय हस्तान्तरण

४. ऋण सम्बन्धी व्यवस्था

यी चारवटै खम्बामा काम गर्ने गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई निम्नानुसार काम, कर्तव्य र अधिकार तोकिएको छ :

१. संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजश्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने ।

२. संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने ।

३. राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने ।

४. प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजश्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने ।

५. संघ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजश्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने ।

६. समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने ।

७. संघ, प्रदेश सरकारको राजश्व बाँडफाँड आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

८. प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सराकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने ।

९. प्राकृतिक स्रोतको बाँडफाँडसम्बन्धी विषयमा संघ, प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन र अनुसन्धान गरी त्यसको निवारण गर्न तथा समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने ।

१०. प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

## अन्तर्राष्ट्रिय सन्धि-सम्झौता र स्थानीय सरकार

विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको नेपाल पक्ष राष्ट्र भएको छ । नेपाल पक्ष राष्ट्र भएको कारणबाट सृजित राष्ट्रिय दायित्वहरूमध्ये जुन तहको सरकारलाई संविधानले जे-जे जिम्मेवारी दिएको छ सोही आधारमा पूरा गर्नुपर्ने हुन्छ । त्यसैले स्थानीय सरकार पनि अन्तर्राष्ट्रिय सन्धि-सम्झौताबाट सृजित दायित्वबाट विमुख हुन सक्दैन । जस्तैः नेपाल अन्तर्राष्ट्रिय बालअधिकार महासन्धिको पक्ष राष्ट्र हो । यो महासन्धिबाट बालअधिकारसम्बन्धी थुप्रै दायित्वहरू सृजना भएका छन् जुन स्थानीय तहले पूरा गर्नुपर्ने हुन्छ ।

## मौलिक अधिकार र स्थानीय सरकार

स्थानीय सरकार आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित मौलिक हकको परिपूर्ति गर्न बाध्य छ । यो जिम्मेवारीबाट ऊ विमुख हुन सक्दैन । अदालतमा पनि जवाफ दिनुपर्ने हुन्छ ।

| स्थानीय सरकारलाई दिएको कार्य (अनुसूची) | मौलिक हक |
|---|---|
| १. एफ.एम. सञ्चालन | धारा २७- सूचनाको हक, धारा १९- सञ्चारको हक |
| २. स्थानीय अदालत | धारा २०- सुनुवाइको हक |
| ३. घरजग्गा धनी पूर्जा वितरण, सम्पत्ति कर | धारा २५- सम्पत्तिको हक |
| ४. आधारभूत स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण, जैविक विविधता संरक्षण | धारा ३०- स्वच्छ वातावरणको हक धारा ५५- स्वास्थ्यसम्बन्धी हक |
| ५. आधारभूत र माध्यमिक शिक्षा | धारा ३१- शिक्षासम्बन्धी हक |
| ६. भाषा, संस्कृति संरक्षण र विकास | धारा ३२- भाषा तथा संस्कृतिको हक |
| ७. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन | धारा ३६- खाद्यसम्बन्धी हक |
| ८. जेष्ठ नागरिक, अपाङ्ग अशक्तहरूको व्यवस्थापन | धारा ४१- जेष्ठ नागरिकको हक |

## संवैधानिक अङ्ग र स्थानीय सरकार

स्थानीय तहको कार्य प्रकृया र विषयहरू संवैधानिक आयोगको क्षेत्राधिकार भित्र पर्दछन् ।

१. **अख्तियार दुरुपयोग अनुसन्धान आयोग :** कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न गराउन सक्दछ। यसरी सार्वजनिक पद धारण गरेको व्यक्तिमा स्थानीय तहका राजनैतिक व्यक्तित्व र कर्मचारीहरू पर्ने नै भएकाले अख्तियार दुरप्योग अनुसन्धान आयोगको क्षेत्राधिकार स्वतः आकर्षित हुने देखिन्छ।

२. **महालेखा परीक्षक :** स्थानीय तहको लेखा परीक्षण महालेखा परीक्षकले गर्ने गरी महालेखा परीक्षकको काम, कर्तव्य र अधिकारमा स्पष्ट उल्लेख गरिएको छ। महालेखा परीक्षकले लेखा परीक्षण गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतलाई विचार गर्नुपर्दछ भन्ने संवैधानिक व्यवस्था रहेको छ।

यसरी लेखा परीक्षण गरिने लेखा संघीय कानून बमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राख्नुपर्दछ।

३. **प्रदेश लोकसेवा आयोग :** प्रदेश कानून बमोजिम प्रत्येक प्रदेशमा प्रदेश लोकसेवा आयोग रहनेछ। प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी विषयमा आवश्यक आधार र मापदण्ड संघले कानून बनाई तोक्नुपर्दछ। स्थानीय तहले आफ्नो कर्मचारीहरूको भर्ना र छनोट प्रदेश लोकसेवा आयोगमार्फत नै गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

४. **निर्वाचन आयोग :** स्थानीय तहको निर्वाचन सम्बन्धी कार्य गर्ने गराउने जिम्मा निर्वाचन आयोगलाई दिइएको छ। निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग उपलब्ध गराउनु स्थानीय सरकारको जिम्मेवारी हो।

५. **अन्य संवैधानिक अङ्गहरू :** राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी, जनजाति आयोग, मधेसी आयोग, थारु आयोग, मुस्लिम आयोगलगायतका आयोगहरूले धेरैजसो काम नेपाल सरकारमार्फत गर्ने देखिए तापनि केही कामहर सिधै स्थानीय तहसँग गर्न सक्ने व्यवस्था गरेको पाइन्छ,

## विशेष र संरक्षित वा स्वायत्त क्षेत्र र स्थानीय सरकार

विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सिमाना निर्धारण गर्नको लागि एउटा संवैधानिक आयोग गठन गरिएको थियो। संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न

सकिने संवैधानिक व्यवस्था रहेको छ। यो व्यवस्था हेर्दा यी राजनैतिक एकाई होइनन् भन्ने प्रस्ट देखिन्छ। निम्न कारणले गर्दा यी विशेष संरचनाहरू परिभाषित गर्न नसकिएको भनी आयोगले प्रस्ट्याएको छ।

१. वडा तहसम्म विशेष संरचना घोषणा गर्न सकिने भनिए तापनि यसको लागि आवश्यक पर्ने तथ्याङ्क उपलब्ध हुन नसकेको।

२. संघीय कानून बनाई यी संरचनाको काम र भूमिका प्रस्ट पार्नु पर्नेमा कानूनै नबनेको हुँदा यी संरचनाले के काम गर्दछन् भन्ने कुरा नै प्रस्ट हुन नसकेको।

३. सरकारले गाउँपालिका र नगरपालिकाको संख्या र सिमाना समयमै सार्वजनिक नगरेको हुँदा त्यसलाई जिल्ला जिल्लामा छलफल गराई निर्धारण गर्न सक्ने अवस्था नरहेको।

४. कुनै भूगोल नतोकिएका संवैधानिक आयोगहरूले पनि समान प्रकृतिका कामहरू गर्ने र यी विशेष संरचनाहरूले पनि त्यही खालको काम गर्ने अवस्था देखिएको हुँदा यी दुई किसिमका संरचनाबीच कसरी सहकार्य र समन्वय हुन्छ भन्ने सम्बन्धमा कुनै प्रस्ट ढाँचा नभएको।

५. नेपालको संविधानको प्रस्तावनामा नै समानुपातिक समावेशी सिद्धान्तलाई पालना गर्ने भनिएको छ। त्यस्तै संविधानले राज्यशक्तिको बाँडफाँड गर्दा समावेशी प्रतिनिधित्वको सिद्धान्तलाई संरक्षण गर्ने भनेको छ। अर्कोतर्फ विशेष, संरक्षित वा स्वायत्त क्षेत्र जस्ता व्यापकरुपमा संरचना बनाउने परिकल्पना गरेको छ। यी सिद्धान्त र बन्दोबस्तहरूले कसरी कार्य गर्दछन् भन्ने सम्बन्धमा पनि सैद्धान्तिक प्रस्टता नभएको सन्दर्भमा आयोगले यी संरचनाहरू घोषणा गर्न नसक्ने भनी आफ्नो कामको बचाउ गरेको छ।

**अबको बाटो**

स्थानीय तहको निर्वाचन अब सम्पन्न हुने अवस्थामा छ। निर्वाचन सम्पन्न भएपछि स्थानीय तहमा प्रत्यक्ष निर्वाचित सरकार गठन हुन्छ। यी सरकारहरूले पाँच वर्षसम्म कुनै अवरोध विना काम गर्न सक्ने हुँदा कम्तिमा पनि पाँच वर्षको लक्ष्य बनाएर कार्य थाल्नुपर्दछ।

१. स्थानीय सरकारको आफ्नो तिनको बीचमा साझा बुझाई कायम गर्ने। संविधान, कानूनको विषयमा छलफलहरू चलाउने।

२. अहिले गरिरहेको कामलाई नयाँ बन्दोबस्त नहुने बेलासम्म निरन्तरता दिने।

३. आफ्नो टिमको बीचमा कार्य जिम्मेवारीको बाँडफाँड गर्नुपर्दछ। त्यसको लागि उनीहरूको रुचि, जानकारी समेतलाई विचार गरी छलफल चलाउने र कार्य विभाजन तथा कार्य सम्पादन नियमावली बनाउने तर्फ लाग्ने।

४. त्यस्तै निर्णय प्रमाणिकरणसम्बन्धी नियम आफैं बनाउनुपर्दछ।

५. निम्न विषयमा अहिले संघबाट कानून प्राप्त गर्न ताकेता गर्ने।

- गाउँसभा र नगरसभाको सञ्चालन
- बैठकको कार्यविधि
- समिति गठन
- सदस्यको पद रिक्त हुने अवस्था
- सदस्यले पाउने सुविधा
- कर्मचारी व्यवस्था
- कार्यालयसम्बन्धी व्यवस्था
- कानून बनाउने प्रकृया

यी विषयसँग सम्बन्धित कानून प्रदेश सभाले बनाई दिनुपर्ने संवैधानिक व्यवस्था छ। हाल प्रदेश सभा गठन भई नसकेको हुँदा संघको संसदले अर्थात् रूपान्तरित संसदले बनाउन सक्ने व्यवस्था संविधानले गरेको छ। त्यसैले नेपाल सरकारलाई यी विषयका कानूनहरू बनाइदिन ताकेता गर्नुपर्दछ।

१. कर्मचारीको समायोजनको लागि पनि नेपाल सरकारलाई ताकेता गरी कर्मचारी प्राप्त गर्नुपर्ने देखिन्छ।

२. स्थानीय सञ्चित कोषबाट खर्च गर्ने गरी वार्षिक आयव्ययको विवरण (बजेट) बनाई गाउँसभा र नगरसभाबाट पारित नभएसम्म कुनै पनि रकम खर्च गर्न मिल्दैन। त्यसैले आषाढ महिनाभित्र निम्न कार्यहरू गरिसक्ने

- गाउँपालिका वा नगरपालिकाको नीति र कार्यक्रमको खाका तयार गर्ने। यो खाका बनाउँदा आफ्ना घोषणापत्रहरू, राष्ट्रिय एवम् प्रादेशिक प्राथमिकताका विषयहरूलाई पनि विश्लेषण गरी समेट्ने गरी प्राथमिकीकरण गर्ने।
- आफ्नो गाउँपालिका र नगरपालिकामा रहेका तथ्याङ्कहरूलाई विश्लेषण गर्ने र वार्षिक बजेटको लागि उपयोगी हुने ढाँचामा तथ्याङ्कहरू तयार गरी राख्ने।
- वार्षिक आयव्ययको विबरण तयार गर्ने र गाउँसभा एवम् नगरसभामा वार्षिक नीति तथा कार्यक्रम, आवश्यक तथ्याङ्कहरू र बजेट कार्यान्वयनपछि तथ्याङ्कमा आउन सक्ने परिवर्तनको अनुमानसहित पेश गर्ने। आगामी श्रावण एक (१) गतेदेखि नयाँ बजेट र नयाँ प्रकृयाबाट खर्च गर्नुपर्ने भएकोले त्यसको तयारी गर्ने

स्थानीय तहको कार्य प्रभावकारितामा नै देशको भविष्य निर्भर हुनेछ। स्थानीय सरकारको यो पहिलो कार्यकाल थिति बसाउने कार्यकाल हो। त्यसैले पहिलो पटक बन्न गएको स्थानीय सरकारका प्रतिनिधिहरूको भूमिका ज्यादै महत्वपूर्ण हुनेछ। सबै क्षेत्रबाट राम्रो काम गर्नेलाई प्रोत्साहित गर्ने र राम्रोसँग काम गर्ने वातावरण बनाइदिनेतर्फ लाग्नुपर्ने देखिन्छ।

■

# मदन भण्डारीका कवितामा युगबोध



डा. देवी नेपाल*

मदन भण्डारी मार्क्सवादी जननेता र प्रगतिवादी जनकवि हुन् । उनको चर्चा जति राजनीतिक क्षेत्रमा पाइन्छ, त्यति साहित्यिक क्षेत्रमा पाइँदैन । उनको राजनीतिक जीवनको थालनी हुनुभन्दा अगाडि नै साहित्यिक जीवनको थालनी भएको कुरा धेरैलाई थाहा छैन । एउटा व्यक्तिको एकप्रकारको चिनारीले उचाइ चुम्न थालेपछि उसको अर्को पाटो छायामा पर्दो रहेछ । वर्तमानमा मदन भण्डारीको कवि व्यक्तित्व साँच्चै छायामा नै परेको देखिन्छ । उनको सिर्जनात्मक क्षमता र योगदानलाई नजिकबाट थाहा पाउने, बुझ्ने र अध्ययन गर्नेहरूले मदनका कवितामा युगीन आवाजहरू मात्र होइन, दूरगामी प्रभाव पार्नेखालका भविष्यवाणीहरू पनि फेला पारेका छन् । प्रखर विचार, युगीन आवाज र परिष्कृत कवित्व उनको सिर्जनाका विशेषताहरू हुन् । समयसापेक्ष आवाज दिनुपर्ने र तत्कालीन जनभावनाको प्रतिनिधित्व गर्दै सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि जनआह्वान पनि गर्नुपर्ने भएकाले उनका कविताहरूमा बढी आक्रोश, बढी विद्रोह र बढी सोझोपन पाइन्छ तर तिनले गरेको युगीन प्रतिनिधित्वले भने दूरगामी प्रभाव छाडेका छन् । विचार र कलाको संयोजनबाट तत्कालीन समाजको प्रतिविम्बन गर्ने र चेतना र जागरणको शङ्खघोष गर्ने कार्यमा भण्डारीका कविताहरू अचूक अस्त्र प्रमाणित भएका छन् । उनको सर्जक व्यक्तित्वलाई उद्घाटन गर्ने**मदन भण्डारी : सङ्कलित रचना** (भाग ४, २०६७) र **मदन भण्डारीका कविता र गीतहरू** (२०६९) दुई कृतिहरूभित्र समेटिएका कविताहरूका आधारमा तिनमा अभिव्यक्त युगबोध र तिनमा अभिव्यञ्जित वैचारिक धरातलका बारेमा चर्चा गर्नु यस लेखको अभीष्ट हो ।

ताप्लेजुङको ढुङ्गेसाँघुमा वि.सं. २००९ आषाढ १४ गते जन्मिएर जीवनका अनगिन्ती उकाला र ओरालाहरू पार गर्दै वि.सं. २०५० जेठ ३ गतेको रहस्यमय दासढुङ्गा दुर्घटनामा भौतिक शरीरलाई समाप्त गर्न पुगेका कवि भण्डारीले छन्दकवितालेखनको प्रारम्भ छात्रजीवनबाट नै गरेका हुन् । ६ वर्षकै उमेरमा चण्डीका श्लोकहरू कण्ठस्थ सुनाएर परिवारका सदस्य तथा गुरुवर्गलाई छक्क पार्ने कुशाग्र बुद्धिका धनी भण्डारीमा वरडाँडा पाठशालामा लघुकौमुदी पढ्दादेखि नै शक्तिशाली प्रतिभाको वीज रोपिइसकेको थियो । बालसुबोधिनी संस्कृत पाठशालामा कक्षा ६ बाट अध्ययन सुरु गरी २०२४ सालमा प्रवेशिका उत्तीर्ण गरेपछि वृन्दावनतिर उच्चशिक्षा अध्ययनार्थ लागेका प्रतिभाशाली छात्र मदन भण्डारीले वाराणसेय संस्कृत महाविद्यालयबाट साहित्यमा प्रथम श्रेणीमा शास्त्री र आचार्यसम्मको पनि अध्ययन पूरा गरे । ताप्लेजुङजस्तो विकट जिल्लाका ढुङ्गा र माटोसँग बाल्यकालदेखि नै पौँठेजोरी खेल्दै र लघुकौमुदीका 'अइउण् ऋलृक्'सँग जिस्काजिस्की गर्दै हुर्किएका हुनाले उनलाई छन्दका तगण र मगणसँग रगडिन कुनै गाह्रो परेन । यस्ता छन्दकविताका कुशल सर्जक तथा नेपाली राजनीतिक इतिहासका अक्षुण्ण धरोहर एवं मार्क्सवादका नवीन

* महासचिव, मदन भण्डारी कला साहित्य प्रतिष्ठान

व्याख्याता र लोकप्रिय राजनेता मदन भण्डारीका विद्यार्थीजीवनकालका योगदानहरूको खोज-अनुसन्धान गर्दा साहित्यिक जीवनलाई नछोई गरेको अध्ययन कदापि पूर्ण हुन सक्दैन ।

बनारसमा बस्दा संस्कृत सम्भाषणमा स्वर्णपदकलगायत विभिन्न साहित्यिक कार्यक्रमहरूमा पुरस्कार तथा सम्मान पाएका मदन भण्डारीको व्यक्तित्व २०२५ सालदेखि २०३३ सालसम्म राजनीतिमा भन्दा बढी साहित्यमा समर्पित थियो । यस समयमा वैचारिक झुकाव कम्युनिस्ट आन्दोलनतिर भए पनि कार्यगत सक्रियता साहित्यतिर रह्यो । प्रवासमा रहँदा कवि भण्डारी विभिन्न छद्मनामबाट कविता सिर्जना गर्थे । उक्त समयमा बनारसदेखि लिएर सिलाङसम्मका नेपाली पत्रिकाहरूमा उनका कविता तथा अन्य रचनाहरू प्रकाशित भएका थिए, तर उनका तत्कालीन सम्पूर्ण छद्मनामहरूको ज्ञान नहुँदा उनका रचनाहरू भेटिए पनि यिनै हुन् भनेर किटान गर्न सकिएको छैन ।

मदन भण्डारीले कवितालेखनको थालनी नै छन्दबाट गरेका हुन् । छन्दमा सरस र सुमधुर कविता लेख्ने भण्डारी २०२६/०२७ तिर केही राजनीतिक विषयवस्तु सोध्नका लागि बनारसमा मोहन चापागाईँसँग गएका थिएतर चापागाईंले यस्ता दारी नै नपलाएका ठिटाले राजनीति सिक्ने हो ? भनेपछि घर फर्केर *"नेता हुन्थैँ म पनि कि कतै दारि हो उम्रउम्र"* भन्ने मन्दाक्रान्ता छन्दमा व्यङ्ग्यात्मक कविता रचना गरेका थिए । यसबाट उनको लेखनमा आशुकवित्व र व्यङ्ग्यचेतना दुवै प्रखर थिए भन्ने प्रमाणित हुन्छ । भण्डारी कविमात्र नभएर कुशल सम्पादक पनि हुन् । उनी २०२९/०३० मा 'छात्रसमिति'का सदस्य, 'साहित्य-उपसमिति'का संयोजक र **छात्रप्रभा** पत्रिकाका प्रधान सम्पादकसमेत रहेका देखिन्छन् । **छात्रप्रभा**को सम्पादनका क्रममा उनले कला, साहित्य वा सिर्जनाको युगीन आवश्यकतालाई समेत सङ्केत गर्नेखालको सम्पादकीय शास्त्रीय छन्दमा लेखेका थिए ।

जाऊ 'छात्रप्रभा' लिएर बम यो टङ्कारिई पड्किद्यौ
निर्धा झोपडिका किसान जनका उत्साहका साथ हौ
यो पञ्चायति राजको कपटको घुम्टो उदाङ्ग्याइद्यौ
नेपाली दिलभित्रको मुलुकमा यै चेतना ल्याइद्यौ ।
(भण्डारी, २०६९/....)

प्रस्तुत अंशमा सिर्जनाले यदि युगीन आवाज बोल्न सक्दैन भने त्यसको कुनै अर्थ छैन भन्ने भाव व्यक्त भएको छ । निश्चित लक्ष्यका साथ लेखिएको सिर्जना छ वा प्रकाशन गरिएको कृति वा पत्रिका छ भने त्यसले बमको काम गर्न सक्छ । निर्धा झोपडीमा बस्ने निमुखा जनताको आवाज बोल्न सक्छ र तिनलाई जागृत गराउन सक्छ । एकातिर निरङ्कुश सत्ताको पर्दाफास गर्न सक्छ भने अर्कातिर प्रत्येक नागरिकमा चेतनाको उज्यालो दिन सक्छ । प्रस्तुत अंश **छात्रप्रभा** पत्रिकाको सम्पादकीयमा लेखिएको भए पनि यसले सिर्जनाको काम कपोलकल्पना, अनावश्यक भावुकता, पलायन, कुण्ठा र विकृत मानसिकतालाई पोख्ने होइन, सामाजिक जागरण ल्याउने हो भन्ने मान्यताको स्थापना गरेको छ ।

कवि भण्डारीका कविताको विषयवस्तु मूलतः मार्क्सवादी चिन्तनमा नै केन्द्रित छ । भावधारा र विचारधाराको समुचित संयोजनमा उनका कविताहरू पूर्णतः सफल देखिन्छन् । मन्दाक्रान्ता छन्दका छ पद्यमा संरचित 'मित्र पो चिन्नुपर्छ' समस्यापूर्ति कविताको विषयवस्तु सामाजिक असमानता, शोषक र शोषितको सामाजिक संरचना र क्रान्तिको सन्देश रहेको छ । मुख्यरूपमा उक्त समस्याको पूर्ति गर्ने उद्देश्य भए पनि भावनात्मक गहिराइमा पुगेर कविले आफ्नो प्रगतिवादी विचारधारालाई यस कवितामा उतारेका छन् । सिद्धान्त र व्यक्तिगत विचारधाराले कविको अनुभूतिमा कुनै न कुनै रूपमा प्रभाव पारेको हुन्छ भन्ने कुराको ज्वलन्त उदाहरण कवि भण्डारीको प्रस्तुत कविता हो । मार्क्सवादी सौन्दर्यशास्त्रले देखाएको अनुभूति, आवेग र भावहरूको नृवैज्ञानिक दृष्टिकोण यस कवितामा व्यक्त भएको छ । समतामूलक समाजको परिकल्पना, सामाजिक जागरणको आह्वान र मार्क्सवादी सौन्दर्यशास्त्रले लक्षित गरेको मानिसको वर्गीय अस्तित्व र स्वतन्त्रताको वैचारिक तथा भावनात्मक उदात्त अभिव्यक्ति र अभिपुष्टिमा नै प्रस्तुत समस्यापूर्ति कविता अडेको छ ।

गर्छन् क्रान्ती धनिकहरूले भन्दछौ भ्रान्ति छोड
बोल्दा वेश्या पदसमुहले व्यर्थ नाता नतोड
काले, हर्के गरिबहरूमा क्रान्तिशक्ती अडिन्छ
खोज्छौ माथि तल झुपडीका मित्र पो चिन्नुपर्छ ।

प्रस्तुत अंशमा क्रान्तिको व्यावहारिक परिभाषा गरिएको छ । यसले युगीन महत्त्वलाई नबुझी, वर्गशत्रु र वर्गमित्रलाई नचिनी र धनीवर्गको नेतृत्वमा क्रान्ति गरेर सामाजिक तथा राजनीतिक परिवर्तनको सपना देख्नेहरूलाई वास्तविक क्रान्ति के हो भन्ने विषयमा स्पष्ट दिशानिर्देश गरेको छ। जनताको बुहुदलीय जनवादका प्रणेता भण्डारीले आफ्ना कवितामार्फत क्रान्तिका बारेमा स्पष्ट धारणा राखेका छन् जुन विश्वव्यापी रूपमा गरिएको अनुभव र देखिएको सत्य हो ।यसरी नै महलबाट गर्जिने क्रान्तिका नेताहरू आफ्नो सङ्घर्षको गतिलाई विपरीत दिशातिर मोडेर गरिबहरूतिर नै बज्रिन सक्छन्, नबुझी तिनीहरूका पछि लाग्दा त्यो बज्रमुक्का आफैँतिर फर्किन सक्छ। गरिब जनताको नेतृत्व महलबाट हुन सक्दैन भन्ने कुरा'मित्र पो चिन्नुपर्छ' कवितामा व्यक्त गरिएको छ । यो वर्तमान नेपाली राजनीतिको यथार्थ हो तर यसको सङ्केत कवि भण्डारीले आजभन्दा चारदशक अगाडि नै गरिसकेका थिए ।

यसरी नै शार्दूलविक्रीडित छन्दका पाँच पद्यमा संरचित 'लौ उत्र सङ्घर्षमा' वैचारिक दृष्टिले निकै खरो रूपमा देखापरेको कविता हो । राजालाई सम्बोधन गरेर थालिएको उक्त कवितामा स्वतन्त्रता र नागरिक अधिकारका बाधक राजा हुन् भन्ने कुराको सङ्केत गर्दै त्यतिबेला (२०२८/२९ तिर) नै जनतालाई सङ्घर्षमा उत्रिन कविले आह्वान गरेका छन् ।

ए राजा ! ल तँलाइ बल्ल मजले जानेँ दलाहा र'छस्
छाती फोरि गरीबका रगतले बाँच्ने चुसाहा र'छस्
पैसे मित्र लँगौटियार तँसँगै तेरा भरौटे सब
के बाच्लान् र ! किसान हौँ, बल भए लौ उत्र सङ्घर्षमा ।

हालको गणतन्त्र नेपालको परिवेशबाट र राजा नभएको हालको अवस्थाबाट हेर्दा भण्डारीको दूरदर्शिता साँच्चै प्रशंसनीय लाग्छ। यसले 'राजा यो देशको प्रगतिको बाधक हो र सामन्तवादी संस्कृतिको अवशेष हो भनेर पत्ता लगाउने हामी मात्र हौँ' भन्ने केही नेताहरूलाई घत लाग्दो जवाफ दिएको छ। पैसे, लगौटियार र भरौटेहरूले राजालाई साथ दिइरहेका बेलामा जनताले एक हुनै पर्छ भन्ने आह्वान कविको हो। कमाइ गर्ने सबै किसान हुन्, तिनीहरूलाई चुस्नेचाहिँ सामन्तहरू हुन्, यस्ता नरपिशाचहरूलाई टुक्र्याउनका लागि पनि देशमा सङ्घर्ष अनिवार्य छ । 'क्रान्ति भन्ने कुरा भोजभतेर होइन, जहाँ सामन्तहरूलाई बोलाइएको हुन्छ' भन्दै कवि भन्छन्-

क्रान्ती भोजभतेर हैन किन हो, सामन्त निम्त्याउँछौ ?
सच्चा मित्र किसानलाइ अझ के बेथाह लत्याउँछौ
क्रान्तीका प्रियबन्धु हो, महलमा के आश चिच्याउँछौ ?
हामी साथ जमात छौँ निडर भै लो उत्र सङ्घर्षमा ।

यस भनाइले पनि क्रान्ति के हो भन्नेबारेमा स्पष्ट विचार अगाडि सारेको छ । राजाका भरौटेहरूलाई त्यो तिम्रो ससुराल हैन, न त बिर्ता हो, न मावली नै, त्यसैले शक्तिका आडमा बसेर जनतालाई दमन गर्नेहरूलाई जनताले चिल्लिबिल्ली पार्नेछन् भन्ने क्रान्तिकारी भविष्यवाणी कविले यस कवितामा गरेका छन् । तिम्रा नकावहरू फुस्किइसकेका छन्, अब मपाइँ बन्ने तिम्रा दिन गए, दलालहरूको अन्त्यका लागि पनि सङ्घर्ष उठान भइसकेको छ भन्ने उद्घोष गरेको चारदशकपछि नेपाल गणतन्त्रमा रूपान्तरण भयो । कवि भण्डारीको यो सपना साकार हुनका लागि केही समय लाग्यो तर उनले गरेको युगबोध सही थियो भन्ने कुराको जीवन्त प्रमाण आजको समाज हो भन्न सकिन्छ ।

'भर्तीवाले पोइलाई चिठी' कविता भण्डारीको युगबोध र समाजबोधको अर्को सशक्त प्रमाण हो । यस कवितामा लाहुरे भएको श्रीमान्लाई घरमा भएकी श्रीमतीले आफ्ना व्यथाहरूलाई समेटेर लेखेको

चिठीलाई विषयवस्तु बनाइएको छ । भिनो आख्यानलाई भावनामा घोलेर कवित्व प्रदान गरिएको प्रस्तुत कवितामा सामन्ती समाजमा एउटा गरिब परिवारले जीवन धान्न गाह्रो हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । जहाँ ठूलाठालूको राज हुन्छ, त्यहाँ गरिबको अस्मिता जिउन सक्दैन र मानवताको पनि अर्थ रहँदैन भन्ने कुरालाई करुणा मिश्रित भावमा अभिव्यक्त गरिएको छ ।

बने बाटा वहाँ राम्रा जहाँ आफू बसेका छन्
त्यहाँ हाम्रा दिदीबैनी कुचो लाइदिने गर्छन्
उता अड्डा उनैका छन् उनका यता खेल
सबै स्कुल र पाठशाला, यहाँ यस्तै छ यो बेला ।

प्रस्तुत भनाइमा वर्गीय समाजमा सामन्तहरूजहाँ छन् त्यहाँ मात्र विकास हुन्छ, तिनकै वरिपरि बाटाघाटा बन्छन्, तिनकै छेउमा अड्डा अदालतहरूखुल्छन्, तिनकै अधीनमा पाठशालाहरू चल्छन् भन्ने सत्यतालाई उद्घाटन गरिएको छ। यसमा वर्गीय समाजको विश्वव्यापी यथार्थ लुकेको छ साथै कविको युगीन विश्लेषण र सामाजिक यथार्थको चित्राङ्कन पनि सशक्त बनेको छ ।

२०३२ सालमा प्रकाशित 'गोरु फुकाऊ हली हो' शीर्षकको कविता कवि भण्डारीको वैचारिक दृढताको ज्वलन्त नमुना हो। गरिबका छोराछोरी धनीका दासदासी बनेर बस्नुपरेको यथार्थताको चित्रण गरेर कविले यस कवितामा सामन्ती साँढेलाई नमासेसम्म सामाजिक उन्नतिको कल्पनासम्म हुन सक्दैन भन्ने आक्रोशित विचार व्यक्त गरेका छन्। शोषक र शोषितका बीचको विशाल खाडललाई देखाउँदै मानवीय संरचनामा समानता देखिए पनि व्यावहारिक रूपमा किन यस्तो विभेद छ ? भन्ने कविको गम्भीर विचार यस कविताका माध्यमबाटसार्वजनिक भएको छ–

उसका भने हाँकोडाको गर्छन् महलदेखि
कमारी भै काम गर्छन् हाम्रा चेलीबेटी
भोको पेट रोएको छ बाँझो डाँडा फोर्दा
हाडमासु दुखेको छ झोरा आवाद गर्दा ।

गरिबका छोराछोरीहरू सामन्तका घरमा काम गर्छन् र तिनलाई सम्पन्न गराइदिन्छन् तर तिनै सामन्तका गर्जन ठूला हुने गर्छन् । गरिबका भोका पेट र नाङ्गा आङको मर्म कसैले पनि बुझ्दैन। सारा बाँझो फोरेर झोरा आवाद गर्नेहरू नै तिनका मालिक बन्न सक्दैनन्, यो दुःखद पक्ष हो भन्नेजस्तो विभेदपूर्ण सामन्ती समाजको यथार्थ चित्र यहाँ देख्न पाइन्छ ।

जोत्ने, खन्ने हामी सधैँ सधैँ जिउँदा मर्दा
हाम्रो रगत आर्जनमा सामन्तको बिर्ता ।

\+ + +

सामन्तको छाला काढी नारा बनाउनु छ
बेला भयो गोरु फुकाऊ देश बनाउनु छ ।

प्रस्तुत कवितामा नेपाली समाजको वर्गीय असमानताको मूर्त चित्र पाइन्छ। दासप्रथाको तथाकथित अन्त्यको घोषणा किताबहरूमा भए पनि व्यवहारमा भने जस्ताको तस्तै रहिरहेको यथार्थताको उदाहरण नै यो कविता हो। निरीह अनुहार लिएर सामन्तका अगाडि दयाको भीख माग्दा पाइँदैन, आफ्नो शक्ति देखाएर आफ्नो अधिकार खोस्नुपर्छ भन्ने यस कविताको सन्देश हो। उच्चवर्गमा मानवता छैन, निम्नवर्गमा रहेको मानवता दासत्वले थिचिएको छ भन्ने कुरा देखाउँदै सम्पूर्ण मानवजातिलाई आफ्नो अस्तित्व र स्वाभिमानको खोजी गर्न पनि यस कविताले झकझकाएको छ। यस कवितामा प्रयुक्त युगबोध क्रान्ति र परिवर्तनका लागि मार्गदर्शक बनेको छ ।

कवि मदन भण्डारीका कवितामा नेपाली समाजको लैङ्गिक विभेदले पनि उल्लेखनीय स्थान पाएको छ। जबसम्म नारीहरू शिक्षित हुँदैनन्, जबसम्म नारीहरू सचेत र जागृत हुँदैनन् तबसम्म देशले प्रगति गर्न सक्दैन भन्ने कुरालाई कवि भण्डारीले आफ्ना गीतमार्फत जीवन्त रूपमा प्रस्तुत गरेका छन्। अनावश्यक थिचोमिचोका कारण नेपाली नारीहरू सधैँ त्रसित भएर बस्नुपरेको हुनाले अब जागृत हुने बेला आएको युगानुकूल सन्देश प्रस्तुत गीतमा पाइन्छ–

गएर भन्देऊ न, ती हाम्रा दिदी र बैनीलाई
साह्रै नै थिचोमिचो छ नेपाली नारीलाई ।
उत्तिकैमा छोरालाई स्कुल पढ्न पठाए
उत्तिकैमा छोरीलाई भाँडा माझ्न लगाए ।

साह्रै नै थिचोमिचो छ नेपाली नारीलाई ।

एउटै घरका सन्तान छोरा र छोरीमा अमानवीय भेदभाव गर्ने, छोरालाई स्कुल पठाउने र छोरीलाई भाँडा माझ्न लगाउने विभेदकारी नेपाली समाजको यथार्थ प्रस्तुत गरेर नारीजागरणका लागि सबैलाई आह्वान गर्ने काम यस गीतले गरेको छ । यहाँ पनि एउटा युगीन प्रतिविम्ब स्पष्ट रूपमा देख्न पाइन्छ ।

जनकवि भण्डारी जननेता भइसकेपछिका उनका रचनामा पनि युगानुकूल वैचारिक उद्घोषहरू निरन्तर आइरहे । नेपालको कम्युनिस्ट आन्दोलनमा रत्नकुमार बान्तवाको योगदानलाई जोकोहीले भुल्न सक्दैनन् । जसको नाममात्रले पनि हरेक कम्युनिस्टहरूको शिर श्रद्धाले झुक्ने गर्छ । कवि भण्डारीले रत्नकुमार बान्तवाको स्मृतिमा एउटा गीत लेखेका छन् जहाँ तत्कालीन राजा वीरेन्द्रलाई 'वीरे' भनी सम्बोधन गरिएको छ । आक्रोशपूर्ण ठाडो भाषामा लेखिएको प्रस्तुत गीतमा हत्या र दमनले क्रान्ति नरोकिने युगानुकूल क्रान्तिकारी उद्घोष गरिएको छ ।

इलामको माटोमा झुल्केको सूर्य बादलले छोपिन्न
रत्नको बाटो पछ्याउँछौं हामी बाधाले रोकिन्न
बाधाका शिर कुल्चेर हिँड्छन् अजेय सन्तानले
क्रान्तिको गति रुक्तैन कहिल्यै हत्या र दमनले ।

यस गीतमा चेतनाका संवाहकहरूमारिन सक्ने, क्रान्तिलाई रोक्नका लागि अनेकौं हत्या, हिंसा र दमन हुन सक्ने तर एकदुईजना क्रान्तियोद्धाहरूले सहादत प्राप्त गर्दैमा क्रान्ति नरोकिने र गन्तव्य ताकेर लम्किएकाहरूलाई सानातिना बाधा र व्यवधानहरूले केही गर्न नसक्ने सङ्कल्पपूर्ण र सङ्घर्षशील विचारको स्थापना भएको छ ।

क्रान्ति र क्रान्तिकारीमा अन्योन्याश्रित सम्बन्ध छ । क्रान्ति सफल हुनका लागि क्रान्तिकारीहरूको नियत पनि सफा हुनुपर्छ । राजनीतिक क्रान्ति मात्र होइन, जिन्दगी नै एउटा युद्धमैदान हो । यसका योद्धाहरूले जित्ने वा हार्ने भन्ने कुराको सम्बन्ध तिनको नियतसँग जोडिएको हुन्छ । नियत सफा हुनेहरू वा कर्तव्य, इमानदारिता र निष्ठामा बाँचेकाहरूले मात्र जीवनका जुनसुकै युद्धहरू जित्न सक्छन् र विजयको चुचुरोमा पुगी छाड्छन् भन्ने दृढ वैचारिक भाव उनको 'नियत नबाङ्गिएकाहरू' शीर्षकको कवितामा पाइन्छ–

छलकपटरहित
निडर
र नियत नबाङ्गिएकाहरू
अनिवार्य रूपमा
विजयको शिखरमा पुगी छाड्छन् ।

मदन भण्डारी कविभन्दा बढी नेता हुन् तापनि उनका अभिव्यक्तिहरूमा कवितात्मक प्रवाह पाइन्छ । साहित्यिक अभिव्यक्ति, प्रतीकात्मक प्रस्तुतीकरण, कवितात्मक औपदेशिकता र सूक्तिमय प्रवाहशीलता उनका भाषणका विशेषता भएकाले भण्डारीका भाषणमा जतातत‌ै कविता पाइन्छन् । भाषण गर्न मञ्चमा उभिएका जननेता भण्डारीलाई जनकवि भण्डारीले जहाँ पनि पछ्याइरहेको हुन्छ । कतै प्रचलित तथा कतै स्वनिर्मित उखान-टुक्काहरूको प्रयोग गरेर वक्ता भण्डारी आफ्नो कविव्यक्तित्व पोखिरहेका भेटिन्छन् । आलङ्कारिक अभिव्यक्ति दिनमा खप्पिस मदन भण्डारीले एकदिन सदनमा राजनीतिक पार्टी र नेतृत्ववर्गको कार्यशैलीलाई जोड्दै र देशको भविष्यलाई सङ्केत गर्दै उपदेशात्मक शैलीमा जागरणको उद्घोष यसरी गरेको थिए–

अब टाङमाथि टाङ गरेर
हातमाथि हात गरेर
हामी यदि आरामको निद्रा सुत्छौं भने
हामी राति नै सखाप हुनेछौं ।

हुनत यो भाषणमा आएको सहज अभिव्यक्ति हो तर यहाँको भावगाम्भीर्य र सङ्गीतचेतना कुनै विशिष्ट कविको विशिष्ट कविताभन्दा कम छैन, जसले व्यक्तिनिष्क्रियताले राष्ट्रिय विकास र परिवर्तनमा पार्ने प्रभावको हृदयस्पर्शी चित्रण गरेको छ । यसले नेतृत्ववर्गलाई युगानुकूल जिम्मेवारीबोधका लागि मार्गनिर्देश समेत गरेको छ । यसरीनै रूपक अलङ्कारको प्रयोग गरेर नेपाली राजनीतिक परिवर्तनको यथार्थ बोध गराउने उनको निम्नलिखित भनाइ एउटा सुन्दर कविता बन्न पुगेको छ–

सुतेको सिंहको होइन

मान्छेको रगत खाएर

मातेको सिंहलाई जगरमा समातेर

सडकमा पछार्दा

यो प्रजातन्त्र आएको हो ।

प्रस्तुत भनाइमा देशमा परिवर्तन सजिलै आएको छैन भन्ने कुरालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । उनको व्यङ्ग्य गालीजस्तो रूखो नभएर कलात्मक हुन्छ । एउटा कुराको चित्रणबाट अर्कै कुराको सङ्केत गरेर उनले राजनीतिक नैतिकताको धेरै ठाउँमा खोजी गरेका छन् । प्रजातन्त्रप्राप्तिका लागि हातेमालो गर्दै हिँडेका दुई शक्ति प्रजातन्त्रको जग पनि नबस्दै एकआपसमा लुछाचुँडी र तानातान गर्न थालेपछि देशको भविष्य पुनः अन्धकारतिर धकेलिन सक्ने सम्भाव्यतालाई ध्यानमा राखेर राष्ट्रको विकासलाई पहिलो प्राथमिकता दिँदै एकदिन नेता भण्डारीले सदनमा यस्तो संवेदनशील एवम् कवितात्मक अभिव्यक्ति दिए–

घर यस्तो जीर्ण-जीर्ण

भइसकेको थियो,

जसका किल्ला-काँटाहरू

सारा खिया परिसकेका थिए,

टुट्न लागेका थिए,

जसका कब्जाहरू उक्किसकेका थिए,

चर्किसकेको थियो,

यस्तो चर्किएको घरमा

यदि दुइटा ठूलठूला पहलमानहरूले

तलामा कुस्ती गर्ने हो भने

यो घरले थाम्न सक्दैन ।

प्रस्तुत भनाइ त्यतिबेलाका लागि मात्र होइन, अहिले पनि त्यत्तिकै सान्दर्भिक छ । देशमा गणतन्त्र आएको छ तर संस्थागत हुन पाएको छैन । देशमा संविधानसभामार्फत संविधान जारी भएको छ तर लागु हुन पाएको छैन । देशमा विकासको गति ठ्याक्कै रोकिएको हो, उद्योगधन्धाहरू पूर्णरूपमा बन्द भएका छन् र सबैतिर हाहाकार छ जसले गर्दा जनतामा राजनीतिप्रति नै वितृष्णा जाग्न थालेको छ । यस्तो अवस्थामा परिवर्तनका पक्षधरहरू वा संविधानका निर्माताहरू केही समयसम्म त एउटै बोली र एउटै लक्ष्यका साथ अगाडि बढ्नुपर्ने हो तर नेतृत्ववर्ग नै सत्ताको लुछाचुँडी, कुर्सीको तानातान र घिनलाग्दो चलखेलमा लागेको देख्दा कवि भण्डारीले गरेको त्यो आह्वान कति दूरदर्शी र देशका लागि फलदायी थियो भन्ने कुरा पुष्टि हुन्छ ।

जननेता मदन भण्डारी जनताको बहुदलीय जनवादका जन्मदाता र व्याख्याता पनि हुन् । चुनावी प्रतिस्पर्धाबाट जनवादसम्म पुग्न सकिन्छ भन्ने मान्यताका सिद्धान्तकार भण्डारीको विचारको विजय नेपालमा मात्र होइन, विश्वका धेरै मुलुकहरूमा भइसकेको छ । स्पष्ट रूपमा नभने पनि हातहतियारबाट राज्यसत्ता प्राप्त गर्ने लक्ष्यका साथ युद्धमा होमिएका राजनीति शक्तिहरू पनि क्रमशः चुनावी प्रतिस्पर्धामा आउनु भण्डारीको सिद्धान्तको विजय हो भन्न सकिन्छ । तर, विगतमा राजनीतिक पार्टीहरूले चुनावलाई जुन रूपमा प्रयोग गरे र अहिले पनि गरिरहेका छन् त्यो रूप भण्डारीले चाहेको चुनावी रूप होइन । चुनावलाई हातहतियार, लढाइँ र छलकपटको प्रयोग गर्ने ठाउँ बनाउनु हुँदैन भन्दै उनले एक ठाउँमा भनेका थिए–

यो महाभारतमा,

त्यस्तो ब्रह्मास्त्र, पाशुपतास्त्र, इन्द्रास्त्र

अरू अनेकौं आदि-इत्यादि

त्यस्ता अस्त्रास्त्रहरू प्रयोग नगरियोस्,

यसमा त विश्वासको अस्त्र प्रयोग गरियोस्,

आस्थाको अस्त्र प्रयोग गरियोस्,

रचनाको अस्त्र प्रयोग गरियोस्,

कार्यक्रम र नीतिहरूको अस्त्र प्रयोग गरियोस् ।

प्रस्तुत अंशमा रहेको राजनीतिक नैतिकता वा राजनीतिक निष्ठाको एक अंशको मात्र पालना नेपाली राजनीतिमा हुन पाएको भए चुनावका नाममा हुने गरेको यस्तो घिनलाग्दो प्रदर्शन कसैले देख्नुपर्ने थिएन । यस अर्थमा पनि मदन भण्डारीको युगबोधले

सकारात्मक एवं सुन्दर भविष्यको प्रतीक्षा गरिरहेको देखिन्छ ।

आज नेपालको कम्युनिस्ट आन्दोलनमा पनि काला दागहरूदेखिन थालेका छन् र कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ताहरूमा पनि चारित्रिक प्रश्नहरूउठ्न थालेका छन् । मदन भण्डारीले कम्युनिस्ट पार्टी र अन्य पार्टीका बीचको भिन्नता के हो र ती पार्टीका सदस्यहरू कस्ता हुन्छन् भन्नेबारेमा आफ्नो स्पष्ट विचारका साथ ती दुईमा भेद देखाइदिएका छन्–

कम्युनिस्ट पार्टी,

महलका मैयाँहरूको पार्टी होइन,

कम्युनिस्ट पार्टी,

महलका राजकुमारहरूको पार्टी होइन,

यो अर्कालै दिसा धोइदिने

त्यो मालिकको पार्टी होइन,

यो वास्तवमा त्यही खेतमा काम गर्ने
किसानहरूको

कारखानामा काम गर्ने मजदुरहरूको

श्रमजीवी र दुःखजिलो गरी खाने
जनसमुदायहरूको

त्यस्ताश्रमजीवी जनसमुदायहरूको पार्टी हो ।

तर, आज नेपाली परिवेशमा यो विचार ठीक उल्टो बन्न पुगेको छ। खराब नेतृत्वका कारण केही कम्युनिस्ट पार्टी र तिनका नेताहरू विलासी बन्न पुगेर सिद्धान्तको गलत व्याख्या हुन थाले पनि कवि भण्डारीको उक्त विचार भने सही हो। यही नै कम्युनिस्ट आदर्श हो र विश्वव्यापी पहिचान पनि हो ।

यसरी नै भण्डारीले आलङ्कारिक शैलीमा कतै देश सन्त-महन्तहरूले होइन, उच्च चेतना र नेतृत्व क्षमता भएकाहरूले चलाउनुपर्छ भनेका छन्, कतै कतै विश्वराजनीतिक इतिहासमा पुँजीवादले भोग्नुपरेका दुर्दशाहरूको तार्किक चित्रण गरेका छन् भने कतै अनुप्रासमूलक अभिव्यक्तिमा राजालाई आफ्नो स्थान आफैँ निर्धारण गर्न चुनौती दिएका छन्–

मान-सम्मानलाई उपभोग गर्दै

किनारामा बसिबक्सियोस् महाराज !

हात नलम्काइबक्स्योस् !

आँखा नचम्काइबक्स्योस् !

आफ्ना सण्डमुसण्डहरूलाई

नचलाइबक्स्योस् !!

यदि सण्डमुसण्डहरूलाई नै चलाउने हो भने,

यदि सण्डमुसण्डहरूलाई नै अगाडि लिएर आउने
हो भने

महाराजले पनि श्रीपेच उतारेर,

सिंहासनमा राखेर,

मैदानमा नेता भएर आउनुपर्‍यो

ताकि, प्रतिद्वन्द्विता गर्न सकियोस् ।

कवि मदन भण्डारीको युगबोध कति शक्तिशाली थियो भन्ने कुराको प्रमाण उक्त भनाइ हो । यदि राजाले आफ्नो हैसियत बुझेर काम गरेको भए आज पनि नेपालमा राजाको उपस्थिति सम्भव थियो। आफ्नो शक्तिको दुरुपयोग गरी जनअधिकारको अपहरण गर्न खोज्दा त्यति लामो इतिहास बोकेको शक्तिकेन्द्र कसरी धराशायी बन्ने रहेछ भन्ने कुराका प्रत्यक्षदर्शी हामी नै छौँ । भण्डारीले उक्त कुराको उद्घोष गरेको डेढ दशक पनि नबित्दै नेपालबाट राजसंस्था सदाका लागि अन्त्य भएर गयो। यही नै उनको दूरदर्शी सिर्जनशीलताको उदाहरण हो ।

यसरी प्राञ्जल भाषाशैलीका माध्यमबाट सूक्तिमय अभिव्यक्ति दिन खप्पिस कवि मदन भण्डारीका कवितामा देश दुखेको हुन्छ, माटो रोएको हुन्छ, नेपाली जीवन आफ्नो अस्मिता खोजिरहेको हुन्छ, शोषित मुटु आक्रोशित बनेर पोखिएको हुन्छ र मानवले मानवीय मूल्यको माग गरिरहेको हुन्छ। छोटो साहित्यलेखनका अवधिमा पनि महत्त्वपूर्ण सिर्जना दिन सफल उनका रचनाहरू नेपाली साहित्यको प्रगतिवादी साहित्यलेखनका फाँटमा मात्र नभएर सिङ्गो नेपाली साहित्यजगत्कै अमूल्य निधि हुन् । उनका रचनाहरू एकातिर उनको साहित्यप्रतिको झुकाव र गहिरो अध्ययन एवं संवेदनशील मुटुका मूर्त चित्र हुन् भने अर्कातिर

भण्डारीलाई केवल राजनीतिक छाताभित्रको हृदयशून्य नेतामात्र देख्नेहरूका लागि घत लाग्दो जवाफ पनि हुन् । अझै गहिरिने हो भने बिनाअध्ययन र बिनासिर्जना नेपाली जीवनपद्धतिको व्याख्या गर्न खोज्ने 'च्याउनेता'हरूका लागि अप्रत्यक्ष व्यङ्ग्य पनि हुन् । एउटा युगीन दृष्टि, स्पष्ट विचार र कलाचेत भएको व्यक्ति जुनसुकै क्षेत्रमा सफल हुन्छ भन्ने कुराको प्रमाण मदन भण्डारीको व्यक्तित्व हो । उनले भोगेको युग, उनले बुझेको युग, उनले छामेको युग र उनले बनाउन चाहेको युगमा विश्वसनीयता छ । त्यही विश्वासको अभिव्यक्ति उनका कवितामा पनि भएको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा एउटै वाक्यमा सिङ्गो देश, सिङ्गो मानवजीवन र वर्तमानको समग्र चित्र उतार्न सक्ने कवि भण्डारी केवल राजनीतिक इतिहासका मात्र नभएर साहित्यिक इतिहासका पनि उल्लेख्य व्यक्तित्व हुन् । छन्द र अलङ्कारको राम्रो ज्ञान भएका कवि भण्डारीको भाषाशैली प्राञ्जल छ । उखान र टुक्कालाई आफ्ना अभिव्यक्तिभित्र खुसुक्क घुसाएर भावलाई जीवन्तता दिनमा उनी खप्पिस देखापर्छन् । प्रतीकात्मक एवम् बिम्बात्मक प्रस्तुतीकरणका धनी कवि भण्डारीका कवितामा सहजता र सम्प्रेषणीयता पाइन्छ । गहन भावलाई पनि स्वाभाविक शैलीमा प्रस्तुत गर्ने र भावनाको साधारणीकरण गर्ने उनको शैलीले गर्दा नै उनका कविताहरू अत्यन्त प्रभावकारी बनेका छन् । कवि भण्डारीका अहिलेसम्म प्राप्त कविता र गीतहरूमा नेपाली जीवनको पीडित पक्षको स्वर पाइन्छ । निम्नवर्गीय सामाजिक संरचनाप्रतिको सहानुभूति, शोषणप्रतिको आक्रोश, जीवनभोगाइप्रतिको आशावादिता, मानवीय स्वाभिमानको खोजी र शिष्ट, सभ्य र समतामूलक समाजको परिकल्पना जस्ता कुराहरू भण्डारीका कविताभित्र जतातत्तै सल्बलाएका पाइन्छन् । युगबोध उनका कविताको सबैभन्दा शक्तिशाली पाटो हो । उनको एउटा पनि कविता कल्पनाको संसारमा विचरण गर्ने भावुक हृदयको उपज बनेर आएको छैन । उनका कवितामा तत्कालीन समाज छ, विपन्न जीवन छ, वर्गीय मुक्तिका लागि गरिएको प्रयास र दिशाबोध छ अनि युगीन आवश्यकताको बोध र त्यसको पूर्तिका लागि गरिएको सत्प्रयास छ ।

■

# पुनर्निर्माणमा देखा परेका चुनौती र अबको बाटो



✍ ई. सुशील ज्ञवाली*

विनकासकारी भूकम्प गएको दुई वर्ष र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन भएको एक वर्ष भन्दा बढी बितिसक्दा पनि पुनर्निर्माण कार्यले आशातित सफलता पाउन सके वा नसकेको भन्नेबारे विभिन्न कोणबाट बहस हुने गरेको छ । भूकम्प गएको दुई वर्षलाई आधार मान्दा नेपालको पुनर्निर्माण ढिला भएकै हो । तर राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठनपछि हेर्ने हो र त्यसलाई वस्तुगत रुपमा समीक्षा गर्ने हो भने पुनर्निर्माणका कामहरु भएका छन् । तर राजनीतिक, प्रशासनिक, आर्थिक, प्राविधिक, प्रकृयागत दुष्चक्र कायमै रहेकाले जति परिणाम निकाल्न सकिन्थ्यो, त्यति काम नभएको सत्य हो ।

त्यही कारणले यसले भूकम्प पश्चात्को पुनर्निर्माण र पुर्नस्थापनाका माध्यममार्फत मुलुकको गोरेटो कोर्न सकिने विश्वासमा तुषारापात समेत भएको छ । नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने व्यवस्था सहितको नेपालको संविधान २०७२ को कार्यान्वयनको महत्वपूर्ण खुड्किलोको रुपमा रहेको स्थानीय तहको पहिलो चरणको निर्वाचनले नेपालको वर्तमान राज्य प्रणालीलाई आमूल परिवर्तनको दिशातर्फ डोर्याएको छ । यस निर्वाचनले वास्तविक अर्थमा सिंदरबारमा केन्द्रित राजकीय सत्तालाई सात सय चोवालिस वटा स्थानीय सरकारको माध्यमद्वारा जनताको घर आँगनमा पुर्याउँदैछ । अतः कुनै ढिलाइ नगरिकन सबै राजनैतिक दल, सरकारी संयन्त्र, नागरिक समाज, निजी क्षेत्र र पुनर्निर्माणमा सहयोग गरिरहेका अन्तर्राष्ट्रिय समुदायले एकै ठाउँमा बसी गम्भीर छलफलका साथ पुनर्निर्माणको बाटो तय गर्नु आवश्यक छ ।

**पुनर्निर्माणमा काम नभएको हो त ?**

पुनर्निर्माणमा बाहिर प्रचार भए जस्तै कामै नभएको भन्ने कुरा सत्य होइन । भूकम्प पश्चातको राहत र उद्धारका समयमा मूलत: हाम्रो कार्य सम्पादन राम्रो रह्यो । तर, तत्कालिन सरकारले आफ्नै आन्तरिक समस्याका कारण संसदमा अध्यादेश पेश गरेन । यसका कारण करिव पन्ध्र दिन अस्तित्वमा भएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण भूकम्प गएको करिव आठ महिना पश्चात् मात्र गठन हुन पुग्यो । यसले उद्धार र राहतको समयमा देखा परेको पुनर्निर्माण सम्बन्धी राष्ट्रिय आत्मविश्वास करिव करिव निराशपूर्ण अवस्थामा जाने स्थिति सिर्जना गर्यो ।

मैले २०७२ पौष १२ गते प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतको रुपमा जिम्मेवारी वहन गर्दा संसदबाट स्वीकृत ऐन, सचिवसहित तीन

---

* पूर्व प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

जना कर्मचारी लिएर कार्यारम्भ गरेको थिएँ । एकातर्फ यहाँ केही गर्न सकिदैन भन्ने आममानसिकता र अर्कातर्फ प्राधिकरणको सिइओ आउनासाथ कम्तिमा २०७३ सालको वर्षात् अगावै ४/५ महिनामै निजी आवास पुनर्निर्माणको कार्य हुनुपर्ने मागलाई संयोजन गर्दै हामीले द्रुत गतिमा दातृ निकायहरुको पूर्व शर्तका रुपमा रहेको विस्तृत घरधुरी सर्वेक्षण, सूचना प्रणालीको विकास, पुनर्निर्माण सम्बन्धी पञ्च वर्षिय योजनाको खाकाको तयारी, पुनःनिर्माण तथा पुर्नस्थापना सम्बन्धी राष्ट्रिय नीति, संस्थागत संरचना, कार्य प्रणाली एवं आवश्यक निर्देशिका र कार्य विधिहरुको तयारी कार्य गरियो । बस्ती स्थानान्तरण कार्यमा केही लाग्ने आंकलन गरी जोखिमयुक्त बस्तीबाट विस्थापित परिवारलाई लक्षित गरी सामूहिक आवासहरुको व्यवस्था गरियो । हाम्रो आफ्नै परिवेशलाई दृष्टिगत गर्दै दातृ निकायहरुलाई समेत विश्वासमा लिई निर्देशिका र कार्यविधिहरुमा क्रमशः परिमार्जन गरी भूकम्पबाट पीडित सबै परिवारहरुलाई अनुदान उलब्ध गराउन सकिने व्यवस्था गरियो ।

पहिले निर्धारित दुई लाख रुपैयाँमा एक लाख थप गरी हाल प्रत्येक पीडित परिवारलाई आफ्नो घर पुनर्निर्माणका लागि तीन लाख रुपैयाँ उपलब्ध गराउने व्यवस्था भएको छ । पुनर्निर्माणसँग सम्बन्धित प्रमुख तीन वटा मन्त्रालय शिक्षा, सहरी विकास एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयहरुले विभागिय हैसियतका केन्द्रीय कार्यालयसहित भूकम्प अति प्रभावित चौधवटै जिल्लामा जिल्ला कार्यान्वयन एकाई स्थापना गरेका छन् भने प्राधिकरणले केन्द्रीय कार्यालय सहित चौधवटै जिल्लामा सांसदहरुको नेतृत्व र प्रतिनिधित्वमा जिल्ला समन्वय समिति गठन एवं सो का कार्यालयरु स्थापना गरेको छ । पहिलेका गाविस र हाल वडा तहमा प्राविधिक जनशक्ति रहने व्यवस्था भएको थियो । प्राप्त सीमित बजेट स्रोतभित्र रही क्षतिग्रस्त पुरातात्विक सम्पदाहरु मध्ये करिव ९० वटा निर्माण भइरहेका र करिव २० वटा सम्पन्न भएका थिए । करिव १२ सय वटा विद्यालय भवन पुनर्निर्माण भएका र करिव सोही संख्यामा निर्माणाधिन थिए । करिव दुई सय वटा स्वास्थ्य संस्थाको निर्माण सम्पन्न भएका थिए। २०७३ साल साउन २० मा वर्तमान सरकार गठन भए पश्चात् पैतालीस दिनभित्र भूकम्प अति प्रभावित एघार जिल्लाका ५ लाख ३३ हजार लाभग्राही परिवार मध्ये प्राविधिक र कानूनी समस्यामा रहेका बाहेक सबैलाई पहिलो किस्ता आदान वितरण गर्ने चुनौतीपूर्ण जिम्मेवारीलाई मैले स्वीकार गर्दै तोकिएको अवधिभित्रै व्यवस्थित रुपमा कार्य सम्पन्न गरेको र त्यस कार्यलाई स्वयं प्रधानमन्त्रीको अध्यक्षताको निर्देशक समितिले प्रशंसा गरेको तथ्य हाम्रो सम्झनामा ताजै छ ।

यसरी संक्रमणकालिन जटिलता र विभिन्न प्रतिकूलताका बावजूद हामीले अघि बढाएको योजनाबद्ध, व्यवस्थित र दीगो पुनर्निर्माण कार्यले क्रमशः लिन थालेको गतिलाई छिमेकी मुलुक भारत र पाकिस्तानसँग दाँज्दै अन्तर्राष्ट्रिय दातृ समुदायले समेत प्रशंसा गरेका थिए । मैले जिम्मेवारी सम्हाल्दासम्म उनीहरुले अन्तर्राष्ट्रिय सम्मेलनमा प्रतिवद्धता व्यक्त गरेको वास्तविक रकम ३४३ अर्ब मध्ये करिव ८० प्रतिशत अर्थात् २७८ अर्ब रुपैयाँको सम्झौता गरेका छन् भने हामीले लिएको दिशा र गति कायम राखेमा थप सहयोगको प्रतिबद्धता गरेका छन् । तर, वर्तमान सरकारले अन्तर्राष्ट्रिय समुदायको त्यस्तो सदासयतालाई मनन गर्न सकेन भने अर्कातर्फ यसले पुननिर्माण कार्यलाई गतिदिन प्राधिकरणका तर्फबाट पटक पटक लिखित रुपमा पेश गरिएका जटिलता, समस्या र तिनको समाधानका उपायहरुका सम्बन्धमा गम्भीर ढंगले छलफल समेत गर्न चाहेन । उल्टै यसले सत्ता टिकाउने राजनैतिक स्वार्थबाट निर्देशित भई आफैले सन्तोषजन कार्य सम्पादन भनी निर्णय गरेको र

अन्तर्राष्ट्रिय समुदायबाट प्रशंशित भएको पुनर्निर्माण कार्यलाई अन्योलग्रस्त बनाई अनाहकमा मलाई पदबाट हटाउने कार्य गर्यो ।

भर्खरै तीव्र गतिमा पुनर्निर्माण कार्यका परिणामहरु एकपछि अर्को गर्दै आउन लागेको र पैतालिस दिने सफल अनुदान वितरण अभियान जस्तै गरी पुनर्निर्माणको समग्र क्षेत्र समेटिएको समयबद्ध तालिका, जिम्मेवार निकाय र बजेट समेत तोकिएको विस्तृत कार्ययोजना कार्यान्वयनको अभियान सुरु भएको समयमा प्राधिकरण प्रमुख कार्यकारी अधिकृतको परिवर्तनको यो परिघटनाका कारण विगत साढे तीन महिनादेखि हाम्रो पुनर्निर्माण कार्यले गन्तव्य पहिचान गर्न नसकी चौबाटोमा रुमलिन पुगेको छ। वर्तमान राजनैतिक नेतृत्वको सरकारले २०७३ पौष १४ गते मलाई प्रमुख कार्यकारी अधिकृतका रुपमा सन्तोषजनक रुपमा कार्य सम्पादन गर्न नसकेको भनी आरोप लगाई हटाउँदा पुनर्निर्माणमा देखा परेका जे जस्ता समस्या र समाधान उपायका फेहरिस्त पेश गरेको थिएँ, प्राधिकरणको वर्तमान नेतृत्व समेत पाँच महिनाको अत्यन्त महत्वपूर्ण समय व्यतित गरी सोही समस्याहरु ज्यूँका त्यूँ रहेको बताउनुले पुनर्निर्माणसँग सम्बन्धित मूल समस्या प्राधिकरणभित्र नभई सरकार र वर्तमान राजनैतिक नेतृत्वको सोच, प्रतिबद्धता र कार्य प्रणालीमा रहेको कुरा सबैका सामुन्ने छर्लङ्ग भएको छ ।

## समस्या कहाँ छ ?

पुनर्निर्माणमा रहेको हाम्रो समस्या भनेको राजनैतिक दलहरुले यसलाई राजनैतिक स्वार्थसिद्धको दाउपेचको रुपमा प्रयोग गर्नु हो । राजनैतिक दाउपेजकै कारण प्राधिकरणको गठन गर्न समेत आठ महिना कुर्नु पर्यो भने पछिल्लो समय सत्ता प्राप्तिको भर्याङको रुपमा वर्तमान सत्तासिन राजनैतिक दलहरुले यसलाई प्रयोग गरे । संसद बैठक अवरोधसहित एकै किस्तामा आवास अनुदान उपलब्ध गराउनुपर्ने कुरामा भएको हंगामा र ऐनमा रहेको कानूनी व्यवस्थालाई बेवास्ता गर्दै पुनर्निर्माणको आधारस्तम्भ खडा गरी जनतालाई अनुभूति हुने तहमा गइरहेको पुनर्निर्माण कार्यलाई लथालिङ्ग पार्नै गरी यसमा अहोरात्र खटिरहेको प्रमुख कार्यकारी अधिकृतलाई हटाउने कार्य यसका ज्वलन्त उदाहरणहरु हुन् । प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत परिवर्तन पश्चात् झन अन्योलग्रस्त बनेको पुनर्निर्माणको वर्तमान अवस्थाले सरकारको उदासिनतालाई नराम्ररी उजागर गरेको छ ।

विपद्पश्चातको पुनर्निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरुले समेत स्थानीय समुदायको व्यापक परिचालन पुनर्निर्माणको सफलताको कडीको रुपमा रहने गरेको पुष्टि गरेको छ । विगत करिव पन्ध्र वर्षदेखि स्थानीय तहमा जनप्रनिधिहिनताको अवस्थाले सरकारी संयन्त्रहरुको स्थानीय जनतासँगको सम्पर्क र विकास निर्माण कार्यमा जनसहभागिता अत्यन्त कमजोर बन्न पुग्यो । जुन कुरा पुनर्निर्माण प्राधिकरणका सन्दर्भमा छताछुल्ल भएर देखा पर्यो । यस कुरालाई दृष्टिगत गर्दै निर्देशक समितिबाट पटक पटक निर्देशन हुँदा समेत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा भूकम्प प्रभावित प्रत्येक टोल, बस्ती तथा वडाहरुमा पुनर्निर्माण सामुदायिक समितिहरु गठन र परिचालन नहुनु र सरकारले करिव पच्चिस प्रतिशत गाविसहरुमा त गाविस सचिव समेतको व्यवस्था नगर्नु पुनर्निर्माणमा रहेको दोस्रो प्रमुख समस्या हो ।

संविधानद्वारा संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचना तय भएको तर प्रदेश र स्थानीय तहको गठन नभएका कारण पुनर्निर्माण कार्यमा सम्पूर्ण रुपमा केन्द्रीय सरकारका प्रशासनिक संरचनामाथि निर्भर भई पुननिर्माणको कार्य अघि बढाउनु पर्ने वर्तमान संक्रमणकालिन अवस्थाको बाध्यता हो । यस अवस्थामा पुनर्निर्माण सम्बन्धी वृहत्तर क्षेत्र समेटिएका कार्यहरुको सम्पादनका निम्ति प्राधिकरण स्वभाविक रुपमा मूलतः केन्द्रीय सरकारका जिल्ला र गाउँ तहसम्मका प्रशासनिक संरचनाहरु र कर्मचारीहरुमाथि निर्भर रहनु पर्ने

थियो । सरकारको नियमित कार्य सम्पादन र बजेट परिचालनलाई यथोचित ढंगले कार्यान्वयन गर्न नसकिरहेको उक्त कर्मचारी संयन्त्रलाई पुनर्निर्माणको वृतत्तर भारलाई सम्हाल्न विशेष संरचनाहरुको स्थापनासहित थप जनशक्तिको व्यवस्था गरिदिनु पर्ने थियो । यसका लागि केन्द्रीय एवं जिल्ला तहसम्म विशेष संरचनाहरु त स्थापित भए, तर ती संरचनाहरुमा एक दुई जना कर्मचारी राख्न पनि मन्त्रिपरिषद्कै निर्णय गरिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना गरियो । यसरी प्राधिकरण वा पुनर्निर्माणका लागि विभिन्न मन्त्रालय अन्तर्गत स्थापित केन्द्रीय, जिल्ला एवं स्थानीय संरचनाले समयमै आवश्यक जनशक्ति व्यवस्थापन गर्न नसकि कार्य सम्पादनमा गम्भीर असर पार्यो । त्यसमाथि केन्द्रीय सरकारसँग नियमित कार्य सम्पादनका लागि समेत कर्मचारी अभाव भएको र समग्र कर्मचारी प्रशासनको मूल प्रवृति नतिजामुखी भन्दा प्रक्रियामुखी रहेको कारण तत्काल नतिजा आवश्यक पर्ने पुनर्निर्माण कार्य प्रणाली प्रक्रियामुखी बन्न पुग्यो । यो स्थिति हिजो पनि थियो र आज पनि छ । यो अवस्था पुनर्निर्माणका सन्दर्भमा देखा परेको तेस्रो प्रमुख चुनौतीका रुपमा रह्यो ।

भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ ले पुनर्निर्माणका लागि आवश्यक पर्ने बजेट परिचालनका निम्ति प्राधिकरणलाई स्वायत्तता प्रदान गर्ने अवधारणा सहित नेपाल सरकार, दातृ निकाय एवं अन्य सबै क्षेत्रबाट प्राप्त हुने रकमलाई 'पुनर्निर्माण कोष'मा राखी एकद्वार प्रणालीमार्फत निर्देशक समिति एवं कार्यकारी समितिको निर्णयका आधारमा परिचालन गर्ने व्यवस्था गरेको छ । यसका लागि व्यवस्थापिका संसदले मूल बजेट पारित गरे पश्चात प्राधिकरणको निर्देशक समिति एवं कार्यकारी समितिबाट हुने निर्णयका आधारमा बजेटका प्राथमिकता तोकिने र बाँडफाँड हुने व्यवस्था गरिएको छ । त्यस्तै प्रत्येक वर्षका लागि छुट्टाइएको बजेट खर्च नभएमा अर्को वर्षका लागि पुनः प्रयोग गर्न सकिने गरी फ्रिज नहुने प्रावधान राखिएको छ। तर, यसका विपरित अर्थ मन्त्रालयले निर्देशक समितिको पटक पटकको निर्देशनको बेवास्ता गर्दै हालसम्म पनि उक्त कोष स्थापना गर्न र प्राधिकरणले उक्त कोषलाई स्वायत्त ढंगले परिचालन गर्न स्वीकृति दिएको छैन । यसरी प्रधानमन्त्रीको अध्यक्षता र विपक्षी दलका नेता वा निजले तोकेका व्यक्तिको उपाध्यक्ष रहने एवं अर्थमन्त्री, गृहमन्त्री, योजना आयोगाका उपाध्यक्ष तथा मुख्य सचिव समेतको सदस्यता रहेको निर्देशक समितिबाट स्वीकृत भएको प्रत्येक योजना तथा बजेटलाई अर्थ मन्त्रालयको शाखा अधिकृत तहबाट टिप्पणी उठाई पुनः निर्णय गर्नुपर्ने अवस्था सिर्जना गरिएको छ । यस अवस्थाका कारण निर्देशक समितिबाट गत आश्विन १० गते निर्णय भएको एक वडा एक नमुना आवास निर्माण कार्यक्रम, निर्माणकर्मी तालिम सञ्चालन, एकीकृत बस्ती निर्माण, परम्परागत बस्तीहरुको संरक्षण, जीवीकोपार्जन सम्बन्धी कार्यक्रम, जोखिमयुक्त बस्तीहरुको स्थानान्तरण, प्रहरी कार्यालयहरु, स्थानीय तहका भवनहरु, सामुदायिक पूर्वाधार विकास जस्ता कैयौ कार्यक्रमहरुका लागि स्वीकृत बजेट प्रवाह हुन नसकी कार्यान्वयनमा जान नसकेको स्थिति छ । त्यसमाथि स्वीकृत योजना तथा कार्यक्रमका लागि उपलब्ध गराइएको बजेट पनि मिल्दो शिर्षकबाट नदिइँदा प्राप्त रकम पनि खर्च नहुने स्थिति देखिन्छ । यो पुननिर्माणमा देखा परेको चौथो प्रमुख समस्या हो । जुन प्राधिकरणको नेतृत्व पश्चात् पनि जस्ताको तस्तै रहेको छ ।

भूकम्प प्रभावित भौगोलिक विकटता र सडक तथा सूचना प्रविधि जस्ता कनेक्टिभिटी सञ्जालको अभावका कारण सूचना र सेवा प्रवाह तथा निर्माण सामग्रीमा रहेको समस्या पुनर्निर्माणमा रहेको पाँचौ मुख्य समस्या हो । यस सन्दर्भमा प्रत्येक जिल्ला सदरमुकाम तहमा निर्माण सामग्री बैंक स्थापना गरी स्थानीय बजारतहसम्म आपूर्ति प्रणाली विकास गर्ने सोचसहित आपूर्ति मन्त्रालय र साल्ट ट्रेडिङ कर्पोरेसन लि. बाट प्राप्त प्रस्ताव प्राधिकरण निर्देशक

समितिबाट स्वीकृत कार्य योजना अनुरुप अघि नबढाइनु झन बिडम्बनापूर्ण बनेको छ ।

पुनर्निर्माण कार्यका निम्ति हामीलाई आगामी तीन वर्षसम्म कम्तिमा वार्षिक एक लाख पचास हजार जनाका दरले तालिम प्राप्त डकर्मी, सिकर्मी जस्ता दक्ष श्रमशक्तिसहित वार्षिक करिव थप पाँच लाखका दरले अर्ध दक्ष जनशक्ति आवश्यक पर्छ । तर गाउँ–गाउँबाट युवा जनशक्तिको ठूलो हिस्सा वैदेशिक रोजगारीमा गएको स्थितिका कारण यो श्रमशक्ति व्यवस्थापन पुनर्निर्माणमा देखिएको छैठौं प्रमुख समस्या हो । त्यसमा पनि सरकारद्वारा नै निर्देशक समितिको निर्णय अनुसारकै पनि निर्माणकर्मी उत्पादनका निम्ति प्राधिकरणलाई आवश्यक बजेट उपलब्ध भएन ।

हामीले गर्ने अबको पुनर्निर्माण 'सुरक्षित नेपाल' निर्माण गर्ने सोचमा आधारित हुन जरुरी छ । यसो गर्दा सर्वप्रथम सुरक्षित घर निर्माण गर्दै सुरक्षित बस्ती, गाउँ र नगर निर्माण गर्नुपर्ने हुन्छ । यसका लागि प्रत्येक समुदाय तहसम्म सुरक्षित घर निर्माणको प्रविधि हस्तान्तरण हुनु जरुरी छ । तर, माथि भनिए झै बजेट अभाव र सामुदायिक समितिसमेत गठन नगरिँदा जनस्तरमा व्यापक रुपमा यस प्रविधिका सम्बन्धमा चेतना फैलाउन सकिएको छैन । यस कारण स्थानीय जनतामा सुरक्षित प्राविधि ज्ञानको अभाव हुन गई उनीहरु घर निर्माणको कार्यमा जुट्न सकेका छैनन् । यस कार्यका निम्ति प्रत्येक वडा तहमा निर्माण गरिने लक्ष्य राखिएको 'नमूना आवास घर' निर्माण कार्यको स्वीकृत कार्ययोजना पनि कार्यान्वयनमा नआउनु झन् दुःखद पक्ष हो । यो पुनर्निर्माणमा देखिएको सातौं प्रमुख समस्या हो ।

निजी आवास पुनर्निर्माणका निम्ति उपलब्ध गराइने तीन लाख रुपैयाँ अनुदानले अत्यन्त गरिबीको रेखामुनी रहेका र विगतमा फुसको छानामुनि बसेका भूकम्प पीडितलाई उनीहरुसँग उपलब्ध काठ, ढुङ्गा जस्ता निर्माण सामाग्रीकै प्रगोग गरी दुईवटा कोठासम्मको जस्ता पाताको छाना भएको घर निर्माणसम्म मात्र हुन सक्छ । यस कुरालाई आँकलन गरी प्राधिकरणकै सुझावमा सरकारले यस वर्षको बजेटमा थप तीन लाख रुपैयाँ निर्व्याजी ऋण उपलब्ध गराउने निर्णय लिएको हो । यसरी ६ लाख रुपैयाँसम्ममा प्रत्येक भूकम्प पीडित परिवारले आफ्नो घर पुनर्निर्माण गर्न सक्नेछन् भन्ने आंकलन गरिएको हो । तीन लाख निर्व्याजी ऋण गरिव घर परिवारका लागि स्वरोजगको अवसर उपलब्ध गराउन सरकारले थप दुई लाख रुपैयाँ सहुलियत ऋण प्रदान गर्ने घोषणा गरेको थियो, जुन व्यवस्थाले उक्त ऋण फिर्ता गर्न पनि सहज हुने र रोजगारी पनि सिर्जना हुने अपेक्षा गरिएको थियो । तर बिडम्बना, निर्देशक समितिले अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई पटक पटक निर्देशन दिँदासमेत सो कार्यविधि बन्न निकै ढिला भयो । यसरी अधिकांश भूकम्प पीडित सरकारबाट प्राप्त हुने तीन लाख रुपैयाँको निर्व्याजी ऋणको आशमा आफ्नो घर निर्माण गर्न सकिरहेका छैनन् । यो पुनर्निर्माणमा देखिएको आठौँ प्रमुख समस्या हो ।

भूकम्प पश्चातको अन्तर्राष्ट्रिय दातृ सम्मेलनका समयमा हामीलाई प्राप्त भएको प्रतिबद्धता करिव ३४३ अर्ब रुपैयाँ मध्येको करिव २७८ अर्ब रुपैयाँ प्राप्त भएता पनि उक्त रकम निश्चित जिल्ला र विषयगत क्षेत्र तोकिएर आएकाले उक्त सहयोगलाई प्राधिकरण र सरकारले चाहे अनुसारका क्षेत्रमा खर्च गर्ने स्थिति छैन । बाहिरबाट हेर्दा सरकार र प्राधिकरणसँग पुनर्निर्माणका लागि प्रशस्त बजेट भएको देखिइने तर यथार्थमा आवश्यक परेको क्षेत्रमा खर्च गर्न नपाइने स्थिति सिर्जना भएको छ । यसै कुरालाई दृष्टिगत गर्दै 'मल्टी डोनर ट्रष्ट फण्ड'का रुपमा लचिलो कोष (पुल फन्ड) स्थापना गरी पुनर्निर्माणको आवश्यकता बमोजिम सरकार, प्राधिकरण र दातृ निकायको संयुक्त निर्णय अनुसार खर्च गर्न सकिने व्यवस्था मिलाउन अघि बढाइएको प्रक्रिया हाल जहाँको त्यही अड्किएको देखिन्छ । यसका लागि हालका वित्तिय अवस्था र सम्भावित वित्तीय स्रोत परिचालन अन्तर्राष्ट्रिय समेतको आंकलन गरी सरकारले वार्षिक रुपमा छुट्टाउनु पर्ने बजेट र दातृ निकायबाट आउने वार्षिक बजेट

सहितको पञ्च वर्षिय योजना वित्तिय योजनाको खाका तयारी गर्ने निर्णय निर्देशक समितिबाट गरिएको थियो । तर नत त लचक कोष स्थापना हुन सकेको छ नत पञ्च वर्षिय वित्तीय योजनाको खाका तयार भएको छ । प्राधिकरण र अर्थ मन्त्रालयको यसमा देखिएको उदासिनता पुनर्निर्माणमा रहेको नवौं समस्या हो । यसले आगामी वर्ष पुनर्निर्माणमा थप बजेट अभाव हुनेछ ।

प्राधिकरणको वर्तमान नेतृत्वद्वारा निजी आवासको दोस्रो र तेस्रो किस्ता वितरणमा झन्झटिलो निरीक्षण कार्यविधि मूल समस्याका रुपमा रहेको टिप्पणी सार्वजनिक भएको छ । कार्यविधि कहिल्यै पनि आफैमा पूर्ण हुँदैन र त्यसलाई समय एवं कार्यान्वयनको कसीमा परीक्षण गर्दै आवश्यकता अनुसार परिमार्जन गर्नुपर्ने हुन्छ । तर, प्राधिकरणले हालसम्म पनि उक्त कार्यविधिको कुनकुन प्रावधानले दोस्रो र तेस्रो किस्ता वितरणमा समस्या सिर्जना गर्यो भन्ने कुरा बाहिर ल्याउन सकेको छैन । विगतमा अनुदान वितरण लगायतका कार्यविधिहरुमा हामीले अनुभव र विशिष्टताका आधारमा परिमार्जन गर्दै पहिलो किस्ता रकम वितरण गरेका थियौं । यसरी कार्यविधि सम्बन्धमा देखिएको अन्यौलता पुनर्निर्माणका सन्दर्भमा दशौँ समस्याका रुपमा देखा परेको छ ।

भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण सम्बन्धी ऐन पुनर्निर्माण समबन्धमा समस्याका रुपमा रहेको भनी टिकाटिप्पणी पनि आउन थालेको छ । यथार्थमा पुनर्निर्माण सम्बन्धी उक्त ऐनको समस्या भन्दा पनि विशेष गरी पुनर्निर्माण कोषको स्थापना र परिचालन तथा जनशक्ति व्यवस्थापनका सन्दर्भमा ऐनमा रहेका प्रावधानहरुलाई प्राधिकरणले स्वायत्त ढंगले कार्यान्वयन गर्नमा सरकारद्वारा सिर्जना भएको अवरोध वास्तवमा पुनर्निर्माण सम्बन्धमा देखिएको एक प्रमुख समस्या हो । यस्तै गरी विगतमा सफलत ढंगले सम्पन्न गरिएको पैतालिसे दिने अनुदान वितरण अभियानको अनुभवका आधारमा निर्देशक समितिको निर्देशन बमोजिम निजी आवास अनुदान वितरण, बस्ती स्थानान्तरण, एकीकृत बस्ती विकास, परम्परागत बस्तीहरुको पुनर्निर्माण, निर्माणकर्मी उत्पादन, निर्माण सामग्री बैंकहरुको स्थापना, समुदाय परिचालन, विद्यालय तथा शैक्षिक संस्थाहरुको पुनर्निर्माण, स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण, पुरातात्विक सम्पदाहरुको पुनर्निर्माण, सरकारी भवन, सडक, खानेपानी लगायतका भौतिक संरचनाहरुको पुनर्निर्माणका निम्ति प्राधिकरणले सम्बद्ध मन्त्रालय एवं कार्यान्ववयन निकायहरुसँग व्यापक छलफल गरी बजेट र जनशक्ति आंकलनसहित जिम्मेवार निकाय, काम सुरु गर्ने र सम्पन्न गर्ने मिति तथा त्यसमा रहेका समस्या र समाधानका उपाय समेतको पुनर्निर्माण सम्बन्धी विस्तृत कार्ययोजना तयार पारिएको र सोलाई निर्देशक समितिको निर्णयानुसार कार्यान्यवनमा लगिएको थियो । तर, वर्तमान नेतृत्वले प्राधिकरणको जिम्मेवारी सम्हाले पश्चात् करिव पाँच महिना व्यतित हुँदासमेत कार्य प्रगति सम्बन्धमा हालसम्म नत निर्देशक समितिले छलफल गरेको छ नत सो का अध्यक्ष वा प्रमुख कार्यकारी अधिकृतबाट सम्बद्ध निकायसँग बुँदागत रुपमा छलफल र अनुगमन गरिएको छ । यसरी प्राधिकरणको वर्तमान नेतृत्व र सरकार न त हिजोको योजना र मार्गचित्रमा हिडेको छ नत त्यसले नयाँ योजना र मार्गचित्र पहिल्याएको छ । यसरी प्राधिकरणको वर्तमान नेतृत्व र सरकार पुनर्निर्माण सम्बन्धमा पूर्णतः अन्योलग्रस्त र दिशाहिन भइ चौबाटोमा रुमलिएको छ । यो स्थिति पुनर्निर्माणमा देखिएको एघारौं समस्या हो ।

यसरी हाल आएर हेर्दा पुनर्निर्माणको माध्यमबाट मुलुकको विकास कोर्न सकिन्छ र भन्ने सबैमा ठूलो निराशा र चिन्ता देखा परेको छ । उल्लेखित अवस्थालाई हेर्दा स्वभाविक रुपमा प्रश्न उठ्छ, के हामी साँच्चिकै पुनर्निर्माण गर्न सक्छौ ? के हामीसँग त्यो सोच, सामार्थ्य र इच्छा शक्ति छ ? त्यसो हो भने माथि उल्लेखित समस्याहरुको समाधान के हुन्छ र कसरी हामी पुनर्निर्माणको यस गतनतम् कार्यलाई पार लगाउन सक्छौ ?

**अबको बाटो के हो ?**

यस परिघटनाले स्वाभाविक रुपमा भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण सम्बन्धमा हामीले अबलम्बन गरेको वर्तमान संस्थागत संरचना र कार्य प्रणालीमा तत्काल परिमार्जन गर्दै संविधानद्वारा स्थानीय तहबाट सम्पादन गर्नुपर्ने भनि तोकिएका कार्यहरुलाई सोही तहबाटै सम्पादन गर्ने गरी पुननिर्माण सम्बन्धी आगामी बाटो तय गर्न आवश्यक छ । त्यसका लागि निम्नासार व्यवस्था गर्नु उपयुक्त हुन्छ :

१) नेपालको संविधानले बाइसवटा विषयगत क्षेत्रको अधिकार र कार्य जिम्मेवारी स्थानीय तहबाटै सम्पादन गर्नु पर्ने गरी स्पष्ट रुपमा तोकेको छ भने पन्ध्रवटा विषयतगत क्षेत्र संघ, प्रदेश र स्थानीय तीनै तहले आवश्यकता र क्षमताका आधारमा कार्य विभाजन गरी सम्पादन गर्न सक्ने गरी संवैधानिक व्यवस्था गरेको छ । उक्त अधिकार र कार्य जिम्मेवारीको सूची हेर्दा भूकम्प पश्चात्को पुनर्निर्माण सम्बन्धी मूल कार्यका रुपमा रहेका निजी आवासहरुको पुनर्निर्माण, एकीकृत सघन बस्तीहरुको विकास, परम्परागत बस्तीहरुको संरक्षण र विकास, बस्ती स्थानान्तरण, कृषि, पशुपालन एवं साना र मझौला उद्योग सञ्चालन सहित जीविकोपार्जन एवं आर्थिक विकासका कार्यक्रमहरु, विद्यालय भवन, स्वास्थ्य चौकी एवं स्वास्थ्य केन्द्रहरुको पुनर्निर्माण, स्थानीय सडक, खानेपानी तथा सिँचाई जस्ता स्थानीय पूर्वाधारहरुको विकास, स्थानीय तहका पुरातात्विक एवं साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकास तथा विपद् व्यवस्थापन सम्बन्धी कामहरु स्थानीय तहको कार्यसूचीभित्र परेको देखिन्छ । यसरी पुनर्निर्माणसँग सम्बन्धित अत्यधिक कार्यहरुको जिम्मेवारी र अधिकार संविधानतः अब स्थानीय तहमा भएको छ ।

विगतमा संविधान कार्यान्वयन नभइसकेको अवस्था र स्थानीय जनप्रतिनिधिहरुको अभावका कारण उल्लेखित कार्यहरुको सम्बन्धित मन्त्रालय र विभाग एवं सो अन्तर्गतका जिल्ला तथा गाउँनगरस्थित कार्यालयहरुमार्फत सम्पादन गराउनु पर्ने बाध्यात्मक स्थिति थियो । र, पुनर्निर्माण सम्बन्धी राष्ट्रिय नीति, कार्यान्वयन प्रक्रिया एवं संस्थागत संरचनाहरु सोही अनुरुप व्यवस्था गरिएका थिए । स्थानीय तहको निर्वाचन पश्चात् स्वाभाविक रुपमा संवैधानिक कार्यसूचीका आधारमा उक्त कार्यहरु सम्बन्धित स्थानीय तह अन्तर्गतका गाउँपालिका एवं नगरपालिकामा हस्तान्तरण गर्नुपर्छ। यसका लागि हालको पुनर्निर्माण सम्बन्धी राष्ट्रिय नीति, संस्थागत संरचना, कार्यान्वयन प्रक्रिया, कार्यविधि एवं निर्देशिकाहरुमा सोही अनुरुप परिमार्जन गरी भूकम्प प्रभावित क्षेत्रका प्रत्येक गाउँपालिका र नगरपालिकामा भूकम्प पुनर्निर्माण कार्यान्वयन एकाईहरुको स्थापनासहित कार्यबोझ र कार्यप्रकृतिका आधारमा आवश्यक जनशक्ति र संस्थागत संरचनाको व्यवस्था मिलाउनु पर्छ भने हालसम्म कार्य जिम्मेवारी सम्हालेका सम्बन्धित जिल्ला कार्यान्वयन एकाई अन्तर्गत कार्यरत कर्मचारीहरुलाई तत् तत् तहका नगरपालिका एवं गाउँपालिकामा हस्तान्तरण गरी परिचालन गर्नुपर्छ ।

यस्तै सम्बद्ध मन्त्रालय वा विभाग अन्तर्गतका केन्द्रीय आयोजना कार्यान्वयन एकाई र जिल्ला आयोजना कार्यान्वयन इकाईहरुलाई सानो र चुस्त बनाई आ–आफ्नो कार्यक्षेत्र अन्तर्गतका विषयहरुमा सम्बद्ध स्थानीय तहको क्षमता अभिवृद्धि एवं अनुगमन गर्नमा परिचालन गरिनु पर्छ । प्राधिकरणका केन्द्रीय एवं जिल्ला एकाईहरुको कार्य जिम्मेवारी र भूमिका मूलत : पहिले जस्तै रहनु उपयुक्त हुन्छ । यस व्यवस्थाले एकातर्फ केन्द्रीय सरकारका निकायहरुमा हालसम्म रहेको अनुभव, ज्ञान, क्षमता र संस्थागत सोचको उपयोग हुनेछ भन्ने अर्कातर्फ संविधानको कार्यान्वयनका साथसाथै स्थानीय तहको क्षमता अभिवृद्धि सहित स्थानीय जनताको अपनत्व, सहभागिता र जिम्मेवारी बढ्न गई पुनर्निर्माणले गति लिनेछ ।

२) माथि उल्लेखित नीतिगत, प्रक्रियागत एवं संरचनागत परिमार्जन पश्चात् प्रत्येक स्थानीय तहले

आ–आफ्नो पञ्चवर्षिय आवधिक योजनाका साथै पञ्चवर्षिय पुनर्निर्माण तथा पुर्नस्थापना सम्बन्धी योजनाको खाका तयार पारी सोको कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति, वित्तीय स्रोत, निर्माण सामग्री र निर्माणकर्मीहरुको तत्काल आंकलन गर्न सक्नेछन् भने जनशक्ति र वित्तीय स्रोतको व्यवस्थाका निम्ति प्राधिकरणसँग माग गर्न सक्नेछन् । यसका आधारमा प्राधिकरणले आफ्नो पञ्चवर्षिय पुनर्निर्माण तथा पुर्नस्थापना सम्बन्धी योजनाको खाकामा अन्तर्राष्ट्रिय दातृ समुदायबाट प्राप्त भएको र हुन सक्ने वित्तीय सहयोग, स्थानीय तह, गैरसरकारी संस्था एवं निजी क्षेत्रबाट परिचालन हुन सक्ने वित्तीय स्रोत र नेपाल सरकारबाट उपलब्ध गराउनुपर्ने बजेट व्यवस्थाका सम्बन्धमा स्पष्ट वित्तीय योजना तयार पार्नु उपयुक्त हुनेछ ।

३) भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ मा रहेको पुनर्निर्माण कोष सम्बन्धी व्यवस्थालाई कुनै आनाकानी नगरिकन नेपाल सरकारले तत्काल कार्यान्वयनमा ल्याउनुपर्छ र आगामी आ.व. ०७४/७५ को सम्पूर्ण बजेट रकम सोही कोषमार्फत परिचालन गर्ने व्यवस्था मिलाउनुपर्छ ।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था र पुनर्निर्माण कार्यमा भएको हालसम्मको ढिलाइका कारण आगामी आ.व. ०७४/७५ मा गर्नुपर्ने पुनर्निर्माण कार्यको आयतन बढन् जाने भएकाले सोका लागि अत्यन्त ठूलो बजेट आवश्यकता पर्नेछ । यसका लागि प्राधिकरणद्वारा गरिनुपर्ने बजेट तयारी सम्बन्धी वृहत्तर छलफल गर्ने कार्यमा ढिला भइसकेको छ । अतः प्राधिकरणले तत्काल यस सम्बन्धमा सम्बद्ध मन्त्रालय र निकायहरुसँग गम्भीर छलफल गरी आ.व. ०७४/७५ का लागि नेपाल सरकार र दातृ निकायबाट विनियोजन गर्नुपर्ने बजेटका सम्बन्धमा स्पष्ट खाका तयार पारी पुनर्निर्माण कोषमा सो अनुरुप बजेट व्यवस्था मिलाउनका निम्ति तत्काल पहलकदमी लिनु आवश्यक छ ।

४) माथि उल्लेखित नीतिगत, प्रक्रियागत एवं संरचनागत परिमार्जन पश्चात् भूकम्प प्रभावित क्षेत्रका गाउँपालिका र नगरपालिकाहरु पुनर्निर्माण कार्यका आधार स्तम्भका रुपमा रहने भएकाले ती निकायहरुमा सोही अनुरुप जनशक्ति व्यवस्थापन गर्नु पर्नेछ । यसका लागि प्रत्येक स्थानीय तहले संगठन व्यवस्थापन सर्वेक्षण गरी आफूलाई आवश्यक पर्ने जनशक्ति आंकलन गर्ने र सोही अनुरुप पुनर्निर्माण अवधिका निम्ति प्रतिष्पर्धात्मक प्रकृया अबलम्बन गरी करार सेवामा सो जनशक्तिको व्यवस्था मिलाउनु उपयुक्त हुनेछ । स्थानीय तहले प्राप्त गर्न नसकेका आवश्यक विज्ञ जनशक्ति प्राधिकरण वा सम्बद्ध मन्त्रालय एवं विभागमार्फत उपलब्ध गराउनुपर्छ । त्यसरी स्थानीय तहमा खटिइने प्रत्येक कर्मचारीहरुका कार्य सम्पादनको मूल्यांकन गरी करार नविकरण गर्ने वा नगर्ने, प्रोत्साहन भत्ता उपलब्ध गराउने वा नगराउने तथा सरुवा वा बढुवाका लागि सिफारिस गर्ने वा नगर्ने सम्पूर्ण अधिकार र जिम्मेवारी तत् तत् स्थानीय तहलाई दिई उनीहरुलाई नै जिम्मेवार बनाउने र प्राधिकरणले सो को अनुगमन, मूल्यांकन एवं दिशा निर्देश गर्ने व्यवस्था गरिनु उपयुक्त हुनेछ ।

५) माथि उल्लेख गरिए बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिका तहमा पुनर्निर्माण कार्यका निम्ति आवयक पर्ने निर्माण सामग्री तथा निर्माणकर्मीहरुको आंकलन र उपलब्धताका आधारमा थप निर्माणकर्मीहरुको उत्पादनको योजना तयार पारी तत्काल कार्यान्वयनमा ल्याउनुपर्छ । निर्माण सामग्रीहरुको सहज र सुपथ मूल्यमा आपूर्ति व्यवस्थाका निम्ति साल्ट ट्रेडिङ कर्पोरेसन लि. एवं आपूर्ति मन्त्रालयद्वारा प्रस्तावित भइ निर्देशक समितिबाट स्वीकृत भएको कार्ययोजना मुताबिक जिल्ला तहमा निर्माण सामग्री बैंकहरुको तत्काल स्थापना गरी सम्बन्धित गाउँपालिका एवं नगरपालिकाबाट सिफारिस हुने न्यूनतम आवश्यकता अनुरुपको कुपनका आधारमा वितरण व्यवस्था

गरिनुपर्छ । यसका अलावा सम्बन्धित जिल्ला एवं गाउँपालिका र नगरपालिका तहमा गोदामहरुको व्यवस्था मिलाई निजी क्षेत्रलाई समेत सहुलियत दरमा गुणस्तरीय निर्माण सामग्री बिक्री गर्नमा प्रोत्साहित गरिनुपर्छ । यस्तै गरी माथि भनिए अनुसार आंकलन गरिएका निर्माणकर्मी मध्ये स्थानीय तहमा तालिम लिने जनशक्ति अभाव भएको अवस्थामा वैदेशिक रोजगारीमा जान लागेका वा त्यहाँबाट फर्किएका युवाहरुलाई लक्षित गरी निःशुल्क रुपमा विशेष तालिम कार्यक्रमहरु सञ्चालन गरी आवश्यक निर्माणकर्मी उत्पादन गर्ने र उनीहरुलाई न्यूनतम ज्याला निर्धारण गरिनुपर्छ । यी व्यवस्थाहरुले निर्माण सामग्री आपूर्ति र निर्माणकर्मीहरुको व्यवस्थापनलाई प्रभावकारी बनाउनेछ ।

६) निजी आवासहरुको पुनर्निर्माणका निम्ति सरकारद्वारा तीन लाख रुपैयाँ अनुदान र तीन लाख रुपैयाँ निर्व्याजी ऋण गरी प्रत्येक भूकम्प पीडितलाई ६ लाख रुपैयाँका दरले आर्थिक सहयोग उपलब्ध गराउने घोषणा भएतापनि तीन लाख रुपैयाँ निर्व्याजी ऋणका निम्ति निर्देशक समितिबाट पटक पटक निर्देशन हुँदासमेत हालसम्म अर्थ मन्त्रालय एवं नेपाल राष्ट्र बैंकद्वारा यस सम्बन्धी कार्य विधि नै जारी हुन सकेको छैन । यस अन्योलताका कारण अधिकांश भूकम्प पीडित जनता कति रकमसम्मको कस्तो घर बनाउने भन्ने निर्णय नै गर्न नसकी रनभुल्लमा परेका छन् । अत : सरकारले उक्त ऋण परिचालनमा रहेका समस्या पहिचान गरी राष्ट्र बैंक तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग गम्भीर छलफल सहित यस सम्बन्धमा निचोड निकाल्नु अत्यावश्यक भइसकेको छ । त्यस्तै गरी उक्त ऋण तिर्न सक्षम बनाउन तथा स्वरोजगार व्यवसाय सञ्चालन गर्न समेत सरकारद्वारा घोषणा गरिएको दुई लाख रुपैयाँको व्यावसायिक सहुलियत ऋण सहयोग सम्बन्धी कार्यविधि तयार पारी तत्काल सरल र सहज ढंङ्ले उक्त कर्जा उपलब्ध गराउने व्यवस्था गरिनु पर्छ ।

७) प्राधिकरण र सो अन्तर्गतका कार्यालयहरु एवं आयोजना कार्यान्वयनसँग सम्बन्धित केन्द्रीय, जिल्ला वा स्थानीय तहका निकायहरुमा पुनर्निर्माण कार्यका निम्ति आवश्यक पर्ने कर्मचारीहरुको दरबन्दी स्वीकृति र नियुक्तिका निम्ति मन्त्रिपरिषद् बैठकद्वारा स्वीकृत लिनुपर्ने गरी भएको बाध्यतात्मक अवस्थालाई अन्त्य गरी पुनर्निर्माण सम्बन्धी ऐनमा रहेको व्यवस्था अनुरुप प्राधिकरणद्वारा नै स्वीकृति दिने व्यवस्था तत्काल लागू गरिनु पर्छ । प्राधिकरणले समेत जिल्ला तहसम्मको दरबन्दी मात्र केन्द्रबाट स्वीकृत दिने र गाउँपालिका एवं नगरपालिका तहको दरबन्दी प्राधिकरणका जिल्ला स्थित कार्यालयबाटै स्वीकृत गर्ने गरी अधिकार र जिम्मेवारीलाई विकेन्द्रित गर्नुपर्छ । कतिपय दरबन्दीका हकमा स्वीकृत बजेट परिधिभित्र रही स्थानीय तहले नै निर्णय गर्न सक्ने व्यवस्था गरिनु उपयुक्त हुनेछ । यसले जनशक्ति व्यवस्थापनमा रहेको हालको जटिलतालाई हल गर्नेछ ।

८) स्थानीय तहमा हुने प्रत्यक्ष निर्वाचित प्रमुख, उपप्रमुख, वडाध्यक्ष एवं सदस्यहरुको व्यवस्थाले केन्द्रीय वा प्रादेशिक तहमा राजनैतिक नेतृत्व परिवर्तनले अस्थिरता र सोका कारण पुनर्निर्माण कार्यमा हुने नकारात्मक प्रभावलाई धेरै हदसम्म थेग्ने देखिन्छ । अब निर्वाचित भई आउने जनप्रतिनिधिहरुको समयावधि पाँच वर्षका लागि हुने र हामीले लिएको लक्ष्य अनुरुपको पुनर्निर्माण कार्य पनि यही अवधिमा सम्पन्न गर्नुपर्ने भएकाले प्राधिकरणले स्थानीय जनप्रतिनिधिहरुलाई निर्वाचित हुनासाथ पुनर्निर्माण सम्बन्धमा आवश्यक अनुशिक्षण सहित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसले एकातर्फ पुनर्निर्माण कार्यलाई सही दिशानिर्देश गर्नेछ भने अर्कोतर्फ राजनैतिक स्थिरता भई पुनर्निर्माण कार्यमा दिगोपन आउनेछ । पुनर्निर्माण कार्यमा प्रत्येक स्थानीय तहमा च्याम्पियनहरु जन्माउनका निम्ति प्राधिकरणले 'विशेष प्रोत्साहन कोष' को स्थापना गरी राम्रो कार्य गर्ने गाउँपालिका, नगरपालिका र तीनका प्रमुख, उपप्रमुख लगायतका जनप्रतिनिधिहरु एवं

सामुदायिक नेताहरुलाई प्रोत्साहन बजेट एवं पुरस्कार उपलब्ध गराउनु उपयुक्त हुनेछ । यस व्यवस्थाले प्रत्येक स्थानीय तहका बीचमा र जनप्रतिनिधिहरुका बीचमा स्वस्थ्य प्रतिष्पर्धाका साथ पुनर्निर्माण र नवर्निर्माणको जागरण पैदा गर्न सकिनेछ ।

९) सुरक्षित घर, बस्ती, गाउँ र नगर हुँदै सुरक्षित नेपाल निर्माण नै हाम्रो पुनर्निर्माणको मूल लक्ष्य हो । यसका निम्ति जनस्तरमा सुरक्षित घर निर्माण सम्बन्धी प्रविधिको हस्तान्तरण अनिवार्य छ। अतः यस अघि नै निर्देशक समितिबाट स्वीकृत कार्य योजना अनुरुप पहिलेका गाविसका प्रत्येक वडा तहमा एक एक नमूना घर निर्माण सहित प्रत्येक समुदायलाई सुरक्षित घर निर्माण सम्बन्धी अनुशिक्षण दिने र स्थानीय निर्माणकर्मीलाई तालिम दिने कार्यलाई तत्काल अघि बढाउन अर्थमन्त्रालयद्वारा बजेट उपलब्ध गराउनु आवश्यक छ । यस्तै गरी पुनर्निर्माण कार्यमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न र जनपरिचालन गर्न निर्देशक समितिद्वारा स्वीकृत भएको कार्य योजना अनुरुप प्रत्येक गाउँपालिका र नगरपालिकाहरुमार्फत अभियानका रुपमा प्रत्येक टोल तथा बस्तीहरुमा स्थानीय पुनर्निर्माण सामुदायिक समितिहरु गठन गरिनु आवश्यक छ ।

१०) पुनर्निर्माणको माध्यममार्फत छरिएर रहेका घरहरुलाई जग्गा एकीकरणजस्ता विधि अबलम्बन गरी एकीकृत सघन बस्ति विकास गर्नका निम्ति प्राधिकरणमा करिव एक सय वटा समुदायले निवेदन दिइसकेको अवस्था र त्यस्ता बस्तीमा आवश्यक पर्ने पूर्वाधार विकासका निम्ति सरकारद्वारा बजेट उपलब्ध गराउने निर्देशक समितिको निर्णय भएता पनि बजेट अभावकै कारण त्यस्ता बस्तीहरुको विकास हुन सकेको छैन । त्यस्तै बस्ती स्थानान्तरण तथा परम्परागत बस्तीहरुको संरक्षणका निम्ति उपलब्ध गराइने सहयोग सम्बन्धमा निर्देशक समितिबाट निर्णय भएतापनि सो सम्बन्धी कार्यविधिहरु हालसम्म पनि कार्यान्वयनमा आउन सकेको छैन । अत : यस सम्बन्धमा प्रत्येक गाउँपालिका एवं नगरपालिकाहरुलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराई उनीहरुकै पहल कदमी र नेतृत्वमा त्यस्ता बस्तीहरुको पहिचान सहित एकीकृत योजना तयारी र सो को कार्यान्वियन प्रक्रिया अघि बढाउनु उपयुक्त हुनेछ ।

११) सरकारद्वारा घोषणा गरिए बमोजिम प्रत्येक भूकम्प पीडित परिवारका निम्ति उपलब्ध गराउने भनिएको दुई लाख रुपैयाँ बराबरको सहुलियत ऋण सम्बन्धी कार्यविधि तत्काल तयार पारी कार्यान्वयनमा ल्याउने र सो अनुरुप विपन्न वर्गका भूकम्प पीडितहरुलाई लक्षित गरी सहकारिताको अवधारणा समेतका आधारमा व्यावसायिक कार्यक्रम सञ्चालनका लागि प्रत्येक गाउँपालिका एवं नगरपालिकाहरुलाई परिचालन गरिनु पर्दछ । यस्तै प्राधिकरण सम्बद्ध केन्द्रीय निकायहरुले यसमा आवश्यक प्राविधिक एवं विशेषज्ञता सेवा उपलब्ध गराइ सहयोग गर्नुपर्छ ।

१२) भूकम्प प्रभावित क्षेत्रको विकट भौगोलिक अवस्थालाई दृष्टिगत गर्दै विगतमा जिल्ला विकास समितिद्वारा तयार पारिएको जिल्ला स्तरीय यातायात गुरुयोजना मुताविक जिल्ला सडकहरुको निर्माणका निम्ति जिल्ला समन्वय समितिहरुलाई बजेट उपलब्ध गराउनुपर्छ । साथै निर्देशक समितिबाट स्वीकृत कार्ययोजना मुताविक नेपाल टेलिकमसँगको समन्वयमा अघि बढाइएको सूचना प्रविधिको सञ्जालीकरण कार्यलाई तत्काल सम्पन्न गर्नुपर्छ । यस व्यवस्थाले निर्माण सामग्री ढुवानी र द्रुत सूचना र सेवा प्रवाह कार्यलाई सहज तुल्याउने छ।

१३) हालको निजी आवास पुनर्निर्माण निरीक्षण कार्यविधिमा परिमार्जन गरी हाल सहरी विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन एकाईको सिफारिसमा मात्र दोस्रो एवं तेस्रो किस्ता उपलब्ध गराउने व्यवस्थाको सट्टामा सम्बन्धित गाउँपालिका वा नगरपालिका तहमा रहने वरिष्ठ इन्जिनियरबाट भएको सिफारिसका आधारमा सिधै

सम्बन्धित लाभग्राही घरधनीको बैंक खातामा रकम जम्मा हुने व्यवस्था मिलाउनु पर्छ । प्रत्येक गाउँपालिका र नगरपालिका तहको केन्द्रमा बैंकिङ शाखा पुर्‍याउने र त्यहीँबाट स्थानीय तहको पुनर्निर्माण सम्बन्धी खाता सञ्चालनको व्यवस्था मिलाउनुपर्छ ।

निजी आवास पुनर्निर्माण सम्बन्धी कार्यको नीरक्षणका निम्ति हालको इन्जिनियर, सब इन्जिनियर एवं असिस्टेन्ट सब इन्जिनियरहरुको दरबन्दीमा पुनरावलोकन गरी प्रत्येक गाउँपालिका वा नगरपालिका तहमा एक जना अनुभवी वरिष्ठ इन्जिनियरसहित दुई तीन जना आवश्यक इन्जिनियरहरु र प्रत्येक वडा तहमा आवश्यकता अनुसार कम्तिमा एक जना सब इन्जिनियर वा असिस्टेन्ट इन्जिनियरहरुको व्यवस्था मिलाउनु पर्छ । उल्लेखित प्राविधिकहरुलाई विद्यालय, स्वास्थ्य चौकी वा अन्य स्थानीय पूर्वाधारहरुको पुनर्निर्माण सम्बन्धी कार्यको अनुगमन र निरीक्षण समेतको जिम्मेवारी दिनुपर्छ । निजी आवास पुनर्निर्माण कार्यको निरीक्षणका क्रममा देखा परेका समस्याहरु र हालसम्म प्राप्त अनुभव तथा माथि उल्लेखित अवधारणा समेतलाई दृष्टिगत गर्दै हालको निजी आवास पुनर्निर्माण निरीक्षण कार्यविधिमा तत्काल परिमार्जन गरी थप सरल बनाउँदै जानुपर्छ । यस सम्बन्धमा सम्बन्धित दातृ निकायहरुसँग यथाशीघ्र छलफल गरी विश्वासको वातावरण तयार पार्नुपर्छ ।

१४) स्थानीय तहको निर्वाचन पश्चात् हाम्रो संविधानले प्रत्याभूत गरेका स्थानीय तहका अधिकार र कार्य जिम्मेवारी समेतका आधारमा माथि उल्लेखित अनुरुप पुनर्निर्माण तथा पुर्नर्स्थापना सम्बन्धी राष्ट्रिय नीति, संस्थागत संरचना, कार्य प्रक्रिया र कार्यविधि एवं निर्देशिकाहरुमा हुने परिमार्जन समेतका आधारमा यस अघि निर्देशक समितिबाट स्वीकृत भएका पुनर्निर्माण तथा पुर्नर्स्थापना सम्बन्धी पञ्च वर्षिय योजनाको खाका, २०७२ एवं पुनर्निर्माण सम्बन्धी समयबद्ध तालिका सहितको विस्तृत कार्य योजना, २०७३ मा तत्काल परिमार्जन गरी कार्यान्वयनमा ल्याउनुपर्छ । स्थानीय निर्वाचन पश्चात्को अवस्थासहित पुनर्निर्माण सम्बन्धी हाम्रो प्रतिबद्धता र योजना सम्बन्धमा अवगत गराउन तथा अन्तर्राष्ट्रिय समुदायलाई थप आश्वस्त पार्न उपयुक्त समयमा अन्तर्राष्ट्रिय दातृ निकायहरुसँग छलफल गर्नुपर्छ ।

अन्त्यमा, संविधान कार्यान्वयनको महत्वपूर्ण खुडकिलोको रुपमा रहेको स्थानीय तहको निर्वाचन र संविधान प्रदत्त अधिकार एवं कार्य जिम्मेवारी अनुरुप हुने स्थानीय तहको परिचालनले भूकम्प पश्चात्को पुनर्निर्माणमा देखिन थालेको निराशालाई फेरि एक पटक आशामा बदल्न सक्ने अवस्था सिर्जना हुँदैछ । यसका लागि सम्पूर्ण जिम्मेवारी राजनैतिक दल, सरकार र प्राधिकरणले गम्भीर ढंगले विगतका कमजोरीहरु केलाउँदै दलगत राजनैतिक आग्रह र पूर्वाग्रहबाट माथि उठी गम्भीर छलफल गर्नु आवश्यक छ । स्थानीय निर्वाचनका समयमा मतमार्फत प्राप्त हुने उर्जालाई सही ढंगले सदुपयोग गर्न सकेमा पुनर्निर्माण र सोमार्फत हाम्रो समृद्धि सम्भव छ ।

■

# जलवायू परिवर्तन: प्रभाव, चुनौती र समाधान



✍ डा. प्रेम दंगाल

विश्वले गत दशकमा आर्थिक, उर्जा र खाद्य संकट व्यहोर्न बाध्य भयो । यी तिन संकटभन्दा अझ व्यापक र महासंकटको रुपमा अनेक आयामसहित जलवायू परिवर्तनमा हुने संकटले विश्वलाई गाँजिरहेको छ । यसले कुन विकराल रुप लिने हो भन्न सकिने अवस्था छैन । कालान्तरमा पृथ्वी नै नष्ट हुने र मानव सभ्यता समाप्त हुने प्रामाणिक तथा वैज्ञानिक तथ्य र तर्कहरु अगाडि आएका छन् । यो विषय जति बढी चर्चामा छ त्यतिनै यस विषयप्रतिको जनबुझाईमा कमि देखिएको छ । यहाँ जलवायू परिवर्तन के हो, यो कसरी हुन्छ, यसका प्रभावहरु के हुन्, नेपालमा यसको प्रभाव कसरी परिरहेको छ, ती प्रभावहरुलाई कसरी कम गर्न सकिन्छ भन्ने बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## १. परिचय

जलवायू परिवर्तनबारे धेरै कुरा उठिरहेका छन् । दिनैपिच्छे मौसममा परिवर्तन आईरहेको पनि छ । हामीले थाहा पाए नपाएपनि यो प्रक्रिया निरन्तर चलिरहेको छ । दसवर्ष अगाडि र आजको मौसममा आएको परिवर्तन अनुभूति गर्न पनि सकिन्छ । लाखौं वर्षभित्र पृथ्वीमा धेरै पटक जलवायू परिवर्तन भएका छन्, परिवर्तनको त्यो प्रक्रिया कहिले ढिलो र कतिपय बेला छिटोछिटो भएको होला । विश्वको तापमान निरन्तर छिटोछिटो बढ्दै छ । तर जलवायू परिवर्तनको महत्व सामाजिक जीवनमा के कति छ भन्ने कुरा बुझ्न र बुझाउन सकेका छैनौं । जलवायू परिवर्तनका बारेमा सरोकारवाला, जनसाधारण र नागरिक समाज आवश्यकमात्रामा सचेत छैनन् । जलवायू परिवर्तनले ल्याउने परिणाम खडेरी, अनावृष्टि, अतिवृष्टि, बाढी, पैरो आदि हुन् । त्यसैगरी मौसममा गडवडी र अनिश्चितता आउनु, पृथ्वीको तापमान वृद्धिले हिउँ पग्लिने प्रक्रिया तीव्र हुन गै हिमशिखरहरू नै समाप्त हुने खतरा देखिन्छ । परिणाम पानीको मात्रा समुन्द्री सतहमा बढ्न गै सामुद्रीक तटीय क्षेत्रमा बसोवास गर्ने वस्ती र शहरहरू नै जोखिममा परी व्यापक जनधनको क्षति हुने कुरा स्पष्ट छ । अन्तत जलवायू परिवर्तनबाट प्राणी जगत, वातावरण, प्राकृतिक स्रोतमा ज्यादै ठुलो नकारात्मक असर पर्ने कुरा निर्विवाद छ ।

मानव सभ्यतालाई समेत यो विषयले चुनौती दिएको छ । यसको विश्वव्यापी प्रभावको आँकलन संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन सम्वन्धि समितिले गरेको छ । यसको अध्ययन अनुसार पृथ्वी अहिले जुन अवस्थामा तातिएको छ यो क्रम रोक्न सकिएन र यहि अवस्थामा रहे सन् २०९९ मा करिब ६ डिग्री सेल्सियसले तापक्रम बढ्ने छ । यस्तो अवस्थामा हाम्रै देशको कुरा गर्ने हो भने खासगरी तराई जहाँ निकै गर्मी हुने गर्दछ ६ डिग्री सेल्सियसले तापक्रम बढेमा यो सम्पूर्ण क्षेत्र मरुभूमीमा परिणत नहोला भन्न सकिन्न । यस्तो अवस्थामा यो सम्पूर्ण क्षेत्रमा मानव वसोवास समेत खतरामा पर्नेछ । त्यसैगरी पहाडी भागमा पनि यसको प्रभाव पर्नेछ । हिमाली क्षेत्र त झन् तीव्रगतिमा हिउँ पग्लीन गै हाम्रा हिमालहरु नाङ्गा डाँडामा परिणत हुनेछन् ।

मानवीय क्रियाकलापका कारण पृथ्वी

तातिनेक्रमसँगै, हाम्रो वरिपरिको वातावरण क्रमशः बिग्रँदै, जलवायू परिवर्तन हुँदै सिंगो पृथ्वी नष्ट हुँदैछ भन्ने तथ्य सर्वत्र महशुस हुँदै गएको छ। आज प्रत्येक दिन, प्रत्येक पल पृथ्वी तातिनेक्रम तिव्रगतिमा भैरहेको छ। त्यसको प्रत्यक्ष मार गरिब देश र यसका नागरिकहरु भोग्न बाध्य छन्। कहिले असारको निगल्दो हुँदापनि वर्षाद हुन सक्दैन। परिणाम किसानले खेति लगाउन सक्दैनन्। र, कहिलेकाहीँ मंसिर पुसमा घनघोर बर्षा हुनेगरेको छ। जसका कारण कृषिबाली नष्ट भएको अवस्था पनि छ। हामी स्वयंमले पनि तापक्रम क्रमशः बृद्धि भएको प्रत्यक्ष अनुभव गरिरहेका छौं। पृथ्वी यसरी तातिने र जलवायूमा निरन्तर परिवर्तन आउने कारणको सिर्जनाकर्ता अरु कोही नभएर मानवीय क्रियाकलापहरु नै जिम्मेवार छन्। त्यसमा पनि सबैभन्दा बढी जिम्मेवार विकसित देशहरु छन्। मानवजातिका क्रियाकलापको परिणाम उत्सर्जन हुने विभिन्न प्रकारका ग्यासको मात्रा पृथ्वीको सतहमा बढ्दै जान्छ। यी ग्यासहरुमा कार्वनडाइअक्साइड, नाइट्रोअक्साइड, मेथेन र अन्य छन्। यी ग्यासहरु जम्मा भएर निर्माण भएको हरितगृहले सूर्यबाट आउने किरणहरुलाई पृथ्वीमा आउनबाट रोक्छन्। अर्थात् सूर्यका किरणहरु सिधा पृथ्वीमा आउने र पृथ्वीबाट पुनः प्रतिविम्वित भै फर्किने प्रक्रियालाई अवरोध पुऱ्याउने गर्दछन्। तापमान यसरी बढ्नेक्रम जति बढी औद्योगिक क्रियाकलाप भए त्यतिनै बढी भैरहेको छ।

## २. संयुक्त राष्ट्र संघीय अन्तरसरकारी प्यानलको प्रतिवेदन

सन् १९९० देखि विश्वका ७५० अगुवा वैज्ञानिकहरुले पृथ्वी तातिने विषयमा गहिरो अध्ययन गरी पृथ्वीको तापमान तिव्रतर गतिमा बृद्धि भैरहेको विषय सार्वजनिक गरे। वैज्ञानिकहरुले आफ्ना अनुसन्धान प्रतिवेदनलाई संयुक्त राष्ट्र संघीय जलवायू परिवर्तन सम्वन्धी समितिमा प्रस्तुत गरे। हजार पेज लामो प्रतिवेदनमा अधिकांश अंश प्राविधिक पक्षलाई समेटिएको छ। प्रतिवेदन अहिलेसम्मकै सबैभन्दा बढी वैज्ञानिक र आधिकारिक थियो। यो प्रतिवेदनले पृथ्वी तातिनेक्रमसँगै सन् १७५० देखि क्रमशः वायूमण्डल तथा समुन्द्रको तापक्रम, तिव्ररुपमा पग्लिएका हिमशृङ्लाहरु, समुद्री सतहको औषत बृद्धि भैरहेको विषय सार्वजनिक गरेकोछ।

पृथ्वी तातिनेक्रमले जलवायूमा व्यापक परिवर्तन आउनेछ। जलवायू परिवर्तन सम्वन्धि राष्ट्रसंघीय प्यानलका अनुसार सन् १९०५ मा पृथ्वीको औषत तापक्रम १४ डिग्रि सेन्टिग्रेट थियो भने हाल यो ब्रम्हाण्डको औषत तापक्रम २.५ प्रतिशतले बढेको छ। विगत २५ वर्षमा अर्थात् सन् १९७० देखि २००५ सम्ममा तापक्रम बृद्धि हुने क्रममा तिव्रता आई ४ प्रतिशतले बृद्धि भएको छ। विगत ५० वर्षको तापमानलाई अध्ययन गर्दा (सन् १९५५ देखि २००५) पछिल्लो १०० वर्षको तुलनमामा झण्डै दोब्बरले बढेको छ। यसरी बढ्नेक्रममा पनि विगत १५ वर्षमा यो अत्यधिक बढेको छ। त्यसैगरी हरितगृह ग्यासमा आएको बढोत्तरी सन् १७५० देखि २००५ सम्मको रेकर्ड हेर्दा सन् १८५० देखि हरितगृह ग्यासमा अत्यन्त तिव्रगतिमा बढेको छ। यसबीचमा कार्वनडाइअक्साइड ३५ प्रतिशत (२८० पिपिएमबाट ३८० पिपिएम) पुगेको छ। त्यसैगरी मेथेन ग्यास सन् १७५० देखि १९९० सम्म १४२.२ प्रतिशतले बृद्धि भएको छ। यो ग्यासको मात्रा ७१५ पिपिविबाट १७३२ पिपिवि पुगेको छ। त्यसैगरी नाट्रोस अक्साईडमा १८ प्रतिशतले बृद्धि भएको छ। यो ग्यास सन् १७५० देखि २००५ सम्ममा २७० पिपिविबाट ३१९ पिपिवि पुगेको छ। यी तिनवटा ग्यासमा यसबीचमा भएको बृद्धिले विगत दशौं हजार वर्षमा भएको तापक्रमको बृद्धिलाई उछिनेको छ।

## ३. जलवायू परिवर्तनको प्रभाव

पृथ्वीमा उत्सर्जन हुने ग्यासलाई हरियाली क्षेत्रले सोस्ने गर्दछ। तर तिव्र वन विनासका कारण हरियाली क्षेत्रहरुको नष्ट भैरहेको छ। वातावरण स्वच्छ हुन पृथ्वीमा उत्पन्न हुने ग्यास र उक्त ग्यासलाई सोस्ने कुरामा सन्तुलन आउनु पर्दछ। तर यो सन्तुलन विग्रिएको छ। उत्सर्जन ज्यादै बढी र सोस्ने ज्यादै कम भएको छ। पृथ्वी तातिनेक्रमले ज्यादै धेरै नकारात्मक प्रभावहरु मानव समुदायले भोग्नु पर्दछ। राष्ट्र संघीय अन्तरसरकारी प्यानलले सार्वजनिक गरेको तथ्यले बताउँछ कि विगत १०० वर्षभित्र १० सेमिदेखि २५ सेमि सामुद्रिक सतह बढेको छ। यहिक्रममा यो बढ्यो भने सन् २१०० मा सामुद्रिक सहत ९५ सेमिले बढ्ने छ। यसै सन्दर्भमा अर्को एउटा तथ्यले बताउँछ कि १ मीटर सामुद्रिक सतह बढेमा इजिप्टको एक प्रतिशत जमीन हराउनेछ, निदरल्याण्ड्सको ६ प्रतिशत जमीन

सामुद्रिक सहतमुनि पुग्छ, बंगलादेशले आफ्नो जमीन १७.५ प्रतिशतले गुमाउन पुग्छ भने मार्सल टापु भन्ने देशको सम्पूर्ण भूमिको ८० प्रतिशत भूमि सामुद्रिक सतह मुनि पुग्ने छ। यस्तै अन्य थुप्रै टापुहरु हराएर जानेछन्। सामुद्रिक सतह बृद्धिसँगै समुन्द्रको किनारामा बसी आफ्नो जीवन गुजारा गर्नेहरुको जीविका हरण हुनेछ। विश्वभरी समुन्द्रीतटमा बसोवास गर्ने मानिसको संख्या ६० करोड छ। सामुद्रिक तटमा वसोवास गर्ने मानिसहरुले आफ्नो भूमिमात्र गुमाउने हैन जीविकोपार्जन र आफ्नो संस्कृति समेत गुमाउँन पुग्दछन्।

पृथ्वी तातिनेक्रमले जलवायुमा व्यापक परिवर्तन ल्याई व्यापकमात्रामा तातोहावा (लु), खडेरी, बाढी, पहिरो, सामुद्रिक तुफान, अतिवृष्टि, अनावृष्टि हुने गर्दछ। त्यसैगरी हिमालबाट हिउँ पग्लीने क्रम तिव्रतर दरले बढेको छ। राष्ट्र संघीय प्यानलले जनाए अनुसार सन् १९८० देखि सन् २००८ सम्मको २८ वर्षमा हिमाल पग्लिनेक्रम तिव्र भएको छ। यसबीच हिमाल पग्लिनेक्रम ६ प्रतिशतले बढेको छ (१४ एमएन केएम २ बाट १३.२ एमएन केएम २) पुगेको छ। आधा शताब्दीमा हिमाल पग्लिएर यो अवस्था हुन्छ भने केही सताब्दीभित्रै हिमालहरु हराउने र नाङ्गा डाँडाहरु मात्र रहने अवस्था हुनेछ। जति तिव्रगतिमा हिमाल पग्लिनेक्रम बढ्छ त्यतिनै बढी सामुद्रिकतटको जमीन समुन्द्रभित्र पुग्ने अवस्था हुनेछ।

जलवायू परिवर्तनले खाद्य उत्पादन र खानेपानीको पहुँचमा समेत संकट पैदा गरिदिन्छ। पृथ्वीको तापक्रम बढ्नेक्रमसँगै जुन मौसममा जुनजुन खाद्य बस्तु उत्पादन हुने गर्दथ्यो ती उत्पादन हुने छैनन्। परिणाम निश्चित तापक्रममा उत्पादन हुने निश्चित प्रकारका खाद्यवालीहरु नष्ट हुनेछन्। अनेक वनस्पति, बोटविरुवा, जडिबुटी विलोप हुन्छन्। यो कुरा पशुपंक्षि, वन्यजन्तु, माछा लगायत जलचरमा पनि लागू हुन्छ। निश्चित तापक्रममा पाइने पशुहरु, वन्यजन्तुहरु तापक्रमको बृद्धिसँगै हराउँदै जान्छन्। यदि यसरी एउटा दुईटा प्रजाति, विरुवा वा पशुपंक्षिहरुको लोप भएमा त्यसले सिंगो वातावरणलाई सन्तुलन ल्याउने प्रक्रियालाई नै असन्तुलन सिर्जना गरिदिन्छ। त्यसैगरी पानीका स्रोतहरु सुक्न गै खानेपानीमा समेत संकट आउनेछ। पृथ्वीको तापक्रम बढ्नेक्रमले विभिन्न प्रकारका रोगव्याधि बढाउने छ। तापक्रम बढेपछि मलेरिया, देंगु जस्तो कालज्वरो र डाएरिया जस्ता रोगहरु बढेको प्रमाणित भएको छ।

यो अवस्थाको प्रमुख जिम्मेवार विकसित देशहरु हुन्। क्यूटो प्रोटोकल अनुसार जुन दर र मात्रामा विकसित देशहरुले आफूले उत्सर्जन गरेको ग्यासमा कटौति गर्ने र पृथ्वी तातिने र जलवायू परिवर्तन गराउन बढावा दिने गतिविधिहरुलाई न्यून गराउने प्रतिवद्धता जाहेर गरेपनि व्यवहारमा कार्यान्वयन हुनसकेको छैन। यो उनीहरुको गैरजिम्मेवारीपूर्ण रवैया हो। यो पृथ्वीलाई ध्वस्त गर्ने र अन्ततः मानव सम्यताकै अन्त गर्ने जुन कृयाकलापहरु विकसित देशहरुले गरिरहेका छन् त्यसको जति निन्दा गरे पनि पुग्दैन। यसका लागि सबै विकासोन्मुख देश, नागरिक समाज र संयुक्त राष्ट्र संघ मिली उनीहरुलाई दवावमा राख्नुको विकल्प छैन। त्यसैगरी यस्तो विकराल अवस्थामा हामी सबै सचेत भै पृथ्वीको रक्षाका लागि लाग्नु पर्दछ। वातावरण संरक्षण गर्न सबै एकजुट हुनुको विकल्प छैन। त्यसैले न्यून कार्वनसहितको अर्थतन्त्र निर्माणका तौरतरिकामा यथोचित ध्यान दिँदै कार्वन उत्सर्जन कम गरेर पृथ्वीलाई रक्षा गर्ने उपाय खोज्नु आज सच्चा दिगो विकासवादीहरूको काँधमा आएको अभिभारा हो।

जुन दर र मात्रामा हरितगृहमा कार्वन ग्यास उत्सर्जन भैरहेको छ त्यसलाई रोक्न सकिएन भने वैज्ञानिकहरूले उद्घोष गरेका छन् यसले भयावह स्थिति ल्याउँछ, भोकमरी सिर्जना गर्नेछ, विकासको प्रक्रिया अवरुद्ध गर्नेछ। वैज्ञानिकहरू के कुरामा एकमतोमा छन् भने जलवायू परिवर्तनमा मानवीय क्रियाकलाप र गतिविधिहरू नै जिम्मेवार छन्। यसमा पनि विकसित देशहरूमा भैरहेको औद्योगिकीकरणको प्रक्रिया नै जिम्मेवार छन्। हरितगृहमा भारीमात्रामा ग्यासको आपूर्ति गर्ने मुख्य स्रोत भनेको औद्योगिकीकरणको यही प्रक्रिया हो। यसको परिणाम भोग्ने मूलरूपमा जनसाधारण, किसान, ग्रामीण जनता र विकासोन्मुख देशहरू हुन्।

बढी ग्यास उत्पादन गर्ने देशहरुमा संयुक्त राज्य अमेरिका, युरोपियन युनियनका देशहरु, अष्ट्रलिया, क्यानाडा, जपान, चीन, इन्डोनेसिया, ब्राजिल र रुस हुन्। क्यूटो प्रोटोकल जपानको क्यूटो शहरमा सन्

१९९७ मा पारित भयो भने सन् २००५ मा लागू भयो । यो सम्झौतालाई १७५ देशहरूले लागू गर्ने प्रतिबद्धतासहित हस्ताक्षर गरेका छन् । क्यूटो प्रोटोकलले विकसित देशहरूले विकासोन्मूख देशहरूलाई ग्यास उत्सर्जन कम गरेवापत क्षतिपूर्ति दिने, जलवायू परितर्वनलाई नियन्त्रण गर्न प्रविधि हस्तान्तरण गर्नुपर्ने, सूचना र दिगो विकासका लागि आर्थिक सहायता दिनु पर्ने कुरा उल्लेख भएको भए पनि त्यो अक्षरशः कार्यान्वयन हुन सकेको छैन ।

### ४. जलवायू परिवर्तनसम्बन्धी केही तथ्य

एक तथ्यांकले बताउँछ कि यदि कार्वनडाइअक्साइड ग्यास नहुँदो हो त पृथ्वीको तापक्रम औषतमा ० डिग्री सेल्सियस हुनेछ जतिवेला पानी जम्ने गर्दछ । पृथ्वीको सतहमा रहेको कार्वनडाइअक्साईडको मात्रा ३ प्रतिशत छ तर यसले पृथ्वीको तापक्रम बढाउनमा ६० प्रतिशत योगदान पुऱ्याएको छ । अर्को एउटा तथ्यांकले बताउँछ कि २० प्रतिशत कार्वनडाइअक्साइड ग्यास बन विनाशबाट हुने गरेको छ । यदि तिव्रगतिमा हुने बन विनाशलाई रोक्ने हो भने यो समस्यालाई कम गर्न सकिन्छ । सामान्यतया प्रति हेक्टर बनले २५० टन कार्वन सोस्ने गर्दछ, जब सन् १९९७ सम्ममा इन्डोनेसियाको ६ लाख हेक्टर जमीनमा रहेको वन विनास गरियो जुन वनले ११० देखि ८० लाख टन कार्वनडाइअक्साइड ग्यास सोस्ने गर्दथ्यो । हरितगृहमा कार्वनडाइअक्साइड ग्यासको मात्रा ७२ प्रतिशत, मेथेन १८ प्रतिशत, नाइट्रोजनअक्साइडको मात्रा ९ प्रतिशत र अन्य ग्यास १ प्रतिशत रहेको छ । जलवायू परिवर्तनका कारण अबको ५० वर्षमा पानीका स्रोतहरु कसरी समाप्त हुनेछन् भन्ने कुरा यो तथ्यले देखाउँछ : यदि पृथ्वीको तापक्रम ० डिग्रीदेखि १ डिग्री सेल्सियसले बढ्न गएमा करिब २ अर्ब जनसंख्यालाई पानीको पहुँचमा कठिनाई हुनेछ । यदि तापक्रम २ डिग्रीदेखि ५ डिग्रीसम्म बढ्न गएमा यो संख्या ३.२ अर्व पुग्नेछ । त्यसैगरी ० डिग्रीदेखि १.५ डिग्री सेल्सियससम्म पृथ्वी तातिनेक्रम रहेमा अहिले भोकमरीमा परेका मानिसहरुको संख्यामा ५ करोडले थपिने छ । यदि तापक्रम १.५ डिग्री सेल्सियसले बढेमा र यो ३.४ डिग्री सेल्सियससम्म मात्र रहेमा थप तेह्र करोड बीस लाख मानिसहरु भोकमरीमा पर्दछन् । त्यसैगरी यदी ३.५ डिग्री सेल्सियसबाट ५ डिग्री सेल्सियस पुगेमा यो संख्या बढी छब्बिस करोड साठी लाख पुग्नेछ । त्यसैगरी ० डिग्रीदेखि १ डिग्री सेल्सियससम्म तापक्रम बढ्न गएमा जनताको स्वास्थ्यमा निकै नकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ । एक सर्वेक्षण अनुसार यो अवस्थामा खासगरी कुपोषण र इन्फेक्सन बढ्नेछ । एक डिग्रीदेखि ३ डिग्रीसम्म बढेमा लु र प्राकृतिक प्रकोप बढ्नेछ । त्यसैगरी तापक्रमको यो मात्रा ५ डिग्रीसम्म पुगेमा भने नयाँनयाँ क्षेत्रहरुमा इन्फेक्सनको फैलावट हुनेछ । विश्व स्वास्थ्य संगठनले जनाए अनुसार सन् २००० मा मात्र विश्वभरी करिब एक लाख पचास हजार मानिसहरुको मृत्यु भएको थियो । सन् २००३ मा युरोपमा बीसहजार मानिस र भारतमा मात्र एक हजार पाँच सय मानिसहरुको मृत्यु भएको थियो । त्यसैगरी ० डिग्रीदेखि ३ डिग्री सेल्सियससम्म तापक्रम बढ्न गएमा वातावरण असन्तुलन यसरी विग्रिनेछ कि झण्डै ३० प्रतिशत वनस्पति तथा प्राणीका प्रजातिहरु विलोपको तहमा रहनेछन् । त्यसैगरी ३ डिग्रीदेखि ५ डिग्रीसम्म तापक्रम पुगेमा ४० प्रतिशत प्रजातिहरु लोप हुने अवस्थामा पुग्नेछन् । त्यसैगरी ० डिग्रीदेखि १ डिग्री सेल्सियससम्म तापक्रम बढ्न गएमा विश्वको प्रति व्यक्ति आयमा ३ प्रतिशतले घट्ने अनुमान गरिएको छ । त्यसैगरी १ डिग्रीदेखि ३ डिग्रीसम्म तापक्रम पुगेमा १० प्रतिशत र यो ५ डिग्रीसम्म २० प्रतिशतले विश्वको आय घट्न जानेछ । यो अवस्था हुनु भनेको विश्वमा निकै ठूलो मन्दी आउनु हो । जसका कारण सबै क्षेत्रमा हाहाकार आउन सक्ने अनुमान गरिएको छ ।

जलवायू परिवर्तनका प्रभावहरु हामीले दैनन्दिन भोग्दै आइरहेका छौं । यसमा समयमा पानी पर्न नसक्नु एक हो । विगतमा जस्तो समयमै मनसुन नभएर गएका केही वर्षहरुमा करिब तिनहप्ता पछि सऱ्यो । जसका कारण खेतिपाति समयमै लगाउन सकिएन । यसको प्रत्यक्ष प्रभाव उत्पादक किसानलाई पऱ्यो, परिणाम उत्पादन कम हुने भयो, सबैतिर यस्तै स्थिति भएपछि खाद्यान्न न्युन हुन गै खाद्य संकट उत्पन्न हुने भयो । अझ अगाडि भनौं उत्पादन घट्न गै राष्ट्रिय आयमा कमी आउन गै सिंगो अर्थतन्त्रमै नकारात्मक प्रभाव पर्ने विषय स्वतः स्पष्ट छ । कृषि, प्राकृतिक स्रोतमा जीविकोपार्जन अडेका विश्वका बहुसंख्यक जनता जलवायू परिवर्तनको प्रत्क्षय मारमा पर्ने स्पष्ट छ । करिब ३ अर्व जनता जो साना उत्पादक, सिमान्त किसान, गरिब र सर्वहारा छन् र उनीहरु गरिबीको

रेखामुनी रहेका छन्, जलवायु परिवर्तनबाट मारमा पर्ने गरेका छन् । उनीहरुसँग निर्वाहमुखी कृषि प्रणाली र प्राकृतिक स्रोत बाहेक अन्य केही हुँदैन । यो पनि नष्ट भएपछि उनीहरुसँग केही रहँदैन । यो संख्या अझ बढ्नेक्रममा रहेको छ । त्यसैगरी बढ्दो तापक्रमले बालीको उत्पादन घट्ने छ, प्राकृतिक स्रोतसाधन नष्ट हुनेछ । उनीहरु नै त्यस्ता निरिह समुदायमा पर्दछन् कि जलवायू परिवर्तनको प्रभावलाई कम गर्ने उपायमा कम क्षमता राख्दछन् । त्यसैले यतिबेला सबै देशहरुले विकासको नीतिलाई नै परिवर्तन गरी न्यून कार्वन उत्सर्जन गर्ने विकासका नीति अख्यितार गर्नु पर्दछ । वातावरण संरक्षण गर्नु पर्दछ । वातावरणमैत्री विकासको नीति लिनु पर्दछ । विकासका नाममा विनास निम्त्याउने नीतिलाई त्याग्न जरुरी छ । यसमा पनि विशेष गरी विकसित देशहरु संवेदनशील हुन जरुरी छ । पृथ्वी विनाशको दिशातर्फ गैरहेको छ । यसलाई रोक्ने दायित्व सबैको हो । अझ बढी दायित्व भने विकसित देशहरुको हो ।

## ५. जलवायू परिवर्तनका मुख्य कारण

जलवायू परिवर्तन हुनमा तिनवटा मुख्य कारणहरु छन् । तिनमा पहिलो, पृथ्वीको आफ्नै आन्तरिक क्रियाप्रक्रियाबाट दोश्रो, सूर्यका किरणहरु उर्जाको रुपमा पृथ्वीमा आएपछि र तेश्रो, मानवीय गतिविधिबाट हो । जलवायू परिवर्तन एउटा यस्तो जटिल प्रक्रिया हो जुन जमीन, हिउँबरफ, नदिनाला, समुन्द्र, जैविक विविधता, मानव सभ्यता, पृथ्वीको वाहिरी भाग तथा सतहसमेतको अन्तरक्रियात्मक गतिविधि र एकअर्कासँगको सम्वन्ध र विकासबाट निर्धारण हुन्छ । यी चिजहरुबीचको सम्वन्ध निरन्तर चलायमान हुन्छ । यही निरन्तर प्रक्रियाबाट पृथ्वी तातिने र चिसिने क्रम हुन्छ । पृथ्वी र सूर्यको नजिकको सम्वन्ध छ । सूर्य उर्जाको स्रोत हो । पृथ्वीले सूर्यबाट उर्जा प्राप्त गर्दछ । सूर्यबाट प्राप्त भएको उर्जाको प्रयोग हामी हाम्रो दैनिक जीवनमा व्यापक मात्रामा गर्दै पनि आएका छौं । अर्थात् सूर्यबाट पृथ्वीमा आउने उर्जा सूर्यका किरणमार्फत आउने हो । जब सूर्यका किरणहरु पृथ्वीसम्म आईपुग्छन् तब पृथ्वी तातिनेक्रमको शुरु हुन्छ । सूर्यबाट उर्जा पृथ्वीमा आउने प्रक्रिया यहीं समाप्त हुँदैन । पृथ्वीमा आएको उर्जाको कतिपय हिस्सा पृथ्वीमा रहने र अन्य कतिपय हिस्सा प्रतिविम्वित भै फर्किने गर्दछ । फर्किने हिस्सा सतह (एट्मोस्फियर) मा जम्मा हुन पुग्छ । यो प्रक्रिया सहज र बिना अवरोध हुँदा पृथ्वी तातिने क्रम थिएन । भएपनि कम थियो । यो प्रक्रियामा अवरोध उत्पन्न हुनमा हरितगृहमा व्यापक मात्रमा ग्यास जम्मा भएर हो । यो प्रक्रियाको अतिरिक्त पृथ्वी आफ्नै आन्तरिक प्रक्रियाका कारणले पनि तातिने गर्दछ । पृथ्वी तातिनेक्रम यतिमै सीमित नभई यसका लागि सबैभन्दा ठूलो भूमिका मानवीय गतिविधि नै जिम्मेवार छन् ।

एउटा सानो उदाहरण लिउँ कि जलवायू परिवर्तन गराउनमा मानवीय गतिविधिहरु कति जिम्मेवार छन् । हाम्रा अधिकांश गाउँहरुमा अझसम्म उर्जाका लागि दाउरा बाल्ने चलन छ । जब हामी दाउरा बाल्छौं तब यसबाट कार्वन ग्यास उत्सर्जन भैरहेको हुन्छ । जसरी कार्वन उत्सर्जन हुन्छ त्यसैगरी त्यसलाई सोस्ने प्रक्रिया पनि पृथ्वीमा रहेको हुन्छ । उत्सर्जन भएको कार्वनलाई बोटविरुवाले सोस्ने काम गरी उत्सर्जन भएको कार्वनको प्रभाव सून्य हुन पुग्दथ्यो तर अहिले अवस्था यस्तो रहेन । कार्वन उत्सर्जन यति धेरै भयो कि त्यो बोट विरुवा वा हरियालीले सोस्न सक्ने अवस्थामा रहने । यतिमात्र हैन जब सन् १७५० मा स्टीम इन्जिन प्रयोगमा आए पछि इन्धनका लागि कोइला र अन्य खनिज इन्धनको व्यापक प्रयोग हुन थाल्यो । अझ यस्तो उर्जाको प्रयोग औद्योगिकीकरणको प्रक्रिया शुरु भएपछि ज्यादै तिव्र बन्यो । यो प्रक्रियाले व्यापकमात्रामा कार्वन ग्यासको उत्सर्जन गर्ने काम गऱ्यो । यस्तो ग्यास लाखौं वर्षसम्म एट्मोस्फियर (सतह) मा थिएन तर जब औद्योगिकीकरणको प्रक्रिया शुरु भयो तब सतहमा व्यापक ग्यास जम्मा हुन पुग्यो । आज २० लाख वर्षमा पहिलो पटक यतिधेरै कार्वन हावा वा वायूमण्डलमा जम्मा भएको छ । त्यसैगरी व्यापक औद्योगिकीकरणका कारण, जथाभावि वन विनास भएर, व्यापक शहरीकरण र कृषिको कथित आधुनिकीकरणको प्रक्रियाबाट पृथ्वी तातिने र जलवायूमा परिवर्तन आउने गर्दछ ।

## ६. जलवायू परिवर्तनले नेपालमा पर्ने असर

नेपालमा पनि जलवायू परिवर्तनका प्रभावहरु क्रमशः देखा पर्नथालेका छन् । हाम्रो मुलुकमा संसारमा पाइने सबै प्रकारका जलवायू पाइन्छन् । यहाँ अत्यन्त तातोदेखि ज्यादै चिसो मौसम पाउने क्षेत्रहरु छन् । र, यी क्षेत्रहरु अत्यन्त कम दुरीमा रहेका छन् । भौगोलिक हिसावले ज्यादै कम दुरीमा विविध जलवायू पाउनु हाम्रो

मुलुकको भौगोलिक विशेषता हो । धेरै खाल्का जलवायू पाउने कारणले हाम्रो देश जैविक विविधतामा ज्यादै धनी देशको रुपमा विश्वमा प्रशिद्धि कमाएको छ। जलवायू परिवर्तनले सबैभन्दा बढी यी विभिन्न जलवायूमा पाईने प्राकृतिक स्रोत तथा जैविक विविधता समाप्त गर्ने भएकोले हामीले विकराल स्थिति व्यहोर्नु पर्ने अवस्था आउने निश्चित छ। हाम्रो जैविक विविधतालाई नियाल्ने हो भने यहाँको भूमि विश्वको ०.१ प्रतिशत मात्र हो तर यहाँ ९.३ प्रतिशत चराहरु पाइन्छन्, ४.५ प्रतिशत जनावरहरु पाइन्छन्, २ प्रतिशत घस्रने जीव पाइन्छन्, ६ प्रतिशत पुतली पाइएका छन्, १ प्रतिशत माछा पाइन्छन्, २ प्रतिशत फूलजन्य वनस्पति पाइन्छन्। त्यसैगरी ७०० प्रकारका औषधिजन्य वनस्पति पाइन्छन्। जलवायू परिवर्तनको प्रभावलाई कम गर्न सकिएन भने यी जैविक विविधता समाप्त हुन वेर छैन ।

प्राकृतिक स्रोतको समाप्तीसँगै जलवायू परिवर्तनले नेपालको खासगरी कृषिक्षेत्रमा के कस्तो प्रभाव पारेको छ भन्ने बारेमा पनि विभिन्न अध्ययनहरु भएका छन्। ती अध्ययनहरुले देखाएको छ कि यहाँ मनसुन कहिले अगाडि आउने र कहिले पछाडि सर्ने गरेको छ। अध्ययन अनुसार नेपालमा पटकपटक सामान्यतया परम्परागत हिसाव र अनुमान गरे अनुसार मौसम नभई अगाडि नै हुने गरेको छ। त्यसैगरी पानी पर्ने समय ढिला पनि हुने प्रवृत्ति भेट्टिएको छ। विगतका अनुभवका आधारमा किसानहरु निश्चित समयावधिभित्र वर्षा होला र खेति लगाउँला भनि प्रतिक्षामा बसेका हुन्छन् तर अनुमान गरेको समयमा पानी नपरी निकै ढिला वर्षा भएको अनुभव छ। जलवायू परिवर्तनका कारणले पानी पर्ने समयमा अनिश्चितता आएको छ। यो असामान्य बनेको छ। त्यसैगरी पानी पर्ने दिनहरु पनि घटेका छन्। पानीका मूलहरु नफुट्ने अवस्था आएको छ, वर्षा कम हुने वा नहुने अवस्थाले गर्दा भूमिगत जलमा पनि गिरावट आएको छ। परम्परागत हिसावले नेपालमा जेठ र असारमा मनसुन हुने कुरा परिवर्तन भै यो साउन देखि असोजसम्म पुगेको छ। त्यसैगरी जलवायू परिवर्तनको प्रभावको आँकलन गर्ने हो भने विगत केही वर्ष यता तराईका भागहरुमा व्यापक शीतलहर र बाक्लो कुहिरो लाग्ने गरेको छ। जसका कारण कृषि उत्पादन अलगथलग हुने र मौसममा आएको गडबडिले ठुलोमात्रामा धनजनको क्षति भएको पाइएको छ। त्यसैगरी काठमाडौं उपत्याकामा चिसा दिनहरु विगतमा र नियमित रुपमा भन्दा घटेको अध्ययनले देखाएको छ। त्यो अनुभव पनि गर्न सकिन्छ। त्यसैगरी केही वर्ष अगाडि विगत ६० वर्षमा पहिलो पटक काठमाडौंमा हिउँ परेको छ। अर्को एक अध्ययनले देखाएको छ कि केही समय अगाडि दार्चुला जिल्लामा परेको हिउँ अप्रत्याशित र अस्वभाविक थियो। जसका कारण थुप्रै नागरिकको ज्यान जानुको साथै यार्सा गुम्वा नष्ट भएको विषय सार्वजनिक भएको थियो। त्यसैगरी जलवायू परिवर्तनको अर्को प्रभाव प्रत्यक्ष रुपमा अनुभव गरिएको छ कि करिब तीन दशक अगाडि तराई तथा भित्री मदेशमा मात्र लामखुट्टे लाग्ने गर्दथ्यो तर अहिले पहाडि भेगमा मात्र हैन उच्च पहाडि क्षेत्र हेलम्वु वा मुस्ताङमा समेत प्रशस्त लामखुट्टे लाग्ने गरेको पाइएको छ। यो गर्मी मौसमकै कारणले हो। अर्थात् पृथ्वी तातिनेक्रमले नै हो।

## ७. समाधानका उपायहरु

जलवायू परिवर्तनबाट कसरी बच्ने, यसलाई कसरी कम गर्ने ? यसबाट बच्ने उपायहरुमा खनिज इन्धनको प्रयोगमा कमि ल्याई जैविक ग्यास प्लान्ट र जैविक इन्धनको प्रयोगमा जोड दिनु पर्दछ। त्यसैगरी व्यापकमात्रामा प्रयोग भईरहेको रासायनिक मल र किटनाषक औषधिको अन्त गरी प्राङ्गारिक खेति प्रणालीको विकास र विस्तार गर्नु पर्दछ। वाली विविधीकरण, बहुवाली तथा अन्तरवाली प्रणालीको अवलम्वन गर्नु पर्दछ। पानी कम प्रयोग गरेर उत्पादन गर्न सकिने वालीको अनुसन्धान, विकास र विस्तार गर्नु पर्दछ। जल विद्युतको विकास, विस्तार र उपयोगमा जोड दिनु पर्दछ। व्यापक वृक्षारोपण गरी हरियाली क्षेत्रको विकास र विस्तार गरी वातावरण संरक्षण गर्नु पर्दछ। अन्ततः वतावरणमैत्री विकास नीतिको अवलम्वन र न्यून कार्वनसहितको अर्थतन्त्र निर्माणका तौरतरिकामा यथोचित ध्यान दिएमा जलवायू परिवर्तनलाई कम गर्न सकिन्छ।

## सन्दर्भ सामाग्रीहरुः

ANPFa, (2008), International Conference on Food Sovereignty, Agrarian Reforms and Peasants' Rights in the changing context of Nepal, Kathmandu, Nepal, All Nepal Peasants' Federation (ANPFa)

ANPFa and SAAPE, (2007), Proceedings of South Asia Regional Workshop on Genetic Engineering, Kathmandu, Nepal, All Nepal Peasants' Federation (ANPFa) and South Asia Alliance for Poverty Eradication (SAAPE)

ANPFa, (2009), Proceedings of South Asian Regional Conference on Food Sovereignty, agrarian reforms and peasants' rights, Kathmandu, Nepal, All Nepal Peasants' Federation (ANPFa) and South Asia Alliance for Poverty Eradication (SAAPE)

Dangal, P., (2004), Nabaudarbad ra Sarbhoum Rajyaka Bikalpaharu (in Nepali), Kathmandu, Nepal, Akaisou Satabdi Press.

Dangal, P., Khadya Samprabhuta: Aabadharana Ra Chunouti,

Friends of the Earth international, (2007), Climate Change, Amsterdam, The Netherlands, Friends of the Earth international secretariat.

https://en.wikipedia.org/wiki/Intergovernmental_Panel_on_Climate_Change

https://www.livescience.com/37003-global-warming.html

https://en.wikipedia.org/wiki/Climate_change

http://www.conserve-energy-future.com/various-climate-change-facts-php.php

La Via Campesina, (2002), Dossier of Documents, Roma, Italy, La Via Campesina, (International Farmers Movement)

Nyeleni, (2007), Declaration of Nyeleni, Forum for Food Sovereignty, 23-27 February 2007, Nyéléni Village, Sélingué, Mali

Pesticide Action Network Asia and the Pacific, (2004), Primer on Food Sovereignty, Framework for National Programme on Food Sovereignty, Penang, Malaysia, People's Food Sovereignty Network, Pesticide Action Network Asian and the Pacific

Pesticide Action Network Asian and the Pacific, (PAN AP), (2007, Towards a toxic free World, People's struggle and visions for the future, Statements and declarations, Penang, Malaysia, Pesticide Action Network Asian and the Pacific (PAN AP)

Ray D., D., De La Torre Ugarte, Tiller K., (2003), Rethinking US agricultural policy: changing course to secure farmer livelihoods

Rosset, Peter M., (2006), Food is Different, Fernwood Publishing, Hlifax, Nova Scotia, Books for Change, Bangalre, SIRD, Kuala Lumpur, Devid Philip, Cape Town, Zed Books, Landon & New York

■

# स्थानीय सरकार : तत्कालीन कार्यभार र चुनौती

✍ डा. प्रेम सागर चापागाई*

**पृष्ठभूमि :**

नेपालको संविधान २०७३ ले व्यवस्था गरे अनुरूप हाल नेपालमा सातवटा प्रदेश र ७४४ वटा स्थानीय तहको निर्माण भएको छ। संघीय शासन प्रणालीमा तीन तह - स्थानीय, प्रदेश तथा केन्द्रमध्ये स्थानीय तह ज्यादै महत्त्वपूर्ण छ। संघीयताको मूल उद्देश्य केन्द्रमा रहेको अधिकार, स्रोत तथा साधनहरू स्थानीय तहमा पुऱ्याउने र स्थानीय तहलाई विकास निर्माणको मुख्य अङ्ग बनाउने हो। स्थानीय स्रोतसाधनको पहिचान तथा उपभोग गर्दै आफ्नो विकास आफैँ गर्नु, राज्यबाट प्राप्त हुने सेवा तथा सुविधाहरू सहज रूपमा प्राप्त गर्नु र विकास तथा सामाजिक न्यायमा सबैको पहुँच पुऱ्याउँदै समृद्धितर्फको यात्रा तय गर्नु हो।

संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहले स्थानीय सरकारको रूपमा काम गर्दछ। सरकारको रूपमा यसले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको कार्य गर्ने गर्दछ। उक्त कार्यहरू गर्न स्थानीय तहलाई संविधानको अनुसूचि ८ मा विभिन्न २२ प्रकारका अधिकारहरू प्रदान गरिएको छ। यसबाहेक स्थानीय तहले प्रदेश र केन्द्रसँग पनि समन्वयात्मक रूपमा काम गर्नुपर्ने हुन्छ। यसरी हेर्दा नेपालको संघीय संरचनाले आफ्ना अधिकार, जिम्मेवारी र अन्तरसम्बन्धलाई अन्तरसम्बन्धित भएर निर्वाह गर्नुपर्ने हुन्छ। यसरी आफ्ना कार्यहरू गर्नुपर्दा स्थानीय तहले तत्काल के गर्ने र विद्यमान अवस्थामा रहेका अवसर र चुनौतीहरूको आँकलन गर्न अपरिहार्य भएकाले यहाँ उक्त विषयवस्तुबारे संक्षिप्त रूपमा सिंहावलोकन गर्ने प्रयास गरिएको छ।

* भूगोग केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर

**स्थानीय तहको संख्या, आकार तथा वितरण**

नेपालमा हिमाल, पहाड र तराई गरी तिनवटा भौगोलिक प्रदेश रहेका छन्। हिमालले देशको कुल भूभागको लगभग ३५ प्रतिशत ओगटेको छ। यहाँ ७५ जिल्लामध्ये १६ वटा जिल्लाहरू रहेका छन्। पहाडमा ३९ जिल्ला छन् र यसले ४२ प्रतिशत भूभाग ओगटेको छ। तराईमा २० वटा जिल्लाहरू रहेका छन् र तराईले २३ प्रतिशत भूभाग ओगटेको छ। जनसंख्याका आधारमा हेर्ने हो भने कुल जनसंख्याको करिव ५० प्रतिशत तराईमा, ४३ प्रतिशत पहाडमा र बाँकी हिमाली प्रदेशमा रहेको छ (CBS, 2012) हाल नेपालमा ७४४ वटा गाउँ/नगरपालिका तय गरिएको छ। यीमध्ये १२८ वटा हिमाली क्षेत्रमा तथा ३४९ र २६७ क्रमशः पहाड र तराई क्षेत्रमा रहेका छन् (तालिका १)।

तालिका १: भौगोलिक क्षेत्रअनुसार स्थानीय तहको संख्या

| भौगोलिक क्षेत्र | स्थानीय तहको संख्या | स्थानीय तहको प्रतिशत | देशको कुल भूभाग (%) | कुल जनसंख्याको प्रतिशत |
|---|---|---|---|---|
| हिमाल | 128 | 17=2 | 35 | 6=7 |
| पहाड | 349 | 46=9 | 42 | 43=0 |
| तराई | 267 | 35=9 | 23 | 50=3 |
| जम्मा | 744 | 100=0 | 100 | 100=0 |

क्षेत्रफलको आधारमा हेर्ने हो भने दशवटा गा.पा./न.पा. १००० वर्ग कि.मि. भन्दा ठुला छन् र प्रायः यी सबै हिमाली जिल्लामा रहेका छन्। हुम्लाको नाम्खा गा.पा. सबैभन्दा ठुलो छ। यसको क्षेत्रफल २४१९.६४ वर्ग कि.मि. छ। योलगायत अन्य नौ ठुला गाउँपालिकाको क्षेत्रफल नेपालका धेरैवटा जिल्लाभन्दा

पनि ठुलो रहेको छ। त्यसै गरी भक्तपुरको भक्तपुर नगरपालिका सबैभन्दा सानो न.पा. रहेको छ। यसको क्षेत्रफल ६.८ वर्ग कि.मि. मात्र छ। क्षेत्रफलको आधारमा हेर्दा लगभग ४० प्रतिशत (२९६ वटा) गा.पा./न.पा. १००-२०० वर्ग कि.मि. क्षेत्रफल भएका छन्। त्यसै गरी लगभग २३ प्रतिशत (१७२ वटा) गा.पा./न.पा. ५०-१०० वर्ग कि.मि. क्षेत्रफल भएका छन् (तालिका २)।

तालिका २: क्षेत्रफलका आधारमा
गा.पा./न.पा. को संख्या

| गा.पा./न.पा. को क्षेत्रफल (वर्ग .कि.मि. मा ) | संख्या | प्रतिशत |
|---|---|---|
| १००० भन्दा माथि | १० | १.३ |
| ५००-१००० | ३५ | ४.७ |
| २००-५०० | १३७ | १८.४ |
| १०० -२०० | २९६ | ३९.८ |
| ५०-१०० | १७२ | २३.१ |
| ५० भन्दा तल | ९४ | १२.६ |
| जम्मा | ७४४ | १०० |

जनघनत्वको हिसाबले हेर्दा हिमाली क्षेत्रमा रहेका गा.पा./न.पा.. को जनघनत्व सालाखाला ५० प्रति वर्ग कि.मि. रहेको छ भने पहाडी क्षेत्रको २००-४०० र तराईको ४००-९०० रहेको छ। यी तीनवटै क्षेत्रमा जनघनत्वमा धेरै विविधता छ। हिमाली क्षेत्रको जनघनत्व ०.६ व्यक्ति प्रति वर्ग कि.मि. देखि ३०७ सम्म रहेको छ। पहाडी क्षेत्रमा ४.२ देखि १९७७२ सम्म र तराईमा ३५ देखि २७८७ सम्म रहेको छ। मनाङको नार्फू गा.पा. सबै भन्दा कम (०.६) जनघनत्व भएको गा.पा. हो भने सबैभन्दा बढी काठमाडौँ (१९७२६) रहेको छ। भक्तपुर न.पा. र ललितपुर महानगरपालिकाको जनघनत्व क्रमशः ११८६१ र ७८८८ छ।

विद्यमान स्थानीय तहको क्षेत्रफल हेर्ने हो भने सबैभन्दा ठूला गाउँ/नगरपालिकाहरू हिमाली जिल्लामा रहेका छन् भने तराईमा उक्त तहहरू ज्यादै साना छन्। यहाँ गाउँ/नगरपालिकाको निर्धारण गर्दा भौगोलिक आधारभन्दा पनि जनसंख्यालाई नै प्रधानता दिइएको पाइन्छ। यसरी हिमाली क्षेत्रमा भौगोलिक हिसावले ठुला गाउँ/नगरपालिका हुँदा त्यहाँ सेवा सुविधाको पहुँचमा कठिनाइ हुने र भौगोलिक कारणले पनि विकास निर्माणमा बढी खर्च लाग्ने हुन्छ। प्रति एकाइ ( गाउँ/नगरपालिका) ले पाउने अनुदानमा खासै भिन्नता भएन भने ती क्षेत्रहरूको पूर्वाधारको निर्माण गर्न र सेवा सुविधामा समान पहुँच पुऱ्याउन अन्य भौगोलिक क्षेत्रमा रहेका गाउँ/नगरपालिकाको तुलनामा बढी खर्चिलो र कठिन हुन्छ। अर्कोतिर केही शहरी क्षेत्र र तराईमा भौगोलिक रूपमा साना गाउँ/नगरपालिका हुने भएकाले त्यहाँ पर्याप्त मात्रामा प्राकृतिक स्रोत साधनको उपलब्धता नहुन सक्छ र विकास निर्माणका योजनाहरू निर्धारण गर्न भौगोलिक एकाइहरू साना हुन सक्दछन्। गाउँ/नगरपालिका बिचको राम्रो समन्वय नभएमा विकास आयोजना निर्माण, संचालन र व्यवस्थापनमा गाह्रो हुन जान्छ। यसरी हेर्दा विकास निर्माणका लागि जनसंख्याको आकार मात्र नभएर न्यूनतम भौगोलिक आकारसहितको स्थानीय तहको अपरिहार्यता देखिन्छ।

**स्थानीय तह : विकास र समृद्धिका आधारहरू**

कुनै पनि क्षेत्रको विकास गर्न धेरै कुराहरूको आवश्यकता पर्दछ। यसका लागि प्राकृतिक र मानवीय स्रोत साधनहरूको उपलब्धता के कस्तो छ भन्ने कुराले ज्यादै प्रभाव पार्दछ। यसका अतिरिक्त ती स्रोत र साधनहरूको उपयोग र विकास गर्ने सोच, प्रविधि र आर्थिक अवस्था के कस्तो छ भन्ने कुरा महत्त्वपूर्ण हुन आउँछ। विकास निर्माणका बारेमा हाम्रो सोच उजागर गर्दा हामीमा वैचारिक स्पष्टता अर्थात् हाम्रा विकासका दार्शनिक आधार र हाम्रो गन्तव्यको पहिचान गर्नु अपरिहार्य हुन्छ। राजनीतिक हिसाबले हामी जनताको बहुदलीय जनवादबाट निर्दिष्ट हुन सक्छौँ भने हाम्रो गन्तव्य भनेको समृद्ध गाउँ/ नगर र देश निर्माण हो।

वर्तमान विश्व परिवेशमा प्रविधि र आर्थिक स्रोतसाधन जुटाउन त्यति गाह्रो हुँदैन। तसर्थ हाम्रा प्राकृतिक स्रोत साधनको अवस्था के कति छ र तिनीहरूको उपयोग र विकास गर्न हाम्रो सोच के छ भन्ने कुराले विकासको यात्रालाई निर्धारण गर्दछ। राष्ट्र निर्माणको सोचको आधार शिक्षाले प्रदान गर्नुपर्दछ। शिक्षा सैद्धान्तिक, व्यावहारिक र अनुभवजन्य हुनसक्दछ। शिक्षालाई पूर्णरूपमा जीवनोपयोगी र व्यावहारिक बनाउनुपर्दछ। यसले मानिसमा ज्ञान र

संस्कारको विकास गर्दछ र मानिसमा रहेको क्षमताको पहिचान र प्रस्फूटन गर्न मद्दत गर्नुपर्दछ। यसबाट व्यक्तिमा स्वाभिमान र आत्मबलको विकास हुन्छ। वास्तममा सोचअनुसार नै स्रोतहरूको परिचालन र व्यवस्थापन हुने गर्दछ। शिक्षाको विकासबाट हामी हाम्रो मानवीय स्रोतसाधनको विकास गर्न सक्छौं।

माथि भनिएकै प्राकृतिक र मानवीय स्रोतहरू विकासका आधार हुन्। प्राकृतिक स्रोतसाधनका दृष्टिले नेपाल धनी छ। देशमा रहेको भौगोलिक विविधता, हावापानीको विविधता, प्राकृतिक वनस्पति, जीव जन्तुको विविधता, सामाजिक र साँस्कृतिक विविधता हाम्रा अथाह स्रोतहरू हुन्। हिमाल, पहाड, तराई क्षेत्रमा रहेका उक्त स्रोतसाधनहरू समुचित विकास र व्यवस्थापन गर्दै हामी हाम्रो विकास गर्न सक्छौं। सुन्दर हिमाल, अनमोल जलस्रोत र जडीबुटी, कृषि, वन र जैविक विविधता, साँस्कृतिक विविधता नेपालमा जति अन्य कुनै देशमा पनि छैन। वास्तममा हामी स्रोत र साधन धेरै भएर पनि तिनीहरूको विकास गर्ने सोच नभएर पछाडि परेका हौं।

हाम्रा स्रोतहरूको समुचित विकास गर्न हामीले स्थानीय र प्रदेशको बिचमा समन्वय तथा साझेदारी गर्नुपर्दछ। एक आपसको अधिकार र स्रोतको उपयोग गर्दा विकासका ध्येयहरूलाई लक्ष्यित गर्दै अगाडि बढ्नु पर्दछ। वास्तममा हाम्रो सङ्घीयता कार्यात्मक स्वायत्ता (functional autonomy) प्रकारको हो जुन सहअस्तित्व, समन्वय, साझेदारी र सहकारितामा आधारित छ। स्थानीय तहमा विभिन्न किसिमका स्रोतसाधनहरू छन्, मानिसका अपेक्षाहरू पनि विविध छन् तर क्षमताका आधारमा ती निकायहरू फरक छन्। त्यसैले स्रोतसाधनको साझेदारी र समन्वय अपरिहार्य छ। यसरी हामीले अङ्गीकार गरेको सङ्घीयताको आधारमा हाम्रा विविध प्राकृतिक स्रोतसाधनको व्यवस्थापन गर्नुपर्दछ। यसबाहेक हाम्रा अमूल्य निधिका रूपमा रहेका भाषा, धर्म, रीतिरिवाजलगायत तमाम सामाजिक साँस्कृतिक स्रोतहरूको विकास गर्नुपर्दछ। यसबाट हामी हाम्रो समग्र विकासको बाटो खोल्न सक्छौं।

स्थानीय तहमा उपलब्ध साधनस्रोतको परिचानलबाट प्राप्त भएको विकासको प्रतिफल कसरी वितरण गर्ने अर्को अहं सवाल हो। यो पनि हाम्रो राजनीतिक दृष्टिकोणबाट नै मार्गदर्शित हुन्छ। यो सामाजिक न्यायमा आधारित हुनुपर्दछ। विकास निर्माणबाट समग्र रोजगारी तथा जीविकोपार्जनका विविध अवसरहरू सृजना हुन्छन्। यसबाट व्यक्तिले आफ्नो भलाइका लागि धेरै अवसरहरू छनोट गर्न पाउँछ। यति मात्र नभएर मानिस स्वतन्त्र र सुरक्षित भएर बाँच्न चाहन्छ। शान्ति बिना सुरक्षा हुँदैन तर विकास नभई शान्ति पनि हुँदैन। विकास भएर पनि उचितरूपमा विकासका प्रतिफलको वितरण नभई दिगो शान्ति कायम हुँदैन। तसर्थ सुरक्षा, शान्ति र विकास परस्पर अन्योन्याश्रित छन्। सुरक्षा नभई समृद्धि पनि हासिल गर्न सकिँदैन। समग्रमा भन्नुपर्दा शिक्षा, विकास र रोजगार समृद्धिका आधार हुन् र हामीले यसतर्फको यात्रा स्थानीय तहबाट सुरु गर्नुपर्दछ।

**स्थानीय तहमा कामको सुरुवात कहाँबाट गर्ने ?**

स्थानीय तहमा काम कहाँबाट र कसरी थाल्ने भन्ने कुरा त्यति सजिलो छैन। लगभग २० वर्षपछि निर्वाचन भएर अधिकारसम्पन्न स्थानीय तहको निर्माण भएको छ। यो अधिकारसम्पन्न स्थानीय सरकारको रूपमा उपस्थित भएको छ। एकातिर धेरै वर्षको अन्तरालमा चुनाव भएकाले स्थानीय तह भद्रगोग छ अर्कोतिर जनताका इच्छा, आकांक्षाहरू असीमित छन्। साधन र स्रोतहरू सीमित छन्। यी समस्याहरूबीचमा स्थानीय सरकार दरो र खरो रूपमा उत्रनुपर्नेछ। यसका लागि यसले आफ्ना कामहरूलाई क्रमबद्ध रूपमा अगाडि बढाउनुपर्ने हुन्छ।

अहिले स्थानीय तहले नयाँ संवैधानिक व्यवस्था अनुसारको कामको जग बसाउनुपर्ने छ। यसले समृद्धिको यात्राको श्रीगणेश गाउँ/नगर स्तरबाट शुरु गर्नुपर्दछ। तसर्थ यसको जग बलियो हुनु अतिआवश्यक छ। विकास निर्माणका योजनाहरू बनाउँदा वस्तुनिष्ठ आधारमा बनाउनु पर्दछ। विकास निर्माणका विविध विषयवस्तुहरूसम्बन्धी पूर्ण जानकार नभई चुस्त योजना बनाउन सकिँदैन। तसर्थ आफ्नो गाउँ/नगरपालिकाको विस्तृत तथ्याङ्कको सङ्कलन, त्यसको वडागत/वस्तिगत रूपमा विश्लेषण गरी यसलाई योजना निर्माणको आधार बनाउनु पर्दछ। यसरी तथ्याङ्क सङ्कलन गर्दा गाउँ/नगरपालिकाले गर्ने कामहरू, गाउँ/नगर र प्रदेश तथा केन्द्रसँग समन्वयात्मक रूपमा गरिने सबै कामसम्बन्धी तथ्याङ्कहरू हुन आवश्यक हुन्छ। यही तथ्याङ्कका आधारमा रहेर अल्पकालिन, मध्यकालिन र


दिर्घकालीन योजनाहरूको निर्माण गर्दै काम अगाडी बढाउनु पर्दछ ।

गाउँ/नगर क्षेत्रका विविध विषयका तथ्याङ्कहरूको स्रोत भनेको केन्द्रिय तथ्याङ्क विभाग र विभिन्न मन्त्रालयहरू र त्यस अन्तरगतका नियकायहरूले सङ्कलन गरेका तथ्याङ्कहरू हुन् । नेपालमा प्रत्येक १०/१० वर्षमा जनगणना गरिन्छ र यसले धेरै बिषयवस्तुहरूलाई समेटेको हुन्छ । नेपालको पछिल्लो जनगणना २०६८ सालमा भएको थियो । जनगणना २०६८ बाट प्राप्त तथ्याङ्क ५/६ बर्ष पुराना भइसके र त्यसवेला जनगणना गरिएका एकाई (गा.वि.स / नगरपालिका) हाल परिवर्तन भइसकेका धेरै सूचकहरूमा ठूलो परिवर्तन आइसकेकाले तथ्याङ्कहरू पुनः सङ्कलन गर्न आवश्यक छ । अहिलेको पुनःसंरचना भएको परिस्थितिमा केन्द्रिय सरकारले नै उक्त जनगणना पुनः गर्न आवश्यक छ ।

अथवा स्थानीय स्तरमा उक्त तथ्याङ्क सङ्कलन गर्न आवश्यक स्रोतसाधन र प्रविधिको विकास गरी स्थानीय तहले तथ्याङ्कलाई अद्यावधिक गर्नुपर्दछ ।


स्थानीय स्तरमा केही टड्कारा समस्याहरू देखिएका छन् । ती समस्याहरूमध्ये १) खानेपानी २) शिक्षा ३) स्थास्थ्य ४) रोजगारी/वैदेशिक रोजगारी ५) कृषि ६) फोहोरमैला व्यवस्थापन ७) प्राकृतिक प्रकोप ( वाढी/पहिरो ८) वस्तीको विकास ९) पर्यटन १०) बजारको विकास तथा व्यवस्थापन ११) विकासमा पूर्वाधारको निर्माण (सडक, बिजुली, खेलमैदान, सञ्चार आदि) १२) सेवा उद्योगको विकास १३) परिवर्तित जनसांख्यिकीय अवस्था आदि केही प्रमुख रहेका छन् । यसबाहेक स्थानीय स्तरका उत्पादनहरू र तिनीहरूको बजार पहुँच, आयातको अवस्था निर्यातजन्य सम्भावित वस्तु र सेवाहरूको अवस्था आदिबारेमा गहन रूपमा अध्ययन/अनुसन्धान हुनुपर्दछ ।

नेपाल जनस्रोतका हिसावले विश्वको दोस्रो धनी देश भनिन्छ तर प्रायः सबै नगरपालिकाहरू र पहाडी क्षेत्रमा खानेपानीको ठुलो समस्या देखिएको छ । बदलिँदो जीवनशैली, जनसंख्या वृद्धि र वातावरण परिवर्तन तथा अन्य कारणले पानीको अभाव हुँदै गएको छ । एक अध्ययनका अनुसार पानीका मुहानहरू सबैभन्दा धेरै पहाडी क्षेत्रमा, त्यसपछि तराई र हिमाली क्षेत्रमा सुकेका छन् । मुहान सुक्ने दर सन् २०१४/०१५ भन्दा सन् २०१५/१६ मा दोब्बर भएको छ (Chapagain et al 2016) (चित्र १)।




चित्र १ : भौगोलिक क्षेत्रअनुसार पानीका मुहान सुकेको स्थिति


यसरी पानीका मुहानहरू सुक्नाका प्रमुख कारणहरूमा हावापानीको परिवर्तन सबैभन्दा प्रमुख रहेको छ भने सन् २०१५ को भुइँचालो अर्को कारण रहेको छ । त्यसैगरी जताजतै सडकलगायत विकासका पूर्वाधारको निर्माण तथा वनफँडानी अर्को प्रमुख कारण रहेको छ (चित्र २) ।




चित्र २ : पानीका मुहान सुक्नाको कारण

यसरी पानीका स्रोतहरू सुक्नाले सबैभन्दा बढी समस्या खानेपानीमा, घरपालुवा वस्तुभाउलाई खुवाउन र सिँचाइमा परेको छ (चित्र ३) । यी समस्याहरू अघिल्ला सालभन्दा पछिल्ला सालहरूमा धेरै बढेर गएका छन् र क्रमशः बढेर जाने देखिन्छ । यसले मध्य पहाडको जीविकोपार्जन र वातावरणमा ठूलो चुनौती

निम्त्याएको छ । तसर्थ स्थानीय स्तरमा पानी तथा अन्य वातावरणका स्रोतसाधनहरूको उचित संरक्षण कार्य थाल्न अत्यन्तै आवश्यक छ ।




चित्र ३ : पानीका मुहानहरू सुक्नाले परेको समस्या (%)

शिक्षा मानवजीनवको अपरिहार्य आवश्यकता हो । यसले मानिसमा चेतनाको विकास गर्नुका साथै आफ्नो क्षमताको विकास गर्न सहयोग गर्दछ । आजको मध्यम वर्ग खर्चिलो शिक्षाबाट प्रताडित भएको छ । सरकारी स्कूल/कलेजहरूको घट्दो आकर्षण छ । निजी स्कूल/कलेजको बढ्दो प्रभाव छ तर त्यस्ता निजी स्कूल/कलेज ज्यादै महँगा छन् । सर्वसाधारणको आम्दानीको ठुलो हिस्सा शिक्षामा खर्चिनुपरेको छ । अतः माध्यमिक स्तरसम्मको शिक्षालाई कसरी कम खर्चिलो, गुणस्तरीय र सबैको पहुँचभित्र पुऱ्याउने भन्ने आजको ठुलो समस्या रहेको छ । धेरै बालबालिका सालैपिच्छे बिचैमा विद्यालय छाडेर जाने, धेरैले कक्षा दोहोऱ्याउने र धेरै विद्यार्थीहरू असफल हुने आदि समस्याहरू छन् । शिक्षामा सृजनशीलताको क्रमशः ह्रास भइरहेको छ र व्यक्तिले आफ्ना अन्तर्निहित क्षमताहरूको प्रस्फुटन गर्न सकिरहेको छैन । परिणामस्वरूप शिक्षित बेरोजगारहरूको संख्या बृद्धि भइरहेको छ । शिक्षा मानिसको पेसा/व्यवसायसँग अझै जोडिन सकेको छैन । तसर्थ सरकारी तथा निजी स्कूलले प्रदान गर्ने शिक्षाको भिन्नता हटाउँदै शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउनुपर्नेछ । यसका अतिरिक्त शिक्षाको माध्यमबाट राष्ट्रप्रेम जगाउँदै राष्ट्रिय एकता कायम गर्नुपर्दछ । त्यसका लागि सरकारले विद्यालय तहमा भूगोल तथा इतिहास जस्ता विषयलाई अनिवार्य रूपमा समावेश गर्नुपर्दछ । आज हाम्रा स्कूलका बालबालिकाहरू नेपालका विभिन्न ठाउँहरू, खोलानाला, हिमाल, पर्यटकीय क्षेत्र कहाँ पर्दछ भनेर भन्न सक्दैनन् । हाम्रो देशको हावापानी, प्राकृतिक विविधता के कस्तो छ भन्न सक्दैनन् । हाम्रो राष्ट्र कसरी बनेको हो, हाम्रा राष्ट्रिय विभूतिहरू जस्तो भिमसेन थापा, अमरसिंह, बलभद्र आदिले राष्ट्र निर्माणमा के कस्तो योगदान दिए भन्न सक्दैनन् । अनि कसरी हाम्रो राष्ट्रियता बलियो हुन्छ ? राष्ट्र र राष्ट्रियताको भावना स्कूलका विद्यार्थीहरूमा उमार्नु र जगाउनुपर्दछ अनि मात्र राष्ट्रप्रेमको भावना बृद्धि हुन्छ, राष्ट्र बलियो हुन्छ र राष्ट्रिय भावनाको विकास हुन्छ ।

शिक्षा जस्तै स्वास्थ्य अर्को महत्त्वपूर्ण पक्ष हो । स्वास्थ्य सेवा पनि खर्चिलो र आम मानिसको पहुँचभित्र छैन । स्थानीय स्तरमा रहने स्वास्थ्य सेवाप्रदायक निकायलाई बढी जिम्मेवार बनाउनुपर्दछ । स्वास्थ्यसम्बन्धी व्यापक जनचेनता जगाउनुपर्दछ ।

कृषि, पर्यटन, सेवा/विकासका पूर्वाधारको निर्माण तथा बजार जस्ता क्षेत्रहरूले स्थानीय स्तरमा प्रत्यक्ष रोजगारी प्रदान गर्दछन् । तिनीहरूसँग सम्बन्धित समस्याहरूको गहीरो अध्ययन गरिनु पर्दछ । कृषिप्रति युवाहरूको घट्नो आकर्षकलाई हटाउनु पर्दछ । कृषिलाई आधुनिकीकरण गर्दै यसमा आधारित मझौला उद्योगहरूको विकास गर्नुपर्दछ । हाम्रा कृषिजन्य उत्पादनहरूको बजारको सुनिश्चितता छैन । नेपालका पूर्वी भागका किसानहरूलाई अलैंची, चिया, अदुवा, कुचो जस्ता वस्तुहरूका लागि बजारको समस्या छ । हाम्रा बहुमूल्य जडीबुटीले उचित बजारमूल्य पाएका छैनन् । मासु र दूधजन्य पदार्थको ठुलो परिमाणमा आयात हुन्छ । अतः स्थानीय र क्षेत्रीयस्तरमा विभिन्न सेवा र वस्तुहरूको उत्पादन क्षेत्र निर्धारण गरी अगाडि बढ्न सकिन्छ ।

माथि उल्लेख गरिएका अन्य विषयहरूमा पनि व्यापक रूपमा अध्ययन गरी योजनाहरूको निर्माण गर्नुपर्दछ । अबको पाँच वर्षमा स्थानीय निकायले के के काम गर्ने, त्यसका लागि साधनस्रोत कसरी व्यवस्था गर्ने, यसका सबल र दुर्बल पक्षहरू के के होलान् र त्यसबाट कुनकुन क्षेत्रमा के कति प्रतिफल प्राप्त गर्ने लक्ष्य निर्धारण गरी रणनीतिक योजनाको निर्माण गर्नुपर्दछ । पञ्चवर्षीय योजनाका लक्ष्य हासिल गर्न

वार्षिक कार्ययोजना बनाई अघि बढ्नु पर्दछ । यसो गर्दा हामीले स्थानीय स्तरमा भएका विशिष्ट ज्ञान, सिप, क्षमता, सेवा तथा उत्पादनहरूको पहिचान गर्दै त्यसको विकास गर्नुपर्दछ ।

### स्थानीय तहका चुनौतीहरू

नेपालमा स्थानीय निकाय जनप्रतिनिधिविहीन भएको लगभग दुई दशकपछि अधिकारसम्पन्न स्थानीय तहको सुरुवात हुन लाग्दैछ । यसका अथाह सम्भावना छन् र केही चुनौती पनि छन् । यहाँ ती चुनौतीहरूलाई बुँदँगत रूपमा उल्लेख गरिएको छ ।

### अराजकता र बेथिति

गएको दुई दशक स्थानीय निकाय जनप्रतिनिधिविहीन मात्र भएन यस समयमा नेपालमा विभिन्न खाले आन्दोलन भए । माओवादी सशस्त्र आन्दोलनले हजारौँको ज्यान लियो । हजारौँ अङ्गभङ्ग र वेपत्ता भए भने कैयौँ मानिसहरूले गम्भीर मानवअधिकार उल्लङ्घनको सामना गर्नुपऱ्यो । माओवादीले आफ्नै जनसरकार, अदालतको अभ्यास गरे । सरकारी संरचनाहरू भौतिक रूपमा नष्ट गरिए र सरकार र त्यसका निकायहरूलाई धेरै कमजोर पारियो । लामो समयको सङ्क्रमणकालले समाजमा धेरै खालका अराजकताको सृजना भएको छ । यी अराजकता तथा बेथितिहरूलाई चिर्दै काम गर्नु चुनौतीपूर्ण छ ।

### अनुभव / ज्ञानको अभाव

स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूमा स्थानीय सरकार सञ्चालनको अनुभव नहुन सक्दछ । साथै स्थानीय तहले विविध विषयसम्बन्धी काम गर्नुपर्ने भएकाले तत्सम्बन्धी ज्ञानको अभाव हुन सक्छ । नयाँ शिराबाट काम थालनी गर्दै सिक्दै जानुपर्ने अवस्थाबाट अघि बढ्नुपर्ने हुनाले सही रूपमा कार्य सम्पन्न गर्न केही बढी समय लाग्ने हुन सक्छ । यस्ता समस्या हटाउन स्थानीय तहले विभिन्न व्यक्ति, संघसस्थाहरूसँग सल्लाह, सुझाव र परामर्श लिन सक्छ ।

### पूर्वाधारको अभाव

स्थानीय तह स्थानीय सरकार हो । सरकार चलाउन आवश्यक भौतिक पूर्वाधार जस्तैः कार्यालयहरूको निर्माण, व्यवस्थापन आदि चुनौतीपूर्ण छ । यसमा ठुलो स्रोत/साधन र समयको खर्च हुन्छ ।

### जनशक्ति व्यवस्थापन

स्थानीय तहमा अवश्यक पर्ने सबै जनशक्तिको व्यवस्थापन गर्न समय लाग्दछ । आवश्यक जनशक्ति नभई काम गर्न सकिँदैन तसर्थ छोटो समयमा दक्ष जनशक्तिको व्यवस्थापन गर्नुपर्ने अर्को चुनौती रहेको छ । स्थानीय निकायको कार्य लामो समयसम्म कर्मचारीबाट सम्पन्न भयो । कर्मचारीहरूले विभिन्न विकास निर्माण, योजना छनोट तथा सञ्चालन गरे । कर्मचारी आफूलाई अनुभव भएको र विकास गर्ने संयन्त्र ठान्छन् र कतिपय अवस्थामा उक्त अनुभव निर्वाचित प्रतिनिधि नहुने भएकाले कार्य गर्न कठिन हुने ठान्दछन् । अर्कोतिर जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले आफूलाई विकास निर्माणको बाहक र कर्मचारीको परिचालक ठान्ने हुन सक्दछ । यसको व्यवस्थापन गरेर काम गर्नुपर्ने चुनौती हुन्छ ।

### असीमित आकांक्षा : सीमित स्रोतसाधन

जनतामा विकास निर्माणसम्बन्धी असीमित चाहना र आकांक्षा छन् । सबैले आफ्नो ठाउँको सबैथोक तुरुन्तै होस् भन्ने चाहन्छन् । स्थानीय स्तरमा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, कृषि, बजार, पर्यटन, यातायात, बातावरणसम्बन्धी धेरै समस्या छन् । यी सबै कार्यहरू गर्न चाहिने आर्थिक तथा मानवीय स्रोतको अभाव छ । साथै तिनीहरूलाई व्यवस्थापन गर्ने अनुभवको पनि कमी छ । अतः योजनाको छनोट गर्दा स्थानीय स्तरका आवश्यकता र स्रोतसाधनको बिचमा तालमेल मिलाउनुपर्ने ठुलो चुनौती रहेको छ । साथै कुनकुन काम कहाँ गर्ने भन्ने अर्थात् योजनाको छनोटको प्राथमिकीकरण गर्ने काम पनि चुनौतीपूर्ण छ ।

### स्रोतसाधनको सङ्कलन र जनचेतना

स्थानीय सरकारलाई विकास निर्माण गर्न ठुलो आर्थिक स्रोतको आवश्यकता हुन्छ । उक्त आर्थिक स्रोतको ठुलो हिस्सा केन्द्रबाट प्राप्त हुने भए पनि त्यो पर्याप्त हुँदैन । स्थानीय स्तरमै विभिन्न माध्यमबाट आर्थिक स्रोत जुटाउनुपर्ने हुन्छ । यसरी आर्थिक स्रोत जुटाउन विभिन्न प्रकारका करहरूको व्यवस्था गर्नुपर्ने हुन्छ । स्थानीय जनता कर तिर्ने कुरामा अभ्यस्त छैनन् अतः जनतालाई कर तिर्ने कुरामा अभ्यस्त बनाउने र करहरू लागू गर्ने कुरा चुनौतीपूर्ण छ । यसका लागि व्यापक जनजागरण र स्थानीय स्तरका राजनीतिक पार्टीहरू र अन्य सरोकारवालाहरूको बिचमा समन्वय र

समभ्रदारी हुन आवश्यक छ ।

### प्रक्रियागत झन्झटबाट उन्मुक्ति

जनताले सरकारी विकास निर्माणका काम र सेवा सुविधा लिँदा लामो प्रक्रियागत झन्झट बेहोर्दै आइरहेका छन् र यसबाट ज्यादै दिग्दार भएका छन्। हाम्रो कर्मचारीतन्त्र पनि यही प्रक्रियागत जटिलतामा अभ्यस्त छ। स्थानीय तहमा विकास निर्माणका काम गर्दा र सेवा सुविधा प्रदान गर्दा छिटोछरितो गरी काम गर्दै उक्त झन्झटबाट जनतालाई उन्मुक्ति दिने ठुलो चुनौती छ। यसका लागि निर्वाचित प्रतिनिधि र कर्मचारीतन्त्रकाबीच राम्रो सहयोग र समन्वयको खाँचो छ। उचित व्यक्तिको छनोट र समयसीमाको बन्धनमा कार्य सम्पादन गर्नु नै छ। यसका लागि आवश्यक प्रविधिको प्रयोग आवश्यक हुन्छ।

### निष्पक्षता र पारदर्शिता

स्थानीय स्तरमा निर्वाचित भएका प्रतिनिधिहरू कुनै न कुनै पार्टी/स्वतन्त्रबाट प्रतिनिधित्व गर्दै निर्वाचित भएका छन्। एकातिर उनीहरूलाई आफ्ना पार्टीका साथीभाइ, सहयोगी र शुभेच्छुकहरूका गुनासा वा सल्लाहहरू सुन्नुपर्ने बाध्यता छ भने अर्कोतिर निर्वाचित भइसकेपछि सबै विचार र आस्था राख्ने मानिसहरूको साझा प्रतिनिधिको रूपमा कार्यसम्पादन गर्नुपर्ने हुन्छ। अतः यो प्रक्रियामा निष्पक्षता अपनाउन चुनौतीपूर्ण छ। साथै काम गर्दा आर्थिक पारदर्शिता देखिने गरी काम गर्नुपर्ने चुनौती पनि छ। यसरी निष्पक्षता र पारदर्शी रूपमा काम नगर्ने व्यक्ति, उसले प्रतिनिधित्व गर्ने पार्टी र स्थानीय तह स्वयंलाई ठुलो क्षति पुग्दछ।

### सरकार जनताको सेवक

निर्वाचित भएर आएका प्रतिनिधिहरूले जनताका शासक नभएर जनताको सेवकको रूपमा काम गर्नु र सोही अनुरूप प्रस्तुत हुनु आवश्यक छ। स्थानीय सरकारले स्थानीय करको निर्धारण गर्न सक्छ, कानूनको निर्माण गर्न सक्छ र केही हदसम्म न्याय निरूपण गर्ने काम गर्दछ। यी सबै काम गर्दा सरकारले दीर्घकालीन हितको लागि कतिपय कठोर निर्णय लिनुपर्ने पनि हुन सक्छ। यसरी निरन्तर जनताको सेवकको रूपमा आम मानिसको बुझाइमा स्थापित भइरहनु चुनौतीपूर्ण छ।

### छिमेकी गाउँपालिका तथा नगरपालिकासँगको सम्बन्ध

साविकको राजनीतिक विभाजनअनुसार त्यस क्षेत्रमा जनताले आफ्नो क्षेत्रमा रहेको सार्वजनिक सम्पत्तिको उपभोग गर्दै आएकोमा वर्तमान राज्य संरचनाअनुसार त्यो सार्वजनिक क्षेत्र, भवन, चरनक्षेत्र, वन, खानेपानीका मुहान, आश्रम, चिहान, दाहसंस्कार गर्ने स्थान आदि अर्को गा.पा./न.पा. को मातहतमा जान सक्दछन्। यस्ता आवश्यकीय स्रोतसाधनहरूको उपभोगमा समस्या उत्पन्न हुन सक्दछ। जुन गाउँपालिका वा नगरपालिकाको क्षेत्रमा पर्दछ उसले मात्र प्रयोग गर्ने व्यवस्था अपनाउँदा विकास अवरुद्ध हुने मात्र नभई सामाजिक सद्भाव समेत बिग्रन्छ। अर्कोतिर अलगअलग राजनीतिक विचारबाट निर्वाचित जनप्रतिनिधिहरू हुन्छन् र उनीहरूको विकास तथा साधनस्रोतको उपयोगको प्राथमिकता फरक फरक हुन सक्छ। तसर्थ छिमेकी गा.पा./न.पा. तथा विभिन्न विचार र प्राथमिकता भएका छिमेकी गा.पा./न.पा.हरूसँग समन्वयात्मक रूपमा काम गर्नुपर्ने चुनौती हुन सक्दछ।

### प्रकृति संरक्षण, दिगो विकास र बृहत्तर मानवीय मूल्यमान्यताको संरक्षण

स्थानीय तहमा काम गर्दा विश्वव्यापी स्तरमा स्थापित मूल्यमान्यताको अनुशरण गर्नुपर्दछ। मानव अधिकार र कानूनी शासनको प्रत्याभूति दिनु पर्दछ। विकास निर्माणका कामहरू गर्दा प्रकृतिको संरक्षण र दिगो विकास अवधारणाअनुरूप हुनुपर्दछ। यी मूल्य मान्यताहरू यदाकदा स्थानीय स्तरमा जनताका चाहनासँग मेल नखान पनि सक्दछ। मानिसले सडक निर्माण गर्दा वनको वेवास्ता गर्ने, दूर्लभ जीवजन्तुको वासस्थानप्रति बेवास्ता गर्ने आदि पनि हुन सक्छ। तसर्थ जनताको इच्छा र यी विश्वव्यापी मूल्यमान्यताबीच सामाञ्जस्यता बनाइ राख्नुपर्ने चुनौती हुन सक्दछ।

### उपसंहार

स्थानीय तहको सरकारमार्फत आफ्नो विकास आफैं गर्न पाउनु एउटा ठुलो अवसर हो। स्थानीय तहमा भएका स्रोतसाधनहरूको परिचालन गर्दै आफ्नो विकास आफैँले प्राथमिकीकरण गर्ने अवसर प्राप्त भएको छ। अतः केन्द्रले विकास गर्न दिएन र हामीलाई पछाडि पारियो भन्ने गुनासो मात्र गरेर नपुग्ने परिस्थितिको

सृजना भएको छ। यस अवसरमा आफ्ना साधनस्रोत र सम्भावनाहरूको सही रूपमा पहिचान गरेर विकास गर्नुपर्दछ।

विकास निर्माणको काम गर्दा योजनाबद्धढङ्गले गर्नुपर्दछ। योजनाहरू छनोट गर्दा विस्तृत अध्ययन र अनुसन्धान गरी वस्तुनिष्ठ आधारमा गर्नुपर्दछ। विद्यमान नीति, नियम, कानूनहरूको परिधि र सीमित स्रोतसाधनमा रही जनताका धेरै आकाङ्क्षाहरू छोटो समयमा परिपूर्ति गर्ने काम चुनौतीपूर्ण छ। शासकीय प्रक्रियामा बृहत्तर रूपमा जनतालाई समावेश गर्नुपर्दछ। स्थानीय सरकार स्वतन्त्र र स्वायत्त भए पनि यो सीमारहित भने छैन। यसले प्रदेश र केन्द्रसँग अन्तरसमन्वयात्मक ढङ्गले काम गर्नुपर्दछ। मानवीय क्रियाकलाप र प्रकृतिका बिच तालमेल मिलाए समृद्धिको यात्रातर्फ जान स्थानीय सरकारले कोशेढुङ्गाको रूपमा काम गर्नुपर्दछ।

## सन्दर्भ ग्रन्थसूची

CBS. (2012). National population and housing census 2011 (National report). Kathmandu; Central Bureau of Statistics.

Chapagain, PS., Ghimire, ML., Shrestha, S. (2016). Situation of spring, ground water potentiality and gender roles in water management: A study of Melamchi area, sindhupalchok, Nepal. A research report submitted to Nepal Academy of Science and Technology / Asian Development Bank, Lalitpur, Nepal.

■

# स्थानीय तह र खाद्य सुरक्षा



✍ डा. निर्मलकुमार विश्वकर्मा*

### १. स्थानीय तहः राज्य पुनःसंरचना

गणतन्त्र नेपालका स्थानीय तह राज्यका शक्तिशाली अंग भएका छन् । यी स्थानीय तहहरू राज्य पुनःसंरचनाका सबैभन्दा महत्वपूर्ण आयाम हुन् । एकात्मक राज्य हुँदा विकेन्द्रीकरण ऐन अनुसार गठित स्थानीय निकाय र उनीहरूलाई दिइएको अधिकार केन्द्र नियन्त्रित थियो भने गणतन्त्र राज्य अन्तर्गत गठित अहिलेका तह स्वशासित, स्वायत्त र शक्तिशाली रहेका छन् । नेपालको संविधान २०७२ को भाग १७ को धारा २१४ अनुसार स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधिनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित रहनेछ भनिएको छ ।

नेपाल सरकारद्वारा गठित राज्य पुर्नःसंरचना आयोगले चार महानगरपालिका, तीन उप महानगरपालिकासहित २६३ नगरपालिका र ४८१ गाउँपालिका गरी जम्मा ७४४ स्थानीय तहको संरचना निर्माण गरेको छ । यी तहहरू यो भन्दा अघिका गाउँ विकास समिति र नगरपालिका भन्दा बृहत रहेका छन् । यसले निर्माण गर्ने योजना र यसले कार्यन्वयन गर्ने समृद्धिका कार्यक्रमहरू व्यावहारिक र किफायती हुन सक्छन् ।

खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभूताको सवाल यी तहहरूको लागि एउटा महत्वपूर्ण प्राथमिकताका क्षेत्र हुन सक्छ । अझ खाद्य असुरक्षा र भोकमरी ग्रामीण परिदृश्य भएको कारणले गर्दा यो समस्या गाउँपालिकाको लागि अत्यन्त जरूरी प्राथमिकता हुन सक्छ । यसै तथ्यलाई मध्यनजर गरी यो लेखमा नेपालमा खाद्य सुरक्षाको अवस्था, भएका खाद्य सुरक्षा, खाद्य अधिकार वा खाद्य सम्प्रभुता सम्बन्धी नीतिहरू, स्थानीय तह र खाद्य सुरक्षा, प्राथमिकताका क्षेत्रहरू, सीमा एवं कमजोरी र केहि सुझावहरूको बारेमा वर्णन गरिएको छ ।

### २. नेपालमा खाद्य सुरक्षा

विश्वव्यापी भोकमरी सूचक २०१५ अनुसार नेपाल १०४ विकासशील र संक्रमणकालीन देशहरू मध्ये ५९ औं स्थानमा पर्दछ । नेपालको भोकमरीको सघनताको सूचक २२.२ रहेको छ । यो अवस्था भनेको जटिल अवस्था हो । कृषि मन्त्रालयको सन् २०१६ को प्रतिवेदन अनुसार नेपालमा ५४ प्रतिशत मानिसहरूले नियमित रूपमा जटिल खाद्य असुरक्षा भोगिरहेका छन् ।

नेपालको खाद्य असुरक्षाको आयाम जटिल र बहुप्रभावि रहेको छ । यस्तो आयाम सामाजिक, आर्थिक र भौगोलिक रूपमा देखिन्छ । सामाजिक आयाम अनुसार दलित, सुविधाविहीन, जनजाती र महिलाहरू अन्य भन्दा खाद्य असुरक्षित रहेका छन् । एउटा तथ्यांक अनुसार तराईका ५४ प्रतिशत, पहाडका ५७ प्रतिशत र हिमालका ९० प्रतिशत दलित समुदाय नियमित रूपमा खाद्य संकटमा पर्दछन् । यसै गरी तराईका ४३ प्रतिशत, पहाडका ४७ प्रतिशत र हिमालका ५८ प्रतिशत आदिवासी जनजातिले यस्तै संकटको सामना गर्नुपर्छ । आर्थिक रूपले विश्लेषण गर्दा श्रमिक गरिब र

* विदेश विभाग सदस्य, नेकपा (एमाले)

जग्गाविहिन घरधुरीमा खाद्य संकटको अवस्था जटिल रहेको छ। केन्द्रिय तथ्यांक विभागले गरेको तेश्रो जिवनस्तर सर्वेक्षणका अनुसार ४७ प्रतिशत कृषि मजदुरहरू गरिबीको रेखामुनि रहेका छन्। यसै गरी ३२ प्रतिशत भूमिहीन र साना किसानहरू गरिबीको रेखामुनि रहेका छन्। भौगोलिक अवस्था अनुसार नेपालको खाद्य असुरक्षाको अवस्था जिल्ला, उचाइ अनुसार, विकास क्षेत्र अनुसार फरक रहेको छ। नेपालको ७५ जिल्ला मध्ये ४३ जिल्ला खाद्य असुरक्षित मानिन्छन्। तराई भन्दा पहाड, पहाड भन्दा हिमाल खाद्य असुरक्षाको दृष्टिले जोखिममा रहेको छ। विकास क्षेत्र अनुसार मध्यमाञ्चल (प्रदेश ६) र सुदूर पश्चिमाञ्चल (प्रदेश ७) अत्यन्त जोखिममा रहेका छन्। त्यहाँ पनि कर्णाली क्षेत्रले नियमित भोकमरी खप्नु पर्दछ र प्रत्येक वर्ष भोकमरीले गर्दा मानिसहरूले आफ्नो ज्यान गुमाउनु परिरहेको छ।

### ३. खाद्य सुरक्षा नीति

नेपालको संविधानको भाग दुईमा भएको मौलिक अधिकार सम्बन्धि महलको धारा ३६ मा खाद्य सम्बन्धी अधिकारको प्रावधान रहेको छ। यस प्रावधान अनुसार प्रत्येक व्यक्तिलाई खाद्य अधिकार हुनेछ र प्रत्येक ब्यक्ति खाद्यान्नको संकटले हुने जीवन खतराबाट मुक्त हुने अधिकार हुनेछ भनिएको छ।

यसैगरी नेपालको राष्ट्रिय कृषि निति २०६१ ले सर्वप्रथम खाद्य सुरक्षाको सवालको बारेमा नीतिगत प्रस्टता पारेको देखिन्छ। यस नीति अनुसार लक्षित वर्ग र श्रोतविहिन किसानहरूलाई प्राथमिकतामा राखेको देखिन्छ। यस नीतिले यस्ता वर्गको पहिचान गर्ने, उनीहरूको वर्गीकरण गर्ने र विशेष प्रकारका सेवा सुविधा उपलब्ध गराउनुपर्ने प्रावधान राखेको छ।

यसैगरी नेपालले सुन्य भोकमरी राष्ट्रिय कार्य योजना (सन् २०१६ देखि २०२५ सम्म) निर्माण गरेको छ। यस कार्ययोजना अनुसार सुकुम्वासी र साना किसानहरूलाई उनीहरूको भोकमरीबाट मुक्ति पाउन कानून निर्माण गर्ने, उत्पादनमा सहयोग गर्ने र उनीहरूको क्षमता विकासलाई सहयोग गर्नुपर्ने प्रावधानलाई प्राथमिकतामा राखेको पाइन्छ।

यसैगरी नेपालको १४ औं पञ्च वर्षिय योजनाले पनि खाद्य सुरक्षालाई प्राथमिकतामा राखेको पाइन्छ। यो योजनाले खाद्य सुरक्षाको दृष्टिले जोखिममा रहेका क्षेत्र र समुहहरूको पहिचान गरी गुणस्तरयुक्त खाद्यमा पहुँच बढाउदै खाद्य सुरक्षाको सुनिश्चितता प्रदान गर्नुपर्ने तथ्यलाई प्राथमिकतामा राखेको पाइन्छ।

यसैगरी नेपाल सरकारले २० वर्षे (२०१६ देखि २०३६) कृषि विकास रणनीति निर्माण गरेको छ। यो रणनितिले अहिले रहेको २४ प्रतिशत खाद्य गरिवीलाई यसको अन्तसम्म पाँच प्रतिशतमा झार्ने लक्ष्य राखेको छ। यो रणनीतिको एउटा मुख्य उपलब्धी नेपालका सुविधाविहीन समूहको खाद्यान्न र पोषण सुरक्षामा बढोत्तरी गर्ने रहेको छ। यसै गरी नेपाल सरकारले खाद्य अधिकार ऐन निर्माण गर्दैछ। यो विधेयकले पनि जोखिममा रहेका समूहको खाद्य अधिकार सुनिश्चित गर्ने कुरालाई प्राथमिकतामा राखेको छ।

### ४. स्थानीय तह र खाद्य सुरक्षा

#### ४.१ मार्ग निर्देशन सिद्धान्त

यो लेखमा अगाडि नै भने अनुसार स्थानीय तहहरू स्वशासित राज्यको अंगहरू हुन्। यी तहहरूले खाद्य सुरक्षा सम्बन्धी स्थानीय कानून निर्माण गर्न र त्यसलाई कार्यान्वयन गरी आफ्ना जनतालाई भोकमरीको चपेटाबाट बाहिर निकाल्न नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छन्। तैपनि यी तहहरूलाई मार्ग निर्देशन गर्नको लागि राष्ट्रिय नीतिहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन्।

स्थानीय तहले आफ्नो कानून र कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्दा यो लेखको शीर्षक तीनमा छलफल गरिएका नीतिहरूलाई मध्यनजर गर्नु पर्दछ। यसमा पनि शून्य भोकमरी राष्ट्रिय कार्य योजना र खाद्य अधिकार ऐन महत्त्वपूर्ण मार्ग निर्देशन हुन सक्छन्। किनभने यी नीतिहरूले भोकमरीबाट पीडित वर्ग र समुदायलाई केन्द्रबिन्दुमा राखेको पाइन्छ।

स्थानीय शासन ऐन, २०७३ स्थानीय तहको खाद्य सुरक्षाको सवाललाई सम्बोधन गर्न महत्त्वपूर्ण मार्ग निर्देशन हुन सक्छ। यो ऐनले सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबासको व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निर्वारण सम्बन्धी प्रावधानलाई समेटेको छ। यी पक्षहरू खाद्य सुरक्षाका दृष्टिले महत्त्वपूर्ण रहेका छन्।

यसैगरी संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिले तयार गरेको स्थानीय

तहको अधिकारको सूची प्रतिवेदन (२०७३) पनि महत्त्वपूर्ण मार्ग निर्देशन हुन्छ। यसमा रहेका अधिकार मध्ये भूमिको वर्गीकरण अनुसार लगत, कृषि, पशुपालन, उत्पादन व्यवस्थापन, हाट बजार व्यवस्थापन, बेरोजगारको सूचना प्रणाली सम्बन्धी प्रावधानहरू खाद्य सुरक्षाका दृष्टिकोणले महत्त्वपूर्ण हुन्छन्।

## ४.२ स्थानीय तह निर्वाचन : समृद्धिको ढोका

खाद्य सुरक्षा समृद्धिको एउटा महत्त्वपूर्ण पाटो हो। हाम्रो जस्तो देशमा खाद्य सुरक्षा नै गरिबीको मापनको एउटा सूचक हो। नेपाल जीवनस्तर सर्वेक्षणले खाद्य किन्न सक्ने क्षमतालाई नै एउटा मापक मान्दछ। नेपाललाई बाह्रै महिना खाद्यान्न सुरक्षित घरधुरी धनी मानिन्छ। खाद्यान्न बाली आम्दानीको एउटा महत्त्वपूर्ण श्रोत हो। खाद्यान्नमा सुरक्षित घरधुरीको सामाजिक मर्यादा उच्च रहेको हुन्छ। त्यति मात्र होइन कि यस्तै घरधुरीको राजनैतिक पहुँच पनि शक्तिशाली हुन्छ। स्थानीय तहको निर्वाचन नेपालको सन्दर्भमा समृद्धिको ढोका भएको हुनाले खाद्य सुरक्षाको समस्यालाई समाधान गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्दछ।

नेपालमा सातवटै प्रदेशमा ७४४ वटै स्थानीय निकायको निर्वाचन सम्पन्न हुन गइरहेको छ। स्थानीय तहको निर्वाचन नेपालको गणतान्त्रिक संविधान कार्यान्वयनको महत्त्वपूर्ण खुड्किलो हो। यति मात्र नै यसलाई समृद्धिको ढोका खोल्ने मापदण्ड पनि मानिन्छ। २०५४ सालमा भएको स्थानीय निकायको निर्वाचनपछि (२१ वर्षपछि) अहिले भइरहेको निर्वाचनले स्थानीय राजनीतिलाई सक्रिय बनाउनेछ। जुन निर्वाचित संरचनाको अनुपस्थितिमा यो २१ वर्षसम्म भएको अव्यवस्था र अनियमिततालाई नियन्त्रण गर्नेछ र समृद्धिका विभिन्न पाटाहरू पहिल्याउने छ।

यो स्थानीय निर्वाचनका लागि राजनैतिक पार्टीहरूले जारी गरेका घोषणापत्रहरूले पनि समृद्धि र खाद्य सुरक्षालाई ध्यान दिएको पाइन्छ। नेपाल कम्यूनिष्ट पार्टी एमालेले गाउँ-गाउँमा सहकारी, घर-घरमा रोजगारीलाई प्राथमिकता दिएको छ। यसले श्रमिकहरूको सम्मान गर्ने कुरा पनि प्राथमिकतामा राखेको छ। यसैगरी नेपाली काँग्रेसको घोषणापत्रले भू-उपयोग योजनालाई प्राथमिकतामा राखेको छ। यसले सुत्केरी आमालाई दुई वर्षसम्म पोषणयुक्त कुपन वितरण गर्ने प्रावधान राखेको छ।

## ४.३ खाद्य सुरक्षाका प्राथमिकता

नेपालको संविधान २०७२ को भाग १७ धारा २१४ (५) अनुसार यो संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुनेछ भनिएको छ। यो संवैधानिक प्रावधानले गर्दा स्थानीय तहलाई शक्तिशाली र अधिकारयुक्त बनाएको छ। यसैगरी स्थानीय शासन ऐन, २०७३ को परिच्छेद १५ अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने अधिकार प्रदान गरेको छ।

स्थानीय तहले खाद्य अधिकार सम्बन्धी नीति नियम निर्माण गर्दा शीर्षक तीन र ४.१ का नीतिगत मार्गदर्शनको अधीनमा रही निर्माण गर्नुपर्दछ। यसका साथै खाद्य सुरक्षाका अन्तर्राष्ट्रिय ढाँचालाई पनि ख्याल गर्नु पर्दछ। नेपालमा खाद्य सुरक्षा भन्नाले खाद्यान्नको उत्पादन क्षमतालाई मात्र हेर्ने चलन रहेको छ। अथवा कति घरधुरीलाई आफ्नो जग्गाबाट उत्पादन हुने खाद्यान्नले कति महिना खान पुग्छ भन्ने कुरालाई विशेष जोड दिइन्छ। खाद्य सुरक्षाका दृष्टिले यो एउटा महत्त्वपूर्ण आयाम हो। यो पक्षलाई ध्यान दिँदा आत्मनिर्भरतालाई केन्द्रमा राखी नीति, नियम र कार्यक्रम निर्माण गर्न सकिन्छ। तर खाद्य सुरक्षा यति मात्र होइन। खाद्य सुरक्षाका अरू महत्त्वपूर्ण आयमहरू पनि छन्। यसमा खाद्यान्नको आपूर्ति पनि महत्त्वपूर्ण पाटो हो। यस अन्तर्गत यातायातको सुविधा र बजार व्यवस्थापनलाई विशेष जोड दिनु पर्छ। स्थानीय तहले हाटबजारलाई प्रवर्द्धन गर्ने खालका नीति तथा कार्यक्रम निर्माण गर्नु पर्दछ। विशेषगरी पहाड र हिमाली क्षेत्रका स्थानीय तहहरूले यसलाई जोड दिन सक्छन्। खाद्यान्नको आपूर्ति मात्र गरेर हुँदैन सो खाद्यान्नलाई किन्न सक्ने क्षमताको पनि विकास गर्नु पर्दछ। यसको लागि स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नु पर्दछ। विशेषगरी परम्परागत पेशाबाट आफ्नो जीविका निर्वाह गर्ने समुदायमा भोकमरीको समस्या रहेको कारणले गर्दा यस्ता पेशाहरूको आधुनिकीकरण गरी यसलाई आय आर्जन र आम्दानीको श्रोत निर्माण हुने खालका नीति र कार्यक्रम निर्माण गर्नु पर्दछ। खाद्यान्नको उत्पादन पनि

भयो र आपूर्ति पनि भयो तर खाद्यान्नको गुणस्तर कस्तो छ भन्ने तथ्यलाई ख्याल नगर्ने अवस्था पनि छ। खाद्यान्न कत्तिको पोषिलो छ, त्यसमा विभिन्न वर्गका समुदायको पहुँच कस्तो छ भन्ने कुरालाई ख्याल गर्नुपर्छ। उदाहरणको लागि नेपालको तराई क्षेत्र खाद्यान्नको उत्पादनका हिसाबले भरिपूर्ण मानिन्छ। तराईलाई नेपालको खाद्यान्न भण्डार मानिन्छ। तर तथ्याङ्क हेर्दा त्यहीँका मानिसहरू सबैभन्दा बढी कुपोषणको शिकार भएको भेटिन्छ। त्यसैले खाद्यान्न सम्बन्धी नीति नियम निर्माण गर्दा खाद्यान्नको पोषिलोपन र स्वादलाई ख्याल गर्नुपर्दछ। यसका साथै अहिले नेपालको तराइ र पहाडी क्षेत्रमा खाद्यान्नको उत्पादन गर्दा अत्याधिक विषादीको प्रयोग गरिन्छ। यसले दीर्घकालीन रूपमा मानिसको स्वास्थ्यमा प्रतिकूल असर गर्न सक्दछ। त्यसैले खाद्य नीति र कार्यक्रम निर्माण गर्दा विषादीरहित जैविक खेती र उत्पादन हुने खालका गतिविधिलाई बढावा दिनु पर्दछ।

नेपालमा खाद्य उत्पादन र खाद्यान्नमा आत्मनिर्भरता सम्बन्धी नीति तथा कार्यक्रम स्थानीय तहको एउटा महत्त्वपूर्ण प्राथमिकताको क्षेत्र हुन सक्छ। यसको लागि स्थानीय स्तरमा भू-उपयोग नीति र योजना निर्माण गर्नुपर्दछ। जमिन बाँझो राख्ने प्रक्रियालाई स्थानीय तहले निरूत्साहित गर्नु पर्दछ। जमिनको समुचित उपयोग गर्ने कुरा खाद्यान्न आत्मनिर्भरताको लागि आवश्यक हुन्छ।

Agro-business Promotion Policy 2006 ले जमिनको वर्गीकरणलाई प्राथमिकता दिएको छ। यसैका आधारमा स्थानीय तहले जमीनको उपयोगिताको आधारमा वर्गीकरण गरी सोही अनुसार खेती प्रणालीमा विकास गर्नु पर्दछ। उत्पादनमा आत्मनिर्भरताको आयाममा सुकुम्बासी र साना किसानको जमिनमा पहुँच वृद्धि गर्नु आवश्यक छ। जबसम्म यो वर्गको पहुँचमा जमीन हुँदैन तबसम्म उनीहरूको खाद्य सुरक्षा हुँदैन। यो वर्ग नै खाद्य संकट र भोकमरीबाट वढी पीडित रहेको छ। खाद्यान्नमा आत्मनिर्भरता बृद्धि गर्न स्थानीय तहले भूमिसुधार गर्न सक्छ। भूमिको पुर्नवितरण नगरे पनि भूमिमा पहुँच बृद्धि गर्नका लागि कबुलियति खेतीलाई प्रवर्द्धन गर्न सकिन्छ। सार्वजनिक जमिन, वनको जमिन र खोला किनारको जमिन निश्चित वर्षसम्म भूमिहीनहरूलाई खेती गर्न भाडामा दिन निःशुल्क वा न्यूनतम शुल्क लिन सकिन्छ। यस्तो सुधारलाई नेपालको नीति नियमले समेत सहयोग गर्दछ। राष्ट्रिय कृषि नीति २०६१ ले यस्ता प्रावधान सम्बन्धी नीतिहरू लिएको छ।

यसका साथै प्रत्येक गाउँपालिका र नगरपालिकामा खाद्य सुरक्षा वा खाद्य अधिकार वा खाद्य सम्मभूत्ता सम्बन्धी योजना निर्माण गर्नु पर्दछ। यस्तो योजना निर्माण गर्दा जोखिममा रहेको क्षेत्र, जोखिममा रहेको समुदाय, जोखिममा रहेको पेशागत वर्ग, जोखिममा रहेको महिलालाई केन्द्रमा राख्नुपर्दछ। त्यसको लागि सर्वप्रथम यस्ता समुदायको पहिचान गर्नुपर्दछ। त्यसपछि उनीहरूको विस्तृत अवस्था जस्तैः जमीनमा पहुँच, शिक्षा, स्वास्थ्य, आम्दानीका श्रोत, खानेपानीको संस्कृति जस्ता पक्षमा विस्तृत विश्लेषणात्मक अवस्था बनाउनु पर्ने हुन्छ। यस्ता आधारमा कुन मुख्य कारणले गर्दा यस्ता वर्ग वा समुदाय जोखिममा परेका हुन् त्यही पक्षलाई केन्द्रमा राखेर योजना निर्माण गर्नु पर्दछ। योजना निर्माण गर्दा खाद्य उत्पादनमा प्राथमिकता दिनेकी, खाद्यान्न किन्न सक्ने क्षमता वृद्धि गर्नको लागि आम्दानीका श्रोतहरूमा जोड दिनेकी, विषादीरहित जैविक पोषिलो खाद्यान्न उत्पादन गर्ने भन्ने कुरा निर्क्यौल गर्नु पर्दछ। यस्ता योजनाहरू पाँचदेखि १० वर्षसम्मका निर्माण गर्न सकिन्छ। यो योजना निर्माण गर्दा कार्यान्वियन प्रकृया, यसमा गैर सरकारी संस्था र नीजि क्षेत्रको भूमिकाको साथै मूल्याङ्कन प्रणाली स्पष्ट रूपमा समावेश गर्नु पर्दछ।

## ५. स्थानीय तहका सिमाहरू

खाद्य सुरक्षाका सवालहरूमा स्थानीय तहको भूमिका अब महत्वपूर्ण हुन्छ। यति हुदाँहुँदै पनि यो सवालमा यसका केही सीमाहरू देखिन्छन्।

खाद्य सुरक्षाको सवाल भनेको बहुआयामिक सवाल हो। यसले प्राकृतिक श्रोतमा पहुँचको सवाल, सामाजिक सवाल र आर्थिक सवाललाई सम्बोधन गर्नुपर्दछ। किनभने मानिसको भोकमरीको अवस्था एउटा मात्र आयामले निर्दिष्ट गर्दैन। त्यसैले यो बहुआयाम क्षेत्रलाई समेट्न सक्ने प्राविधिक क्षमताको

कमी स्थानीय तहमा हुन सक्छ। यसको लागि यस्तो तहमा विभिन्न प्राविधिक यूनिटहरू निर्माण गर्न आवश्यक हुन सक्छ। यी यूनिटको क्षमता विकास गर्नुपर्ने हुन्छ। क्षमता विकास भन्नाले तालिम गोष्ठी मात्र होइन कि उनीहरूलाई काम गर्ने स्पष्ट लिखित नीति र निर्देशन, भौतिक सामग्री र समन्वय प्रकृया दिनु पर्दछ।

यसै सर्न्दभमा कर्मचारीहरूको व्यवस्थापन स्थानीय तहको लागि एउटा समस्या हुनसक्छ। नेपाल सरकारले अब कसरी कर्मचारीहरूको व्यवस्थापन गर्दछ भन्ने कुरा हेर्न बाँकी नै रहेको छ। यसमा सीप भएका कर्मचारी गाउँ र नगरपालिकामा गएर कतिको काम गर्दछन् भन्ने सवाल रहेको छ। धेरैजसो सक्षम कर्मचारीहरू यो भन्दा अगाडि जिल्ला सदरमुकाममा रहेर काम गरेका थिए जहाँ सबै प्रकास्का व्यक्तिगत सेवा सुविधाहरू थिए। अब त्यस्तो अवस्था तत्काल केही वर्षको लागि नहुन सक्छ।

खाद्य सुरक्षा जल्दोबल्दो सवाल हुँदाहुदै पनि स्थानीय सरकारको यो सवाल प्राथमिकता केही समयको लागि नरहन सक्छ। खाद्य सुरक्षाको अनुभूति तत्काल देखिने खालको नहुन पनि सक्छ। स्थानीय सरकारको प्राथमिकता तत्काल देखिने खालका गतिविधि जस्तै सडक, खानेपानी, बिजुली, स्वास्थ्य चौकी आदि क्षेत्रमा पर्न सक्छ। त्यसैले यो सवालको गाम्भिर्यताका बारेमा यी तहहरूलाई सचेत र जिम्मेवार बनाउनु पर्दछ। त्यसका लागि सोही अनुसारको नीति, संरचना र सशक्तिकरण आवश्यक हुन जान्छ।

एउटा ठूलो सवाल भनेको स्थानीय तहको समावेशिताको सवाल पनि हो। यसमा दलित समुदायको नेतृत्वमा प्रतिनिधित्वको सवाल रहेको छ। अहिलेको स्थानीय तहको वडा स्तरमा दलित महिलाको प्रतिनिधित्व सन्तोषजनक रहेको छ। तर निर्णय गर्ने थलो जस्तै गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, नगरपालिका मेयर र उप-मेयर यो समुदायको प्रतिनिधित्व हुनसकेको छैन। नेपालमा भोकमरीवाट पिडीत अधिकांश मानिस दलित समुदायका रहेका छन्। यस्तो अवस्थामा खाद्य सुरक्षा, खाद्य अधिकार र भोकमरी सम्वन्धी योजनाहरू स्थानीय स्तरमा कसरी निर्माण गर्न सकिन्छ भन्ने तथ्यलाई विशेष ख्याल गर्नुपर्ने हुन्छ। दलित समुदायको परम्परागत पेशा राज्यका लागि अति महत्वपूर्ण क्षेत्र हो। राज्यको औद्योगिक उत्पादन बृद्धि गर्नका लागि यो पेशाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। तर यस्ता पेशालाई राज्यले प्रोत्साहन दिनसकेको छैन। यो समुदायको यस्तो सीपलाई प्रवर्द्धन गर्नका लागि बहुउद्देश्यीय प्राविधिक शिक्षालयहरु राज्यले स्थापना गर्नुपर्दछ। उनीहरुको प्राविधिक सीप राज्यको विकासको लागि पनि अत्यन्त लाभदायक हुन सकछ। विकसित देशहरुले यस्ता सीपको पहिचान र विकास गरेर नै औद्योगिक क्रान्ति गरेका उदाहरण पनि छन्।

## ६. उपसंहार

खाद्य सुरक्षाको सवाल भनेको अहिलेको विश्वका जल्दोबल्दो सवालको रूपमा आइरहेको छ। बढ्दो जनसंख्या बृद्धिसँगै पुग्ने खाद्यान्नको उत्पादन र त्यसको सवै वर्गमा पुग्ने गरी समुचित वितरणको सवाल प्रमुख रूपमा उब्जिरहेको छ। नेपालमा पनि खाद्यान्न असुरक्षा र भोकमरीको समय प्रत्येक वर्ष सतहमा आइरहेको छ। यहाँको खाद्य समस्या ठाउँ, परिवेश र समुदाय अनुसार फरकफरक रहेकाले सोही अनुसार ध्यान दिनुपर्ने हुन्छ। यसलाई सम्बोधन गर्नेका लागि सोही अनुसार नीति तथा कार्यक्रम निर्माण गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुन्छ।

यी स्थानीय तहहरू स्वायत्त र स्वशासित अगांहरू हुन्। यी तहहरूले आफूलाई आवश्यक पर्ने कानूनहरू आफै निमार्ण गर्न सक्छन्। यी भन्दा अगाडिका स्थानीय निकायहरूमा स्थानीय विकासका गतिविधिका योजना कार्यान्वयन र अनुगमन माथिबाट तल थिए। त्यो बेला माथिल्लो तहले तल्लो तहको काम गरेन भन्ने सवाल थियो भने स्थानीय निकायले माथिल्लो स्तर र कर्मचारीले सहयोग गरेन भनी एक अर्कामा दोषारोपण गर्ने गर्दथे। उनीहरूबीच समन्वयनको कमी पनि रह्यो। अब त्यस्तो अवस्था रहँदैन। सबै प्रकारका जस अपजस स्थानीय तहले नै लिनु पर्ने हुन्छ। त्यसैले स्थानीय तह खाद्य असुरक्षा र भोकमरीको समस्यालाई सम्बोधन गर्ने सवालमा सचेत हुनुपर्ने देखिन्छ।

स्थानीय तहको यो सवाललाई सम्बोधन गर्न संघीय कानून, नीति निर्देशनलाई अंगिकार गरी अगाडि

वढ्नु आवश्यक छ । यसका साथै यो भन्दा अगाडिका स्थानीय निकायले गरेका सफलता र कमजोरीवाट पाठ सिक्नु आवश्यक छ । २०५१ सालमा शुरू भएको आफ्नो **'गाउँ आफै बनाउँ कार्यक्रम'** एउटा सफल कार्यक्रम मानिन्छ । यसको सिकाई खाद्य असुरक्षालाई सम्बोधन गर्न मार्गदर्शन हुन सक्छ । यसका साथै विभिन्न विकासे संस्थाहरूले गरेका कार्यक्रमहरू पनि सहयोगी सिद्ध हुन सक्छन् ।

**सन्दर्भसूची**

- विश्वकर्मा, निर्मलकुमार, सुशील विश्वकर्मा, गजाधर सुनार (२०६९) । सङ्घीयता र दलित । दलित गैरसरकारी संस्था महासंघ (डीएनएफ) र इन्स्टिच्युट अफ दलित स्टडिज (आईडीएस), नेपाल
- विश्वकर्मा, तिलक (२०६९) । दलित र आर्थिक सवाल । सङ्घीयता र दलित, दलित गैरसरकारी संस्था महासंघ (डीएनएफ) र इन्स्टिच्युट अफ दलित स्टडिज (आईडीएस), नेपाल
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०६९), कर्णाली र कर्णाली वरिपरि विशेष कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०६९, नेपाल सरकार विभागीय मन्त्रीस्तरबाट मिति २०६९।९।१२ मा स्वीकृत, नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
- IFPRI (2015): Global Hunger Index GHI): Armed conflict and the challenge of hunger. Washington, DC: International Food Policy Research Institute (IFPRI)
- MOAD/ FAO (2016): Food and nutrition security in Nepal: A status report. Kathmandu: Ministry of Agriculture Development (MOAD) and Food and Agriculture Organization (FAO)
- MOAD (2016): Nepal Zero Hunger Challenge National Action Plan (2016 - 2025). Ministry of Agricultural Development
- MOAD (2015): Agricultural Development Strategy (ADS). Kathmandu: Ministry of Agriculture Development (MOAD)

■

# स्थानीय तहको निर्वाचनः नव युगको प्रवर्तन

रमेश कुमार अधिकारी*

सार्वभौम सत्ता सम्पन्न नेपाली जनताको पौरख, वीरता र ईमान्दारिताको ईतिहास गर्विलो छ। प्रकृति र संस्कृतिबाट बनेको हाम्रो सभ्यता मौलिक, आकर्षक र शिष्ट छ। नेपालका अनन्त संभावनालाई केलाउँदा नेपाल उहिल्यै समृद्ध भईसक्नु पर्थ्यो। तथापि आधुनिक सपन्नतामा हामी पछि परिरहेका छौँ। के नेपालको नियतिमा सम्पन्नता नजुर्ने नै होला त ? त्यसो होइन, नेपाल र नेपालीको भविष्य उज्वल, सुन्दर र समृद्धशाली छ। तर त्यसका लागि जननेता मदन भण्डारीले भन्नु भएको अमृत वाणी "युगले व्यक्ति वनाउने होईन, व्यक्तिले युग बनाउनु पर्दछ" लाई हाम्रो नेतृत्वले चरितार्थ गर्दै युग बनाएर देखाउनु पर्दछ।

असमान आकांक्षा बोकेका प्रत्येक व्यक्तिलाई समान उद्देश्यमा समाहित गराउन विशिष्ट आधार वा उपायहरुको आवश्यकता पर्दछ। जब व्यक्ति समान उद्देश्यमा आबद्ध हुन्छ, त्यहिँबाट समृद्धिका पाइला अघि बढ्न थाल्छन्। नेपालको संविधान जारी भएपछिको अवस्थामा व्यक्तिलाई राष्ट्रमा जोड्ने उपायको रुपमा संविधान मूल आधार भएको छ। यो संविधानले नेपाली जनतालाई सार्वभौम सत्ता र राजकीय सत्ताको मालिक बनाएको छ। सिद्धान्तमा कठोर र व्यवहारमा लचकताको विशेषता बोकेको नेपालको संविधान नै नयाँ युगको प्रवर्तन गर्नसक्ने अचुक अश्त्र हो। यही विश्वासका साथ नेपाली जनता संविधान कार्यान्वयनमा लाग्ने हो भने नयाँ युग आरम्भ भएको महशुस हुन थाल्ने छ। तर संविधान जारी भएयता व्यक्त भएका आशङ्का, अलमल र असन्तुष्टिले नेपालीको नयाँयुग देख्ने चाहना पर धकेलिँदै गएको प्रतित हुन्छ। तथापि संविधान जारी भईसके पछिको अवस्थामा जे जस्ता अप्ठ्यारो, व्यवधान वा बेचैनी प्रकट भए पनि तिनको व्यवस्थापन वा किनारा लगाउने कार्य संविधानले देखाएकै बाटोबाट गर्नुपर्ने भएकाले संविधान जिवन्त छ र जुनसुकै परिस्थितिलाई सम्याउन सक्षम छ भन्ने विश्वास हामीमा छ। यही सक्षमताको सुन्दरताले नेपाली जनतामा आशाको दियो बलिरहेको छ र नयाँ युगको पर्खाइमा जनता धैर्यताका साथ जुटिरहेका छन्।

कागजमा लेखिएका सारगर्भित वाक्यहरुले जगाउने आकांक्षालाई उपलब्धिमा बदल्दै राष्ट्रको समृद्धिमा उचाई थप्ने लगायतका सबै विषयलाई व्यवस्थापन गर्न सर्वोपरी भूमिका मानिसको हुँदो रहेछ। मानिसहरुको विशाल समूहलाई लय र तालमा हिँडाउन मानिसहरु मध्येको एक जनालाई नेतृत्व गर्ने शक्ति दिनुपर्ने रहेछ। त्यसैले सार्वभौम सत्ता सम्पन्न जनताले आफ्नो मतका माध्यमबाट नेतृत्वको चयन गरेर उक्त सार्वभौम सत्ता वा राजकीय सत्ताको प्रयोग गर्न निश्चित अवधिका लागि अख्तियारी सुम्पने लोकतान्त्रिक विधि अवलम्बन गर्ने गरिन्छ। आवधिक निर्वाचनमा मत दिएर राज्यका संरचनाहरुका लागि नेतृत्व छान्ने विधिलाई नेपालको संविधानले अवलम्वन गरेको छ।

नेपालको संविधानले राज्यको संरचनालाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा रहने व्यवस्था संस्थागत गरेको छ। नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्नेगरी संविधानमा किटान गरिएको छ। उल्लेखित संघ, प्रदेश र स्थानीय तहले प्रयोग गर्न पाउने अधिकारलाई संविधानको अनुसूचीमा राखिएको छ। एकलौटी र साझा रुपमा प्रयोग गर्न पाउने गरी बाँडफाँड गरिएका अधिकारहरुमा संघले अनुसूची ५, प्रदेशले अनुसूची ६ र स्थानीय तहले अनुसूची ८ मा उल्लेखित सूची बमोजिमका अधिकार एकलौटी रुपमा प्रयोग गर्न पाउँछन्। साझा अधिकारतर्फ संघ र प्रदेशका लागि अनुसूची ७ र संघ, प्रदेश तथा स्थानीय तहका लागि अनुसूची ९ मा अधिकारको उल्लेख गरिएको छ। उल्लेखित अधिकारहरु

* कार्यकारी निर्देशक, मदन भण्डारी फाउण्डेसन

कानून बनाएर प्रयोग गर्नुपर्ने संविधानमानै प्रष्ट पारिएको छ। संघीय कानूनसँग बाझिने गरी प्रदेशले कानून बनाउन नपाउने र स्थानीय तहले संघ र प्रदेशसँग बाझिने गरी कानून बनाउन नपाउने व्यवस्था गरिएको छ। अवशिष्ट अधिकार संघमा रहेको छ। यसको अर्थ संघ सधैँ प्रदेश तथा स्थानीय तहको अभिभावकको भूमिकामा रहनेछ।

श्रोततर्फ प्राकृतिक श्रोत र राजस्व श्रोतको बाँडफाँडका बारेमा संविधानमा उल्लेख छ। विकासवाट प्राप्त लाभको समन्यायिक वितरण हन संविधानले दिशानिर्देश गरेको छ। विकासबाट प्राप्त हने लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तु सम्वन्धित परियोजना, क्षेत्र र स्थानीय समूदायलाई कानून बमोजिम वितरण गर्नुपर्ने संवैधानिक प्रावधान छ। प्राकृतिक श्रोतको उपयोगमा स्थानीय समूदायको सहभागितालाई संविधानले मार्ग प्रशस्त गरेको छ। राजस्व बाँडफाँडका विषयमा संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकार क्षेत्रभित्र कर लगाउन र ती श्रोतबाट राजस्व उठाउन सक्ने संविधानमा व्यवस्था छ। साझा सूचीका विषयमा भने संघ सरकारले निर्धारण गरे बमोजिम हुनेगरी अधिकार प्रयोगवारे स्पष्ट पारिएको छ। संघले अर्थात् नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहमा न्यायोचित रुपमा वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ। संघवाट प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिश वमोजिम हुनुपर्ने व्यवस्था छ। प्रदेशले संघ सरकारवाट प्राप्त अनुदान र आफ्नो श्रोतवाट उठ्ने राजस्वलाई प्रदेश कानून वमोजिम स्थानीय तहलाई समानीकरण अनुदान वितरण गर्नु पर्दछ। वित्तीय हस्तान्तरणका प्रकारहरुमा समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान रहेका छन्। राजस्व बाँडफाँड सन्तुलित र पारदर्शी हुनुपर्ने कुरा संविधानमै उल्लेख छ।

आर्थिक अधिकार प्रयोग गर्न संघ, प्रदेश र स्थानीय तह स्वतन्त्र छन्। तीनै तहले आफ्नो अधिकारभित्रका आर्थिक अधिकारका विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र तीनको कार्यान्वयन गर्ने स्वतन्त्रता पाएका छन्। तथापि संघले साझा सूचीका विषयमा प्रदेशलाई समेत लागू हुने नीति, मापदण्ड र कानून बनाउन सक्ने गरी संविधानले संघलाई अधिकार सुम्पेको छ। यसैगरी प्रदेश तथा स्थानीय तहले बजेट पेश गर्ने समय पनि संघले बनाएको कानून वमोजिम हुने व्यवस्था छ।

नेपालको संविधान वमोजिम स्थानीय तहको प्रथम चरणको निर्वाचनको नतिजाले जनतामा अपार खुशी छाएको छ। दोश्रो चरणको निर्वाचन सम्पन्न भैसक्दा सम्म मुलुकभर युग बनाउने नेतृत्व स्थापित भई संघीयता कार्यान्वयनको जग वलियो हुने, लोकतन्त्र सुदृढ हुने र विकासयात्रा तीव्र भई मुलुक समृद्धशाली नयाँ युगमा प्रवेश गर्ने अपेक्षा गर्न सकिन्छ।

राजनीतिक अधिकारलाई अवसरको रुपमा अभ्यास गर्न स्थानीय तहको निर्वाचन कोशेढुंगा हो। केन्द्रित, विकेन्द्रित हुँदै संघीय ढाँचामा रुपान्तरण भएको नेपालको शासन व्यवस्थामा पुनःसंरचना भएका स्थानीय तहहरु स्थानीय सरकारको रुपमा अधिकार सपन्न भएकाले साविकको स्थानीय निकायहरु भन्दा धेरै गुणा शक्ति, सामर्थ्य र श्रोत सम्पन्न छन्। यिनलाई कुशलतापूर्वक हाँक्न मानवीय नेतृत्व इमान्दार, सिपालु र मेहनती हुनु जरुरी छ। हत्या, हिंसा र हानथापको आरोह अवरोहबाट गुज्रेर शान्ति, स्थायित्व र समृद्धिको मार्गमा हिँडीरहेको नेपाली समाजलाई विकसित, सुदृढ र समृद्ध बनाउन र कतैबाट पनि असमान, अपमान र आघात पार्ने व्यवहार हुन नदिन नेपाली जनतालाई सचेत, जागृत र संगठित गराउन संघीय ढाँचाका सबै तहका सरकारको नेतृत्वमा इमान्दार, सक्षम र राष्ट्रवादी व्यक्ति पुग्नु पर्दछ भन्ने कुरामा दुईमत नहोला।

नेतृत्वको चयन जनताले गर्ने हो। निर्वाचनको समयमा आफ्नो अमूल्य मत दिएर जनताले नेतृत्व चयन गरिसकेका छन र गर्दै छन्। स्थानीय तहको निर्वाचनले पाँच वर्षसम्मका लागि स्थिर सरकार पाउने विश्वास जनतामा वढेको छ। जम्मा सात सय चवालीस स्थानीय तहमा एकसेएक राम्रा व्यक्ति नेतृत्वमा पुगिरहेकाले अब नयाँ युगको प्रवर्तन हुने कुरामा जनता आशावादी भएका छन्। सबै विषयमा सिंहदरवारको मुख ताक्नुपर्ने र सानोतिनो काममा पनि नेता गुहार्नु पर्ने अवस्थावाट मुक्त भई धेरै कुरा स्थानीय सरकारबाट संवोधन हने भएवाट पहुँच, समय र लागतका दृष्टिले पनि अब सहज, छिटो र सस्तो सेवा

प्राप्त हुने जनताको अपेक्षा छ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासहितको स्थानीय तह संवैधानिक रुपमा प्रदेश र संघ जत्तिकै राज्यशक्तिको प्रयोग गर्न स्वतन्त्र भएकाले अनुसूची ८ र ९ ले प्रदान गरेका जिम्मेवारी सम्पादन गरेर जनतालाई सुशासनको अनुभूति गराउने र विकासलाई तीब्र वनाउँदै समृद्धिको दिशामा अघि बढ्ने कुरामा जनता आशावादी भएका छन् ।

नेतृत्वमा पुग्ने व्यक्तिको चाल, चरित्र र चिन्तन सङ्लो, साहशी र शिपालु हुनसक्ने हो भने सफलता, विकास र सम्पन्नता निश्चित छ। जनताको चेतनाको स्तर उच्च छ। ढाँट, छल र कपटपूर्ण व्यवहारलाई दूधको दूध, पानीको पानी गरेर छुट्याउने हैसियत जनता राख्दछन् । जनता युग बदल्ने नेताको पर्खाईमा छन् । यो स्थितिमा लोकप्रिय, जनसेवी, शिपालु, सहाशी र सकारात्मक सोच भएको विकासको "रुटिन" र "रिदम" मिलाउन सक्ने नेता जनता चाहन्छन् । स्थानीय तहको निर्वाचनवाट स्थापित भएको नेतृत्वले आफूलाई सफल र असल बनाउन सक्छन् र देश समृद्धिको मार्गमा अघि बढ्छ भन्ने सकारात्मक धारणा हामीमा हुनु पर्दछ ।

मुलुकभर जनताको घर आँगनको सरकारको रुपमा परिभाषित र प्रचारित स्थानीय तहहरु राष्ट्र निर्माणका आधारस्तम्भ हुन् । जनताले पाउँनै पर्ने सेवा, जनताले चाहेको सुविधा र जनताको जीउधनको सुरक्षालाई समान, सहज र सर्वत्र सही तरिकाले उपलब्ध गराउन स्थानीय तहको ठूलो जिम्मेवारी छ। यो जिम्मेवारीको सम्पादन नेतृत्वको दूरदर्शिता, कुशलता, इमान्दारिता र मेहनतबाट मात्र संभव छ। संविधानले प्रस्तावनामा प्रकट गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न पनि मुख्य रुपमा मानवीय नेतृत्व अपरिहार्य छ । त्यसैले नयाँ युगको पर्खाइमा रहेका नेपाली जनतामा आशा जगाउन, उत्साह बढाउन र उपलब्धिले आकांक्षा पुरा गर्न इमान्दार नेता चाहिएको छ, स्थिर सरकार चाहिएको छ र तीव्र विकास चाहिएको छ ।

नेपालमा सरकार परिवर्तनको खेल भैरहने र विकासको गति मन्द भएको अनुभूतिबाट दिग्दार भएका नेपाली जनता यतिखेर नफेरिने स्थिर स्थानीय सरकार पाउन लागेकोमा दङ्ग छन् । पाँच वर्षसम्म कायम रहने स्थानीय सरकारले लोकतन्त्र, सुशासन र विकासको अनुभूति गराउने विषयमा जनता हौसिएका छन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा नेपाली जनता नयाँ नेतृत्वले नयाँ युगको आरम्भ गरेको देख्न चाहन्छन् । राजनीतिक अधिकारको प्राप्ति पश्चात आर्थिक सम्पन्नता र सामाजिक रुपान्तरणको माध्यमद्वारा समृद्धिको मार्गमा अघि बढ्न नेपाली जनता आतुर छन् । यस समृद्धिरुपि यानको चालक शिपालु, साहशी र इमान्दार हुने हो भने नयाँ युगको अनुभूति सुनिश्चित हुँदै जानेछ भन्नेमा नेपाली जनताको अटल विश्वास छ। नेपाली जनताको यही मनोविज्ञानलाई बुझेर आफ्नो चरित्र र क्षमता प्रकट गर्न हरेक विजयी उम्मेदवार सक्षम सावित हुनु पर्दछ। यसैबाट स्थानीय तहको निर्वाचन स्थायी सरकारको जग मजबूत गराउन तथा नयाँ युगको प्रवर्तन गर्न कोशेढुङ्गा साबित हुनेछ ।

जनताको वहुदलीय जनवादका प्रणेता समकालीन राजनीतिका शीखर पुरुष मदन भण्डारीले परिकल्पना गर्नुभएको अधिकार सम्पन्न नेपाली जनता दया, माया, विवेक र ईमान भएका नेता, सुदृढ लोकतन्त्र र तीव्र विकासबाट समृद्ध नेपालको सपना साकार हुने शुभसाइतको रुपमा यतिखेरको स्थानीय तहको निर्वाचनले स्वर्णिम ईतिहास रच्न सकोस् भन्दै लोकप्रिय महान नेताको जन्मजयन्तीका अवसरमा यिनै शव्दरुपि श्रद्धाकुसुम अर्पण गर्दै यो लेख यही बिसाउँछु ।

■

# स्थानीय निर्वाचनले देखाएका सकारात्मक संकेतहरु



✍ सुवास देवकोटा

पहिलो चरणमा बैशाख ३१ गते स्थानीय तहको निर्वाचन प्रदेश नम्बर ३, ४ र ६ मा सम्पन्न भयो। बैशाख ३१ मा सबै ७ वटै प्रदेशका स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने घोषणा गरिएकोमा मधेस केन्द्रित दलहरुमा पनि खासगरी राष्ट्रिय जनता पार्टी नेपाललाई सहभागि गराउने नाममा सत्तारुढ गठवन्धनको निर्णय अनुसार सरकारले १, २, ५ र ७ नम्बर प्रदेशको निर्वाचन जेठ ३१ गर्ने निर्णय गऱ्यो। सरकारको यो निर्णयले पहाड र हिमाल छुट्टै तथा तराई र तराईसँग जोडिएका भूभाग भएका प्रदेशहरु छुट्टै भएको मनोविज्ञान सिर्जना हुने भएकाले त्यसो गर्नु अनुपयुक्त हुने प्रमुख प्रतिपक्ष नेकपा एमाले, नागरिक अगुवा, सबै तह र तप्काको आवाज रहेको थियो। तर, सरकारले सो निर्णय नफेरेपछि बैशाख ३१ गते तीन वटा प्रदेशमा मात्र निर्वाचन गरिएको थियो।

यी तीन प्रदेशमा कूल २८३ स्थानीय तहमा निर्वाचन भएको थियो। मुलुकको राजधानी रहेको काठमाडौं महानगरपालिका, उपत्यकाकै ललितपुर महानगरपालिका, चितवनको भरतपुर महानगरपालिका र पोखरा महानगरपालिका पहिलो चरणको निर्वाचन भएका प्रदेशमै रहेकाले यो निर्वाचनको परिणामले ठूलो महत्व राख्नु स्वभाविक थियो। त्यसमाथि अधिकांश ठाउँमा सत्तारुढ गठवन्धनमा रहेका नेपाली काँग्रेस र माओवादी केन्द्रबीच चुनावी तालमेल भएको थियो। काठमाडौं र ललितपुर महानगरपालिकामा राष्ट्रिय प्रजातन्त्र पार्टीलाई उपमेयर दिएर तालमेल गरेबाहेक अधिकांश ठाउँमा सत्तारुढ गठवन्धनविरुद्ध प्रतिपक्ष एमाले एक्लै चुनावी मैदानमा उत्रिएको थियो। यसकारण, दलहरुका विगतका क्रियाकलाप, भावी योजनासहितका एजेण्डाहरुका बीच लडिएको यो चुनाव झण्डै जनमतसंग्रह बराबर मानिएको थियो।

नेपाल जस्ता कम विकशित अझ भन्ने हो भने दक्षिण एसियाली मुलुकमा स्थानीय निर्वाचन सत्तारुढ दलले जित्ने गरेको देखिन्छ। नेपालकै सन्दर्भमा भन्ने हो भने, नेपाली कांग्रेस सरकारमा रहेको बेला भएको २०४९ सालको स्थानीय निर्वाचन नेपाली काँग्रेसले अत्याधिक बहुमत स्थानमा जितेको थियो भने राप्रपा नेतृत्वको एमाले सहभागि संयुक्त सरकार रहेको समयमा २०५४ मा भएको स्थानीय निर्वाचनमा एमालेले त्यसरी नै अत्याधिक बहुमत स्थानमा बिजय प्राप्त गरेको थियो। त्यसैले, चुनावी लहर एमालेको पक्षमा देखिएपनि संविधानसभाको दोश्रो निर्वाचन जसरी नै नेपाली काँग्रेसले यो निर्वाचनमा पनि पहिलो स्थान ल्याउने र एमाले दोश्रोमा रहने धेरैको विश्लेषण थियो।

तर, निर्वाचन आयोगले दिएको जानकारी अनुसार, निर्वाचन भएका २८३ स्थानीय तहमध्ये भरतपुर महानगरपालिका बाहेकका २८२ स्थानमध्ये १२५ स्थानीय तहका प्रमुख जितेर एमाले सबैभन्दा ठूलो दल बनेको छ। उप प्रमुखमा एमालेले १० स्थान बढी अर्थात् १३५ स्थानमा जितेको छ। यसैगरी, नेपाली काँग्रेस १०४ स्थानमा प्रमुख जितेर दोस्रो पार्टी बनेको छ। काँग्रेस भन्दा एमालेले प्रमुखमा २१ स्थानीय तह

बढि जितेको छ ।

सत्तारुढ गठवन्धनमा रहेको माओवादी केन्द्र ४५ स्थानीय तह जितेर कमजोर तेस्रो स्थानमा पुगेको छ भने राप्रपा, नेपाल मजदूर किसान पार्टी, राष्ट्रिय जनमोर्चा र नयाँ शक्तिले एक/एक स्थानीय तह जितेका छन् । स्वतन्त्रबाट जितेका ३ स्थानीय तहका प्रमुख मध्ये डोल्पाका एकजना अध्यक्ष एमाले प्रवेश गरेपछि एमालेले प्रमुख जितेको संख्या १२६ पुगेको छ ।

## शहरमा एमाले बलियो, गाउँमा प्रतिस्पर्धी

भनिन्छ, शहर र शहरोन्मुख क्षेत्रमा आमरुपमा सत्ताको नजिक रहन खोज्ने प्रवृति बढि हुने गर्छ । सरकारी कर्मचारी, व्यपारी र सत्ताको नजिक रहन खोज्ने मध्यम वर्गको संख्या त्यहाँ बढि हुने भएकाले यस्तो भनिएको हो । तर, चेतना शहरमै पहिले पुग्ने र दलहरुको केन्द्रीय राजनीतिक गतिविधिबारे पहिले त्यहीँका वासिन्दा सूचित रहने पनि त्यत्तिकै सत्य हो । हाम्रो जस्तो समाजमा शहर र शहरोन्मुख क्षेत्रबाटै गाउँ र विकट क्षेत्रमा नयाँ विचार फैलिन्छ भन्ने मान्यता पनि त्यतिकै बलियो मानिन्छ । त्यस हिसाबले यो पटक चेतनशील मतदाताले नेपाली काँग्रेस र माओवादी केन्द्रलाई कम स्विकारेको देखियो भने एमालेलाई बढि । भरतपुरको मतगणनामा माओवादी कार्यकर्ताले मतपत्र च्यातेकाले मतगणना रोकिएर मतपरिणाम नआएकोमा त्यसबाहेक ३ महानगरपालिका मध्ये दुई महानगर काठमाडौँ र पोखरा तथा यो पटक निर्वाचन भएकोमा एकमात्र उपमहानगर हेटौँडा जित्दा एमालेको पक्षमा डेढ लाख भन्दा बढी मत खसेको छ । ललितपुरमा नेपाली काँग्रेसले जित्दा पनि एमालेभन्दा झिनो मतको मात्र अग्रता छ । पोखरा र हेटौडामा काँग्रेस र माओवादी संयुक्त लडेका थिए भने एमाले एक्लै थियो ।

ठूलो शहर मात्र होइन, जिल्ला सदरमुकाम सहितका नगरपालिकाहरुमा पनि एमालेको पक्षमा जनलहर देखिएको छ । एमालेले महानगर, उपमहानगर सहित ५३ शहरमा मेयर जितेको छ । एमालेले उपमेयर पनि ५३ जनानै जितेको छ । नेपाली काँग्रेसले एक महानगरपालिका सहित ३२ नगरपालिकामा मेयर जितेको छ । ललितपुर महानगरपालिकामा करीव ३ सय मतको अन्तरमा काँग्रेसले जित्दा काठमाडौँ र पोखरा जस्ता ठूला महानगरमा २० हजार भन्दा बढिको अन्तरले हार व्यहोर्नु परेको छ ।

काँग्रेसले २६ नगरपालिकामा उपमेयर जितेको छ । माओवादी केन्द्रले १० नगरपालिकामा मेयर र १३ नगरपालिकामा उपमेयर जितेको छ । नेपाल मजदूर किसान पार्टीले भक्तपुरको मेयर र उपमेयर जितेर आफ्नो बर्चश्व कायम राख्दा अन्य दललहरुले नगरपालिकामा मेयर जित्न सकेनन् । राप्रपाले बागलुङ, बेनी र डोल्पाको ठूलीभेरी नगरपालिकामा उपमेयर जितेको छ ।

## गाउँमा काँग्रेस एमालेको टक्कर, माओवादी कमजोर

गाउँ पालिकाहरुमा भने एमाले र काँग्रेसबीच टक्कर देखिएको छ । गाउँ पालिकाहरुको परिणामले अहिलेसम्म संसदमा पहिलो स्थानमा रहेको काँग्रेसलाई ठूलो हार हुनबाट जोगाएको छ । काँग्रेस र एमालेले बराबरी अर्थात ७२/७२ गाउँपालिका अध्यक्षमा जित हासिल गरेका छन् । माओवादी केन्द्रले भने ३५ गाउँपालिकाको अध्यक्ष मात्र जितेको छ । गाउँ पालिकाको अध्यक्षको हिसाबले यो संख्या एमाले र कांग्रेसको आधा मात्र हो । शहरी जनमतले त माओवादीलाई पूरै नकारेको देखिएको छ । काठमाडौँ र ललितपुरमा माओवादी निकै कमजोर देखियो ।

एक/एक गाउँपालिका अध्यक्ष मात्रै जित्नेमा राप्रपा, राष्ट्रिय जनमोर्चा र नयाँ शक्ति भएका छन् । तिनमा राप्रपा संसदको चौथो ठूलो दल हो तथा हिन्दू राष्ट्र र राजतन्त्र फर्काउने मुद्दासहित उ निर्वाचनमा होमिएको थियो । त्यसमाथि, राप्रपा नेपाल र राप्रपाबीच भर्खरै एकता भएकाले उक्त दल राम्रो परिणाम आउनेमा उत्साहित थियो । राप्रपा उसका अध्यक्ष कमल थापाको गृह जिल्ला मकवानपुरमै निकै कमजोर देखियो । हेटौडामा सधैं प्रतिस्पर्धी रहने राप्रपाका उमेदवार यो पटक कमजोर तेश्रो बने । उता, माओवादी छाडेका नेता डा. बाबुराम भट्टराईको नयाँ शक्ति निकै तामझाम गर्नुका बावजूद कमजोर देखियो । भट्टराईको गृहजिल्ला गोर्खामै नयाँ शक्तिले एउटै गाउँ पालिका जित्न सकेन । मुस्ताङ र डोल्पामा ३ जना स्वतन्त्रले अध्यक्ष जितेका थिए, जसमध्ये डोल्पाका एकजना अध्यक्ष एमाले प्रवेश गरेका छन् ।

## उपाध्यक्षमा एमाले झन अघि

पहिलो चरणमा चुनाव भएका कुल १८५ गाउँपालिका मध्ये ७२ अध्यक्ष जितेको एमालेले उपाध्यक्ष ८३ जना जितेको छ । ७२ अध्यक्ष जितेको

काँग्रेसले उपाध्यक्ष अझ कम ५८ जनामात्रै जितेको छ। ३६ गाउँपालिका अध्यक्ष जितेको माओवादीले उपाध्यक्ष पनि ३६ नै जितेको छ। त्यस्तै ५ जना स्वतन्त्र उमेदवारले अध्यक्षमा जित हात पारेकोमा डोल्पाको डोल्पोबुद्धका उपाध्यक्ष एमाले प्रवेश गरेपछि एमालेका उपाध्यक्षको संख्या ८४ पुगेको छ। राप्रपाले दुई उपाध्यक्ष जितेको छ भने राष्ट्रिय जनमोर्चाले एक उपाध्यक्ष जितेको छ।

### वडाध्यक्ष र समग्रमा पनि एमाले अघि

पहिलो चरणमा चुनाव भएका स्थानीय तहको वडाध्यक्षमामा पनि एमालेले काँग्रेस भन्दा २ सय बढी संख्या जितेको छ। एमालेले कुल वडाध्यक्षहरुको ४३.२३ प्रतिशत अर्थात् ११ सय २१ वडाध्यक्ष जितेको छ। नेपाली काँग्रेसले ३५ प्रतिशत अर्थात् ९१० वडाध्यक्ष जितेको छ। माओवादी केन्द्रले १७ प्रतिशत अर्थात् ४६४ वडाध्यक्ष जितेको छ। २८ जना वडाध्यक्ष स्वतन्त्रबाट जितेका छन् भने राप्रपाका २४ र अन्य दलले ४९ वडाध्यक्ष जितेका छन्।

यसैगरी, स्थानीय तहमा कम्तिमा एक महिला सदस्य अनिवार्य रहने प्रावधान छ। यस अनुसार, पहिलो चरणमा २५८६ महिलाहरु सदस्यमा निर्वाचित भएका छन्। ती मध्ये एमालेले ११९५ महिला निर्वाचित गरेको छ भने काँग्रेसले ८६१ र माओवादी केन्द्रले ४५१ महिला निर्वाचित गरेका छन्। यसैगरी, राप्रपाले २५, नेमकिपाले २० र अन्य साना दलले ४३ महिला सदस्य निर्वाचित गरेका छन्। महिलाहरु नेपाली समाजको समग्र पक्षमा पछि रहँदै आएकोमा निर्वाचित महिला सदस्यहरु भविष्यका लागि समाजको नेतृत्व भएकाले यो संख्या उल्लेख्य मानिएको छ।

स्थानीय निर्वाचनमा दलित महिला सदस्य पनि अनिवार्य उठाउनै पर्ने प्रावधान छ। जस अनुसार, पहिलो चरणको निर्वाचनमा एमालेबाट ११२५ दलित महिला सदस्यले जितेका छन्। यसैगरी काँग्रेसबाट ८१०, माओवादीबाट ४५०, राप्रपाबाट १८, राष्ट्रिय जनमोर्चाबाट १३ र अन्य दलबाट ३६ जना निर्वाचित भएका छन्। सदियौँदेखि पानीसमेत नचल्ने भनेर हेपिएको दलित समुदाय समाजको नेतृत्वमा यो संख्यामा पुग्नु भनेको स्थानीय निर्वाचनको निकै ठूलो उपलब्धी हो।

निर्वाचन आयोगले प्रकाशित गरेको परिणाम अनुसार, मत परिणाम घोषणा गरिएका २८२ स्थानीय तहको दुई खुला सदस्यको निर्वाचनमा एमालेका २३४९ सदस्य निर्वाचित भएका छन्। यसमा नेपाली काँग्रेसबाट १७७१ जना निर्वाचित बने। यसैगरी, माओवादी केन्दका ९०१, राप्रपाका ४८, नेमकिपाका ४२ र अन्य दलबाट ८० जना निर्वाचित भएका छन्।

स्थानीय तहका प्रमुख उपप्रमुख, वडाध्यक्ष र सदस्यहरु सहित कुल १३ हजार ३ सय ५६ जना निर्वाचित भएकामा एमालेले काँग्रेसलाई करीव २५ सयले पछि पार्दै ४५.२३ प्रतिशत अर्थात् ६०६१ जना निर्वाचित भए। काँग्रेसबाट ३३.९ प्रतिशत अर्थात् ४५२९ निर्वाचित भए भने माओवादीबाट १७.५२ प्रतिशत अर्थात् २३४१ जनप्रतिनिधि निर्वाचित बने।

### तीन नम्बरमा एमाले बहुमतमा

पहिलो चरणमा निर्वाचन भएका तीन वटा प्रदेशमा ६ नम्बर प्रदेशमा एमाले, काँग्रेस र माओवादी केन्द्र हाराहारीमा रहे भने ४ नम्बर प्रदेशमा एमालेभन्दा काँग्रेस केही अघि देखियो। माओवादी यहाँ पनि तेश्रो नै देखियो। तर, राजधानी रहेको प्रदेश नम्बर ३ मा एमाले एक्लैको बहुमत देखियो।

जस अनुसार, यो प्रदेशका १३ मध्ये १० जिल्लामा एमाले एकल बहुमत र एउटामा ठूलो दल बनेर ११ जिल्लामा बर्चश्व स्थापित गर्‍यो। यो प्रदेशमा ३ महानगर र एक उपमहानगरपालिका सहित ११९ स्थानीय तह रहेकोमा एमालेले काठमाडौँ महानगर र हेटौँडा उपमहानगर सहित ६४ तह जित्यो।

एमालेले सिन्धुलीमा ३, रामेछापमा ५, दोलखामा ७, सिन्धुपाल्चोकमा ७, काभ्रेमा ७, रसुवामा २, नुवाकोटमा ३ स्थानीय तह जित्यो। धादिङमा ८ र मकवानपुरमा ६, चितवनमा भरतपुरबाहेक एमालेले ७ मध्ये ४ प्रमुख र ५ उपप्रमुख जित्यो। काठमाडौँमा एमालेले महानगरको मेयर सहित ११ मध्ये ७ स्थानीय तह जित्यो। पहिले नजितेको भक्तपुरमा समेत चारमध्ये ३ नगरपालिका जितेर एमाले पहिलो पार्टी बन्यो। ललिपुरमा एमालेले २ स्थानीय तह जितेको छ।

रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रे, धादिङ, रसुवा, मकवानपुर, चितवन, भक्तपुर र काठमाडौँमा जिल्ला समन्वय समिति गठनका लागि एमालेले सुविधाजनक बहुमत प्राप्त गरेको छ। कांग्रेसले नुवाकोटमा मात्र एकल बहुमत प्राप्त गरेको छ।

सिन्धुलीमा काँग्रेस, एमाले र माओवादीले बराबरी स्थानीय तहका प्रमुख जितेपनि एमालेले थप एक स्थानीय तहमा उपाध्यक्ष जितेकाले त्यहाँ पनि एमाले पहिलो बनेको छ। ललितपुरमा कांग्रेसले ६ मध्ये ३ स्थानीय तह जितेर ठूलो पार्टी बने पनि जिल्ला समन्वय समितिका लागि बहुमत पुऱ्याउन सकेन। त्यहाँ एमालेले २ र माओवादीले एक स्थानीय तह जितेका छन्। संविधानसभा दोश्रो चुनावमा यो प्रदेशमा काँग्रेस पहिलो पार्टी रहेकोमा ११९ स्थानीय तहमध्ये जम्मा ३४ स्थानमा प्रमुख जितेर कमजोर दोश्रो पार्टी बन्न पुगेको छ। काँग्रेसले सिन्धुलीमा ३, रामेछापमा १, दोलखामा २, सिन्धुपाल्चोकमा ३, काभ्रेपलाञ्चोकमा ४, रसुवामा २ स्थानीय तह जितेको छ। त्यस्तै नुवाकोटमा ७, धादिङमा ३, चितवनमा १ र मकवानपुरमा २ स्थानीय तह जितेको छ।

### कांग्रेस एक, माओवादी ४ जिल्लामा खाली

पहिले नेपाल मजदुर किसान पार्टीसँग प्रतिस्पर्धा गर्नेगरेको काँग्रेस भक्तपुरमा यो पटक खाली भयो। नेपाल मजदुर किसान पार्टीले भने भक्तपुर नगरपालिकामा आफ्नो वर्चश्व जोगायो। मध्यपुरमा पनि उक्त पार्टीले प्रमुख जितेको एमालेसँग तालमेल गरेको थियो। माओवादीले यो प्रदेशका कुनै जिल्लामा पनि बहुमत ल्याउन सकेन। दोलखा, रसुवा, काठमाडौँ र भक्तपुरमा माओवादी खाली भयो।

### महिला नेतृत्वको विकास

स्थानीय निकायको पहिलो चरणको परिणाम आइसकेको छ भने प्रदेश नम्बर १, ५ र ७ को मनोनयन दर्ता भइसकेकाले चुनाव निश्चित बनेको छ। नगर र गाउँ पालिकाका प्रमुख र उपप्रमुखमध्ये एकमा महिला दिनै पर्ने प्रावधान रहेकाले ठूलो संख्यामा महिला नेतृत्व अघि आएको छ।

पहिलो चरणको निर्वाचन परिणामले अधिकांश ठाउँका प्रमुखमा पुरुष जितेका तथा दोश्रो चरणको निर्वाचन मनोनयनमा पनि प्रमुखमा पुरुषको नै ठूलो संख्या रहेकाले महिलालाई उपप्रमुख मात्र बनाइएको भनेर आलोचना हुने गरेको छ। सरल हिसाबले हेर्दा यो सत्य भएपनि सदियौँदेखि पछि परेका वा पारिएका महिला समाजको नेतृत्व गर्ने स्थानमा एकै पटक पुरुष बराबर पुग्न नसक्नु वा नपुग्नु अस्वाभाविक होइन। यसमा सकारात्मक हिसाबले हेर्दा के देखिन्छ भने, यो पटक उपप्रमुख भएका अधिकांश महिलाले अनुभव र योग्यता हाशिल गर्नेछन् तथा अर्को पटक प्रमुख पदका लागि प्रमुख दावेदार बन्नेछन्। यस हिसाबले समाजको नेतृत्वका लागि महिला नेतृत्व तयार पार्न यो स्थानीय निर्वाचनले सकारात्मक योगदान दिने देखिन्छ।

पहिलो चरणमा ९२ नगरपालिकामा निर्वाचन भएकोमा तीन जना महिलाले प्रमुख जितेका छन्। पुरुषसँग प्रतिस्पर्धा गरेर मेयर जित्ने महिलामा जुम्ला चन्दननाथ नगरपालिकाकी कान्तिका सेजुवाल, नवलपरासी कावासोती नगरपालिकाकी चन्द्रा पुन र स्याङ्जा पुतलीबजारकी सीमा क्षेत्री हुन्। यी मध्ये पुन र क्षेत्री एमालेका हुन् भने सेजुवाल कांग्रेसकी। प्रस्तुत छ, उनीहरुको संक्षीप्त परिचयः

### चन्द्रा पुनः कावासोती नगरपालिका मेयर

नवलपरासीको कावासोती नगरपालिका पूर्व पश्चिम लोकमार्गमा पर्छ। यो नगरमा मधेसी, थारु र पहाडेको मिश्रित बसोबास छ। पहाडेमा पनि खस आर्य र जनजाति छन्। एमाले भात्र संगठन अखिल नेपाल महिला संघको नेतृत्वमा रहेकी पुन अविवाहित छन्। काँग्रेसका महेन्द्र पोखरेललाई पराजित गरेकी हुन्।

### सीमा क्षेत्रीः पुतलीबजार नगरपालिका मेयर

स्याङ्जाको पुतलीबजार नगरपालिकाको मेयरमा निर्वाचित क्षेत्री शिक्षकबाट अवकाश भएपछि सक्रिय राजनीतिमा लागेकी हुन्। शिक्षक संगठनको केन्द्रीय उपाध्यक्ष भइसकेकी उनी एमालेको भात्र संगठन अखिल नेपाल महिला संघको नेतृत्व पंक्तिमा छन्। उनले नेपाली काँग्रेसका तुलसीराम रेग्मीलाई पराजित गरेकी हुन्।

### कान्तिका सेजुवालः चन्दननाथ नगरपालिका मेयर

चन्दननाथ नगरपालिका कर्णालीको जुम्ला जिल्लामा पर्छ। कर्णालीलाई पिछडिएको क्षेत्र भनिनेमा त्यहाँबाट नेतृत्वमा आउनु महिलाका कठिन हो। उनी जुम्ला काँग्रेसका पूर्व सभापति मानव सेजुवालकी पत्नी हुन्। मावनको विमान दुर्घटनामा मृत्यु भएको थियो। कान्तिकाले एमालेका शान्तिलाल महतलाई पराजित गरेकी हुन्।

### पिछडिएकाहरुको नेतृत्व विकास

यो स्थानीय निर्वाचनले पिछडिएको समुदायलाई पनि समाजको नेतृत्वमा पुऱ्याएको छ। जसमध्ये

सिमान्तकृत जाति चेपाङको प्रतिनिधित्व उल्लेखनीय छ । चितवन, मकवानपुर, धादिङ र गोरखामा बसोबास गर्ने चेपाङ जातिबाट यो निर्वाचनमा सबै पदमा गरी ६४ जना जनप्रतिनिधि निर्वाचित भएका छन् । तीमध्ये पनि एमालेबाट प्रतिनिधित्व गर्नेहरुको संख्या अत्याधिक छ । चेपाङ प्रतिनिधिमध्ये एमालेबाट २६ जनाले जित हात पारेका छन् भने काँग्रेसका २० र माओवादी केन्द्रका १८ ले जितेका छन् ।

६४ जना जनप्रतिनिधि मध्ये वडाध्यक्षसहित ५६ जना प्रत्यक्ष निर्वाचित हुन् भने ८ जना नगर तथा गाउँ परिषद सदस्य हुन् । ८ जना गाउँ तथा नगरपरिषद सदस्य मध्ये ४ जना एमालेका, २ जना काँग्रेस र २ जना माओवादीबाट निर्वाचित भएका छन् ।

निर्वाचित चेपाङमध्ये ११ जना वडाध्यक्ष छन् । जसमध्ये चितवनको इच्छाकामना गाउँपालिकाबाट २ जना, राप्ती नगरपालिका २ जना र कालिका नगरपालिकामा १ जना गरी ५ जना, धादिङको गजुरी गाउँपालिकामा १ जना, गोरखाको शहिद लखनथापा गाउँपालिकामा १ र मकवानपुरको राक्सिराङ गाउँपालिकाबाट ४ जना वडाध्यक्षमा बिजयी भए । तीमध्ये पनि एमालेबाट ५ जना, काँग्रेसबाट ४ जना र माओवादीबाट २ जना छन् । नेपालमा चेपाङको जनसंख्या ६८ हजार ९६० रहेको छ ।

### बदर मत चिन्ताजनक

स्थानीय तहको पहिलो चरणको निर्वाचनको परिणामले धेरै सकारात्मक संकेत दिए पनि ठूलो संख्यामा मत बदर हुनु भने चिन्ताजनक देखिएको छ । निर्वाचन आयोगका अनुसार, पहिलो चरणको निर्वाचनमा ११ दशमलव १८ प्रतिशत मत बदर भएको देखिएको छ । पहिलो चरणमा ४९ लाख ५६ हजार ८ सय १४ मतदातामध्ये ७३ दशमलव १० प्रतिशतले मदतान गरेका थिए । बदर मत बढि देखिएकोमा आयोगको भने बदर र अमान्य मत फरक रहेकाले सबैलाई एउटै बास्केटमा हाल्न नमिल्ने तर्क छ । कुनै एउटा पदमा दुई चिन्हलाई मत हालिएकोमा त्यो पदमा परेको मत बदर हुने तर अरु पदमा एउटै चिन्हमा मत परेको भए सदर हुने भएपनि त्यसलाई समेत बदर मतमा  गनिएकाले बदर मत प्रतिशत बढि देखिएको आयोगको भनाई छ । त्यस अनुसार खास बदर मतको प्रतिशत घट्ने आयोगको दावी छ । आयोगको दावी अनुसार, अहिले बाहिर आएकोभन्दा बदर प्रतिशत घटेपनि मतदाता सचेतना कम भएकोमा भने आयोगले पनि अस्विकार गरेको छैन । आफ्नो नगर र गाउँ पालिकामा नउठेका उमेदवारको पनि चिन्ह रहेकाले मतपत्र धेरै ठूलो भएको, स्वस्तिक चिन्हको मसी र मतपत्रको रंग उस्तै रहेको तथा स्थानीय निर्वाचन नभएको दुई दशक भइसकेकाले मतदातामा स्थानीय चुनावको अनुभव नरहेको जस्ता कारण पहिलो चरणको स्थानीय निर्वाचनमा मत बढि बदर भएको देखिन्छ ।

### निर्वाचनः स्थिरताका निम्ति अनिवार्य

यो निर्वाचनका अनेक सकारात्मक परिणामसँगै संविधान कार्यान्वयनको प्रक्रिया अघि बढ्नु सबैभन्दा सकारात्मक पक्ष हो । तीन वटा प्रदेशको चुनाव सकिएर परिणाम आएको, तीन वटा प्रदेशको निर्वाचन सुनिश्चित भएको भए पनि प्रदेश नम्बर दुईको निर्वाचन झण्डै तीन महिना पछि सारेर अनिश्चित बनाइएको छ । मधेस केन्द्रित दलहरुको माग अनुसार, उक्त प्रदेशको निर्वाचन सारिएको बताइएपनि राजपाबाहेक अरु मधेस केन्द्रित दलहरु निर्वाचनमा होमिइसकेका थिए । त्यही कारण, उक्त प्रदेशको निर्वाचन सारिनुको उद्देश्यलाई आशंकासाथ हेरिएको हो ।

नेपालकै राजनीतिक दलहरुको पहल र निर्णय तथा संविधानसभामार्फत जारी भएको वर्तमान संविधान कार्यान्वयन प्रक्रिया अघि बढ्न र संक्रमणकाल समाप्त भएर मुलुक स्थिरतातर्फ अघि बढ्न तीन तहको निर्वाचन माघ ७ भित्र गर्नु अनिवार्य छ । यस हिसाबले स्थानीय तहको चुनाव सकिएपछि प्रदेश र संघको निर्वाचन गर्नुपर्छ । तर, असोज २ गते स्थानीय तहको निर्वाचन, त्यसको परिणाम पर्खदा लाग्ने समय र बाँकि समयमा प्रदेश र संघको निर्वाचन गर्न सजिलो छैन । अझ वर्तमान सत्तारुढ गठवन्धन निर्वाचनप्रति अनिच्छुक देखिएको सन्दर्भमा अनेका प्रश्न उठेका छन् । यस हिसाबले वर्तमान सत्तारुढ गठवन्धनले तीन आशंकाहरुलाई समाप्त पार्न कामहरु अघि बढाउनु सबैभन्दा सकारात्मक कदम हुनेछ । यदि, उसले त्यसो गरेन संविधान कार्यान्वयनको पक्षमा रहेका दलहरु, नागरिक समाज र समाजका हरेक क्षेत्रले सरकारलाई संवैधानिक व्यवस्था अनुसारको समयमै तीन तहका निर्वाचन गर्न दबाब दिनु अर्को उपाय हुनेछ । ■

# लोकतन्त्र सुदृढीकरण: अन्तर्दलीय र दलीय द्वन्द्व व्यवस्थापन

✍ भेषराज अधिकारी*

**१. लोकतन्त्र र राजनीतिक दल**

नेपालका राजनीतिक दलहरूले राष्ट्रियता, लोकतन्त्र र जनजीविका निमित्तका आन्दोलनहरूको नेतृत्व गर्दै ती संघर्षहरूमा सफलता हासिल गरेका छन् । तिनले आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत, विस्तार र सुदृढ पार्न कोशिससमेत गर्दै आएका छन् । आफ्ना नीति र कार्यक्रम लोकतान्त्रिक विधिमार्फत जनताबीचमा पुऱ्याएर आफ्नो उपस्थितिलाई सशक्त बनाउँदै सत्ता प्राप्त हुँदा या नहुँदासमेत तिनको कार्यान्वयनमा लगाउँदा लोकतन्त्रको सौन्दर्य उजागर भइरहेको हुन्छ भन्ने कुरा दलहरूलाई अवगतै हुनुपर्छ ।

राजनीतिक दल निर्दिष्ट उद्देश्य हासिल गर्न स्थापित जनताको सङ्गठित समूह हो । राजनीतिक दलले संवैधानिक तथा कानूनी दायराभित्र सार्वजनिक नीति प्रचारप्रसार, कार्यान्वयन र नियन्त्रण गर्दछ । राजनीतिक दल जन चाहनामा सत्तारूढ हुने र सरकारबाट भए गरेका प्रयासहरू पुन: जनतामा ल्याउने संस्थागत सञ्चार माध्यम पनि हो । यो लोकप्रिय सार्वभौम अभिव्यक्त गर्ने साधन हो । यसले सार्वजनिक नीति र योजनालाई व्यवहारमा रूपान्तरित गर्दछ । राजनीतिक दलहरू लोकतन्त्रका गहना हुन् । लोकतन्त्रमा राष्ट्र र जनताको निम्ति राम्रो काम गर्न कामकाजी दलहरू आवश्यक हुन्छन् । यो सामाजिक सङ्गठन पनि हो जो प्रतिस्पर्धा गरेर राजनीतिक शक्ति आर्जन गर्दछ । राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रका द्वन्द्वहरू समाधानका निम्ति राजनीतिक दलहरू महत्त्वपूर्ण औजारहरू हुन् र नागरिकका बिचमा प्रकट हुने द्वन्द्वलाई उचित विधि र प्रक्रियामार्फत समाधान गर्न दलहरू प्रतिबद्ध भई र अग्रसर हुनु दलहरूको दायित्व हो ।

कुनैपनि राजनीतिक दल निश्चित दर्शन, सिद्धान्त, विचार र आदर्शद्वारा निर्देशित, प्रेरित र परिचालित भएको हुन्छ । भलै त्यो दलका त्यस्ता विचार र दृष्टिकोणहरू ठीक बेठीक जे छन्, तिनलाई जनअनुमोदन गराउने दायित्व सोही दलको हुन्छ । आन्दोलनको सफलतापछि पनि दलहरू आधारभूत जनसमुदायसँग अन्योन्याश्रित सम्बन्ध गाँसेर अघि बढ्नु उनीहरुको दायित्वभित्र पर्ने विषय हो । आन्दोलन गर्दा दलका माग, नारा र बचनबद्धता एकखाले हुने तर आन्दोलनको सफलतापछि अर्कोखाले वचन र व्यवहार हुँदा समाजमा द्वन्द्वहरू बढ्छन् ।

देश र जनताको निम्ति काम गर्न भनी नै दलहरू गठन भएकाले ती बाहेकका स्वार्थ बोकेर गठन र पुर्नगठन भएका राजनीतिक दलहरू विस्तारै कमजोर र कतिपय त लोप भएर पनि जान्छन् । नेपालमा खास ऐतिहासिक अवस्थामा सान्दर्भिक र साहसिक निर्णय गरी परिवर्तनको निम्ति योगदान गरेका दलहरू अन्तर्दलीय र दलीय विवादमा फँस्नाले ती दलहरूप्रतिको विश्वासमा समेत ह्रास आउनसक्छ । दलभित्रै सदस्यहरूका बिचमा हिंसात्मक गतिविधिहरू भड्किन सक्छ । राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू जनआक्रोशमा पर्न सक्छन् । मूलधारका राजनीतिक दलहरूले जनताका समस्याहरू समाधान गर्न नसक्दा र आफ्नो मान्यता स्थापित गर्न नसक्दा हिंसात्मक गतिविधि र नयाँ-नयाँ दलहरू गठन हुने अवस्था आउन सक्छ ।

राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतीकरण हुँदा राजनीति भनेको सेवाभन्दा पनि निजी स्वार्थपूर्ति गर्ने साधन हो कि भन्ने भ्रम पर्न सक्छ । अन्तर्दलीय र दलीय द्वन्द्वहरू व्यवस्थापन गर्न दलहरूले प्रभावकारी कदम चाल्न सकिरहेका छैनन् ।

---

* सचिव, मदन भण्डारी फाउन्डेसन

यस विषयमा दलहरू गम्भीर बनीकन यथाशीघ्र उपयुक्त निकास निकाल्न सक्नुपर्दछ। किनकि दलभित्र र दलहरूका बिचको द्वन्द्व व्यवस्थापन नहुँदा लोकतन्त्रमाथि नै चुनौती खडा हुने गरेको छ। पटक-पटक लोकतन्त्र सङ्कटमा पर्ने गरेको छ। राजनीतिशास्त्री देवराज दाहाल भन्नुहुन्छ-नेपालमा किन प्रजातन्त्र आउँदै-जाँदै गऱ्यो त ? सायद अन्तर्दलीय वा एउटा दल र अर्को दलका बिचमा सम्बन्ध राम्रो नभएर पो हो कि ? दलभित्रको लोकतन्त्र नभएर हो कि ? यो कुरा केही हदसम्म हो जस्तो लाग्छ।[1]

हाम्रो देशमा आफ्नै दलभित्रै र दलहरूबिचको सङ्घर्षमा समय खर्चेर दलहरूले चुनावका वाचाहरू भुल्ने गरेका छन्। यस्तो प्रवृत्तिले अन्ततः दलहरूको अस्तित्वमा नै सङ्कट पैदा गर्दछ। दूरदृष्टि भएको नेतृत्वको अभावले पनि यस्तो हुने गर्दछ। देशको राजनीतिक सङ्कट गहिरिनुमा प्रमुख राजनीतिक दलहरू नै जिम्मेवार रहेको र तिनीहरूको एकता र सहकार्य व्यवहारमा होइन बोलीमा मात्र सीमित रहेकाले नै हो। वास्तवमा "राजनेतामा मात्र राजनीतिक इच्छाशक्ति, राष्ट्रिय स्वाभिमान र दृष्टिकोण, इतिहासको संश्लेषित ज्ञान, ऐतिहासिक उत्तरदायित्वप्रति जिम्मेवारी र दूरदर्शिता हुन्छ। राजनेताले मात्र दल र गुटका ईच्छा र दृष्टिकोणलाई राष्ट्रिय दृष्टिकोणमा रूपान्तरण गर्न सक्छ र राष्ट्रिय इतिहास, संस्कृति, चेतना र नागरिक ज्ञानको आधारमा राज्य निर्माण गर्न सक्छ।"[2]

लोकतान्त्रिक पद्धतिको आधारभूत मूल्य भनेको राजनीतिक दलहरूले जनतालाई उन्नत सेवा प्रदान गर्नु हो। नागरिक अगुवाहरू र अरू जो पार्टी सदस्यहरू होइनन् तिनीहरूलाई राजनीतिक दलहरूले कसरी अपिल गर्न सक्छन् ? किनकि सबै नागरिकहरूले दलहरूप्रति उत्तिकै चाख राखेका हुँदैनन् र दलहरूमा सक्रिय पनि बनेका हुँदैनन्। तर चुनावको बेलामा उनीहरू मतदान गर्दछन्। यही मत नै चुनावमा दलहरूको विजय र अस्तित्वका निम्ति निर्णायक बन्दछ। निर्वाचनको समयभन्दा अरूबेला गतिविधिहरू नहुँदा दलहरू कमजोर भएका छन्। परिवारवादको छत्रछायाँमा हुर्केबढेका दलमा निर्णय प्रक्रिया पारदर्शी र लोकतान्त्रिक नहुँदा अन्तर्दलीय समस्याहरू उत्पन्न हुने गरेका छन्। राजनीतिक दलले जीवन्त सदस्य लिइकन शक्ति आर्जन गर्नु पर्दछ। जसले पार्टीलाई सशक्तरूपले अघि बढाउन महत्त्वपूर्ण योगदान गर्न सकोस्। दलमा नियमितरूपमा सदस्यहरू लिन सक्नुपर्दछ। किनकि एकपटक गठन भएका र मजबुत भएका दलहरू सधैँभरी रहिरहन्छन् भन्ने होइन। यदि उनीहरूले जनचाहना बुझ्न सकेनन् भने कित अरू दलसँग विलिन हुन्छन् कित समाप्त भएर पनि जान्छन्। दलको नेतृत्व पारदर्शी नहुनु अर्को दुःखद पक्ष हो।

दलहरू सामाजिक तथा आर्थिक समृद्धि र सामाजिक परिवर्तनका साधन हुन्। मानव अधिकार, कानूनी शासन, आवधिक निर्वाचन, स्वतन्त्र न्यायपालिका, बहुदलीयता, बहुलवाद, बहुमतको शासन तथा अल्पमतको विपक्ष, जनताको हातमा सार्वभौमसत्ता, कानूनका नजरमा सबै समान, चुनिएका अधिकारीहरूलाई जनताले चाहेको बेला फिर्ता बोलाउन सक्ने व्यवस्था, नागरिक स्वतन्त्रता, सरकार बाहिरको मजबुत नागरिक समाज आदि लोकतन्त्रका विश्वव्यापी मान्यताहरू हुन्। यी मान्यताहरूलाई लोकतन्त्रमा विश्वास गर्ने सबै दलहरूले स्वीकार गर्नैपर्दछ। राज्य व्यवस्थाले मात्र होइन दलहरू स्वयम्ले पनि लोकतन्त्रका मूलभूत मान्यताहरूलाई आफ्नो पार्टी जीवनमा अवलम्वन गर्नुपर्दछ। अन्यथा प्रा.डा. थोमस मायरले भने झैँ-दलहरूभित्र प्रजातन्त्रको अभाव भयो भने समाजमा असन्तुष्टि उब्जन्छ र सार्वजनिक रूपले त्यसप्रति नकारात्मक विचार पनि उत्पन्न हुन्छ। यसले गर्दा वास्तविक प्रजातन्त्रमा कुनै दलहरू चाहिन्नन् र तिनलाई भङ्ग गर्नुपर्छ भन्ने आवाज राजनीतिक समाजमा बलियो हुन पुग्दछ।[3] त्यसो त २०६२/२०६३ को सफल ऐतिहासिक जनआन्दोलनपछि चर्चामा आएका र गठन भएका कतिपय दलहरू कुन सैद्धान्तिक वैचारिक धरातलमा उभिन्छन् भन्ने टुङ्गो अझै लाग्न सकेको छैन। यस्तो अवस्थाले गर्दा पनि राजनीतिक तरलता बढेको हो। अन्तर्दलीय र दलीय द्वन्द्व बढ्ने गरेको हो।

---

[1] हेर्नुहोस् अधिकारी, भेषराज र प्रसाई, खगेन्द्र, सं. (२०६५), अन्तरपार्टी लोकतन्त्र, नेपाल : कानुनी परामर्श तथा अनुसन्धान केन्द्र (सेल्कार) र फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल।

[2] दाहाल, देवराज, (सन् २०१२), आधुनिक राज्य-निर्माण, चुनौती र सम्भावनाहरू, राष्ट्र निर्माण र नागरिक शिक्षा, काशीराज दाहाल, सं. नेपाल : फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, पृ. १७

[3] मायर, थोमस, (२०६५), अधिनायक नेतामुखी दलदेखि आम सदस्यतायुक्त दलसम्म, नेपाल : फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल।

दलहरूको मूल मुद्दा राजनीतिक स्थायित्व र लोकतन्त्रीकरण हुनुपर्छ। सधैँभरि सङ्क्रमणकालीन शैलीमा राख्ने हो भने मुलुक धेरै पछि पर्नेछ। कार्यशैलीमा सुधार नगर्ने हो भने नेताहरूको विश्वसनीयता पनि समाप्त हुन्छ। जसरी प्रजातान्त्रिक शब्दको वजन घटेपछि गढुँगो देखाउन 'लोकतन्त्र' प्रयोग भयो, भोलि लोकतान्त्रिक पद्धतिको पनि 'वजन' घट्यो भने मुलुक कता जाला ? सबैलाई डर छ- यसको परिणाम भयावह हुनेछ। अर्थात्, लोकतन्त्रलाई बलियो र स्थिर बनाउन राजनीतिक दल र तिनका नेतृत्वले ऊर्जा र सामर्थ्य खपत गर्न सकेनन् भने तिनलाई भावी पुस्ताले सराप्नेछ।[४]

## २. विकास, सबलता र श्रेष्ठताका निम्ति द्वन्द्व

द्वन्द्व भन्ने वित्तिकै सधैँ झगडा, हिंसा, अशान्ति र बिग्रह मात्रै होइन। समाज, जीवन र प्रकृतिमा बहुलता र विविधता छ। बहुलताको अभावमा द्वन्द्व हुँदैन र द्वन्द्व बिना प्रगति पनि हुँदैन। त्यसैले सर्वत्र द्वन्द्व चलिरहेकै छ। द्वन्द्वबाटै श्रेष्ठता पनि सावित हुने हो। द्वन्द्व मानव समाजमा कुनै न कुनै रूपले अस्तित्वमा रहिरहने विरोधाभासको अवस्था हो। यो कुनै बेला सुषुप्त अवस्थामा रहन्छ भने कुनै बेला सशक्तरूपमा प्रकट हुन्छ। त्यसैले द्वन्द्व कहिल्यै पनि निमिट्यान्न पार्न नसकिने प्रकृति र मानव समाजको चरित्र हो। कसैको राजनीतिक विचार र राजनीतिक चाखको विपरित अवस्था राजनीतिक द्वन्द्व हो। द्वन्द्व शान्तिपूर्ण र हिंसात्मक दुवै हुनसक्छ। कसैले कुनै विचारको पक्षमा आफूलाई शान्तिपूर्ण रूपमा उभ्याउँछ र अर्को कसैले सोही विचारको विपक्षमा आफूलाई उभ्याउँछ भने यो दुई पक्षको बिचमा भएको शान्तिपूर्ण वैचारिक द्वन्द्व हो। कुनै विचार वा दृष्टिकोणको विकल्पमा प्रस्तुत हुनु नै द्वन्द्व हो। मानव समाजमा प्रकट हुने स्वार्थहरूको टक्कर नै द्वन्द्व हो भनेर पनि भन्न सकिन्छ। अर्थात् मानव चेतनाको अनिवार्य परिणति नै द्वन्द्व हो। विपरित इच्छा, विचार र चाहनाको समग्रता नै द्वन्द्व हो। त्यसो त विकल्पहरूका बिचमा पनि द्वन्द्व चलेकै हुन्छ। विचार द्वन्द्वबाट नै जन्मन्छ र द्वन्द्वले विकास गराउँछ। समस्या द्वन्द्वको मैत्रीपूर्ण व्यवस्थापन गर्न नसकेर सिर्जना भएको हो। राजनीतिक दलभित्र र दलहरूका बिचमा हुने द्वन्द्वलाई निषेध गर्न सकिँदैन। किनकि राजनीतिक दल भनेका विचारका संवाहक हुन्। बरु यस्ता द्वन्द्वलाई सही तरिकाले व्यवस्थापन गर्न सक्नु पर्दछ। तर दलभित्र र दलहरूका बिचमा हुने द्वन्द्व व्यवस्थापन गर्न निकै कठिनाई हुनेगरेको छ।

द्वन्द्वका बारेमा विज्ञहरूले भिन्न-भिन्न परिभाषा गरेको पाईन्छ। गाल्टुङ्ग भन्छन् "द्वन्द्वमा पक्षहरूको बिचमा केही बेमेलपन रहेको हुन्छ।"[५] फ्रुज र स्टाफोर्डले द्वन्द्व भनेको व्यक्तिहरू वा समूहहरूको बिचमा हुने सांस्कृतिक, सामाजिक, राजनैतिक र आर्थिक स्वार्थ, दृष्टिकोण वा बुझाइमा देखिएको भिन्नताको कारणले सिर्जित अवस्था हो भनेर परिभाषा दिएका छन्। बुटनका अनुसार द्वन्द्व यस्तो परिस्थिति हो जहाँ व्यक्ति वा समूह बाझिने वा अमिल्दा उद्देश्यहरू, मूल्य-मान्यता र चाखबाट प्रभावित हुन्छन्। कार्ल मार्क्सका अनुसार द्वन्द्व भनेको समाजका शक्ति र उत्पादनको स्रोतमाथि नियन्त्रण गरेका सम्पन्न वर्ग र स्रोत र शक्ति कम भएका विपन्नवर्ग बिचको उक्त स्रोत र शक्ति आफ्नो पक्षमा पार्ने मानसिकताबाट सिर्जित अवस्था हो जुन समाजमा असमानता भएसम्म रहिरहन्छ।[६] भिक्टर आफानास्येभका अनुसार प्रतिपक्षहरूको विरोधाभासपूर्ण र परस्परविरोधी चरित्रले गर्दा उनीहरूको बिचमा अनिवार्यतः सङ्घर्ष उत्पन्न हुन्छ। वस्तुहरूमा नयाँ र पुरानोको बिचमा, नवोत्पन्न र मरणोन्मुख पक्षहरूको बिचमा अन्तर्विरोध र सङ्घर्ष भइरहन्छ। अन्तर्विरोध अर्थात् प्रतिपक्षहरूको सङ्घर्ष नै पदार्थ तथा चेतनाको विकासको मूल स्रोत हो। लेनिनको विचारमा विकास भन्नु नै प्रतिपक्षहरूको सङ्घर्ष हो। लेनिनले के कुरामा जोड दिए भने विकास अथवा गति जसरी शाश्वत हुन्छ त्यसरी नै सङ्घर्ष पनि शाश्वत हुन्छ। दलभित्र र दलहरूका बिचमा पनि कुनै न कुनै रूपको द्वन्द्व भइरहेको हुन्छ। यसलाई कसैले निषेध गर्न सक्दैन। अनि द्वन्द्वबाट नै अन्ततः कुनै विचार वा शक्तिले श्रेष्ठता हासिल गर्छ र सो विचार वा प्रवृत्ति विकसित भएर अघि बढ्ने गर्दछ। यही भएर संस्कृतमा वादे वादे जायते तत्वबोध भनेर भनिएको

---

[४] थापा, हरिबहादुर, (२०६९), दलीय द्वन्द्व राजनीतिक चलखेलका बेलीविस्तार, काठमाडौं : साङ्ग्रिला बुक्स, पृ. ३८०

[५] हेर्नुहोस् Galtung, John, Theories of Conflict

[६] उप्रेती, विष्णुराज, *द्वन्द्व व्यवस्थापनको अवधारणा र नेपालको सशस्त्र द्वन्द्व व्यवस्थापन,* कानूनी सम्वाद जर्नल, अंक १, पृ. ४-७, कानुनी परामर्श तथा अनुसन्धान केन्द्र (सेल्कार) र सम्पदा अन्वेषण तथा विकास मञ्च-नेपाल, २०६४ भाद्र

हो । त्यसैले त प्रा. मायर भन्छन्-धेरै मानिसमा भएको एउटा गलत सोचभन्दा फरक के छ भने दलको आन्तरिक जीवन विविधता र तनावयुक्त भएपनि त्यसले पार्टीको प्रभावकारीतालाई पछाडि पार्छ भन्नु आवश्यक छैन । बरु मानिस र कुनै विषयवस्तुसँग सम्बन्धित मतभिन्नता, द्वन्द्व, बिभिन्न खाले विचार र सोचहरूले दलहरूको राजनीतिक तथा सामाजिक शक्तिलाई एकाकार गरी उनीहरूको प्रभावकारितालाई झन् बढी मात्रामा आर्जन गर्न सकिन्छ। जबसम्म दलको आन्तरिक बनोटले निष्पक्ष रूपमा एकाकार हुने र विभिन्न तहहरूमा इमान्दारिता देखाउँछ तबसम्मका लागि यो कुरा सत्य हो ।[७]

### ३ राजनीतिक दलमा प्रकट हुने द्वन्द्वका प्रवृत्तिहरू

प्रा. मायर भन्छन्- एउटा कुरा सधैं के सत्य रहेको छ भने जब निष्पक्ष ढङ्गबाट सहमति कायम हुन्छ र द्वन्द्वलाई फैलनबाट कम गर्ने र यसमा संलग्न पक्षहरूलाई आपसमा मिल्न बाटो दिइन्छ त्यसबाट मात्र राजनीतिक द्वन्द्व समाधान गर्न सकिन्छ। यसै कारणले गर्दा नै सहमति र द्वन्द्वबिचको सन्तुलन कायम राख्ने संस्कृति नै प्रजातन्त्रका लागि अति महत्त्वपूर्ण हुन्छ ।[८]

यहाँ दलभित्रको द्वन्द्व र दलहरूबिचको द्वन्द्व व्यवस्थापनको चर्चा मुलुकमा संविधानसभाद्वारा निर्मित संविधान जारी भएको परिवेशमा अब सामाजिक आर्थिक रुपान्तरणतर्फ मुलुकलाई अघि बढाई संघीय लोकतान्त्रिक गणतन्त्रलाई कसरी संस्थागत र सुदृढ गर्न सकिन्छ भन्ने हेतुले नै गर्न खोजिएको हो ।

नेपालका राजनीतिक दलहरूको सङ्गठनात्मक संरचना र कार्यप्रणाली समान छैन। कुनै दल सुदृढ, सबल र विस्तारित संरचनामा खडा छ भने कुनै कमजोर सङ्गठनात्मक संरचनाअन्तर्गत सञ्चालित छ। कुनैको कार्यप्रणाली तुलनात्मकरूपमा लोकतान्त्रिक छ भने कुनैको अधिनायकवादी चरित्रको छ। त्यसो त वामपन्थी, प्रगतिशील, कम्युनिस्ट र सोही अनुरूपको सिद्धान्त, विचार र राजनीति अँगालेका दलहरू निरङ्कुश कार्यप्रणाली र त्यस बाहेकका दलहरू अलिक लोकतान्त्रिक छन् भन्ने प्रचार र बुझाइ पनि नभएको होइन । तर दलको नाम र उसले अँगालेको सिद्धान्तको आधारमा मात्र त्यसको कार्यप्रणाली यसै हो भनेर भन्न अवश्य पनि सकिँदैन । किनकि भनाइ र गराइमा अन्तर छ । नेपाली कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनमा निरन्तर क्रियाशील र सुदृढ तथा सशक्त दलको रूपमा स्थापित नेकपा (एमाले) नेपाली काँग्रेसभन्दा पनि लोकतान्त्रिक विधि र प्रक्रियाकासाथ नेतृत्व निर्माणको प्रक्रियालाई अवलम्बन गर्दै अघि बढिरहेको देखिएको छ। खासगरी सो पार्टीका तत्कालिन महासचिव जननेता मदन भण्डारीको अगुवाइमा प्रतिपादित भएको सिद्धान्त जनताको बहुदलीय जनवादको आलोकमा यस पार्टीले आफ्नो आन्तरिक जीवनलाई लोकतान्त्रिक बनाउने प्रक्रियालई तीव्रताका साथ अघि बढाएको देखिन्छ । यस पार्टीले अपनाएको सङ्गठन सञ्चालनका विधि र व्यवहारहरू क्रमशः अरू दलहरूले पनि अपनाउँदै गरेको देखिन्छ ।

अन्तर्दलीय द्वन्द्व यतिसम्म प्रकट भएका छन् कि तिनले हिंसात्मक रूप पनि लिन थालेका छन् । दलका बरिष्ठतम् नेताहरूलाई कार्यकर्ताहरूले नै भौतिक हमला गर्नेसम्मका अराजक र अमर्यादित गतिविधिहरू समेत हुने गरेका छन्। नेतृत्वलाई कालोझन्डा देखाउने, कार्यक्रम बहिस्कार गर्ने, बाटो अवरोध गर्ने तथा रोक लगाउने प्रवृत्ति पनि देखा परेका छन्। नेतृत्व हत्याउनका निम्ति दलीय सिद्धान्त र आर्दश परित्याग गरेर जस्तोसुकै गठजोड पनि हुनेगरेको छ ।

लोकतन्त्रका संयन्त्र, मूल्य तथा मान्यताहरू राज्य र दलहरूमा कामयावी हुन सकेका छैनन् । दलभित्रको द्वन्द्वको एउटा महत्त्वपूर्ण कारण दलको आन्तरिक जीवन संस्थागतकरण नभएर पनि हो। दलको साङ्गठनिक र वैचारिक जीवन सुषुप्त र धीमा हुँदा पनि आपसी द्वन्द्वहरू भने बढिरहेकै छन् । नेतृत्वले आफ्नो आलोचना हुनासाथ त्यसलाई निस्तेज पार्ने हरदम प्रयास गरिरहेको हुन्छ। दलहरूले पूर्णकालीन सदस्य र साधारण सदस्यहरूको व्यवस्थापन गर्न नसक्दा या भनौं नेता र कार्यकर्ताको जिम्मेवारी विन्यास उचित ढङ्गले गर्न नसक्दा पनि दलभित्र द्वन्द्व उत्पन्न हुने गरेका छन् । दलभित्र उत्पन्न सैद्धान्तिक तथा वैचारिक अस्पष्टताले गर्दा पनि दलभित्र द्वन्द्व उत्पन्न हुने र बढ्ने गरेको छ । दलले सरकार बनाउँछ तर सरकारमा गएपछि दलले

[७] मायर, थोमस, (सन् २००६) प्रजातन्त्र प्रजातान्त्रिक अभ्यास एक परिचय, नेपालः फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, पृ. ३६
[८] ऐ. ऐ. पृ. २८

लिएको सिद्धान्त र विचार अनुसारको व्यवहार नहुँदा पनि कार्यकर्ता पङ्क्ति नेतृत्वप्रति आक्रोशित हुनेगरेको छ र दलभित्र यही कारणले पनि द्वन्द्व चरम उत्कर्षमा पुग्ने गरेको छ। त्यसो त बाह्य शक्तिहरूको चलखेल, हस्तक्षेप र योजनामा पनि अन्तरपार्टी द्वन्द्व र दलीय द्वन्द्व हुने गरेका छन्। दलहरू आफूलाई अनुकूल हुने सुझाव विदेशीले दिए भने त्यसलाई सही ठान्ने तर आफू प्रतिकूल भए त्यसलाई गलत ठान्ने प्रवृत्तिले गर्दा पनि नेतृत्व र कार्यकर्ताको बिचमा द्वन्द्व उत्पन्न हुनेगरेको छ।

राजनीतिक दलहरूका बिचमा सैद्धान्तिक, वैचारिक तथा कार्यक्रमिक विषयहरूमा द्वन्द्व हुनु सामान्य कुरा हो। यस्तो द्वन्द्वले सही नीति, कार्यक्रम र दृष्टिकोण स्थापित गर्न नै मद्दत गर्दछ। यो आवश्यक पनि छ। तर पार्टीहरूका बिचमा हिंसात्मक द्वन्द्वसमेत हुने गरेको छ। द्वन्द्वका केही परिभाषाहरूबाट यो स्पष्ट हुन्छ कि समाजमा विविध प्रकारका द्वन्द्वहरू हुन्छन् जस्तोः धार्मिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, जातीय आदि। जब समाजमा यसप्रकारका द्वन्द्व हुन्छन् भने यसको प्रतिविम्व राजनीतिक दलहरूभित्र पर्नु पनि निश्चित छ। अस्तित्वमा रहेका राजनीतिक दलहरू भनेका विभिन्न वर्ग, सम्प्रदाय, समुदाय, जाति, क्षेत्र, भाषालाई प्रतिनिधित्व गर्ने सङ्गठनहरू हुन्। जब दलहरूले विविधतालाई प्रतिनिधित्व गर्दछन् भने दलहरूका बिचमा र दलभित्रै पनि द्वन्द्व उत्पन्न हुनु स्वभाविक हो। किनकि दलहरू विभिन्न प्रकारका सिद्धान्त, विचार र कार्यक्रमद्वारा मार्गदर्शन प्राप्त गरेर गठन र परिचालित भएका हुन्छन्।

अन्तर्दलीय विवादले सरकार निर्माण तथा विघटनमा समेत भूमिका खेल्ने गरेको छ। दलीय सङ्घर्ष हुँदा सरकार गठन र विघटन हुने अवस्था आउनु स्वाभाविक मानिन्छ तर अन्तर्दलीय विवादले यस्तो अवस्था उत्पन्न हुनुलाई सामान्य रूपमा लिन मिल्दैन। त्यसो त संसद्मा कसैको पनि बहुमत नआउँदा मात्र होइन बहुमत प्राप्त दलले सरकार बनाउँदा समेत पुरा अवधि सरकारले काम गर्न नपाइ भित्री पार्टी सङ्घर्षको कारणले सरकार विघटन हुने अवस्था पटक-पटक देखिएको छ। पार्टीभित्र हुने द्वन्द्वमा अर्को पार्टीले समेत सम्बन्धित पार्टीको कुनै द्वन्द्वरत पक्षको साथ दिँदा प्रभावित पार्ने अवस्था उत्पन्न भएको छ।

अन्तर्दलीय सङ्घर्षले दलहरूका अधिवेशन तथा महाधिवेशनहरू भाँडिने, पछाडि सर्ने, अधिवेशनहरूमा कुटाकुट र आगजनीका घटना हुने अवस्था देखिएको छ। महाधिवेशन तथा अधिवेशनहरूमा नक्कली प्रतिनिधि लैजाने, प्रतिनिधि प्रलोभन तथा दबाबमा पार्ने प्रतिस्पर्धा नै चल्ने गरको छ। सुरक्षाकर्मीको उपस्थितिमा सभा सम्मेलनहरू आयोजना गर्नुपर्ने, प्रतिनिधिहरू पक्राउमा पर्नेजस्ता घटनाहरू हुनेगरेका छन्। माउ पार्टीहरूले जनवर्गीय तथा भगिनि सङ्गठनहरूको सभा सम्मेलन स्थगित गर्ने वा सार्ने, पार्टी कार्यालयहरूमा धर्ना तथा जुलुस हुने, आमरण अनसन हुने जस्ता क्रियाकलापहरू हुने गरेका छन्। आपसी आरोप प्रत्यारोप गरेर पोल खोलाखोल गर्ने त सामान्य नै भएका छन्। यदि कसैले बदमासी गरेको छ भने सार्वजनिक हुनु ठिक हो तर बनावटी हो भने त्यसले अन्ततः दल र लोकतन्त्रलाई नै कमजोर पार्दछ।

## ४. प्रभावकारी द्वन्द्व व्यवस्थापन प्रणाली आवश्यकता

राजनीतिक दलभित्र र दलहरूका बिचमा हुने द्वन्द्वलाई निषेध गर्न सकिँदैन भन्ने सत्यतालाई बुझिसकेपछि यस्ता द्वन्द्वलाई कसरी सही तरिकाले व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा ध्यान पुग्नु पर्दछ। दलभित्र र दलहरूका बिचको द्वन्द्व व्यवस्थापन हुन नसक्दा लोकतान्त्रिक गणतन्त्र संस्थागत हुन र सुदृढीकरण गर्न प्रतिकूलता उत्पन्न भएको छ। कतिपय यस्ता द्वन्द्व हुन्छन् जसलाई निर्मूल नै पार्नुपर्ने हुन्छ। जस्तो कि हिंसात्मक द्वन्द्व जो दलभित्र र दलहरूका बिचमा पनि हुनसक्छ। द्वन्द्व व्यवस्थापनको रणनीति द्वन्द्वबाट उत्पन्न हुने नकारात्मक पक्षहरूलाई नियन्त्रीत गरी सामान्यीकण गर्ने हो। द्वन्द्व व्यवस्थापनको उद्देश्य समूहबाट आएका कुराहरूबाट सिक्नु हो। द्वन्द्व व्यवस्थापनको अवधारणा सबैखाले द्वन्द्वहरू उन्मूलन गर्ने होइन या त्याग्ने होइन । वास्तवमा समूह र सङ्गठनलाई द्वन्द्व बहुमुल्य हुनसक्छ। यदि यसलाई सही ढङ्गले व्यवस्थापन गर्न सकियो भने सङ्गठनको निम्ति द्वन्द्व सकारात्मक प्रतिफल दिने पनि हुनसक्छ। अन्तर्दलीय र दलीय द्वन्द्वलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्नका निम्ति निम्न प्रस्थापनाहरू फलदायी हुन सक्दछन्।

**क. विचार निर्माणमा लोकतान्त्रिक विधि** : प्रा.

मायर भन्छन्- दलहरूले समाजमा प्रजातान्त्रिक सहभागिता, शक्तिमाथि नियन्त्रण र राजनीतिक एकता त्यतिबेला मात्र हासिल गर्न सक्दछन्, जुनबेला ती आफैंभित्र प्रजातान्त्रिक ढङ्गले काम गर्छन् ।[९] राजनीतिक दलको भित्री पार्टी लोकतन्त्र सुदृढ हुनुपर्दछ । निर्णय प्रक्रिया र सङ्गठनको संरचना यस्तो हुनुपर्छ जहाँ कार्यकर्ता र सदस्यहरूलाई आफ्ना भनाइहरू राख्न सहज होस् । अन्तरपार्टी लोकतन्त्र पार्टीको कार्यसञ्चालन प्रक्रिया तीव्र र सुदृढ पार्न तथा कमिटी प्रणालीलाई जीवन्त बनाउन अति आवश्यक छ । यस्तो प्रक्रियाले विवादको लोकतान्त्रिक संस्कृतिलाई बढावा दिन्छ र निर्णयमा सामूहिक नेतृत्व स्थापित गर्न मद्दत गर्दछ । गुटवन्दी घटाएर पार्टी एकतालाई मजबुत पार्दछ । वैधानिक रूपमा आन्तरिक द्वन्द्व व्यवस्थापन प्रणाली स्थापना गर्दछ । अवसरवाद र निरङ्कुशतालाई घटाउँछ । राजनीतिक दलको लोकतान्त्रिक संस्थागतकरणले मुलुकको राजनीतिक स्थायित्वमा ठुलो सहयोग गर्दछ । सही नेतृत्वले मात्र भित्री पार्टी सङ्घर्षलाई लोकतान्त्रिक विधिमार्फत व्यवस्थित गर्न सक्दछ । विचार तथा दृष्टिकोणमा भिन्नता राखेका कारणले उत्पन्न हुने द्वन्द्वलाई व्यवस्थापन गर्न नसक्ने दलले आफूलाई जीवन्त राख्न सक्दैन । कमिटी प्रणालीले वैचारिक द्वन्द्वलाई वहन गर्न सक्नु पर्दछ । आवश्यकता अनुसार दलले विचारको वहस चलाउन अस्थायी प्रकृतिका संरचना पनि निर्माण गर्न सक्दछन् । यदि पार्टीमा कसैले नयाँ विचार ल्याएको छ भने त्यो विचारलाई कसरी छलफलको निम्ति स्थान दिने र व्यवस्थापन गर्ने बारेमा उचित ध्यान दिन सक्नु पर्दछ । दलभित्र दुईलाइनको सङ्घर्ष चल्दा एउटा पक्ष कमजोर हुने भएकाले कमजोर पक्षले पार्टीबाट अलग भएर अर्को पार्टी खोल्ने प्रवृत्ति पनि देखापरेको छ । त्यसो त पार्टी फुट्दा पनि त्यसको लोकतान्त्रिक व्यवस्थापन हुन सक्ने हो भने त्यसले लोकतान्त्रिक पद्धतिलाई गम्भीर नकारात्मक असर पुऱ्याउन सक्दैन । प्रायः दलहरू विचारधाराबाट परिचालित हुनसकेका छैनन् । दलका कतिपय नेताहरू पार्टीको सत्ता र कतिपय दलहरू राज्यसत्ता कब्जा गर्ने होडमा केन्द्रित देखिन्छन् । पार्टी र नेतृत्वलाई समर्थन गर्ने नाउँमा फरकमतलाई निरुत्साहित गर्ने प्रवृत्ति पनि पार्टी नेता तथा कार्यकर्तामा पाइन्छ । वास्तवमा जुन पार्टीमा विवाद समाधान गर्ने संरचना कमजोर र प्रभावहीन हुन्छ त्यहाँ चरम गुटवन्दी हुन्छ र पार्टी फुट्ने सम्भावना पनि बढि नै हुन्छ । लोकतान्त्रिक सङ्गठनात्मक सिद्धान्तअन्तर्गत विषयवस्तुमा गम्भीरतापूर्वक छलफल गर्ने र निकालिएका निष्कर्षहरू एकमना एकताकासाथ कार्यान्वयन गर्नुपर्ने हो तर त्यसो हुन सकेको छैन ।

राजनीतिशास्त्री देवराज दाहाल भन्नुहुन्छ- दलहरूभित्रको प्रजातन्त्र भन्ने बित्तिकै केही कुराहरू महत्त्वपूर्ण भएर आउँछन् । पहिलो कुरा के हो भने दलहरूको आन्तरिक बहसहरूमा नागरिकहरूले भाग लिन पाउँछन् कि पाउँदैनन् ? सदस्यहरूले भाग लिन पाउँछन् कि पाउँदैनन् ? जो दलका सरोकारवालाहरू छन् तिनले भाग लिन पाउँछन् कि पाउँदैनन् ? अर्को महत्त्वपूर्ण कुरा के हो भने दलको नीति निर्माण प्रक्रियामा सरोरकारवालाहरूले भाग लिन पाउँछन् कि पाउँदैनन् र दलले गर्ने कार्यहरूमा उनीहरूको सहभागिता हुन सक्छ कि सक्दैन ? र, अर्को कुरा के हो भने दलले बनाएका विधान तथा नियमावलीहरू संविधानअनुरूप छन् कि छैनन् ? आदिजस्ता कुराहरूले कुनै पनि दल प्रजातान्त्रिक छ कि छैन भनेर आँकलन गर्न सकिन्छ ।[१०]जुन पार्टीको आन्तरिक जीवनमा लोकतन्त्र छैन या जुन पार्टी खुदै लोकतान्त्रिक छैन, त्यसले समाजमा लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्न सक्दैन । लोकतन्त्र देखाउने आवरण या पार्टीलाई सिँगार्ने गहना होइन । यो राज्य सञ्चालन गर्ने वैज्ञानिक, न्यायपूर्ण र सामाजिक विधि हो, राज्य सञ्चालनका जिम्मेवार दललाई जनउत्तरदायी बनाउने व्यवस्था हो र यो व्यक्तिको जीवनशैली पनि हो ।[११]

पार्टीका केन्द्रीय सदस्यहरूलाई समेत पार्टीले लिएका निर्णयहरू सार्वजनिक सञ्चार माध्यमबाट मात्र जानकारी हुने अवस्था उत्पन्न भएको देखिन्छ । दलभित्र वैचारिक काम हुन नसक्दा र खासगरी २०६२/०६३ को आन्दोलनपछि समावेशीकरणको माग चर्को रूपमा

९ मायर, थोमस, (२०६५), अधिनायक नेतामुखी दलदेखि आम सदस्यतायुक्त दलसम्म, नेपाल : फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, पृ. ४

१० हेर्नुहोस् अधिकारी, भेषराज र प्रसाई, खगेन्द्र, सं. (२०६५), अन्तरपार्टी लोकतन्त्र, नेपाल : कानुनी परामर्श तथा अनुसन्धान केन्द्र (सेल्कार), फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल ।

११ ओली शर्मा, के. पी., *आजको सन्दर्भमा जनताको बहुदलीय जनवाद*, आजको दिशाबोध, अंक ५, पृ. ९-२८, मदन भण्डारी फाउन्डेशन, २०६८ असार

उठ्दा त्यसलाई समाधान गर्न मधेशी, आदिवासी, जनजाति, महिला आदि क्षेत्रबाट कार्यकर्ता बनाउँदा समेत दलमा द्वन्द्व बढिरहेको अवस्था छ। पछाडि परेको क्षेत्रबाट टपक्क कार्यकर्ता लिनु भन्दा पनि पछाडि परेको क्षेत्रमा शिक्षा तथा विकास निर्माणका काम अघि बढाउने हो भने स्वतः त्यहाँबाट नेता तथा कार्यकर्ता उत्पादन हुन्छन्। जसले गर्दा नेतृत्व निर्माणमा देखिएको बनावटी शैली क्रमशः समाप्त भएर जान्छ। अहिले त आवश्यकताको आधारमा भन्दा पनि माग र दबाबको आधारमा नेता तथा कार्यकर्ता भर्तिगर्ने परम्परा छ। अर्को दलको कार्यकर्तालाई भौतिक आक्रमण गरेर परास्त गर्नु, ठुलो परिमाणमा फिरौती असुल्नु र अर्थ सङ्कलन गर्नु, नेतृत्वको वरिपरि घुम्नु नै पार्टी काम हो कि जस्तो भान पर्नगएको छ। राजनीतिक दल बलियो हुन त्यसभित्र वैचारिक बहस तीव्र र परिणाममुखी हुनुपर्दछ। पार्टीभित्र र पार्टीहरूका बिचमा द्वन्द्व उत्पन्न विचार र संस्कृति फरक भएका कारणले पनि हो। नेतृत्वको बिचमा एकता हुनुपर्छ तर त्यस्तो एकता वैचारिक जगमा खडा भएको हुनुपर्दछ। पार्टीका बैठकहरूमा सञ्चारमाध्यमलाई अनुमति प्रदान गर्दा नेताहरू संयमित र जिम्मेवार बन्दै सही निर्णय लिनसक्ने हुन् कि भन्ने महसुस दलकै नेता तथा कार्यकर्ताहरूमा पनि हुनथालेको छ। दलको नीति तथा कार्यक्रम एकातिर र व्यवहार अर्कोतिर छ। पार्टीहरूको राजनीतिक र वैचारिक धरातल एकदमै कमजोर देखिन्छ।

**ख. नेतृत्व निर्माणको लोकतान्त्रिक विधि** : दलको नेतृत्व निर्माण गर्दा लोकतान्त्रिक विधि अपनाउनु पर्दछ। प्रतिस्पर्धालाई हरेक तहमा स्थापित गर्नुपर्दछ। त्यसो त "प्रजातान्त्रिक निर्वाचनबाट एकपटक शक्ति पाइसकेपछि दलहरूले आफ्नो पद, स्थान र दर्जाको दुरुपयोग र प्रजातन्त्रलाई भत्काउने वा सङ्कीर्ण पार्ने काम गर्दैनन् भन्ने कुरामा हरेक व्यक्ति सुनिश्चित हुनु पनि दलभित्रको आन्तरिक प्रजातन्त्र हो। त्यसैले सबै दलहरूको आन्तरिक प्रजातन्त्र भन्नाले प्रजातन्त्रलाई यसको आत्म-ध्वंसका बिरुद्ध बचावट गर्ने पद्धतिको एउटा अङ्ग हो।"[१३] मनोनित र लादिएको नेतृत्व भएमा दलभित्र द्वन्द्व उत्पन्न हुन्छ र अनावश्यक रूपमा दल द्वन्द्वमा फँस्न पुग्दछ। यसले पार्टी एकता र नेता तथा कार्यकर्ताको पार्टीगत सम्बन्धमा खलल पैदा गर्दछ। नेतृत्वको निर्वाचन गर्दा सकेसम्म धेरै पार्टी सदस्यहरू सहभागी हुनसकुन् भनेर ध्यान पुग्नुपर्दछ। सार्वजनिक निकायमा दलको तर्फबाट प्रतिनिधित्व गराउँदा समेत यही पद्धतिलाई अवलम्वन गर्नुपर्दछ। यस्तो प्रक्रियाले राज्यका संरचनाहरूलाई लोकतान्त्रिक र सुदृढ पार्न समेत मद्धत पुग्दछ। आजकल दल र दलसँग सम्बन्धित जनसङ्गठनका अधिवेशनहरूमा कुटपिट, तोडफोड र हिंसाहरू पनि हुन थालेका छन्। आफूलाई समाजको अगुवा भन्ने अनि आफैँ अराजनीतिक र कानूनले अपराध परिभाषित गरेका गतिविधि गरेर नेतृत्व कब्जा गर्न लाग्ने प्रवृत्तिलाई कुनैपनि दलले छुट दिनु हुँदैन। दलको आन्तरिक मामिला भनेर कसैलाई जोगाउने काम पार्टी नेतृत्वबाट हुनुहुँदैन। देशको कानूनबमोजिम त्यस्तो व्यक्तिलाई दण्ड दिलाउन स्वयम् दलले अग्रसरता देखाउनु पर्दछ। पार्टीमा गुटलाई होइन योग्यता र क्षमतालाई हेरेर जिम्मेवारी दिनुपर्दछ। अहिले पार्टीमा मनपरेकालाई माथि उचाल्ने र नपरेकालाई पछार्ने त एउटा सामान्य प्रवृत्ति जस्तै भएको छ। दलको विधान त छ तर त्यसको कार्यान्वयन फितलो छ या सही रूपमा भएको छैन। नेतृत्व अवसरको रूपमा होइन जिम्मेवारीको रूपमा हो भन्ने ठान्नु पर्दछ। पटक-पटक एउटै पदमा नेता बस्दा पनि पार्टीमा द्वन्द्व उत्पन्न हुन्छ। दलमा राजनीतिक नेतृत्व निर्माणको सहज प्रणाली र नेतृत्व विस्थापनको सम्मानजनक व्यवस्था नहुँदा पनि दलभित्र द्वन्द्व उत्पन्न हुनेगरेको छ। अवसरहरूको संस्थागतरूपले व्यवस्थापन गर्ने प्रणाली स्थापना हुँदा दलमा उत्पन्न हुने द्वन्द्वमा कमि आउँछ। दलमा पद र अवसर वितरणको विकेन्द्रित ढाँचा स्थापित हुन सक्दा पनि द्वन्द्वहरू कम भएर जान्छन्।

के.पी. शर्मा ओलीको विचारमा-लोकतन्त्रीकरण र अन्य पार्टी जीवनको लोकतन्त्रीकरणको प्रश्न पार्टीको महाधिवेशनदेखि केन्द्र र तलसम्मका विभिन्न ढङ्गका कामकाजी निकायहरूको गठन र सञ्चालन एवम् तिनीहरूका बिचको सही र सन्तुलित सम्बन्धसँग प्रत्यक्ष सम्बन्धित रहेको छ। खासगरी केन्द्र र तल्ला निकायहरूबिचको सम्बन्ध लोकतान्त्रिक, विधिसम्मत र पार्टी एवम् जनहीत केन्द्रित छ छैन भन्ने प्रश्न यस

[१३] हेर्नुहोस् अधिकारी, भेषराज र प्रसाई, खगेन्द्र, सं. (२०६५), अन्तरपार्टी लोकतन्त्र, नेपाल : कानुनी परामर्श तथा अनुसन्धान केन्द्र (सेल्कार) र फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल।

सम्बन्धमा महत्त्वपूर्ण छ ।[१३]

पार्टीमा नयाँ र पुराना नेता तथा कार्यकर्ताको भावनालाई मिलाउन नसक्दा पनि द्वन्द्व उत्पन्न हुनेगरेको छ। यसैगरी पार्टीभित्र क्षमता र अनुभव भएकाहरूलाई पनि उचित स्थान दिन सक्नु पर्दछ। त्यसो त नेतृत्व थोपरिने होइन स्थापित हुने हो। जातीय, क्षेत्रीय, लैङ्गिक र गुटगत सङ्किर्णता पार्टीहरूमा विकसित भएको छ। राजनीतिमा संलग्न नेता, कार्यकर्ता र सदस्यहरू कुनै कार्यकारी निकायमा बस्दा उमेरको हद हुन्छ कि हुँदैन ? हुन्छ र हुनुपर्दछ। यस बारेमा दलहरूले नीति निर्माण गर्नुपर्दछ। कतिपय दलमा नेतृत्व निर्माण तथा विकासमा खान्दानी परम्परा रहेकाले पनि नेतृत्व निर्माण प्रक्रिया लोकतान्त्रिक हुननसकेको हो। पार्टीभित्रको द्वन्द्व व्यवस्थापन नहुनुको मूल कारण आन्तरिक लोकतन्त्र कमजोर हुनु नै हो। नेतृत्व निर्माणको लोकतान्त्रिक विधिलाई अपनाउँदा परम्परागत रूपमा चल्दै आएको नेतृत्वमाथि दबाब र खतरा पुग्ने ठानेर पनि यस्तो प्रक्रिया अवलम्वन गर्न तदारुकता नदेखाइएको हो। अधिकांश दलको विधान नेतृत्वमुखी छ। त्यसैले दलको विधान लोकतान्त्रिक बनाउनु अतिआवश्यक छ। पार्टीको संस्थापनपक्ष असहिष्णु र विपक्षी पनि कतिपय मामिलामा अनुशासनहीन छ। यसकारण पनि द्वन्द्व बढिरहेको छ। पार्टीको मूल नेतृत्व सत्तामुखी छ। पार्टीका वैधानिक निकायहरू सक्रिय छैनन्।

**ग. राष्ट्रिय कानूनसँग मेल खाने पार्टी नियमहरू निर्माणः** राजनीतिक दलसम्बन्धी कानुन तथा संविधानमा दलसम्बन्धी व्यवस्था गरिए मुताबिक दलका नियमहरू संयोजित हुनुपर्दछ। दुवैको बिचमा मेल कायम हुनुपर्दछ। "शङ्कास्पद अवस्थामा सदस्यहरूले र सामान्य अधिकार क्षेत्र भएको अदालतले उक्त दललाई आवश्यक परेमा दलीय कानुन अनुसार बन्धनकारी निर्णयहरू गर्ने गरी निर्देशन गर्न सक्नुपर्दछ।"[१४] यसो गर्नाले पार्टी सङ्गठनलाई पारदर्शी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह हुन्छ। दलको आन्तरिक नियमले गुट वा समूहगत द्वन्द्वलाई कमजोर पार्दछ र कम्तीमा पनि यस्तो द्वन्द्वलाई एउटा निकास दिएर निर्दिष्ट मार्गमा अघि बढाउन मद्दत गर्दछ। यसले सहज नेतृत्व हस्तान्तरणलाई सहयोग गर्दछ। यदि दलहरूसँग द्वन्द्व व्यवस्थापनका बारेमा स्पष्ट नियम वा संरचना छैनन् भने द्वन्द्वमा संलग्न कुनै एक पक्ष अदालतमा पुग्दछ र न्यायलयले दलको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने अवस्था समेत उत्पन्न हुन्छ। संविधान र कानुनले पार्टी स्थापना गरी सञ्चालन गर्न अधिकार दिएको हुँदा त्यो पार्टी जसरी पनि सञ्चालन गर्न पाउने अधिकार सो दलको हुन्छ भन्ने भ्रम पनि यदाकदा दलका नेताहरूमा रहेको पाइन्छ। यो भनेको भ्रम र निरङ्कुश मानसिकताको उपज मात्र हो। किनकि दल भनेका जनसरोकारका विषय र राष्ट्रका सम्पत्ति हुन्। त्यसैले दलहरू पनि कानुनभन्दा माथि हुन सक्दैनन्।

**घ. संयुक्त सरकार र द्वन्द्व व्यवस्थापन विधिः** नेपाल लोकतान्त्रिक अभ्यासमा सञ्चालित भएको बेला संसद्मा बहुमत ल्याएको दलले पुरा अवधि एकल सरकार चलाएको छैन। संसद्मा कसैको पनि बहुमत हुँदैन भने त्यसबखत संयुक्त सरकार गठन गर्नुपर्ने अवस्था उत्पन्न हुन्छ। त्यसो त एउटा दलले मात्र सरकार बनाउँदा समेत सो दलबाट मन्त्री बनेकाहरू पर्टीका नीति र कार्यक्रमहरू कार्यान्वयन गर्न लागिपर्दैनन्। अनि सरकार र पार्टीको बिचमा द्वन्द्व हुने र त्यही कारणले सरकार ढल्ने गरेका छन्। यति मात्र होइन यसैका कारणले पार्टीमा चरम विवाद भएर पार्टी विभाजनको तहसम्म पुग्ने अवस्था समेत देखिएको छ। दलहरूले संयुक्त सरकारका नीति तथा कार्यक्रम र सरकार सञ्चालनका विधिसमेत तय गर्दछन् तर केही समयपछि नै विवाद उत्पन्न हुने र आरोप प्रत्यारोप हुनेगरेको छ। दलहरूको बिचमा सरकार सञ्चालनको विषयलाई लिएर द्वन्द्व उत्पन्न हुन्छ। अन्ततः सरकार विघटन हुने अवस्था आउने गरेको छ। दलहरूले संयुक्त सरकार गठन गर्दा हुने सम्झौता र समझदारीहरू पारदर्शी र स्पष्ट हुनुपर्दछ। लोकतान्त्रिक प्रक्रियालाई कमजोर पार्ने समझदारी जस्तोसुकै अवस्थामा पनि हुनुहुँदैन। संयुक्त सरकार सञ्चालनको निम्ति स्पष्ट सञ्चालन प्रक्रिया तय गर्ने र त्यसको अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र निर्माण गर्नु पर्दछ। संयुक्त सरकारको अपनत्व सरकारमा सहभागी सबैको बनाउन कोसिस गर्ने हो भने द्वन्द्वमा कमी

---

[१३] ओली शर्मा, के. पी., *आजको सन्दर्भमा जनताको बहुदलीय जनवाद,* आजको दिशाबोध, अंक ५, पृ. ९-२८, मदन भण्डारी फाउन्डेसन, २०६८ असार

[१४] हेर्नुहोस् अधिकारी, भेषराज र प्रसाई, खगेन्द्र, सं. (२०६५), अन्तरपार्टी लोकतन्त्र, नेपाल : कानुनी परामर्श तथा अनुसन्धान केन्द्र (सेल्कार) र फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, पृ. ११

आउँछ। पार्टी सत्तामा भएको बेलामा सत्तारुढ पार्टीभित्र तीव्र सङ्घर्ष हुने र सरकारको विरोध हुने तथा सत्ताबाहिर हुँदा त्यो सङ्घर्ष कम भएर जाने प्रवृत्ति पनि देखापर्ने गरेको छ। खासगरी दलभित्र र दलहरूको बिचमा स्रोतमाथि पहुँचको निम्ति समेत द्वन्द्व उत्पन्न हुनेगरेको छ। यस्ता द्वन्द्वहरू समाप्त पार्न सरकारबाहिर दलहरूले लोकतान्त्रिक, सशक्त र प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्दछ।

**ङ. पारदर्शी आर्थिक प्रणाली**: दल सञ्चालनको निम्ति आर्थिक स्रोतको आवश्यकता पर्दछ। जुन प्रयोजनको निम्ति आर्थिक सङ्कलन गरिएको हो सोही प्रयोजनमा र जहाँबाट सङ्कलन गरिएको हो सो कुरा पारदर्शी हुनुपर्दछ। लेखा चुस्त दुरुस्त राखेर आय व्यय विवरण आवधिकरूपमा पार्टीका सबै निकायमा प्रवाह गर्नुपर्दछ। पार्टीको आर्थिक क्रियाकलाप सञ्चालन गर्ने छुट्टै निकाय स्थापना गरी सोही निकायमार्फत मात्र आर्थिक गतिविधि सञ्चालन हुनुपर्दछ। पार्टीका आर्थिक क्रियाकलापहरू सही र पारदर्शी भएको कुरामा सम्पूर्ण नेता, कार्यकर्ता तथा सदस्यहरू विश्वस्त बन्नु पर्दछ। यस्तो भएमा आर्थिक विषयलाई लिएर दलभित्र द्वन्द्व उत्पन्न हुने सम्भावना कम हुन्छ र कदाचित द्वन्द्व उत्पन्न भयो भने पनि सो विषयलाई लिएर द्वन्द्व निवारण गर्न र व्यवस्थापन गर्न सहज हुन्छ। पार्टीको आम्दानीको स्रोत स्पष्ट देखाउनु पर्ने व्यवस्था हुनुपर्दछ। पुँजीवादी उदारवादी सिद्धान्त अँगालेका पार्टी र समाजवादी सिद्धान्त अँगालेका पार्टीका नेता तथा कार्यकर्ताको बिचमा संस्कृति फरक हुनुपर्ने हो तर सबैको संस्कृति एकै जस्तो देखिने गरेको छ। पार्टीको स्रोत र साधनमा पहुँच हुने तथा नहुनेका बिचमा पनि द्वन्द्व हुने गरेको छ। त्यसो त स्रोतका लागि मात्र पार्टी र पार्टीका बिचमा द्वन्द्व उत्पन्न हुने गरेको होइन किनकि अवसर नहुँदा पनि पार्टीमा द्वन्द्व हुनेगरेका छन् र पार्टी फुट्ने गरेका छन्। पार्टी गरिब हुने तर नेताहरू धनी हुने प्रवृत्ति पनि देखा परेका छन्। दलका सदस्यहरूबाट मुश्किलले वार्षिक शुल्क र आर्थिक सहयोग प्राप्त हुनेगरेको छ। त्यही भएर पार्टीहरूले आर्थिक खाँचो टार्न अनेकौं गलत नीति र तरिकाहरू अपनाएको पाइन्छ। "राजनीतिक दलहरू निर्वाचन र पार्टी अभियान सञ्चालन गर्न पार्टीको विचारधारा र सिद्धान्त स्वीकार नगर्ने सम्पन्न व्यक्तिहरूलाई पदहरू बिक्री गर्दछन्।"[१५] दलको आर्थिक पक्षलाई मजबुत पार्न लिइने यस्ता नीतिहरूले पार्टी वैचारिक रूपमा क्षयीकरणको दिशातर्फ जान्छ। पार्टीका नीति, योजना तथा कार्यक्रमहरूमा गैर पार्टी सदस्यहरूको प्रभाव बढ्दछ। निर्वाचन आयोगले दलहरूलाई चुनावी खर्च पेश गर्न माग गर्दा बुझाउन आनाकानी गर्ने र समयमा नबुझाउने प्रवृत्ति पनि छ। निर्वाचन आयोगको यस्तो व्यवस्था कडाईकासाथ पालना हुनुपर्दछ।

**च. निर्णय प्रक्रियालाई विकेन्द्रित पार्ने**: राजनीतिक दलहरूले केन्द्रबाट मातहत कमिटीलाई शक्ति हस्तान्तरण गरी निर्णय प्रक्रियालाई विकेन्द्रित गर्नुपर्दछ। स्थानीयतहमा अनेकौं प्रकारका अन्तर्विरोध र विविधताहरू हुन्छन्। केन्द्रमा यी सबै तथ्यहरू नआउन सक्दछन्। यस्तो नीति तय गर्न स्थानीय तहका कमिटीहरूको क्षमता विकास गर्नु पर्दछ। विकेन्द्रित रूपमा निर्णय हुँदा स्थानीय स्तरको भावना बुझी निर्णय लिन स्थानीय कमिटीहरू सक्षम हुन्छन्। यसो गर्नाले नेतृत्व र कार्यकर्ताबिचको खाडल साँघुरो हुन्छ र द्वन्द्व उत्पन्न हुने सम्भावना पनि कम हुन्छ र भएपनि सहज रूपमा व्यवस्थापन हुन्छ। पार्टी केन्द्र र नेतृत्वमा पहुँच पुर्‍याउन सक्नेले विभिन्न तहको निर्वाचनमा उम्मेद्वारी पाउने तर तल्लो तहमा रातदिन खट्ने कार्यकर्ताले भने नपाउने भएकाले पनि पार्टीभित्र द्वन्द्व उत्पन्न हुने गरेको छ। यो कुरालाई निरुत्साहित पार्न पनि स्थानीय कमिटीलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्दछ।

**छ. संवाद र मेलमिलाप**: दलमा उत्पन्न भएको विवाद समाधान हुनैपर्छ। एउटा दलको विवाद साम्य हुँदा अर्को दलमा पनि सकारात्मक असर परेका उदाहरणहरू छन्। एउटा दलमा विवाद चर्कियो भने अर्कोमा झन् बढी चर्केर गएको अवस्था पनि छ। हुनै नपर्ने विषयमा पनि द्वन्द्व हुँदा लोकतन्त्रलाई फाइदा पुग्दैन। त्यसैले देख्दै र सुन्दै पनि अप्ठ्यारो लाग्नेगरी दलमा हुनेगरेका द्वन्द्वहरू चाँडोभन्दा चाँडो समाधान गर्न मूलतः नेतृत्व पङ्क्ति नै सक्रिय हुनुपर्दछ। दलका अमुक-अमुक नेताहरूबिच चर्किएको द्वन्द्व मेलमिलापद्वारा समाधान भएका छन्। "द्वन्द्वको

[१५] Dahal, Devraj, Inner Party Democracy in Nepal Problems and Preferences, Paper Presented at a Seminar Organized by FES, Nepal, CeLCAR and SM College, Pokhara, November 27, 2008

सौहार्दपूर्ण वातावरणमा व्यवस्थापन गरिएका घटनाहरूमा एउटा साझा अनुभव के पाइएको छ भने आखिरमा द्वन्द्वका मुख्य पक्षबिचको सम्पर्कले नै निश्चय पनि यसलाई अन्त्य गर्छ भन्ने देखाएको छ।"[१८] द्वन्द्व समाधान गर्न संवाद र मेलमिलाप हुनु असाध्यै राम्रो पक्ष हो तर यस्तो मेलमिलापलाई स्थायीरूप दिनु त्यत्तिकै चुनौतीपूर्ण पनि छ। यसको निम्ति द्वन्द्वका कारणहरू मसिनो र गहीरोसँग खोजी गर्नुपर्दछ। अन्यथा पुनः त्यही कुरा बल्झिन सक्दछ। दलहरूका बिचमा र दलका नेताहरूका बिचमा उत्पन्न भएको द्वन्द्व सही आधारमा खडा भएको जगमा आधारित भएर मेलमिलापको माध्यमबाट व्यवस्थापन हुँदा सबै खुशी नै हुनुपर्दछ। यसबाट लोकतन्त्रको जीत नै हुन्छ।

**ज. नेता तथा कार्यकर्ताको कार्य विन्यासमा उचित ध्यानः** दलहरूले अत्यधिक सङ्ख्यामा सदस्यहरू बनाइरहेका छन्। तर तिनीहरूलाई जिम्मेवारी दिन नसक्दा त्यसले पनि दलभित्र द्वन्द्वलाई बढाएको छ। नयाँ पुस्ताले पुरानो पुस्ताको विरोध गर्ने तर नयाँ पुस्ताले पनि उन्नत र आदर्श शैली भने अपनाएको छैन। पार्टी बृद्ध, अधबैँशे र युवाबाटै निर्माण हुने हो। तर भविष्य युवाकै हो। त्यसैले उनीहरूलाई पार्टीमा ल्याउने योजना हुनुपर्छ। एकले अर्कोलाई निषेध गरेर अगाडि बढ्न सकिने अवस्था भने छैन। त्यसो त कोही पदमा पुग्दैमा नेता हुँदैन। कुनै नेता तथा कार्यकर्तालाई कार्यबोझ छ भने कुनैलाई जिम्मेवारी नदिने र दिएको जिम्मेवारी पनि खोस्ने षड्यन्त्र चलिरहन्छ। योग्यता र क्षमता हेरिकन दलले आफ्ना नेता तथा कार्यकर्ताको उचित ढङ्गले विन्यास गर्नुपर्दछ। यसले द्वन्द्व व्यवस्थापनमा मद्दत पुग्दछ।

**झ) नमूना द्वन्द्व व्यवस्थापन विधि प्रतिपादन** : दलभित्र र दलहरूका बिचमा हुने द्वन्द्वलाई अस्वाभाविक मान्न सकिँदैन। तर त्यस्ता द्वन्द्वहरूले सामाजिक मर्यादा र देशको प्रचलित कानुनलाई भने तोड्नु हुँदैन। तोडेमा सजायको भागिदार बन्न र बनाउन दलका नेता तथा कार्यकर्ता तयार हुनैपर्दछ। दलभित्र र दलहरूका बिचमा हुने द्वन्द्वलाई स्वाभाविक रूपमा लिइरहँदा त्यस द्वन्द्वलाई व्यवस्थापन गर्नका निम्ति पनि उचित र व्यावहारिक पद्धति वा संयन्त्र भने अवलम्वन गर्नैपर्ने हुन्छ। अन्यथा द्वन्द्व फलदायी हुनसक्दैन। समाजको विशिष्टता, परम्परा र अभ्यासका आधारमा द्वन्द्व व्यवस्थापन गर्ने आफ्नै मौलिक पद्धति र संयन्त्र हुन्छन्। लामो कालदेखि सङ्गठन सञ्चालनको कुनै विधि अपनाउँदै आइएको तर त्यसको प्रभावकारीता फितलो हुँदै गएको छ भने अवलम्वित त्यस पद्धतिलाई समीक्षा गरिकन वैकल्पिक विधि खोज्न पनि कोसिस गर्नुपर्ने हुन्छ। इतिहास र परम्परामा टाँसिएर मात्रै वर्तमानका समस्याहरू समाधान हुन सक्दैनन्। तर नयाँ विधिको खोज गरिरहँदा पुरानो विधि प्रभावहीन र समयसापेक्ष नभएको निष्कर्ष गम्भीरतापूर्वक समीक्षा गरेर नै निकाल्नु पर्दछ। अनि नयाँ विधि वैज्ञानिक र व्यावहारिक हो भन्ने पुष्टि गर्ने आधार पनि हुनुपर्दछ। वास्तवमा यो विषयमा गहन खोज तथा अनुसन्धान गरीकन दलभित्र र दलहरूका बिचमा हुने द्वन्द्व व्यवस्थापनको सही र प्रभावकारी पद्धति तथा संयन्त्रको विकास गर्नुपर्दछ।

## ५. उपसंहार

देशका प्रायः सबै राजनीतिक दलहरूभित्र र दलहरूका बिचमा द्वन्द्व छ। यी द्वन्द्वहरूको व्यवस्थापन गर्न सक्दा नै लोकतन्त्रको पनि भविष्य सुनिश्चित हुन्छ। अन्तर्दलीय र दलीय द्वन्द्वलाई व्यवस्थापन गर्न उचित संयन्त्रको आवश्यकता पर्दछ। केही संयन्त्रहरू भएपनि ती क्रियाशील भएका छैनन् र द्वन्द्व व्यवस्थापन गर्न सकेका छैनन्। वास्तवमा द्वन्द्व सदा सर्वदा कुनै न कुनै रूपले रहिरहने भएकाले यसबाट कत्तिपनि विचलित नबनि बहुत सुझबुझपूर्ण ढङ्गले शान्तिपूर्ण रूपले समाधान गर्न अग्रसर हुनु बुद्धिमत्तापूर्ण कार्य हो। वास्तवमा द्वन्द्व व्यवस्थापनका लागि द्वन्द्वरत पक्षलाई जिम्मेवार हुन बोध गराउने, सम्भाव्य सहमतिका क्षेत्र र बुँदाको पहिचान गर्ने, संवाद, वार्ता, मध्यस्थता, साझा सहमतिका बुँदाको कार्यान्वयनका साथ अघि बढ्न प्रेरित गर्नुपर्दछ। भावनाले होइन प्रणालीले मात्र लोकतन्त्र सञ्चालित हुन्छ र दिगो पनि हुन्छ। न्यायको निरुपण र विधिअन्तर्गत सबैले चल्नु पर्दछ। द्वन्द्व समाधानको उपयुक्त संयन्त्र विकास गर्नु आवश्यक छ। दलहरूबिचको सम्बन्धलाई पनि लोकतन्त्रमा त्यत्तिकै महत्त्व दिनु पर्दछ। दलहरूसँग राजनीतिक संस्कृति

[१८] मायर, थोमस, (सन् २००६), प्रजातन्त्र प्रजातान्त्रिक अभ्यास एक परिचय, नेपाल : फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल, पृ. २८

उन्नत हुनुपर्दछ । "लोकतन्त्र र लोकतान्त्रिक राजनीतिक संस्कृतिको एउटा पाटो अन्तर्दलीय सम्बन्ध पनि हो । जुनसुकै राजनीतिक दल चाहे त्यो ठुलो या सानो, पुरानो या नयाँ जे होस् सबैले समानरूपले एक अर्काको स्वायत्तता र स्वतन्त्रतालाई सम्मान गर्न सक्नु पर्दछ ।"[१७] पार्टीको शीर्ष नेतृत्व गुटगत मानसिकताभन्दा माथि उठ्नु पर्दछ । त्यसो त आफूले मानेको आदर्श नेता कमजोर हुँदा आफू पनि पछि परिन्छ भनेर कार्यकर्ता स्वयम् पनि नेताका पछि आँखा चिम्लिएर लागिपरेकै छन् । यस्तो प्रवृत्तिले अन्तर्दलीय द्वन्द्वलाई जरा गाड्न झनै मलजल गरेको छ । यसरी नेता तथा कार्यकर्ता दुवैका कारणले पार्टीमा द्वन्द्व उत्पन्न हुनेगरेको छ भन्दा अतिशयोक्ति हुँदैन । तर नेता नै अगुवा भएकाले उत्पन्न समस्यामा नेतृत्व नै बढ्ता जबाफदेही हुनुपर्दछ । दलको विभाजनले विभाजित दल, त्यसका नेता तथा कार्यकर्ता पनि कमजोर हुने भएकाले अन्तरपार्टी द्वन्द्वलाई मत्थर र व्यवस्थापन गर्न दलहरू लागिपरेको पाइन्छ तर व्यवस्थापनको सही प्रणाली स्थापना हुन नसक्दा पुनः सोही द्वन्द्व बल्झिरहेको देखिन्छ ।

### सन्दर्भ सामग्री

आफानास्येभ, भिक्टर, (१९८५), **दर्शनशास्त्रको प्रारम्भिक ज्ञान**, प्रगति प्रकाशन ।

अधिकारी, भेषराज र प्रसाई, खगेन्द्र सं. (२०६५), **अन्तरपार्टी लोकतन्त्र**, नेपाल : कानूनी परामर्श तथा अनुसन्धान केन्द्र (सेल्कार), फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल ।

अधिकारी, भेषराज (२०७०), **नेपालमा दलहरूको लोकतन्त्रीकरण चुनौती र समाधान**, कानूनी परामर्श तथा अनुसन्धान केन्द्र (सेल्कार), फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल ।

मायर, थोमस, (२०६५), **अधिनायक नेतामुखी दलदेखि आम-सदस्यतायुक्त दलसम्म**, नेपाल : फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल ।

मायर, थोमस, (सन् २००६), **प्रजातन्त्र प्रजातान्त्रिक अभ्यास एक परिचय**, नेपाल :फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल ।

थापा, हरिबहादुर, (२०६९), **दलीय द्वन्द्व राजनीतिक चलखेलका बेलीविस्तार**, काठमाडौँ : साङ्ग्रिला बुक्स ।

दाहाल, काशीराज सं. (सन् २०१२), **राष्ट्र निर्माण र नागरिक शिक्षा**, नेपाल : फ्रेडरिक इबर्ट स्टिफटुङ्ग, नेपाल ।

आजको दिशाबोध, वर्ष ८, अङ्क ५, २०६८ असार १४, मदन भण्डारी फाउन्डेसन

Galtung, John, Theories of Conflict

Dahal, Devraj, Inner Party Democracy in Nepal Problems and Preferences, Paper Presented at a Seminar Organized by FES, Nepal, CeLCAR and sm College, Pokhara, November 27, 2008

New Era Volume 33, 2012, International Department, CPN(UML)

■

[१७] Karki, Hikmat, Adhikari, Bhesh Raj, *Modernization of Poiitical Parties in Nepal,* New Era, Volume 33, pp. 36-40, International Department, CPN(UML), July 2012

# मदन भण्डारी फाउण्डेसनसँग आबद्ध संस्था र गतिविधिहरु

**फाउन्डेसनसँग आवद्ध संस्थाहरू**

मदन भण्डारी फाउन्डेसन आफ्नो विधानले निर्दिष्ट गरेका साङ्गनिक संरचनाहरू निर्माण गर्न पहलकदमी लिँदै अघिबढिरहेको छ। विकास क्षेत्र स्तरीय संरचना निर्माण गर्ने नीति मुताविक हरेक विकास क्षेत्रमा एक र मध्यमाञ्चलमा भने उपत्यका र उपत्यका बाहिर गरी दुई समेत जम्मा छ वटा क्षेत्रीय संयोजन समितिहरू निर्माण गरिएको छ। मुलुक संघीयतामा प्रवेश गरेको परिवेशमा अब नयाँ संरचनाहरू निर्माण गर्नुपर्ने खाँचो रहेको छ। यसैगरी जिल्ला स्तरमा पनि जिल्ला कार्यसमिति निर्माणका अभियानहरू अघि बढिरहेका छन्। क्षेत्र, नगर र गाउँ स्तरमा समेत कार्यसमितिहरू गठन हुँदैछन्। समाजका विभिन्न क्षेत्रमा क्रियाशील तथा मदन भण्डारीका सोच तथा विचारसँग सहमत हुँदै तीनलाई व्यवहारमा अनुवाद गर्न प्रतिबद्ध समुदायहरू पनि मदन भण्डारी फाउन्डेसनसँग आबद्धता जनाउँदै आएको अवस्था छ। फाउन्डेसनको पहलमा तथा सम्बन्धित क्षेत्रका साथीहरूको सक्रियतामा फाउन्डेसनसँग आबद्ध भई संयन्त्रहरू गठन भएका छन्। ती संस्थाहरू आफ्नो काम कारवाहीका निम्ति स्वतन्त्र छन् भने वैचारिक तथा नीतिगत रूपमा फाउन्डेसनसँग निकट छन्। ती यस प्रकार छन्।

**१. मदन भण्डारी स्पोर्टस् एकेडेमी**

"सिद्धान्त जीवनका लागि हो न कि जीवन सिद्धान्तका लागि" भन्ने मदनको विचारलाई शिरोधार्य गर्दै "सबैका लागि खेलकुद" भन्ने नाराका साथ खेलकुदलाई स्पष्ट दिशाबोध गर्न १७ पौष २०६६ मा 'मदन भण्डारी स्पोर्टस् एकेडेमी' स्थापना भएको हो। एकेडेमीले खेलकुदका माध्यमबाट देशभक्त, सक्षम, सवल तथा अनुशासित जनशक्ति तयार गरी राष्ट्रनिर्माणमा सहयोग पुऱ्याउने, खेलकुद विश्वविद्यालय स्थापना गर्न पहल गर्ने र खेलसम्बन्धी प्रशिक्षण तथा तालिम केन्द्र स्थापना गर्ने, शहरिया एवम् ग्रामीण युवाहरूलाई खेलकुद क्षेत्रमा सहभागिता गराउन विशेष ढङ्गले प्रोत्साहित गर्ने, गाउँ विकास समिति एवम् नगरपालिकाले आफ्नो बजेटको कम्तीमा ५ प्रतिशत अनिवार्य रूपमा खेलकुदमा लगानी गर्न प्रेरित गर्ने, खेलकुदका भौतिक पूर्वाधार र संरचनाहरू निर्माण गर्न सरकारी, गैरसरकारी सङ्घ तथा संस्था, क्लबहरू, उद्योगी तथा व्यवसायी, शैक्षिक संस्था र सञ्चालकलगायतका निजी क्षेत्रसँग सहकार्य गर्ने, स्थानीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने, गाउँ तथा सहरको सार्वजनिक स्थल वा मैदानमा नियमित रूपले सामूहिक ढङ्गले योगाभ्यास वा शारीरिक व्यायाम गर्ने वातावरण सिर्जना गर्ने आदि जस्ता उद्देश्यहरू लिएर यस एकेडेमीको स्थापना भएको हो। यसैगरी खेलकुदसम्बन्धी पाठ्यक्रम व्यवस्थित गर्दै खेलकुदमा उच्चतहको अध्ययन अध्यापन सञ्चालन गर्न एक खेलकुद विश्वविद्यालयको आवश्यकता महसुस गरि स्थापना गर्ने लक्ष्य समेत लिइएको छ।

**२. मदन भण्डारी कला-साहित्य प्रतिष्ठान**

कला, साहित्य तथा संस्कृतिसँग सम्बद्ध प्रबुद्ध व्यक्तित्वहरूको पहल तथा मदन भण्डारी फाउन्डेसनद्वारा आयोजित कला तथा साहित्यमा संलग्न स्रष्टाहरूको २०६७ माघ २२ गते काठमाडौँमा भएको भेलाले मदन भण्डारी कला-साहित्य प्रतिष्ठान स्थापना गर्ने निर्णय गरेको थियो। यसले आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको छ। कला, संगित तथा संस्कृतिको क्षेत्रमा उल्लेख्य योगदान गर्ने व्यक्तित्वहरूलाई सम्मान तथा पुरस्कृत गर्ने जस्ता कार्यहरू गर्दै कला तथा साहित्य प्रतिष्ठानले आफूलाई व्यवस्थित गर्न कोसिस गरिरहेको छ।

**३. मदन भण्डारी बौद्धिक मञ्च**

सरकारी, गैह्र-सरकारी तथा सङ्घ संस्थामा कार्यरत विभिन्न पेशाकर्मीहरूको काठमाडौँमा आयोजित

भेलाबाट २०६७ श्रावण २७ गते 'मदन भण्डारी बौद्धिक मञ्च' को स्थापना भएको छ । मदन भण्डारीका विचार तथा व्यवहारलाई बौद्धिक जमातमा प्रचार-प्रसार गर्ने र व्यवहारमा लागू गर्ने मुलभूत उद्देश्यका साथ यसको स्थापना भएको हो । फाउन्डेसनले बुद्धिजीवीहरूभित्र विचारलाई संप्रेषण गरी उक्त बौद्धिक क्षेत्रलाई संयोजन र परिचालित गर्ने उद्देश्यले यो मञ्च स्थापना गरिएको छ । विभिन्न विषयहरूमा गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्दै बौद्धिक समुदायको समाजप्रतिको उत्तरदायित्वलाई उजागर गर्नका निम्ति बौद्धिक मञ्चले कोसिस गरिरहेको देखिन्छ ।

### ४. जननेता मदनको नाउँका शिक्षणसंस्थाहरू

सस्तो, सर्वसुलभ र गुणस्तरीय शिक्षाका निम्ति मदन भण्डरी फाउन्डेसनले पैरवी गर्ने मात्र होइन आफ्नै बलबुतामा शिक्षण संस्थाहरू स्थापना गरी शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । आज हामी नर्सरीदेखि स्नातकोत्तर तहसम्मको कक्षा सञ्चालन गर्न सफल पनि भएका छौं । एम फिल र पी एच डी सम्मको शिक्षा उपलब्ध गराउने लक्ष्य पनि हाम्रो रहेको छ । मदन भण्डारी विश्वविद्यालय स्थापनाका निम्ति आवश्यक गृहकार्य भैरहेको छ । हाल मदन भण्डारी फाउन्डेसनले सञ्चालन गरेका र जननेता मदनको नाउँमा सञ्चालित शिक्षण संस्थाहरू यसप्रकार रहेका छन् ।

### क. मदन भण्डारी मेमोरियल कलेज, काठमाडौँ

मदन भण्डारी फाउन्डेसनद्वारा स्थापित र सञ्चालित मदन भण्डारी मेमोरियल कलेजले उत्पादित जनशक्तिलाई आत्मनिर्भर बनाउने र यसका निम्ति गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने भन्दै यो कलेज स्थापना गरेको हो । हाल कलेजको आफ्नो भवन विनायकनगर काठमाडौँमा रहेकोछ । मदन भण्डारी मेमोरियल कलेजको सक्रियतामा मेरो एफ.एम. रेडियो सञ्चालित छ । विभिन्न विषयमा दश जोड दुई देखि स्नातकोत्तर तहसम्मको कक्षा यस कलेजमा सञ्चालित हुँदै आएको छ । यो कलेज २०५६ सालमा स्थापना भएको हो ।

### ख. मदन भण्डारी मेमोरियल स्कुल, काठमाडौँ

काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्धमा पूर्व प्राथमिक देखि कक्षा १० सम्म मदन भण्डारी मेमोरियल विद्यालय सञ्चालन भइरहेको छ । गरीब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएको यो विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ । हालसालै यस स्कुलमा सुविधानसम्पन्न विद्युतीय अध्ययन कक्ष (Electronic Reading-room) स्थापना गरिएको छ ।

### ग. मदन भण्डारी मेमोरियल स्कुल, दाङ्ग

यसैगरी दाङ जिल्लाको त्रिभुवननगर नगरपालिका वडा नं. २ गुलरीयामा कक्षा १ देखि कक्षा १० सम्म मदन भण्डारी मेमोरियल विद्यालय सञ्चालन भइरहेको छ । गत वर्षदेखि यस शैक्षिक संस्थामा सिटिइभिटिको प्राविधिक उच्च शिक्षा पनि सञ्चालन भइरहेको छ ।

### घ. मदन भण्डारी मेमोरियल विद्यालय, सिराहा

तत्कालिन नेकपा (माले) को चौथो महाधिवेशन सिराहा जिल्लाको सरेअम्बास, विष्णुपुरकट्टीमा भूमिगतरूपमा सम्पन्न भएको थियो । जननेता मदनले जबजको प्रारम्भिक खाका र संयुक्त जनआन्दोलनको नीति यसै महाधिवेशनमा अघि सार्नुभयो र यसलाई महाधिवेशनले पारित समेत गरेकोगरेको थियो । यसै महाधिवेशनले जननेतालाई सर्वसम्मतिले पार्टीको महासचिव समेत चुन्यो । त्यसैले यस गाउँको ऐतिहासिकता रहेको छ । यही भएर यस गाउँमा रहेको एउटा सरकारी विद्यालयलाई पूर्वाधार विकासमा सहयोग गर्ने र त्यसको नामाकरण जननेता मदनको नाउँबाट गर्ने भन्ने फाउन्डेसनको निर्णय अनुसार विद्यालयको नाउँ मदन भण्डारी मेमोरियल विद्यालय रहेको छ । अब यस विद्यालयसँग हाम्रो भावनात्मक सम्बन्ध पनि जोडिन आएको हुँदा यसको विकासका निम्ति समेत हामीले ध्यान दिनु आवश्यक छ ।

### फूटबल प्रतियोगिता सम्पन्न

मदन भण्डारी स्पोर्टस् एकेडेमीको आठौं स्थापना दिवसका अवसरमा २०७३ पौष २३ गते प्रथम मदन भण्डारी मेमोरीयल कप 9A Side भेट्रान फुटवल प्रतियोगिता मदन रंगशाला - चन्द्रागीरी - ९, काठमाडौंको उद्घाटन र १६ वर्षभन्दा मुनीका बालकहरुलाई फुटवल खेल सीकाउने (प्रशिक्षक शिद्धी व्यन्जनकार) उद्घाटन कार्यक्रम पूर्व प्रधानमन्त्री तथा मदन भण्डारी स्पोर्ट्स एकेडेमीका संरक्षक केपी शर्मा ओलीले गर्नुभयो । प्रतियोगितामा मदन भण्डारी स्पोर्ट्स

एकेडेमी- काठमाण्डौं, साईनिङ सन फुटवल एकेडेमी- कैलाली, एस नाईट किङ क्लव-काठमाण्डौं, चन्द्रागिरी क्लव, ४०+फाउण्डेशन, चितवन फुटवल क्लव, वीरगन्ज यूथ एकेडेमी र क्लव मोशेसको सहभागिता रहेको थियो। 9A Side भेट्रान फुटवल प्रतियोगितामा प्रथम हुने टीम चितवन फुटवल क्लवले प्रथम नगद पुरस्कार रु.१,००,०००।-, ट्रफी र प्रमाणपत्र, द्वितीय स्थान आयोजक टिम मदन भण्डारी स्पोर्ट्स एकेडेमी- काठमाण्डौंले नगद पुरस्कार रु.५०,०००।-, ट्रफी र प्रमाणपत्र प्राप्त गरे।

### नाटक प्रदर्शनी

मदन भण्डारी स्पोर्टस् एकेडेमी अञ्चल कमिटीको आयोजना र वान वल्ड थिएटरको सहकार्यमा कान्ति मा.वि. हल बुटवलमा २०७३ फाल्गुण ९ गते **"भोको घर"** नाटक प्रदर्शन कार्यक्रम सम्पन्न भयो।

### नवलपरासिमा जिल्ला कमिटी गठन

मदन भण्डारी स्पोर्टस् एकेडेमी लुम्वीनी अञ्चल कमिटीले परासी जिल्ला भेला बर्दघाट-चिसापानीमा २०७३ साल चैत्र १६ गते आयोजना गरेको थियो। मदन भण्डारी फाउन्डेसनका अध्यक्ष उषाकिरण भण्डारीको प्रमुअ आतिथ्यता र मदन भण्डारी स्पोर्टस् एकेडेमी का अध्यक्ष बिनोद श्रेष्ठ, मदन भण्डारी स्पोर्टस् एकेडेमीका उपाध्यक्ष ध्रुव आचार्य लगायत अञ्चल कमिटीका पदाधिकारीहरुको उपस्थितिमा सम्पन्न भेलालले मदन भण्डारी स्पोर्टस् एकेडेमी नवलपरासी जिल्ला कमिटी गठन गर्‍यो।

### प्रदेशस्तरीय करांते प्रतियोगिता

मदन भण्डारी स्पोर्टस् एकेडेमी रुपन्देही जिल्ला कमिटीको आयोजनामा मदन भण्डारी स्मृति प्रथम ५ नं. प्रदेश स्तरीय करांते प्रतियोगीता मदन भण्डारी स्पोर्टस् एकेडेमी का अध्यक्ष बिनोद श्रेष्ठको प्रमुख आतिथ्य, बिशेष अतिथि लिला गिरी संरक्षक तथा मदन भण्डारी स्पोर्टस् एकेडेमी रुपन्देही र मदन भण्डारी स्पोर्टस् एकेडेमी का उपाध्यक्ष ध्रुव आचार्य र केन्द्रीय सचिव तथा मार्सल आर्ट विभाग प्रमुख महेन्द्र राईको उपस्थितिमा २०७३ चैत्र २५-२६ गते सम्पन्न भयो। प्रतियोगितामा रुपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखांची, बांके, बर्दिया, दाङ, रोल्पा, रुकुम र प्युठान जिल्लाको सहभागिता रहेको थियो। विजेता खेलाडीहरुलाई प्रथम पुरस्कार रु.५०,०००।- द्बितीय पुरस्कार रु.३०,०००।- तृतीय पुरस्कार रु.१५,०००।- ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरियो। मदन भण्डारी स्पोर्टस् एकेडेमी रुपन्देही जिल्ला कमिटीका अध्यक्ष नन्दु काउचाको अध्यक्षतामा, बिनोद आचार्यको संचालनमा मदन भण्डारी स्पोर्टस् एकेडेमी रुपन्देही उपाध्यक्ष तथा कार्यक्रम संयोजक कृष्ण देवकोटाको संयोजनमा भव्यताका साथ कार्यक्रम सम्पन्न भयो।

### मदन स्मृति खुल्ला टेवल टेनीस प्रतियोगीता

नक्साल टेवल टेनीस क्लवको आयोजना तथा मदन भण्डारी स्पोर्ट्स एकेडेमीको सह आयोजनामा मदन स्मृति खुल्ला टेवल टेनीस प्रतियोगिता २०७३ को उद्घाटन **२०७३ चैत्र १३ गते** अखिल नेपाल टेवल टेनीस संघका अध्यक्ष चतुरानन्द बैद्यले गर्नु भयो भने समापन समारोहका प्रमुख अतिथि मदन भण्डारी फाउन्डेसनका अध्यक्ष उषाकिरण भण्डारी र बिशेष अतिथि स्पोर्ट्स एकेडेमीका अध्यक्ष बिनोद श्रेष्ठ हुनुहुन्थ्यो। समारोहमा प्रमुख अतिथिले बिजेता खेलाडीहरुलाई शिल्ड र नगद पुरस्कार, एकेडेमीका सचिव सीता लामाले प्रमाणपत्र र ज्याकेट, नक्साल क्लवका अध्यक्ष मन्जील कुमार थापाले मेडल र भरतलाल श्रेष्ठले टिका र खादा लगाई दिनुभयो। नक्साल टेवल टेनीस क्लवका अध्यक्ष मन्जील कुमार थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विजेताहरुलाई नगद पुरस्कार प्रदान गरिएको थियो। प्रथम पुरस्कार रु. १०,०००।-, द्वितीय रु. ५,०००।- र तृतीय रु. ३,०००।- पुरस्कार रासी रहेको थियो।

### कराँते प्रतियोगिता

पांचौं ल्होसार कप खुल्ला करांते प्रतियोगीता २०७३ बौद्धनाथ क्षेत्र विकास समिति, East Face Karate Development and Management Group र कुटुम्ब कलेजको आयोजनामा २०७३ माघ २१ र २२ गते सम्पन्न अन्तर डोजो करांते प्रतियोगीताको समापन समारोहको प्रमुख अतिथि मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष विनोद श्रेष्ठले बिजेता खेलाडीहरुलाई शिल्ड, मेडल, प्रमाणपत्र र नगद पुरस्कार वितरण गर्नुभयो।




मदन मण्डारी फाउन्डेसनको आयोजनामा २०७३ साल असार १४ गते प्रज्ञा भवन कमलादीमा मदन भण्डारी राष्ट्रिय पुरस्कार वितरण समारोह सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूले चिकित्सा क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने डा. भगवान कोइराला र सूचना प्रविधिको विकासमा उल्लेख्य भूमिका निर्वाह गर्नुहुने श्री महावीर पुनलाई **मदन भण्डारी राष्ट्रिय पुरस्कार**द्वारा पुरस्कृत र सम्मानित गर्नु भयो । समारोहको अध्यक्षता फाउन्डेसनका अध्यक्ष उषाकिरण भण्डारीले गर्नु भएको थियो ।



**नेपाल–भारत र नेपाल–चीन सम्बन्धबारे कार्यशाला गोष्ठी**

मदन भण्डारी फाउन्डेसनको आयोजनामा गत श्रावण महिनामा नेपालका दुई महत्वपूर्ण छिमेकि मुलुकहरु भारत र चीनसँगको द्विपक्षीय सम्बन्धका बारेमा एक बृहद् कार्यशाला गोष्ठी सम्पन्न भयो। तत्कालिन प्रधानमन्त्री, नेकपा (एमाले) का अध्यक्ष तथा मदन भण्डारी फाउन्डेसनका संरक्षक केपी शर्मा ओलीले उक्त कार्यशाला गोष्ठीको उद्घाटन गर्नुभएको थियो। उद्घाटन मन्तव्य दिनु हुँदै प्रधानमन्त्री ओलीले नेपालको विदेश नीतिमा अन्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्ने यी दुई मुलुकसँगको सम्बन्धका बिषयमा गोष्ठी आयोजना गरेर फाउन्डेसनले राम्रो कामको शुरुवात गरेको र यस क्षेत्रमा निरन्तर अगाडि बढ्न सल्लाह दिनुभएको थियो। साथै नेपाल- भारत र नेपाल-चीन सम्बन्धका विविध आयामहरुका बिषयमा चर्चा गर्दै नेपालको दुवै छिमेकिहरुसँगको सम्बन्धलाई वर्तमान परिवेशमा थप अध्ययन, अनुसन्धान गर्दै २१ औं शताव्दी अनुकूलको बनाउनका लागि सरकार र जनस्तर दुबै क्षेत्रको पहलकदमीको आवश्यकता रहेको बिषय औँल्याउनु भएको थियो। उक्त सत्रको अध्यक्षता फाउन्डेसनका अध्यक्ष उषाकिरण भण्डारीले गर्नुभएको थियो।

उक्त कार्यक्रममा आमन्त्रीत अतिथिका रुपमा पूर्व उपप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ लगायतका वक्ताहरुले नेपालको भारत र चीनसँगको सम्बन्धको महत्व र यस क्षेत्रको निरन्तर अध्ययन तथा अनुसन्धान गर्दै समयानुकूल बनाउनका लागि फाउन्डेसनजस्ता संस्थाहरुको भूमिका रहने बताउनु भएको थियो।

उद्घाटनसत्र पछि नेपाल-भारत सम्बन्ध र यसका विभिन्न आयामहरुका बिषयमा प्रा.डा. युवराज संग्रौलाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। खासगरि भारतको हालको नेपाल नीतिमाथि केन्द्रीत उहाँको प्रस्तुतिमाथि पूर्व परराष्ट्र सचिव मधुरमण आचार्य लगायतका विद्वानले टिप्पणी गर्नुभएको थियो भने उक्त सत्रको अध्यक्षता माननीय लालवाबु यादवले गर्नुभएको थियो। त्यसैगरि नेपाल र चीनको सम्बन्ध र यसका बहुपक्षीय आयामहरुका सम्बन्धमा श्री टीका ढकालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले नेपाल-चीन सम्बन्धका ऐतिहासिक पक्षहरुको चर्चा गर्दै वर्तमान अवस्थामा खासगरि प्रधानमन्त्री केपी शर्मा ओलीको औपचारिक भ्रमणका क्रममा सन् २०१६ मार्चमा सम्पन्न १० बुँदे सम्झौताले दुई मुलुकका बीचको सम्बन्धमा ऐतिहासिक फड्को मारेको बिषयलाई प्राथमिकताका साथ प्रस्तुत गर्नुभएको थियो। उहाँको कार्यपत्रमाथि नेपाल सरकारका पूर्व मुख्य सचिव लिलामणि पौडेल र पूर्व राजदूत हिरण्यलाल श्रेष्ठले टिप्पणी गर्नुभएको थियो भने उक्त सत्रको अध्यक्षता चीनका लागि पूर्व राजदूत डा. महेश मास्केले गर्नुभएको थियो।

■

# विवरण उपलब्ध गराइदिन अनुरोध

जननेता मदन भण्डारी र कुशल सङ्गठक जीवराज आश्रित तथा जननेता भण्डारी तथा अन्य व्यक्तित्वको नाममा संयुक्त रूपमा स्थापना गरिएका, निर्माणपछि नामाकरण गरिएका, निर्माणाधीन र निर्माण गर्ने योजनामा रहेका तपसिलमा उल्लेखित संरचना र सिर्जनाहरूको स्थापना या सिर्जना गर्ने व्यक्ति, संस्था, स्थापना मिति, स्थान (गाउँ पालिका र नगरका वडा तथा टोल) र त्यसको व्यवस्थापन पक्ष आदि समेतको यथार्थ विवरण स्पष्टसँग उल्लेख गरी फाउन्डेसनको केन्द्रीय कार्यालयमा उपलब्ध गराई ती संरचना, संस्था तथा सामग्रीहरूको संरक्षण तथा सम्बर्द्धनमा मद्दत पुऱ्याउन मदन भण्डारी फाउन्डेसनका जिल्ला कार्यसमितिहरू, फाउन्डेसनसँग आवद्ध संस्थाहरू, अन्य सङ्घ/संस्था तथा व्यक्तिहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल**


क. शैक्षिक तथा अनुसन्धान संस्था,
ख. पाटीपौवा, फलैंचा, सत्तल, चौतारा
ग. कुवा, इनार, धारा,
घ. सडक, पुल, नहर,
ङ. शालिक, सङ्ग्रहालय, पुस्तकालय, पुरस्कार,
च. प्रकाशन, स्मारिका, पुस्तक आदि ।


**मदन भण्डारी फाउन्डेसन**


केन्द्रीय कार्यालय


गौशाला, काठमाडौं


# 'आजको दिशाबोध'का अंकहरू

















२०७०
आजको
दिशाबोध


आजको
दिशाबोध
भूकम्पः
चुनौती र नवनिर्माण


आजको
दिशाबोध
सन्दर्भः
नेकपा (एमाले) को
नवौँ राष्ट्रिय महाधिवेशन


आजको
दिशाबोध
नयाँ संविधान
राष्ट्र निर्माणको आधार